समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूका लागि

# बालसंरक्षणसम्बन्धी तालिम

## बालसंरक्षणसँग सम्बन्धित स्थानीय मुद्दाहरू

## भाग- २

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
**केन्द्रीय बालकल्याण समिति**

समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूका लागि

# बालसंरक्षणसम्बन्धी तालिम

## बालसंरक्षणसँग सम्बन्धित स्थानीय मुद्दाहरू

## भाग- २

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
केन्द्रीय बालकल्याण समिति




प्रकाशकः केन्द्रीय बालकल्याण समिति, हरिहरभवन, ललितपुर

सहयोगः प्लान इन्टरनेशनल नेपाल, श्रीमहल, ललितपुर,
सेभ द चिल्ड्रेन, सिनामङ्गल, काठमाडौं,
तेरे दे जोम्स फाउन्डेसन, पुल्चोक, ललितपुर,
युनिसेफ नेपाल, पुल्चोक, ललितपुर ।
वर्ल्ड भिजन इन्टरनेशनल नेपाल, सानेपा, ललितपुर

प्रथम संस्करणः सेप्टेम्बर, २०१५

लेखन तथा सम्पादनः चन्द्रिका खतिवडा
सहयोगः शिव थापा
(इन्स्टिच्युट फर लिगल रिसर्च एण्ड कन्सल्टेन्सी, लाजिम्पाट, काठमाडौं)

चित्रः केशव खनाल

आकृतिविन्यासः रमेश दाहाल

---

प्रस्तुत निर्देशिका केन्द्रीय बालकल्याण समितिले इन्टर-एजेन्सी वर्किङ्ग ग्रुपको सहयोगमा तयार गरेको हो । निर्देशिका तयार गर्दा प्लान इन्टरनेशनल नेपाल र वर्ल्ड भिजन इन्टरनेशनल नेपालको आर्थिक सहयोग रहेको थियो भने सेभ द चिल्ड्रेन, तेरे दे जोम्स फाउन्डेसन र युनिसेफ नेपालको प्राविधिक सहयोग रहेको थियो ।

# शुभकामना

बालबालिकाको अधिकार र बालसंरक्षणको विषय वर्तमानमा सबैका लागि एक प्राथमिकताका रूपमा रहिआएको छ । यसैलाई सम्बोधन गर्नका लागि स्थानीयदेखि राष्ट्रियस्तरसम्म बालसंरक्षणका संरचनाहरूको विकास गरी एक व्यवस्थित बालसंरक्षण प्रणाली स्थापित गर्ने प्रारम्भिक कार्यको थालनी भएको छ ।

प्रत्येक बालबालिकाको समृद्ध जीवनको परिकल्पना गर्दै बालबालिकालाई केन्द्रविन्दुमा राखेर धेरै सरकारी निकाय एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रि संघ संस्थाहरूले नेपालमा विगत धेरै लामो समयदेखि बालसंरक्षणको क्षेत्रमा कार्य गर्दै आइरहेका छन् । सबैको सहयोग र सहकार्यमा केन्द्रीय बालकल्याण समिति एवं जिल्ला बालकल्याण समितिले समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरू मार्फत बालसंरक्षणको अवधारणाको विकास, बालसंरक्षणका सवालहरूको पैरवी तथा बालसंरक्षणसम्बन्धी सचेतना अभिवृद्धि गर्ने क्रियाकलापहरू सञ्चालन गर्दै आइरहेका छन् ।

बालसंरक्षणको क्षेत्रमा क्रियाशील रहेका औपचारिक वा अनौपचारिक संरचनालाई सशक्त बनाउन यी संरचनाहरूमा रहेका सरोकारवालाहरूबीच बालसंरक्षणको आधारभूत अवधारणा, बालसंरक्षणका मुद्दाहरू, बालसंरक्षण कार्यसँग सम्बन्धित सीपहरूबारेमा क्षमता अभिवृद्धि गर्नु जरूरी छ ।

उपर्युक्त आवश्यकतालाई सम्बोधन गर्नेगरी केन्द्रीय बालकल्याण समितिको अगुवाइमा साझेदार इन्टर-एजेन्सी वर्किङ्ग ग्रुपका सदस्य संस्था तथा निकायहरूको सहयोग एवं सहकार्यमा समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूलाई बालसंरक्षणसम्बन्धी प्रशिक्षण दिन यी तालिम निर्देशिकाहहरू तयार पारिएका हुन् ।

यी निर्देशिकाहरू सरल भाषामा तयार भएका छन् र यिनमा गाउँ-समुदायस्तरमा बालसंरक्षण कार्यका लागि आवश्यक सीप, आधारभूत अवधारणा, मुद्दा र भिन्नभिन्न संरचनाहरूका भूमिकालाई प्रस्ट रूपमा प्रस्तुत गरिएका छन् ।

यसको तयारीमा लाग्नु हुने सबैलाई विशेष धन्यवाद दिदैं यी निर्देशिकाहरूमा आधारित भएर दिइने तालिमले गाउँ-समुदायस्तरमा रहेका बालसंरक्षण संरचना तथा सरोकारवालाहरूलाई बालसंरक्षण कार्य गर्न सहज हुनेछ भन्ने अपेक्षा गरेको छु ।

**डिल्लीराम गिरी**
अध्यक्ष
केन्द्रीय बालकल्याण समिति

# प्राक्कथन

बालबालिकाको संरक्षणका लागि घरपरिवारपछि उनीहरूको वरिपरिको समुदायको अहम् भूमिका रहन्छ । समुदायमा नै बालबालिकाले विभिन्न प्रयोजनका निम्ति आफ्नो महत्वपूर्ण समय व्यतीत गरिरहेका हुन्छन्, अन्तर्क्रिया गरिरहेका हुन्छन् र जीवनोपयोगी शिक्षा पाइरहेका हुन्छन् । समुदायमा आधारित भएर क्रियाशील अभिन्न एवं महत्वपूर्ण संरचनाहरूमा विद्यालय, स्वास्थ्य संस्था, बालसंरक्षण समिति, सामुदायिक प्रहरी, आमा समूह, बालक्लब लगायतका थुप्रै संरचनाहरू पर्दछन् ।

विद्यालय शिक्षा आर्जन गर्ने थलो मात्र नभएर बालअधिकार प्रवर्द्धन एवं बालसंरक्षणमा कार्य गर्ने एक महत्वपूर्ण निकाय पनि हो । स्वास्थ्य प्रवर्द्धनका लागि केन्द्रित समुदायतहका स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मी अर्को महत्वपूर्ण संयन्त्रहरू हुन् भने समुदायका आमा समूहहरूले पनि बालसंरक्षणमा सक्रिय भूमिका निर्वाह गरिरहेका छन् । समुदायमा अथवा विद्यालयमा आधारित बालक्लबहरूमा आबद्ध भएर बालबालिकाले आफ्नो हकअधिकार प्रवर्द्धन गर्नुका साथै बालसंरक्षणबारे चेतना जागरणमा उल्लेख्य भूमिका खेल्दै आएका छन् । बालबालिका पीडित हुन पुगेका घटनाको अनुसन्धान गरी पीडितलाई कानुनी उपचार तथा न्याय दिलाउन स्थानीय तथा समुदाय तहका प्रहरीको महत्वपूर्ण भूमिका रहन्छ । साथै, बालसंरक्षणमा कार्य गर्ने अख्तियारीसहित गठित गाउँ/नगर बालसंरक्षण तथा संवर्द्धन उप-समिति समेत स्थानीयस्तरका बालसंरक्षणका सवालहरूको सम्बोधन गर्नका लागि रोकथाममूलक कार्यका साथै घटनाको द्रुत-सम्बोधन तथा तत्काल उद्धार एवं पुनर्स्थापना लगायतका काममा क्रियाशील रहेका पाइन्छन् ।

समुदायमा आधारित यी संयन्त्रहरू बालबालिका तथा परिवारको सबैभन्दा नजिक रहेर बालसंरक्षणका सवालहरूमा सक्रिय हुन्छन् । समुदायमा बालबालिकामाथि हुने कुनै पनि प्रकारका हिंसा, दूर्व्यवहार, शोषण, विभेद, हेलचेक्र्याइँ अनि हानिकारक अभ्यासहरूबारे यी संयन्त्रहरूका सदस्यहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जानकार हुन्छन् । यसर्थ नेपालको राष्ट्रिय बालसंरक्षण प्रणालीमा समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूलाई एक महत्वपूर्ण अङ्गको रूपमा स्वीकार गरिएको छ । अतः यी संयन्त्रहरूलाई बालसंरक्षणमा सक्रिय बनाउन यिनका सदस्यहरूको ज्ञान, सीप तथा दक्षता अभिवृद्धि गर्न आवश्यक देखिएको छ, ताकि समुदायस्तरमा बालसंरक्षणका सवालहरूलाई रोकथाम गर्ने अनि सकेसम्म चाँडो तिनलाई सम्बोधन गरी बालबालिकालाई पुनर्पीडित हुनबाट जोगाई उनीहरूलाई सुलभ एवं उपयुक्त न्याय प्रदान गर्न सकियोस् । यस सन्दर्भमा विभिन्न संघ-संस्था तथा निकायहरूले आ-आफ्नै शैलीमा यस्ता समुदायमा आधारित संयन्त्रहरूको क्षमता अभिवृद्धिका लागि तालिम कार्यशालाहरू गर्दै आएका छन् । तर सबैको सम बुझाइका निम्ति क्षमता अभिवृद्धिका सन्दर्भमा प्रयोग गरिने सामग्रीहरूमा एकरूपता ल्याई एक समानस्तर कायम गर्नुपर्ने आवश्यकता महसुस गरिएकाले नै बालसंरक्षणको क्षेत्रमा क्रियाशील तथा यस समितिका साझेदारका रूपमा रहँदै आएका ईन्टर-एजेन्सी वर्किङ्ग ग्रुपका सदस्य संस्था तथा निकायहरूसँगको सहकार्यमा समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूलाई लक्षित यो तालिम निर्देशिका तयार गरिएको हो । यसबाट आगामी दिनहरूमा सबैका तर्फबाट यसैलाई आधार मानी एकै प्रकारका तालिम कार्यशालाहरू सम्पन्न भई एकरूपता कायम हुने विश्वास गरिएको छ ।

यस तालिम प्याकेजमा जम्मा आठवटा निर्देशिकाहरू छन् । निर्देशिकाको भाग १ देखि ३ सबै समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूका लागि उपयोगी हुनेगरी तयार गरिएको छ । तिनमा बालसंरक्षणका आधारभूत अवधारणा, पद्धति, संरचनाहरू, मुद्दाहरू तथा आवश्यक आधारभूत सीपहरू जस्ता पक्षहरूलाई समेटिएको छ । भाग ४ देखि ८ कुनै संयन्त्र विशेषको लागि निर्दिष्ट छ र तत्तत् बालसंरक्षण संयन्त्रको भूमिकामा आधारित भएर छुट्टै तालिम सञ्चालन गर्न सहयोगी हुनेगरी तयार गरिएको छ । भाग ४ विद्यालयको तहमा बालसंरक्षणका निम्ति, भाग ५ समुदायतहका स्वास्थ्यकर्मीका लागि बालसंरक्षण प्रशिक्षणका निम्ति, भाग ६ बालक्लबका सदस्यहरूका लागि बालसंरक्षण प्रशिक्षणका निम्ति, भाग ७ आमा समूहका सदस्यहरूका लागि बालसंरक्षण प्रशिक्षणका निम्ति र भाग ८ समुदायस्तरमा क्रियाशील प्रहरीहरूका लागि बालसंरक्षण प्रशिक्षणका निम्ति केन्द्रित गरी तयार गरिएका छन् ।

यी तालिम निर्देशिकाहरूले समुदायमा आधारित विभिन्न बालसंरक्षण संयन्त्रहरूको क्षमता विकास गरी बालसंरक्षण कार्यलाई अझै

प्रभावकारी बनाउने अपेक्षा गरेको छु । अनुभवले के देखाएको छ भने समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूलाई सुदृढ एवं दक्ष बनाउन सकिएमा मात्र बालसंरक्षण कार्यमा अपेक्षित परिणाम पाउन सकिन्छ ।

बालसंरक्षण कार्यमा समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूका भूमिका अनुरूप उनीहरूको क्षमता अभिवृद्धि गर्ने सन्दर्भमा विभिन्न संस्था तथा निकायहरूले प्रयोग गर्दै आएका सामग्रीहरू समेतलाई एकीकृत गर्दै समानस्तर कायम गर्ने अभिप्रायले तयार गरिएका यी निर्देशिकाहरू तयार गर्नुहुने बालअधिकारकर्मी श्री चन्द्रिका खतिवडा तथा उहाँको टिमलाई धेरै धन्यवाद दिन्छु । विभिन्न चरणमा भएका छलफलमा सक्रिय सहभागी भई पृष्ठपोषण गर्नुहुने केन्द्रीय तथा जिल्ला बालकल्याण समिति एवम् अन्य संघसंस्था तथा निकायका मित्रहरू सबै धन्यवादका पात्र हुनुहुन्छ । केन्द्रीय बालकल्याण समितिको यो अभियानलाई साकार गर्न लेखन तथा प्रकाशनमा आर्थिक सहयोग गर्ने प्लान ईन्टरनेशनल नेपाल र वर्ल्ड भिजन ईन्टरनेशनल नेपाललाई धेरै धन्यवाद व्यक्त गर्दछु । साथै, निर्देशिकाको समग्र खाका तयार गर्न तथा यसका विषयवस्तुमा आफ्नो सुझाव, कार्यक्षेत्रमा सँगालेका अनुभवहरू तथा स्रोत-सामग्री उपलब्ध गराएर प्राविधिक सहयोग प्रदान गर्ने ईन्टर-एजेन्सी वर्किङ् ग्रुपका अन्य सदस्यहरू युनिसेफ नेपाल, सेभ द चिल्ड्रेन र तेरे दे जोम्स फाउन्डेसनलाई म हृदयदेखि नै धन्यवाद दिन्छु ।

अब यो हामी सबैको साझा सामग्रीको रूपमा रहेको छ । समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूको क्षमता अभिवृद्धि गर्न सबैबाट यी निर्देशिकाहरूको प्रयोग गरी त्यसबाट प्राप्त व्यवहारिक सुझावहरूलाई समावेश गरी आवश्यकताअनुरूप आगामी दिनहरूमा यिनमा नियमित परिमार्जन गरिने नै छ ।

धन्यवाद !

**तारक धिताल**
कार्यकारी निर्देशक
केन्द्रीय बालकल्याण समिति

# मन्तव्य

बालबालिकाको अधिकारको सुनिश्चितता र बालसंरक्षण वर्तमानमा विश्वकै प्रमुख सवालको रूपमा उठदै आइरहेको छ । नेपालमा पनि बालसंरक्षणका मुद्दाहरूलाई सम्बोधन गर्नका लागि स्थानीयदेखि राष्ट्रियस्तरसम्म बालसंरक्षणका संरचनाहरूलाई सक्रिय गराई एक बालसंरक्षण प्रणालीको विकास गर्न प्रारम्भिक कार्यको थालनी भएको छ । राष्ट्रिय बालसंरक्षण प्रणालीमार्फत बालबालिका र समुदायको प्रतिरोधात्मक क्षमतामा अभिवृद्धि तथा बालसंरक्षणका सवालहरूको पैरवीको कार्य समुदायस्तरदेखि राष्ट्रियस्तरसम्म हुँदै आइरहेको छ ।

प्रत्येक बालबालिकाको समृद्ध जीवनको परिकल्पना गर्दै बालबालिकालाई केन्द्रविन्दुमा राखेर वर्ल्ड भिजन ईन्टरनेशनल नेपाल, प्लान ईन्टरनेशनल नेपाल, सेभ द चिल्ड्रेन, युनिसेफ नेपाल र तेरे दे जोम्स फाउन्डेसनलगायत अन्य संस्थाहरूले नेपालमा लामो समयदेखि बालसंरक्षणको क्षेत्रमा कार्य गर्दै आइरहेका छन् । हामी ईन्टर-एजेन्सी वर्किङ्ग ग्रुपका सदस्य अन्तर्राष्ट्रिय संस्था तथा निकायहरूले आ-आफ्नो प्रयासबाट केन्द्रीय बालकल्याण समिति एवं जिल्ला बालकल्याण समितिको साझेदारीमा समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूमार्फत बालसंरक्षणको अवधारणाको विकास, बालसंरक्षणका सवालहरूको पैरवी तथा बालसंरक्षणसम्बन्धी सचेतना अभिवृद्धि गर्ने क्रियाकलापहरू सञ्चालन गर्दै आएका छन् ।

बालबालिकालाई समृद्ध जीवन जीउन सक्षम बनाउन उनीहरूको अधिकार तथा संरक्षणको सुनिश्चितता हुन जरूरी छ र यसका लागि समुदायदेखि राष्ट्रियस्तरसम्म बालबालिकाको संरक्षणको जिम्मेवारी पाएका बालसंरक्षण संरचनाहरूको सबलीकरण गर्न जरूरी छ । हामी बालकेन्द्रित अन्तर्राष्ट्रिय संस्था तथा निकायहरू त्यसलाई अत्यन्त आवश्यक एवं महत्वको कार्य ठान्दछौं । यी संरचनाहरूमा रहेका सरोकारवालाहरूको बालसंरक्षणको आधारभूत अवधारणा, बालसंरक्षणका मुद्दाहरू, बालसंरक्षण कार्यसँग सम्बन्धित सीपहरू बारेमा क्षमता अभिवृद्धि गर्नु जरूरी ठान्दछौं ।

उपर्युक्त आवश्यकतालाई सम्बोधन गर्नेगरी केन्द्रीय बालकल्याण समितिको अगुवाइमा वर्ल्ड भिजन ईन्टरनेशनल नेपाल र प्लान ईन्टरनेशनल नेपालको आर्थिक सहयोग एवं ईन्टर-एजेन्सी वर्किङ्ग ग्रुपको सदस्य संस्था तथा निकायहरूको प्राविधिक सहयोगमा समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूलाई बालसंरक्षणसम्बन्धी प्रशिक्षण दिन यी तालिम निर्देशिकाहहरू तयार पारिएका हुन् । आठवटा भागहरूमा प्रस्तुत गरिएका यी निर्देशिकाहरू समुदायका छुट्टाछुट्टै बालसंरक्षण संयन्त्रहरूः गाउँ/नगर बालसंरक्षण तथा संवर्द्धन उपसमिति, विद्यालय, स्वास्थ्यकर्मी, आमा समूह, बालक्लबहरू तथा स्थानीय प्रहरीहरूको क्षमता अभिवृद्धिको लागि सहयोग पुऱ्याउनेगरी तयार गरिएका छन् । यी निर्देशिकाहरू सरल भाषामा तयार भएका छन् र यिनमा गाउँ-समुदायस्तरमा बालसंरक्षण कार्यका लागि आवश्यक सीप, आधारभूत अवधारणा, मुद्दा र भिन्नभिन्न संरचनाहरूका भूमिकालाई प्रस्टरूपमा प्रस्तुत गरिएका छन् ।

यी निर्देशिकाहरू तयार पार्ने क्रममा केन्द्रीय बालकल्याण समिति, जिल्ला बालकल्याण समिति र ईन्टर-एजेन्सी वर्किङ्ग ग्रुपको सदस्य संस्था तथा निकायहरूको साथै अन्य सरोकारवालाहरूसँग छलफल गरी पृष्ठपोषण लिइएको थियो । अतः यी निर्देशिकाहरूमा आधारित भएर दिइने तालिमले समुदायस्तरमा रहेका बालसंरक्षण संरचना तथा सरोकारवालाहरूलाई बालसंरक्षण कार्य गर्न सहज हुनेछ भन्ने अपेक्षा गरेका छौं ।

अन्त्यमा, यी तालिम निर्देशिकाहरू प्रकाशनका लागि आर्थिक सहयोग गर्ने वर्ल्ड भिजन, यु.के. र प्लान नर्वेलाई विशेष धन्यवाद दिन्छौं । यी तालिम निर्देशिकाहरू तयार पर्दा प्राविधिक सहयोग प्रदान गर्नुहुने ईन्टर-एजेन्सी वर्किङ्ग ग्रुपका सबै सदस्यहरूका सम्बन्धित कर्मचारीहरूलाई पनि धन्यवाद व्यक्त गर्दछौं । साथै, यी निर्देशिकाहरूको लेखनको अभिभारा लिनुहुने श्री चन्द्रिका खतिवडा र उहाँको सम्पूर्ण टिम तथा चित्राङ्कन र लेआउट डिजाइन गर्नुहुने ईको नेपालको टिमलाई समेत विशेष धन्यवाद व्यक्त गर्दछौं ।

**मातियस् ब्रायन्सन्**
राष्ट्रिय निर्देशक
प्लान ईन्टरनेशनल नेपाल

**दलैलाह् (लाला) बोर्जा**
राष्ट्रिय निर्देशक
सेभ द चिल्ड्रेन

**डा. सेबाष्टियन चुग**
देशीय प्रतिनिधि
तेर दे जोम् - लोजान (टिडिएच)

**तोमु होजुमी**
देशीय प्रतिनिधि
यूनिसेफ नेपाल

**लिज साटो**
राष्ट्रिय निर्देशक
वर्ल्ड भिजन ईन्टरनेशनल नेपाल

# कृतज्ञता

गाउँ/नगर बालसंरक्षण तथा संवर्द्धन उप-समितिलगायत समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूको क्षमता अभिवृद्धिको लागि सिलसिलेवाररूपमा तालिम सञ्चालन गर्न निर्देशिकाको आवश्यकता बोध भएपछि केन्द्रीय बालकल्याण समिति र ईन्टर-एजेन्सी वर्किङ्ग ग्रुपका सदस्य संस्था वा निकायहरूको तर्फबाट संयुक्तरूपमा तीन चरणको तालिमको पाठ्यक्रम तर्जुमा गरियो । सोहीअनुरूप इन्स्टिच्यूट फर लिगल रिसर्च एण्ड कन्सल्टेन्सीका तर्फबाट हामीले निर्देशिकाको प्रारम्भिक लेखन कार्य थाल्यौं । निर्देशिकाको भाग १, २ र ३ को लेखन कार्य सम्पन्न भएपछि समुदायमा क्रियाशील विद्यालय, स्वास्थ्यकर्मी, स्थानीय प्रहरी, आमा समूह र बालक्लबहरूलाई लक्षित गरी थप सामग्रीसहित खासखास निर्देशिकासमेत तयार गर्ने निर्णय भयो । त्यसैअनुरूप निर्देशिकाहरू ८ भागमा तयार भएका हुन् । भाग १ देखि ३ सम्म सबै समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूका लागि सञ्चालन हुने तालिममा आवश्यकताअनुरूप उपयोग गरिनुपर्दछ भने अन्य भागहरू निर्दिष्ट लक्षित समूहको तालिमका लागि उपयोगी हुनेछन् ।

यी निर्देशिकाहरूको लेखन तथा सम्पादनका क्रममा हामीले धेरै महानुभावहरूको सहयोग पाएका छौं । समुदायतहमा बालसंरक्षण संयन्त्रहरूलाई तालिम दिन खासगरी प्लान ईन्टरनेशनल नेपाल, वर्ल्ड भिजन ईन्टरनेशनल नेपाल र सेभ द चिल्ड्रेनले उपयोग गर्दै आएका सामग्री तथा बालसंरक्षण कार्यमा खासगरी समुदायतहमा कार्यरत महानुभावहरूका अनुभव तथा सिकाइलाई आवश्यकताअनुसार निर्देशिकामा समावेश गरिएको छ । त्यस्तै निर्देशिकाको मस्यौदा तयार भएपछि जिल्ला बालकल्याण समिति, प्लान ईन्टरनेशनल नेपाल र वर्ल्ड भिजन ईन्टरनेशनल नेपालका कर्मचारी/पदाधिकारी तथा साझेदार संस्थाका कर्मचारीहरूलाई आमन्त्रित गरी परीक्षण तालिम सञ्चालन गरिएको थियो । ती तालिमहरूबाट आएका सुझावको आधारमा निर्देशिकामा आवश्यक परिमार्जन गरिएको थियो ।

यस निर्देशिकालाई यसरूपमा ल्याउन योगदान पुऱ्याउनुहुने सबै महानुभावहरूप्रति म कृतज्ञता ज्ञापन गर्दछु ।

*निर्देशिकाको अवधारणा, पाठ्यक्रम तर्जुमा तथा मस्यौदामाथि सुझाव प्रदान गर्नुहुनेः*

केन्द्रीय बालकल्याण समितिका श्री तारक धिताल, श्री नमूना भुषाल र श्री नीता गुरूङ्ग ।

प्लान ईन्टरनेशनल नेपालका श्री मधुवन्ती तुलाधर र श्री सुभाषा श्रेष्ठ ।

वर्ल्ड भिजन ईन्टरनेशनल नेपालका श्री अर्पणा रोंगोन, श्री दिलिप गिरी र श्री भविन्द्र राई ।

सेभ द चिल्ड्रेनका श्री कीर्ति थापा र श्री मदन गोतामे ।

युनिसेफ नेपालका श्री ब्रिजिट र श्री इभान राई ।

तेरे दे जोम्स फाउन्डेसनका श्री नवजीत कर्माचार्य ।

*निर्देशिकाको परीक्षण प्रशिक्षणका सहभागी तथा प्रशिक्षकहरूः*

प्लान ईन्टरनेशनल नेपालको आयोजनामा बुढानीलकण्ठ, काठमाडौंमा सम्पन्न पहिलो चरणको तथा हेटौंडा मकवानपुरमा सम्पन्न दोस्रो चरणको तालिमका सहभागी प्लान ईन्टरनेशनल नेपाल र साझेदार संस्थाका कर्मचारी तथा पदाधिकारीज्यूहरू,

वर्ल्ड भिजन ईन्टरनेशनल नेपालको आयोजनामा धुलिखेल, काभ्रेपलाञ्चोकमा सम्पन्न तालिमका सहभागी वर्ल्ड भिजन ईन्टरनेशनल नेपाल र साझेदार संस्थाका कर्मचारी तथा पदाधिकारीज्यूहरू,

वर्ल्ड भिजन ईन्टरनेशनल नेपाल, सुनसरीको आयोजनामा ईटहरीमा सम्पन्न तालिमका सहभागी वर्ल्ड भिजन ईन्टरनेशनल नेपाल र साझेदार संस्थाका कर्मचारी तथा पदाधिकारीज्यूहरू तथा सुनसरी जिल्लाका गाउँ बालसंरक्षण तथा संवर्द्धन उपसमितिका सदस्यज्यूहरू,

केन्द्रीय बालकल्याण समितिले चितवन र ललितपुरमा सम्पन्न गरेको तालिमहरूमा सहभागी बालकल्याण अधिकारीज्यूहरू, जिल्ला बालकल्याण समितिका पदाधिकारीज्यूहरू तथा बालअधिकार अधिकृतज्यूहरू,

*निर्देशिकाको परीक्षण प्रशिक्षण कार्यमा सहयोग पुऱ्याउनुहुने :*


नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका वरिष्ठ अध्ययन निर्देशक श्री भरत थापा, स्वतन्त्र विज्ञ श्री उद्धवराज पौड्याल, स्वतन्त्र विज्ञ श्री प्रकाश कोइराला, स्वतन्त्र विज्ञ श्री प्रल्हाद ढकाल, इन्स्टिच्यूट फर लिगल रिसर्च एण्ड कन्सल्टेन्सीका श्री सुरेन्द्र रेग्मी, श्री शिव थापा, श्री कृष्णप्रसाद सुवेदी र निना महर्जन ।

*लेखन तथा सम्पादन कार्यमा सहयोग :*

श्री शिव थापा, श्री सुरेन्द्र रेग्मी, श्री निना महर्जन र श्री कृष्णप्रसाद सुवेदी ।

निर्देशिकाको चित्रलेखन गर्नुहुने श्री केशव खनाल र आकृतिविन्यास गर्नुहुने श्री रमेश दहाल ।

सबैलाई धेरै धेरै धन्यवाद !



**चन्द्रिका खतिवडा**,

निर्देशक, इन्स्टिच्यूट फर लिगल रिसर्च एण्ड कन्सल्टेन्सी,

काठमाडौं, नेपाल

# निर्देशिकाको परिचय

सुरक्षित वातावरणसहित आफ्नो संरक्षणको सुनिश्चितता पाउनु सबै बालबालिकाको अधिकार हो । यस अधिकारलाई नेपालको अन्तरिम संविधान, २०६३, राष्ट्रिय कानुन र बालबालिकासम्बन्धी नीति, २०६९ तथा नेपालले अनुमोदन गरेको संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९ तथा यसका दुईवटा इच्छाधीन आलेखहरू[१] (बालबालिकाको बेचबिखन, बालवेश्यावृत्ति र अश्लील चित्रणविरुद्ध तथा सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोगविरुद्धका इच्छाधीन आलेखहरू, २०००) ले सुनिश्चित गरेका छन् । यसर्थ, बालबालिकाविरुद्ध हुने कुनै पनि प्रकारका हिंसा, दूर्व्यवहार, शोषण, भेदभावलगायतका हानिहरूबाट जोगाउन सम्भव सबै प्रयत्न हुनु जरुरी छ ।

बालबालिकाको संरक्षणको अधिकार सुनिश्चित गर्ने प्रमुख दायित्व राज्यको हो । यस कार्यमा बाबुआमा, अभिभावक एवं समुदायका प्रत्येक सदस्य र स्वयं बालबालिकाको सहभागिता र सहकार्य आवश्यक हुन्छ । त्यसरी नै समुदायमा आधारित भएर बालसंरक्षणका लागि क्रियाशील महत्त्वपूर्ण संरचनाहरूमा विद्यालय, स्वास्थ्य संस्था, बालसंरक्षण समिति, स्थानीय प्रहरी, आमा-समूह, बालक्लबलगायतका संरचनाहरू पर्दछन् ।

समुदायमा आधारित यी संयन्त्रहरू बालबालिका तथा परिवारको सबैभन्दा नजिक रहेर बालसंरक्षणका सवालहरूमा सक्रिय हुन्छन् । समुदायमा बालबालिकामाथि हुने कुनै पनि प्रकारका हिंसा, दूर्व्यवहार, शोषण, विभेद, हेलचेक्र्याइँ अनि हानिकारक अभ्यासहरूबारे यी संयन्त्रहरूका सदस्यहरू प्रत्यक्ष वा अप्रत्यक्षरूपमा जानकार हुन्छन् । यसर्थ नेपालको राष्ट्रिय बालसंरक्षण प्रणालीमा महत्त्वपूर्ण अङ्गको रूपमा समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूलाई स्वीकार गरिएको छ । अतः यी संयन्त्रहरूलाई बालसंरक्षणमा सक्रिय बनाउन यिनका सदस्यहरूको ज्ञान, सीप तथा दक्षता अभिवृद्धि गर्न आवश्यक देखिएको छ ताकि समुदायस्तरमा बालसंरक्षणका सवालहरूलाई रोकथाम गर्ने अनि सकेसम्म चाँडो तिनलाई सम्बोधन गरी बालबालिकालाई पुनर्पीडित हुनबाट जोगाई उनीहरूलाई सुलभ अनि उपयुक्त न्याय प्रदान गर्न सकियोस् ।

नेपाल सरकारले बालअधिकार संरक्षण तथा सम्वर्द्धन कार्यक्रम निर्देशिका, २०६५ लागु गरी गाउँ/नगर बालसंरक्षण तथा सम्वर्द्धन उप-समिति र जिल्ला बालसंरक्षण तथा सम्वर्द्धन उप-समिति (यी समितिलाई 'भिसीपिसी', 'एमसीपिसी' र 'डिसीपिसी' भनेर पनि चिनिन्छ) को गठनको व्यवस्था गर्नुका साथै तिनका भूमिका तथा कार्यहरू तय गरेको छ ।

गाउँ/नगरस्तरमा गठन भएका बालसंरक्षण समितिलगायत समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूको कार्यमा सहयोग पुऱ्याई खासगरी समुदायतहमा बालसंरक्षण कार्यको प्रभावकारिता बढाउन बालसंरक्षण संयन्त्रहरूका सदस्यहरूको क्षमता बढाउन आवश्यक छ । त्यसरी नै बालसंरक्षणमा क्रियाशील व्यक्ति, संस्था तथा निकायहरूको विषयगत ज्ञान, सीप र दक्षता अभिवृद्धि गर्न समेत आवश्यक देखिएको छ । यही निर्दिष्ट लक्ष्यका साथ यी निर्देशिकाहरू तयार गरिएका हुन् । अनुभवले के देखाएको छ भने समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूलाई सुदृढ एवं दक्ष बनाउन सकिएमा मात्र बालसंरक्षण कार्यमा अपेक्षित परिणाम पाउन सकिन्छ ।

प्रस्तुत 'समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूका लागि बालसंरक्षणसम्बन्धी तालिम निर्देशिका' लाई आठवटा अलग-अलग पुस्तकको रूपमा प्रस्तुत गरिएको छ :

भाग १ : बालसंरक्षणसम्बन्धी आधारभूत अवधारणा, पद्धति एवम् संरचनाहरू,
भाग २ : बालसंरक्षणसँग सम्बन्धित स्थानीय मुद्दाहरू,
भाग ३ : बालसंरक्षण कार्यसँग सम्बन्धित आधारभूत सीपहरू,
भाग ४ : विद्यालयको तहमा बालसंरक्षण,
भाग ५ : समुदायतहका स्वास्थ्यकर्मीका लागि बालसंरक्षण प्रशिक्षण,
भाग ६ : बालक्लबका सदस्यहरूका लागि बालसंरक्षण प्रशिक्षण,
भाग ७ : आमा-समूहका सदस्यहरूका लागि बालसंरक्षण प्रशिक्षण,
भाग ८ : समुदायस्तरमा क्रियाशील प्रहरीहरूका लागि बालसंरक्षण प्रशिक्षण

---

१ बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को तेस्रो इच्छाधीन आलेख अर्थात उजुरी प्रक्रियासम्बन्धी इच्छाधीन आलेख, २०११ ले भने बालअधिकारसम्बन्धी महासन्धि तथा यसका दुईवटा इच्छाधीन आलेखहरुले प्रदत्त गरेका हकअधिकारहरुको हनन भएको सन्दर्भमा राज्यस्तरबाट कुनै उपचार नपाएको अवस्थामा संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिमा गर्न सकिने उजुरीको अधिकार बालबालिकालाई प्रदान गरेको छ। तर नेपालले आजसम्म यो इच्छाधीन आलेखमा हस्ताक्षर वा अनुमोदन गरिसकेको छैन।

यी आठवटै निर्देशिकाहरूमा विषयगतरूपमा तालिम सत्रहरू र सोसँग सम्बन्धित जानकारी (अर्थात अध्ययन–सामग्री) उपलब्ध गराइएको छ । निर्देशिकाको प्रत्येक भागहरूमा उल्लिखित विषयवस्तुलाई समेटी सिलसिलेबाररूपमा प्रशिक्षण सञ्चालन गर्नु जरूरी छ । त्यसैले प्रत्येक भागका विषयवस्तुबारे प्रशिक्षण सञ्चालन गर्नका लागि आवश्यक पर्ने सामग्रीहरू तथा लाग्ने समयावधिबारे पनि सम्बन्धित भागहरूमा नै उल्लेख गरिएको छ । यसका साथै ती सत्रहरू सञ्चालन गर्न सहजकर्ता/प्रशिक्षकले गर्नुपर्ने आवश्यक तयारी तथा सत्र सञ्चालनका क्रममा ध्यान दिनुपर्ने कुराहरू समेत सत्रको वर्णनमा उल्लेख छ ।

निर्देशिकाको भाग १ देखि ३, सबै समुदायमा आधारित बालसंरक्षण संयन्त्रहरूका लागि उपयोगी हुनेगरी तयार गरिएको छ जसमा बालसंरक्षणका आधारभूत अवधारणा, पद्धति, संरचनाहरू, मुद्दाहरू तथा आवश्यक आधारभूत सीपहरू जस्ता पक्षहरूलाई समेटिएको छ । अनि, भाग ४ देखि ८ कुनै संयन्त्र विशेषको लागि निर्दिष्ट छ र तत्तत् बालसंरक्षण संयन्त्रको भूमिकामा आधारित भएर छुट्टै तालिम सञ्चालन गर्न सहयोगी हुनेगरी तयार गरिएको छ ।

अतः यी निर्देशिकाहरूले समुदायस्तरमा बालसंरक्षण कार्यमा संलग्न व्यक्ति, संस्था तथा निकायहरूको क्षमता अभिवृद्धिमा एक औजारका रूपमा सहयोग पुर्‍याउनेछ र बालसंरक्षण कार्यलाई अझै प्रभावकारी बनाउनेछ भन्ने हाम्रो विश्वास छ । निर्देशिकाको व्यवहारिक कार्यान्वयनबाट प्राप्त हुने अनुभवहरूबाट सिक्दै यसलाई समयसापेक्षरूपमा परिमार्जन गर्दै लगिनेछ ।

## निर्देशिका प्रयोगका सन्दर्भमा प्रशिक्षक तथा सहजकर्तालाई केही सुझावहरू

- प्रशिक्षक/सहजकर्ताले प्रशिक्षणअघि नै यस निर्देशिकाको आठवटै भागहरूको गहन अध्ययन गर्नु जरूरी छ । पर्याप्त तयारीबिना प्रशिक्षणमा जानुहुँदैन ।
- यस निर्देशिकाअनुरूप सञ्चालन हुने तालिममा समुदायमा रहेका बालसंरक्षण संयन्त्रहरूमा विभिन्न पृष्ठभूमिका व्यक्तिहरूको संलग्नता हुने भएकोले प्रशिक्षण सञ्चालन गर्दा उपलब्ध समयलाई हेक्का राख्दै विषयवस्तुको प्राथमिकीकरण गर्नु आवश्यक हुन्छ ।
- तालिममा सहभागी हुने सहभागीहरूको विषयप्रतिको ज्ञान र बुझाइको स्तरलाई तालिम सत्र सञ्चालन गर्नुअगावै बुझ्ने कोशिस गर्नुहोस् र आवश्यकताअनुरूप अध्ययन–सामग्री पढी थप जानकारी सङ्ग्रह गर्नुहोस् ।
- आवश्यकतानुसार मुख्य–मुख्य बुँदालाई न्यूजप्रिन्ट पेपरमा लेख्नुहोस्, जसलाई सत्र सञ्चालनको क्रममा सहभागीहरूलाई विषयबारे बुझाउन सजिलोसँग प्रयोग गर्न सकिन्छ ।
- यस निर्देशिकाको प्रत्येक सत्रमा एक निश्चित प्रक्रिया र विधिहरू तय गरिएको छ । खासगरी प्रशिक्षार्थीको सिकाइलाई व्यवस्थित गर्न सकियोस् भनी त्यसो गरिएको हो । प्रशिक्षक/सहजकर्ताले यहाँ दिइएको विधि, प्रक्रिया सञ्चालन गर्न अभ्यस्त हुनुपर्दछ र/वा त्यसको विकल्पमा अर्कै कुनै विधि वा प्रक्रिया उपयोग गर्ने हो भने त्यसबारेमा विश्वस्त हुनु जरूरी छ ।
- यस निर्देशिकामा उल्लेख गरिएका सत्रको प्रक्रियाहरू स्थानीय परिवेशसँग मिल्दो भएनभएको सुनिश्चित गर्नुपर्दछ । यदि कुनै विधि र प्रक्रिया व्यवहारिक नभएको पाइएमा त्यसलाई प्रशिक्षक/सहजकर्ताले परिवर्तन गरी उपयोगी विधि र प्रक्रिया अवलम्बन गर्नुपर्दछ ।
- यस निर्देशिकाको प्रत्येक सत्रको लागि आवश्यक पर्ने सामग्रीहरूको जोहो तालिम स्थलमा जानुपूर्व नै गर्नुपर्दछ । तालिमका सहभागीहरूको सङ्ख्याअनुसार आवश्यक सामग्री व्यवस्थापन गर्नु प्रशिक्षक/सहजकर्ताको जिम्मेवारी हो ।
- तालिमलाई प्रभावकारी बनाउन तालिम कक्षको भौतिक व्यवस्थापनले महत्त्व राख्दछ । त्यसैले प्रशिक्षक/सहजकर्ताले तालिमको व्यवस्थापनका लागि आवश्यक पर्ने सबै पक्षहरूको चेकलिष्ट तयार गरी तालिम अगावै आयोजकसँग सरसल्लाह गरी सुनिश्चित गर्नुपर्दछ । त्यसैगरी, प्रशिक्षक/सहजकर्ताले तालिमका लागि चाहिने उपकरण तथा मसलन्द एवम् लजिस्टिकको अग्रिमरूपमा व्यवस्थापन गर्नुपर्दछ ।

## प्रशिक्षक/सहजकर्ताका लागि केही व्यवहारिक सीपहरू

### सत्र वा प्रस्तुतीकरणको तयारीको क्रममा

- सहजकर्ता/प्रशिक्षकले सँधै आफ्ना श्रोता को हुन् भन्ने कुराबारे जानकारी राख्नुपर्दछ । साथै, सहजकर्ता/प्रशिक्षकले समूह गतिशीलता (Group Dynamics) को बारेमा पनि जान्न जरूरी हुन्छ, जसको कारणले प्रस्तुतीकरणको क्रममा सबै

सहभागीहरूका स्वभाव बुझेर उनीहरूलाई साथै लिई प्रस्तुतीकरण गर्न सहजकर्ता/प्रशिक्षकका लागि सहज हुन्छ ।

- आफूले किन प्रस्तुति गर्दै हुनुहुन्छ, अर्थात सो प्रस्तुतिको उद्देश्य के हो भन्ने कुरा पनि राम्ररी मनन् गर्नुहोस् ।
- आफूले कहाँ अनि कहिले अर्थात कुन स्थान, परिवेश अनि परिस्थितिमा प्रस्तुति गर्दै हुनुहुन्छ, त्यसको हेक्का राख्नुहोस् तथा त्यसैअनुरूप आफ्नो भेषभुषा अनि प्रस्तुतीकरणको तयारी गर्नुहोस् ।
- आफ्नो प्रस्तुतिको लागि कति समय दिइएको छ, त्यसलाई ध्यानमा राख्नुहोस् त्यति समयमा आफ्नो विषयवस्तुलाई कसरी सहभागी सुहाउँदो भाषामा प्रभावकारी रूपमा प्रस्तुति गर्ने हो, त्यसको तयारी गर्नुहोस् ।
- सत्र सञ्चालन गर्ने स्थान तथा तालिम हलमा उपलब्ध सुविधाहरूको आधारमा आफूले प्रस्तुतिको क्रममा प्रयोग गर्ने विधिको निर्धारण गर्नुहोस् । उदाहरणको लागि यदि आफूले प्रस्तुति गर्न लागेको स्थानमा विद्युत उपलब्ध छैन वा आफ्नो प्रस्तुतिको समयमा लोडसेडिङ्को कारणले विद्युत उपलब्ध हुन सक्दैन भने एल.सी.डी. प्रोजेक्टरजस्ता विद्युतीय उपकरणहरूको प्रयोग गर्ने विधिहरू अनुपयुक्त हुन सक्दछन्, अतः वैकल्पिक विधिहरू निर्धारण गर्नुहोस् ।
- आफूले के-कस्ता विषयवस्तुहरू आफ्नो प्रस्तुतिमा समावेश गर्न चाहनुहुन्छ, त्यसलाई सहभागीहरूको आवश्यकता तथा ज्ञान र बुझाइको स्तरअनुसार प्राथमिकीकरण गर्नुहोस् ।
- आफूले प्रयोग गर्ने सहायक सामग्रीहरू (पावरप्वाईन्ट प्रिजेन्टेशन, महत्त्वपूर्ण बुँदाहरू, अध्ययन-सामग्री हातेपत्र) बारे जानकारी राख्नुहोस् ।
- साथै प्रस्तुतीकरणको क्रममा आफूलाई आवश्यक पर्ने सम्पूर्ण सामग्रीहरूको जोहो पनि तयारीको क्रममा नै गर्नुहोस् ।

**प्रस्तुतीकरण गर्नुअघि**

- प्रस्तुतिको सुरूवातको क्रममा सहभागीहरूलाई आफ्नो परिचय दिनुहोस् । त्यसपश्चात आफूले के-के प्रस्तुति गर्दैछु भन्ने कुरा जानकारी गराउनुहोस् ।
- सहभागीहरूलाई तालिम हल कक्षाकोठा नरहेको तथा आफू शिक्षक नभई प्रशिक्षक/सहजकर्ता हूँ भन्ने कुरा जानकारी गराउनुहोस् । यसर्थ, आफू र सहभागीहरूको स्तरमा कुनै अन्तर नरहेको कारण सहभागीहरूलाई खुला रूपले प्रस्तुतीकरणमा सहभागी हुन आव्हान गर्नुहोस् ।
- सहभागीहरूमाझ आफू सबैभन्दा जान्नेसुन्ने हूँ भन्ने भाव कहिले पनि प्रकट नगर्नुहोस् तर सो विषयसँग सम्बन्धित सहभागीहरूका जिज्ञासा मेटाउनका लागि भने आफू जसरी पनि तयार हुने कुरा भने दर्शाउनुहोस् । आफूसँग भएको ज्ञान नपुग्दो भएको अवस्थामा पनि आफूले अन्य ज्ञानका स्रोत प्रयोग गर्नसक्ने जानकारी भने दिनुहोस् ।
- प्रस्तुतीकरणको क्रममा सहभागीहरूले आफ्नो कुनै प्रश्न वा जिज्ञासा रहेको स्थितिमा कुनै पनि बेला सहजकर्ता/प्रशिक्षकलाई रोकेर आफ्नो अभिव्यक्ति राख्न सक्ने कुरा बताउनुहोस् ।
- सहभागीहरूलाई आफूले अब प्रस्तुतीकरण सुरू गर्दैछु भन्ने कुरा जानकारी गराउनुहोस् र प्रस्तुतीकरणका लागि अनुमति मागेर प्रस्तुतीकरण थाल्नुहोस् ।

**प्रस्तुतीकरणको क्रममा**

- सहजकर्ता/प्रशिक्षकले भन्न लागेको कुरा सहभागीहरूको लागि नयाँ विषय हो वा होइन भन्ने यकीन गर्नुहोस् । यसका लागि सहभागीहरूसँग सो विषयमा के-कस्तो ज्ञान छ भन्ने कुरा जान्ने प्रयत्न गर्नुहोस् ।
- प्रस्तुतीकरणको क्रममा सदैव उत्साही हुनुहोस् र सकेसम्म माफी नमाग्नुहोस् ।
- डर स्वभाविक हो भन्ने कुरा सोच्नुहोस् र आफूलाई देखिने र सुनिने बनाउनुहोस् । साथै, सबै सहभागीहरूसम्म आँखाको माध्यमबाट पुग्नुहोस्, अर्थात Eye Contact गर्नुहोस् ।
- आफ्नो विषयलाई संक्षिप्त तथा सरल तरिकाले तार्किक रूपमा प्रस्तुतीकरण गर्नुहोस् । विस्तृत रूपरेखाहरू दिइरहनु केवल समयको बर्बादी हो, त्यसको साटो पर्याप्त उदाहरणहरू दिनुहोस् ।
- सम्भव भएसम्म आफ्नो प्रस्तुतिलाई अन्तर्क्रियात्मक बनाउनुहोस् । अन्तर्क्रियात्मक बनाउने क्रममा सकेसम्म सबै सहभागीहरूलाई संलग्न गराउनुहोस् । समूहमा छिट्टै आफ्ना विचारहरू राख्न नसक्ने सहभागीहरूलाई आफ्ना विचारहरू राख्न उत्प्रेरित गर्नुहोस् । तर यसो गर्दा ती सहभागीहरूलाई हीनताबोध नहोस् भन्ने कुरामा सहजकर्ता/प्रशिक्षकले विशेष ध्यान पुऱ्याउनुपर्दछ ।

- प्रस्तुतीकरणको क्रममा सकेसम्म प्राविधिक जानकारीहरूलाई कम गर्नुहोस् । यदि प्राविधिक जानकारीहरू दिनै परेको स्थिति छ भने पनि तिनलाई सरल भाषामा सहभागीहरूलाई बुझ्न सहज हुनेगरी प्रस्तुति गर्नुहोस् ।
- प्रस्तुतीकरणको क्रममा प्रश्नहरू आउनु राम्रो हो । ती प्रश्नहरूको आफ्नो ज्ञान र क्षमताले भ्याएसम्म उत्तर दिनुहोस्, तर यस क्रममा आफूले दिएको जानकारी सत्य तथ्यपरक छ भन्ने कुराको यकीन भने अवश्य गर्नुहोस् । साथै त्यसभन्दा बढी जानकारी सहभागीहरूले कहाँ पाउन सक्दछन् भन्ने स्रोत पनि सहभागीहलाई बताउनुहोस् ।
- सँधै समयको परिपालना गर्नुहोस् । आफूलाई दिइएको समयभित्र नै आफ्नो प्रस्तुतीकरण सिध्याउनुहोस् ।
- मौखिक (शब्द, विषयवस्तु, भाषा) अर्थात, सहजकर्ताले जे बोल्छ, त्यसले ७ प्रतिशत, आवाज (उत्साह, आत्मविश्वास, गति) अर्थात जसरी भनिन्छ, त्यसले ३८ प्रतिशत र दृष्य (अनुहारको हावभाव, शरीरको हावभाव, इसारा, आँखाको चाल) अर्थात सहजकर्ताले जसरी हेर्छ र व्यवहार गर्छ, त्यसले ५५ प्रतिशत सहभागीहरूमा प्रभाव पार्दछ । यसर्थ, प्रस्तुतीकरणमा सबैभन्दा महत्त्वपूर्ण भनेकै सहजकर्ताको अमौखिक सञ्चार हो । त्यसैले आफ्ना अमौखिक सञ्चारहरूमा सहजकर्ता/प्रशिक्षकले ध्यान दिनुपर्ने हुन्छ ।
- प्रस्तुतीकरणको क्रममा कुनै विधि प्रयोग गर्दै हुनुहुन्छ भने, त्यसलाई प्रभावकारी ढङ्गले प्रयोग गर्नुहोस् ।
- प्रस्तुतिपछि सारांशमा पुनः आफूले भनेका कुराहरू दोहोऱ्याउनुहोस् ।
- अभ्यासले मानिसलाई उत्तम बनाउँछ । प्रस्तुतीकरणपछि सहभागीहरूसँग केही प्रश्नहरू छन् भने सोध्ने अवसर दिनुहोस् । त्यसपछि सबै सहभागीहरूलाई ध्यानपूर्वक आफ्ना कुराहरू सुनिदिएकोमा धन्यवाद दिनुहोस् ।

***

# विषय-सूची


| | |
|---|---|
| १. बालबालिका बेचबिखन | १ |
| सत्र १ (ख) मानव बेचबिखनविरूद्धबारे विद्यमान कानुनी व्यवस्था | ४ |
| १ (ग) बसाइँसराइ र बालबालिकाको बेचबिखन | ७ |
| २. बालविवाह | १८ |
| ३. बालबालिकामाथि हुनसक्ने यौनदूर्व्यवहार | २६ |
| ४. घरेलु हिंसा | ३७ |
| ५. बालश्रम शोषण | ४६ |
| ६. शारीरिक सजाय (हिंसा) | ५४ |
| ७. एचआइभी र एड्सबाट प्रभावित बालबालिका | ६३ |
| ८. कमलरी प्रथा | ७२ |
| ९. छाउपडी प्रथा | ७८ |
| १०. सडकमा आश्रित बालबालिका | ८४ |
| ११. लैङ्गिक हिंसा | ९१ |
| १२. अपहरण | ९९ |
| १३. अपाङ्गता भएका बालबालिका | १०५ |
| १४. बालगृहमा रहेका बालबालिका | ११५ |
| १५. कानुनी विवादमा परेका बालबालिका | १२४ |

# १ मानव/बालबालिकाको बेचबिखन



१ घण्टा

### १.१ सत्रको परिचय :

मानव/बालबालिकाको बेचबिखन समग्रमा मानवताविरूद्धको अपराध हो । अझसम्म पनि नेपालसहित अन्य केही अल्पविकसित देशहरूमा मानव/बालबालिकाको बेचबिखनको अपराध विद्यमान रहेको छ । कुनै पनि वयस्क व्यक्ति वा बालबालिकालाई देशभित्र वा बाहिर, आर्थिक लाभ वा अन्य कुनै लाभ लिएर वा लिने उद्देश्यले ललाईफकाई, अपहरण गरी, प्रलोभनमा पारी वा अन्य कुनै तरिकाले परिपञ्च मिलाई जुनसुकै किसिमको शोषणको लागि भएपनि गरिने बेचबिखन तथा ओसारपसारलाई विद्यमान कानुनले गैरकानुनी मानेको छ । यसर्थ मानव/बालबालिकाको बेचबिखनविरूद्ध सामुहिक छलफल गरी स्थानीयतहमा रोकथामका उपायहरू खोज्नु आवश्यक छ । प्रस्तुत सत्रको छलफलले सहभागीहरूलाई मानव/बालबालिका बेचबिखन तथा ओसारपसारको स्थिति र यसबाट सम्बन्धित व्यक्ति तथा परिवारमा पार्ने नकारात्मक असरहरूबारे विस्तृत ज्ञान दिई बालबालिकालगायत मानव बेचबिखनबिरूद्धको अभियानमा सघाउ पुऱ्याउने अपेक्षा राखिएको छ ।

### १.२ अपेक्षित उपलब्धि :

यस सत्रको अन्त्यमा सहभागीहरूले,

- मानव/बालबालिकाको बेचबिखनको परिभाषा बताउन सक्नेछन् र यसका मुख्यमुख्य कारणहरू पहिचान गर्न सक्नेछन् ।
- मानव/बालबालिका बेचबिखनबाट सम्बन्धित व्यक्ति तथा परिवारमा पार्ने असरहरूबारे छलफल गरी स्थानीयस्तरमा मानव/बालबालिका बेचबिखनको रोकथाम गर्न योजना तयार गरी कार्यान्वयन गर्न सक्नेछन् ।

### १.३ सत्र सञ्चालनका लागि आवश्यक सामग्री:

न्यूजप्रिन्ट पेपर वा ह्वाइट बोर्ड, पर्मानेन्ट र बोर्ड मार्कर, पेपर टेप, विभिन्न रङ्गका मेटाकार्ड उपलब्ध भएमा विषयगत छलफलका लागि उपयुक्त चित्र, पोष्टर आदि ।

### १.४ सत्रको तयारी

- प्रस्तुत सत्र सञ्चालन गर्न आवश्यक बुँदाहरू (सत्र सञ्चालन प्रक्रिया अन्तर्गतको खण्डमा बक्समा दिइएको छ) लाई मेटाकार्ड वा न्यूजप्रिन्ट पेपरमा लेख्नुहोस् । यसले छलफलको सहजीकरण गर्न मद्दत पुग्दछ ।
- सहभागीहरूको सङ्ख्या बराबर हुनेगरी चार वा पाँच रङ्गको मेटाकार्डलाई गोलो (चपाती) आकारमा काटेर तयार गर्नुहोस् (यसरी मेटाकार्ड तयार गर्दा सहभागीहरूको कूल सङ्ख्याभन्दा दुई-चारवटा बढी भएमा राम्रो हुन्छ । त्यसो भएमा पछि क्रियाकलाप गर्दा एक-दुईवटा कार्ड थप चाहिएमा तिनलाई प्रयोग गर्न सकिन्छ ।)
- सत्र सञ्चालनको क्रममा आवश्यक पर्ने विद्यमान कानुनी व्यवस्थाहरू जस्तै नेपालको अन्तरिम संविधान, २०६३, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र यसको नियमावली, २०६५ का सम्बन्धित प्रावधानहरूका साथै सम्भव भएसम्म सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धिहरूका व्यवस्थासमेतको अध्ययन गर्नुहोस् ।

## १.५ सत्र सञ्चालन गर्ने प्रक्रिया :

- सर्वप्रथम सहजकर्ताले 'अब हामी मानव/बालबालिकाको बेचबिखनसम्बन्धी मुद्दाबारे छलफल गर्नेछौं' भनी उपस्थित सबै सहभागीलाई ध्यानाकर्षण गर्नुहोस् । अनि मानव/बालबालिकाको बेचबिखन बालसंरक्षणको एक गम्भीर सवाल भएको कुरा बताउँदै देहायका क्रियाकलापहरू गर्नुहोस् ।

**क्रियाकलाप १: मानव/बालबालिकाको बेचबिखनसम्बन्धी जानकारी (५० मिनेट)**

- सहभागीहरूसमक्ष 'मानव/बालबालिकाको बेचबिखन भन्नाले के बुझ्नुहुन्छ ? हाम्रो समुदाय वा छरछिमेकमा मानव/बालबालिकाको बेचबिखनको कुनै घटना भएको थाहा पाउनुभएको छ ? बालबालिकाको बेचबिखन किन र के-के उद्देश्यले गरिन्छ ?' जस्ता प्रश्नहरू सोध्दै विषयगत छलफललाई अगाडि बढाउनुहोस् ।
- सहभागीहरूबाट आएका सबैजसो उत्तरलाई ह्वाइटबोर्ड वा न्यूजप्रिन्ट पेपरमा सबैले देख्न सक्नेगरी आफैले टिप्नुहोस् वा टिप्न अरू कसैको मद्दत लिनुहोस् ।
- सबैजसो सहभागीले बोल्ने क्रम सकिएपछि वा उनीहरूका विचारहरू आइसकेपछि टिपिएका बुँदाहरूलाई पुनः वाचन गर्नुहोस् ।
- सहभागीहरूबाट आएका विचारहरूलाई समेट्दै देहायका जानकारीसहित प्रस्तुती गर्नुहोस् ।

**मानव/बालबालिकाको बेचबिखन**

- '(क) कुनै पनि उद्देश्यले मानिस (बालबालिका वा कुनै पनि वयस्क व्यक्ति) बेच्ने वा किन्ने, (ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने, (ग) प्रचलित कानुन बमोजिमबाहेक मानिसको अङ्ग झिक्ने र (घ) वेश्यागमन गर्ने' कार्यलाई मानव बेचबिखन भनिन्छ । (मानवबेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४.१)
- '(क) किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने, (ख) वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबरजस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरूपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने' कार्य मानव ओसारपसारभित्र पर्दछ । (मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४.२)
- बालबालिकाको हकमा उनीहरूलाई यौनव्यवसायमा लगाउन वा अन्य प्रकारले गरिने यौनशोषणमा दुरूपयोग गर्न वा घरेलु कामदार बनाउन वा सर्कसमा प्रयोग वा छलकपटयुक्त विवाह वा बाध्यात्मक/ बँधुवा/दासतापूर्ण श्रम-कार्य वा अन्य गैरकानुनी श्रममा संलग्न गराउन वा शरीरका अङ्गहरू निकाल्ने मनसायले बेचबिखन गर्ने गरिएको पाइन्छ ।
- आर्थिक वर्ष २०६८/६९ मा नेपाल प्रहरीमा दर्ता भएका ११८ वटा मानव बेचबिखनसम्बन्धी अपराधको मुद्दाहरूमध्ये ५५.०८ प्रतिशत घटनाबाट १८ वर्षमुनिका बालबालिका पीडित भएका थिए । (नेपाल प्रहरी, महिला तथा बालबालिका सेवा निर्देशनालयको प्रतिवेदन, २०६९)

**मानवबेचबिखन/ओसारपसारका तत्वहरू :**

(क) कुनै व्यक्ति किनबेच कार्य गर्ने वा सोको प्रयत्न गर्ने,
(ख) बेचबिखन/ओसारपसारको उद्देश्यले मानिसहरूको भर्ना गर्ने,

(ग) बेचबिखन/ओसारपसारका लागि देशभित्र वा बाहिर कुनै पनि व्यक्तिको ओसारपसार वा स्थानान्तरण गर्ने,
(घ) कानुनी वा गैरकानुनी बसाईंसराइ : कानुनी वा गैरकानुनी कुनै पनि तरिका/अवस्थामा कुनै पनि व्यक्तिको बेचबिखन/ओसापसार हुनसक्छ,
(ङ) किन्ने, बेच्ने, बेचबिखन गर्ने वा स्थानान्तरण गर्ने,
(च) मानव बेचबिखन/ओसारपसारकर्ताले कसैको कमजोर अवस्थाको फाइदा उठाउन सक्दछन्,
(छ) डरत्रास, धम्की वा करकाप वा पद, शक्ति/अधिकारको दुरूपयोग : भौतिक वा मनोवैज्ञानिकरूपमा,
(ज) बेचबिखन/ओसारपसारका पीडित व्यक्ति ऋण बन्धकको अवस्थामा पर्न सक्दछन्,
(झ) दासतापूर्ण श्रम वा सेवा : घरेलु श्रम, यौन वा प्रजननसम्बन्धी शोषण कार्य आदि ।

प्रस्तुत गरिएका कानुनी व्यवस्थाबारे थप जिज्ञासा भए सहभागीलाई प्रश्न गर्न अनुरोध गर्नुहोस् र आवश्यकतानुसार अध्ययन सामग्रीको सहयोगमा जवाफ दिनुहोस् । यदि कुनै प्रश्नको जवाफ आफूलाई थाहा नभएमा सम्बन्धित विज्ञ व्यक्तिहरूसँग सोधेर जवाफ दिनुहोस् । कानुन भनेको तथ्यपरक हुने भएकोले अनुमानको भरमा जवाफ नदिनुहोस् ।

### क्रियाकलाप २: स्थानीयतहमा मानव/बालबालिकाको बेचबिखन रोकथामका उपायहरू (३०देखि ४० मिनेट)

- सहभागीहरूको सङ्ख्या बराबर हुनेगरी विभिन्न चार वा पाँच रङ्को मेटाकार्डको चपातीहरूलाई एक ठाउँ मिसाएर प्रत्येक सहभागीलाई एक एकवटा चपाती टिप्न लगाउनुहोस् ।
- सबै सहभागीहरूले मेटाकार्डको चपाती लिइसकेपछि एकै रङ्का चपाती पर्नेहरूलाई एक ठाउँमा जम्मा हुन भन्नुहोस् र त्यसबाट समूह निर्माण गर्नुहोस् ।
- अब सबै समूहलाई निम्न प्रश्न दिई समूहमा छलफल गरी आएका विचारहरूलाई बुँदागतरूपमा न्यूजप्रिन्ट पेपरमा लेख्न लगाउनुहोस् :
- बालबालिकाको बेचबिखन रोकथामका लागि समुदाय तहमा के-कस्ता कार्यहरू गर्न सकिन्छ ?
- प्रत्येक समूहले छानेको टोली नेतालाई क्रमैसँग समूह-कार्य प्रस्तुत गर्न लगाउनुहोस् र अन्य समूहलाई कुनै बुँदामाथि प्रस्ट हुन चाहेमा प्रश्न गर्नसक्ने तथा प्रस्तुत गर्ने नेता र समूह सदस्यहरूले स्पष्ट पार्न अनुरोध गर्नुहोस् ।
- समूह-कार्यबाट आएकामध्ये कुनै बुँदामाथि छलफल गर्न सहजकर्ता वा सहभागीहरूले आवश्यक ठानेमा त्यसलाई प्लेनरीमा छलफल गर्नुहोस् । यसरी छलफल गर्दा अभिव्यक्त सबै विचारहरूलाई एकत्रित गर्दै बालबालिकाको बेचबिखन रोकथामका उपायहरूलाई एक ठाउँमा व्यवस्थित रूपमा सङ्ग्रह गर्नुहोस् । (यसरी तयार भएमा बुँदाहरू पछि कार्ययोजना तर्जुमा गर्न महत्वपूर्ण हुन्छन् ।)

## क्रियाकलाप ३: सत्रको मूल्याङ्कन र सारसंक्षेप (५० मिनेट)

सत्रको अन्त्यमा छलफल गरिएका विषयबारे सारांश गर्दै सहभागितामूलकरूपमा सत्रको मूल्याङ्कन गर्नुहोस् । सत्रको मूल्याङ्कन गर्न तल उल्लेख गरिएका प्रश्नहरू सोध्न सकिनेछ ।
- सहभागीलाई मूल्याङ्कनका लागि सोध्न सकिने प्रश्नहरू
- मानव/बालबालिकाको बेचबिखन भनेको के हो ? के-कस्ता उद्देश्यका लागि मानव/बालबालिकाको बेचबिखन हुने गर्दछ ?
- बालबालिकाको बेचबिखन रोकथामका लागि समुदायतहमा के-कस्ता कामहरू गर्न सकिन्छ ? आदि ।
- सत्रको छलफलमा सक्रियतापूर्वक सहभागी भएकोमा सबै सहभागीहरूलाई धन्यवाद दिदै  सत्रको अन्त्य गर्नुहोस् ।

***

# १ख. : मानव बेचबिखनविरुद्धका विद्यमान कानुनी व्यवस्था



**४५ मिनेट**

### १ख.१ सत्रको परिचय :

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि कानुनी व्यवस्था गर्न नेपाल सरकारले **मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण)** ऐन, २०६४ र सोको नियमावली, २०६५ तर्जुमा गरी लागु गरेको छ । यसै सन्दर्भमा प्रस्तुत सत्रमा मानव बेचबिखन नियन्त्रणसँग सम्बन्धित विद्यमान कानुनी व्यवस्थाबारे छलफल गर्ने उद्देश्य राखिएको छ ।

### १ख.२ अपेक्षित उपलब्धि :

यस सत्रको अन्त्यमा सहभागीहरूले,

- मानव बेचबिखनविरुद्धका मुख्यमुख्य कानुनी प्रावधानहरू जानकारी पाई यस अपराधको दण्ड सजायबारे बताउन सक्नेछन् ।
- बालबालिका बेचबिखनमा परेको अवस्थामा के कसरी र कहाँ कहाँ उजुरी गर्ने भन्नेबारे थाहा पाई आवश्यकतानुसार यसको प्रयोग गर्न सक्नेछन् ।

### १ख.३ सत्र सञ्चालनका लागि आवश्यक सामग्री :

न्यूजप्रिन्ट पेपर वा ह्वाइट बोर्ड, पर्मानेन्ट र बोर्ड मार्कर, पेपर टेप आदि ।

### १ख.४ सत्रको तयारी :

- सत्र सञ्चालनको क्रममा आवश्यक नेपालको अन्तरिम संविधान, २०६३, मुलुकी ऐन, २०२० को जीउ मास्नेबेच्नेको महल, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र सोको नियमावलीको साथै सम्भव भएसम्म अन्तर्राष्ट्रिय कानुनी व्यवस्थालाई अध्ययन गर्नुहोस् ।

### २.१ख.५ सत्र सञ्चालन गर्ने प्रक्रिया :

- अब हामी बालबालिकाको बेचबिखनविरूद्धका नेपालको कानुनी व्यवस्थाबारे छलफल गर्नेछौं भन्नुहोस् । र, सहभागीहरूलाई देहायका जानकारीहरूसहित प्रस्तुती गर्नुहोस् ।

#### मानव/बालबालिका बेचबिखनविरुद्ध मुलुकी ऐन, २०२० को व्यवस्था

मुलुकी ऐन, २०२० (२०६६ साल माघ ७ गतेको संशोधनसमेत) को भाग-४, जीउ मास्ने बेच्नेको महलमा भएका व्यवस्थाहरू देहायअनुसार छन् :

१ नं. कसैले कुनै मानिसलाई विक्री गर्ने उद्देश्यले ललाईफकाई नेपाल सरहद बाहिर लैजान वा लगी विक्री गर्न हुँदैन । विदेशमा बेच्न लगेकोमा बेच्न नपाउँदै पक्राउ भए बेच्न लैजानेलाई दस वर्ष कैद र बेचिसकेको भए बीस वर्ष कैद हुन्छ । किन्ने मानिस नेपाल सरहदभित्र फेला परेमा निजलाईसमेत बेच्नेलाई हुने सरहको सजाय हुन्छ ।

२ नं. कसैले सोह्र वर्ष नपुगेका नाबालकलाई वा कुनै उमेरको भए पनि मगज बिग्रेका मानिसलाई कानुनी संरक्षकको मञ्जूरी बेगर उसको संरक्षकत्वबाट छुटाउन वा छुटाउनको निमित्त ललाउन फकाउन हुँदैन । सो बमोजिम छुटाए वा ललाए फकाएमा सो गर्नेलाई पाँचसय रूपैयाँसम्म जरिवाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुन्छ ।

३ नं. कसैले कसैलाई कमाराकमारी बनाउन, दास तुल्याउन वा बाँधा बनाउन हुँदैन । त्यसरी कमारा कमारी बनाउने, दास तुल्याउने वा बाँधा बनाउने व्यक्तिलाई तीन वर्षदेखि दस वर्षसम्म कैद हुन्छ र अदालतले त्यस्तो कसूरदारबाट सम्बन्धित व्यक्तिलाई मनासिव क्षतिपूर्तिसमेत भराईदिन सक्नेछ ।

४ नं. यसै महलको १,२,३ नं.मा लेखिएको कसूर गर्नमा जानी जानी मद्दत दिनेलाई मुख्यलाई हुने सजायको आधा सजाय हुन्छ ।

५ नं. यसै महलको १,३ नं. मा लेखिए बमोजिम मानिस बेचेकिनेकोमा किन्नेको थैली भूस गराई बेच्नेलाई सो नं. हरूमा लेखिएको सजायमा थप सो थैलीको विगो बमोजिम जरिवानासमेत गर्नुपर्छ ।

मानवबेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा व्यवस्था भएको दण्ड सजाय तथा क्षतिपूर्तिसम्बन्धी व्यवस्था

(द१५) कसैले पनि मानव बेचबिखन र ओसारपसार गरेमा–

(१क) मानिस किन्ने वा बेच्नेलाई बीस वर्ष कैद र दुई लाख रूपैयाँ जरिवाना,

(१ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउनेलाई कसूरको मात्राअनुसार दस वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिवाना,

(१ग) प्रचलित कानुनबमोजिम बाहेक मानिसको कुनै अङ्ग झिक्नेलाई दस वर्ष कैद र दुई लाख रूपैयाँसम्म जरिवाना,

(१घ) वेश्यागमन गर्ने (यौनकार्यका लागि जाने ग्राहक) लाई एक महिनादेखि तीन महिनासम्म कैद र दुई हजार रूपैयाँदेखि पाँच हजार रूपैयाँसम्म जरिवाना,

(१ङ) किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले

१. विदेश लैजानेलाई दस वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिवाना र बालबालिकालाई लगेको भए पन्ध्र वर्षदेखि बीस वर्षसम्म कैद र एक लाख रूपैयाँ जरिवाना,

२. नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई दस वर्षदेखि बाह्र वर्षसम्म कैद र एक लाख रूपैयाँ जरिवाना र बालबालिका लगेको भए दस वर्षदेखि बाह्र वर्षसम्म कैद र एकलाख रूपैयाँ जरिवाना,

(१च) वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले (दफा ४ को उपदफा (२) को खण्ड (ख) को कसूर) नेपाल भित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई एक वर्षदेखि दुई वर्षसम्म कैद र विदेश लगेको भए दुई वर्षदेखि पाँच वर्षसम्म कैद,

(१छ) वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कसैलाई बसिरहेको स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा अरू कसैलाई दिएमा सात वर्षदेखि दस वर्षसम्म कैद,

(१ज) मानव बेचबिखन वा ओसारपसारको कसूर गर्न दुरूत्साहन, षड्यन्त्र वा उद्योग गर्नेलाई वा सो कसूरको मतियारलाई सो कसूर गर्दा हुने सजायको आधा सजाय ।

३. मानव बेचबिखन र ओसारपसारको अपराध कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको भएमा निजलाई सो कसूर गरेबापत हुने सजायको अतिरिक्त पच्चीस प्रतिशत थप सजाय हुनेछ ।

५. कसैले मानव बेचबिखन र ओसारपसारको अपराध पुनः गरेमा प्रत्येक पटक कसूर गरेबापत सो कसूर गरेमा हुने सजायको एक चौथाई थप सजाय हुनेछ ।

६. मानव बेचबिखन र ओसारपसारको कसूर गरेको, गरिरहेको वा गर्न लागेको थाहा पाई उजुर गर्ने व्यक्तिले आफूले पटकपटक दिएको बयान विपरीत हुने गरी मुद्दाको पूर्पक्षको सिलसिलामा कुनै बयान दिएमा वा अदालतले बोलाएको समयमा उपस्थित नभएमा वा अदालतलाई सहयोग नगरेमा निजलाई तीन महिनादेखि एक वर्षसम्म कैद हुनेछ ।

(द१७) क्षतिपूर्ति : अदालतले कसूरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निजबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराइदिनुपर्नेछ ।

(द५) उजुरी गर्नेः मानव बेचबिखन तथा ओसारपसारको कसूर गरेको, गरिरहेको वा गर्न लागेको थाहा पाउने जुनसुकै व्यक्तिले प्रहरी कार्यालयमा उजुरी गर्न सक्नेछ ।

सहभागीहरूलाई यससम्बन्धी जिज्ञासा भएमा राख्न र त्यसबारे आवश्यकताअनुसार छलफल गर्न अवसर दिनुहोस् । त्यसपछि सत्रको छलफलका विषयहरूको सार खिच्दै र सहभागीहरूलाई उनीहरूको सहभागिताका लागि धन्यवाद दिंदै सत्रको अन्त्य गर्नुहोस् ।

***

# २.१ग. बसाइँसराइ र बालबालिकाको बेचबिखन



**१ घण्टा**

### २.१ग.१ सत्रको परिचय :

मानवीय सभ्यताको उत्पत्तिसँगै मानिसहरू एक ठाउँबाट अर्को ठाउँमा बसाइँ सर्ने प्रवृत्ति पनि रहँदै आएको हो । नयाँ नयाँ स्थान, व्यक्ति र समुदायसँगको सम्बन्ध सहज हुँदैनन् । धेरैजस्तो अवस्थामा समुदायका सदस्यहरूको आनीबानीबारे पनि जानकारी हुँदैन । यसले उनीहरूको दैनिक जीवनका गतिविधिहरू थप चुनौतीपूर्ण बन्ने गर्दछन् । यी चुनौतीपूर्ण अवस्थामा गलत मनसाय भएका व्यक्तिहरूले बालबालिकाप्रति दूरासयपूर्ण भाव राख्दछन् र बालबालिकालाई जोखिमतर्फ धकेल्दछन् । यस सत्रमा आन्तरिक र बाह्य बसाइँसराइबारे जानकारी गराई बसाइँसराइ र बालबालिकाको बेचबिखनबीचको अन्तर्सम्बन्धबारे सहभागीहरूलाई जानकारी गराउने उद्देश्य राखिएको छ ।

### २.१ग.२ अपेक्षित उपलब्धि :

यस सत्रको अन्त्यमा सहभागीले,

- आन्तरिक र बाह्य बसाइँसराई के हो भन्नेबारेमा भन्न सक्नेछन् ।
- बसाइँसराइको अवस्थामा बालबालिका बेचबिखनको जोखिममा पर्ने सम्भावना र जोखिमबाट बच्न अपनाउनुपर्ने सावधानीहरूबारे छलफल गर्न सक्नेछन् ।

### २.१ग.३ सत्र सञ्चालनका लागि आवश्यक सामग्री :

न्यूजप्रिन्ट पेपर वा ह्वाइट बोर्ड, पर्मानेन्ट र बोर्ड मार्कर, पेपर टेप आदि ।

### २.१ग.४ सत्रको तयारी :

- समुदायअन्तर्गत आन्तरिक र बाह्य बसाइँसराइको अवस्थाबारे जानकारी हासिल गर्नुहोस् । सम्भव भएमा नेपालबाट वैदेशिक रोजगारमा संलग्न भएका व्यक्तिहरूको तथ्याङ्क र यससम्बन्धी आवश्यक सूचना जानकारी हासिल गर्नुहोस् ।

### २.१ग.५ सत्र सञ्चालन गर्ने प्रक्रिया :

- यस सत्रमा बसाइँसराइ र बालबालिकाको बेचबिखनको अन्तर्सम्बन्धबारे छलफल गर्नेछौं भनी सहभागीलाई जानकारी दिनुहोस् ।

### क्रियाकलाप १: बसाइँसराइ र बालबालिकाको बेचबिखनसम्बन्धी जानकारी (२० मिनेट)

- यस गाउँ वा समुदायका सदस्यहरू गाउँभित्र र गाउँबाहिर जाने क्रम कस्तो छ ? वा समुदायमा बाहिरका मानिसहरू बसाइँसराइ गरी आएका छन् वा यस समुदायबाट बाहिर बसाइँसराइ गरी गएका छन् ? यसको अवस्था कस्तो छ ? भनी सहभागीसँग प्रश्न गर्नुहोस् ।

- सहभागीले यसको अवस्थाबारे जानकारी दिइसकेपछि अब आन्तरिक बसाइँसराइ र बाह्य बसाइसराइँ भन्नाले के बुझ्नुहुन्छ भनी थप प्रश्न गर्नुहोस् ।
- सहभागीबाट आएका विचारलाई न्यूजप्रिन्ट पेपरमा टिप्नुहोस् ।
- सहभागीको विचारका लागि धन्यवाद दिनुहोस् र बसाइँसराइबारे केही जानकारी थप गर्न आवश्यक लागेमा स्पष्ट पार्नुहोस् ।

**बसाइँसराइ**

- कामका लागि वा जीवन निर्वाहका लागि एक ठाउँबाट अर्को ठाउँमा सर्नु बसाइँसराइ हो । देशभित्र एकठाउँबाट अर्को ठाउँमा हुने बसाइँसराइ आन्तरिक बसाइँसराइ हो भने देशबाहिर वा आफ्नो ठाउँबाहिर हुने बसाइँसराइ बाह्य बसाइँसराइ हो ।
- बसाइँसराइका कारण एक ठाउँबाट अर्को ठाउँमा जाँदा नयाँ भौगोलिक वातावरण, रहनसहन हुनुका साथै नयाँ मानिसहरूसँग संगत पनि हुने गर्दछ । पारिवारिक अवस्था र चुनौतीपूर्ण समयको फाइदा उठाउँदै आपराधिक मानसिकता बोकेका व्यक्तिहरूले बालबालिकाको सजिलै मन जित्न खोज्दछन् । त्यसपछि बालबालिकालाई श्रम वा यौनशोषणका लागि शहर वा विदेशमा पुर्‍याउने क्रम पनि देखिएको छ ।
- आवधिक वा केही समयका लागि विदेशमा रोजगारी गर्न जानु पनि अस्थायी बसाइँसराइ हो । हाल बालबालिकाको उमेर बढाइ पासपोर्ट बनाई वैदेशिक रोजगारीमा पुर्‍याउन सक्दछन् ।
- अझ, किशोरीहरूलाई भविष्यको सुन्दर सपना बाँडी घरेलु कामदारका रूपमा कम उमेरमै विदेशमा पुर्‍याउँन गाउँसमुदायमा दलालहरू यत्रतत्र छरिएर रहेको अवस्था छ ।
- बालबालिकालाई यो वा त्यो बहानामा विदेश पुर्‍याउने कार्य पनि बालबालिकाको बेचबिखनका विभिन्न स्वरूपमध्ये एक हो ।

## क्रियाकलाप २ः बसाइँसराइको अवस्थामा ध्यान दिनुपर्ने कुराहरू (१५देखि १५ मिनेट)

- अब सहभागीलाई १, २, ३ र ४ अङ्क क्रमसँग भन्न लगाउनुहोस् । सबैले ती अङ्कहरू भनिसकेपछि एकै अंक पर्ने सहभागीहरू एक ठाउँमा जम्मा हुन भन्नुहोस् र त्यसबाट समूह-निर्माण गर्नुहोस् ।
- अब, चार समूहमध्ये दुईदुई समूहलाई तलकामध्ये एक एकवटा प्रश्न दिनुहोस् र ती समूहलाई छुट्टाछुट्टै रूपमा त्यसमाथि समूहमा छलफल गरी न्यूजप्रिन्ट पेपरमा लेख्न लगाउनुहोस् ।
    - बसाइँसराइको अवस्थामा बालबालिका र परिवारले के-कस्तो कुरामा ध्यान पुर्‍याउनुपर्दछ ?
    - वैदेशिक रोजगारीमा संलग्न हुन चाहने युवाहरूले के-कस्ता कुरामा ध्यान दिनुपर्दछ ?
- समूहबाट आएका विचारहरूलाई प्रस्तुत गर्न प्रत्येक समूहलाई एक/एकजना नेता छान्न लगाउनुहोस् । प्रत्येक समूहको नेतालाई क्रमैसँग समूह-कार्य प्रस्तुत गर्न लगाउनुहोस् र अन्य समूहलाई कुनै बुँदामाथि प्रस्ट हुन चाहेमा प्रश्न गर्नसक्ने तथा प्रस्तुत गर्ने नेता र समूह सदस्यहरूले स्पष्ट पार्न अनुरोध गर्नुहोस् ।
- सहजकर्ताले यदि कुनै बुँदामाथि छलफल गर्न आवश्यक ठानेमा समग्रमा छलफल गर्नुहोस् र सबै विचारहरूलाई एकत्रित गर्नुहोस् ।

### क्रियाकलाप ३ : सत्रको मूल्याङ्कन र सारसंक्षेप (१० मिनेट)

- अन्त्यमा सहभागितामूलक विधिबाट सत्रको मूल्याङ्कन गर्नुहोस् ।

मूल्याङ्कनका लागि सहभागीलाई सोध्न सकिने केही प्रश्नहरू

- बसाइँसराई भनेको के हो ?
- केकस्तो कारणले बसाइँसराइ गर्दा बालबालिका बेचबिखनमा पर्ने सम्भावना रहन्छ ?


- सहभागीहरूलाई यससम्बन्धी जिज्ञासा भएमा राख्न र त्यसबारे आवश्यकताअनुसार छलफल गर्न अवसर दिनुहोस् । त्यसपछि सत्रको छलफलका विषयहरूको सार खिच्दै र सहभागीहरूलाई उनीहरूको सहभागिताका लागि धन्यवाद दिंदै सत्रको अन्त्य गर्नुहोस् ।

***

# अध्ययन सामग्री

## १. मानव/बालबालिकाको बेचबिखन तथा ओसारपसार

### १.१ परिचय




मानव बेचबिखन आधुनिक समयको दासताको एक रूप हो । यो मानवताविरूद्धको एक अपराध हो । खासगरी यौनव्यापार तथा जबरजस्ती श्रममा लगाउने उद्देश्यले मानव बेचबिखन हुने गरेको पाइन्छ । आजभोलि अङ्ग प्रत्यारोपण (जस्तै, मृगौला झिक्न) को लागि पनि मानव बेचबिखन भइरहेको छ । यसका लागि बेचबिखनकर्ताहरूले बल, दबाव, धाकधम्की, लोभ, प्रलोभन इत्यादिको प्रयोग गर्ने गरेका हुन्छन् । अर्कोतिर मानव बेचबिखन अवैध हातहतियारको आपराधिक व्यापारसँग पनि जोडिएको पाइन्छ ।

दिनहुँ जसो नै देशको हरेक कुनाबाट बालबालिका तथा महिला बेचिएका वा ओसारपसारमा परेका खबर आइरहेका हुन्छन् । तथापि धेरै घटनाहरू जानकारीमा आउन नै सकेका छैनन् । विश्वव्यापीकरणको प्रक्रिया र प्रभावसँगै विश्वभरि नै आपराधिक उद्योगको रूपमा स्थापित हुँदै गएको मानवबेचबिखन तथा ओसारपसारबाट पुरुषहरू पनि त्यत्तिकै जोखिममा रहेका पाइन्छन् । जबरजस्ती श्रम र अङ्ग प्रत्यारोपणका लागि बालक तथा पुरुषको पनि बेचबिखन भइरहेको छ । यसलाई लैङ्गिक हिंसा भन्न सकिंदैन तर धेरैजसो बालिका तथा महिलाहरूलाई यौनव्यवसाय/व्यापारमा संलग्न गराउन विभिन्न दलालहरूमार्फत देश, विदेशका विभिन्न ठाउँमा लगेर बेचिन्छन् । यो भने लैङ्गिक हिंसाको पराकाष्टा हो ।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ (को दफा ४) अनुसार,

(१) कसैले देहायको कुनै कार्य गरेमा मानवबेचबिखन गरेको मानिनेछ :

- कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- प्रचलित कानुनबमोजिम बाहेक मानिसको अङ्ग झिक्ने,
- वेश्यागमन गर्ने ।

(२) कसैले देहायको कुनै कार्य गरेमा मानव ओसारपसार गरेको मानिनेछ :

- किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने,
- वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाईफकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च

मिलाई, जबरजस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरूपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डरत्रास, धम्की धाक वा करकापमा पारी बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने, आफू राख्ने वा नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने ।

**मानव बेचबिखन**

बालबालिका वा उमेर पुगेका जो कसैलाई डर, धाक देखाई, ललाईफकाई वा लोभलालच देखाई वा किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने वा वेश्यावृत्तिमा लगाउने, शोषण गर्ने उद्देश्यले शारीरिक, मानसिकरूपमा दबाव वा प्रलोभनमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा मञ्जूरी विना नेपालभित्र वा विदेशमा लैजाने वा अरू कसैलाई (खरिद बिक्री) गर्ने कार्यलाई नै मानव बेचबिखन भनिन्छ ।

**उजुरी**

मानव बेचबिखनको उजुरी नजिकैको प्रहरी कार्यालयमा गर्नुपर्दछ । यस्तो उजुरी बेचिएको मानिसले, बेचिएको मानिसको आफन्त र घटनाकोबारेमा थाहा पाउने जोसुकै मानिसले पनि गर्न पाउँछ । यो उजुर गर्नलाई कुनै हदम्याद हुँदैन । जहिले सुकै पनि गर्न सकिन्छ । यसको काम कारबाही अदालतमा बन्द इजलासमा हुन्छ ।

**सजायको व्यवस्था**

मानव बेचबिखनमा निम्नलिखित सजाय हुन्छ :

१. मानिस किन्ने वा बेच्नेलाई २० वर्ष कैद र दुईलाख रूपैया जरिवाना हुन्छ ।

२. कुनै पनि फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउनेलाई कसूरको मात्राअनुसार १० वर्षदेखि १५ वर्षसम्म कैद र पचार हजारदेखि एक लाख रूपैयाँसम्म जरिवाना हुन्छ ।

(स्रोतः महिला तथा बालबालिकामाथि हुने हिंसाविरूद्ध आधारभूत कानुनी सूचनाहरू, पे.९)

## १.२ मानवबेचबिखन तथा ओसारपसारको वर्तमान स्थितिः

- सन् २००७ देखि २०१० सम्म दक्षिण तथा पूर्वी एसिया र प्यासिफिकमा ४७ प्रतिशत जबरजस्ती श्रम, ४४ प्रतिशत यौनशोषण र ९ प्रतिशत अन्य प्रकारको उद्देश्यका लागि मानव बेचबिखन तथा ओसारपसार भएको पाइएको छ । त्यही अवधिमा मानव बेचबिखन तथा ओसारपसारबाट पीडित हुनेहरूलाई उमेरको आधारमा हेर्ने हो भने ३२ प्रतिशत वयस्क व्यक्ति र ६८ प्रतिशत बालबालिका भएको पाइएको छ ।[१]
- सन् २००७ मा इस्टर बेन्जामिन ट्रष्ट नामक एक अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले भारतीय सर्कसहरूमा करीब ६०० नेपाली बालबालिकाको बेचबिखन/ओसारपसार भएको अनुमान गरेको छ ।
- महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयले सन् २००६ मा गरेको एक अध्ययनअनुसार काठमाडौ उपत्यकाका १२०० क्याबिन र डान्स रेष्टुरेण्ट तथा मसाज केन्द्रहरूमा १२ देखि ३० वर्षका करीब ४०,००० महिला श्रमिकहरू कार्यरत रहेको अनुमान छ । उक्त अध्ययनका उत्तरदाताहरूमध्ये ५२ प्रतिशतले हङकङ, साउदी अरब र यू.ए.ई आदि मुलुकहरूमा राम्रो काम मिलाइदिने प्रलोभन दिएर दलालहरूले सम्पर्क गरेको बताएका थिए ।

१ Global Report on Trafficking in Persons , 2012 ,United Nations Office on Drugs and Crime

- नेपाल प्रहरीको महिला तथा बालबालिका सेवा निर्देशनालयबाट प्राप्त जानकारी अनुसार आ.व. २०७०/७१ मा प्रहरीमा १८५ वटा मानव बेचबिखनसम्बन्धी मुद्दा दर्ता भएका थिए ।

## १.३ बालबालिका बेचबिखन तथा ओसारपसारका उद्देश्य, पर्नाका कारण तथा असरहरू :

नेपालको सन्दर्भमा कुनै एउटा मात्र कारणले बालबालिकाको बेचबिखन/ओसारपसार हुने गरेको छैन । एक स्थानबाट अर्को स्थान, एक संस्कृतिबाट अर्को संस्कृति, एक परिवारबाट अर्को परिवारमा यसको कारण र प्रभाव फरक–फरक रहेका हुन्छन् । मानव बेचबिखन तथा ओसारपसारमा बालबालिका पर्नसक्ने कारणहरूमध्ये केहीलाई देहायअनुसार उल्लेख गरिएको छ :

- पारिवारिक बिखण्डन, अलग बसाई, घरेलु हिंसा, सम्बन्धविच्छेद आदि,
- विभेदपूर्ण परम्परागत मूल्य, मान्यता एवम् अभ्यासहरू,
- छोरा छोरी, महिला पुरुषबीच भेदभाव, अवसरहरूको असमान वितरण र लैङ्गिकतामा आधारित सामाजिक विभेद,
- जबरजस्ती गरिने विवाह (आत्मसम्मान नहुनु),
- बलात्कारको आघात,
- मानवबेचबिखन/ओसारपसारसम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयनको अभाव,
- नेपालले व्यहोरेको आन्तरिक १० वर्षे सशस्त्र द्वन्द्व (सन् १९९६ देखि २००६ सम्म),
- बेरोजगारी वा अर्थ–उत्पादनको विकल्पहरूको कमी,
- उत्पादनका स्रोत/साधन तथा आवश्यक ज्ञान तथा सीपको कमी हुनु, पहुँच नहुनु वा न्यून पहुँच हुनु (विशेषगरी महिला तथा बालिकाको हकमा),
- बालबालिका तथा किशोरकिशोरीहरू आर्थिक तथा अन्य लोभ लालच, प्रलोभन, निरक्षर व्यक्ति र चेतनाको अभाव,
- अपराध र अपराधीको राजनीतिक संरक्षणः महिला तथा बालिकालाई उपभोग्य वस्तुको रूपमा हेरिनु र बालबालिकाप्रति बेवास्ता, लापर्वाही, हेलचेक्र्याईं हुनु, आदि ।

### बेचबिखन तथा ओसारपसारमा कस्ता व्यक्तिहरू पर्ने बढी सम्भावना रहन्छ ?

- भेदभावपूर्ण व्यवहार वा घरायसी दबावबाट मुक्त हुन चाहेका व्यक्तिहरू,
- बालविवाह, बहुविवाह, वैवाहिक बलात्कारजस्ता सामाजिक एवम् घरेलु/लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा महिला,
- यौनशोषणमा परेका बालबालिका तथा महिला,
- डान्सबार, दोहोरी, रोदीघर, मसाज पार्लर आदिजस्ता व्यवसायमा कार्यरत किशोरीहरू/बालिका,
- गार्मेन्ट्स तथा कार्पेट कारखानामा निम्नस्तरीय र जोखिमपूर्ण श्रममा संलग्न बालबालिका,
- मीठो खाने, राम्रो लगाउने, नयाँ ठाउँ हेर्ने तथा सुख सुविधा/मोजमज्जाको लागि सौखिन बालबालिका तथा किशोरकिशोरी,
- द्वन्द्वबाट प्रभावित एवम् विस्थापित बालबालिका तथा महिला,
- परिवारविहीन, बेवारिसे तथा सडकमा आश्रित बालबालिका,

- गलैंचा कारखाना/निर्माण कार्यस्थल/इँटाभट्टा/यातायात क्षेत्र तथा श्रृङ्गार गृहहरूमा काम गर्ने बालबालिका तथा किशोरकिशोरीहरू ।

## १.४ मानव बेचबिखन तथा ओसारपसारविरुद्धका विद्यमान ऐन कानुनहरू :

नेपालको अन्तरिम संविधान, २०६३ मा गरिएको मौलिक अधिकारसम्बन्धी व्यवस्थाः

धारा २९ शोषणविरूद्धको हक : (३) मानिसलाई बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन ।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ :

### दफा १५ दण्ड सजाय :

(१) दफा ३ बमोजिमको कसूर गर्ने व्यक्तिलाई देहाय बमोजिमको सजाय हुनेछ :

(क) मानिस किन्ने वा बेच्नेलाई बीस वर्ष कैद र दुई लाख रूपैयाँ जरिवाना,

(ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउनेलाई कसूरको मात्रा अनुसार दस वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिवाना,




(ग) प्रचलित कानुनबमोजिमबाहेक मानिसको कुनै अङ्ग झिक्नेलाई दस वर्ष कैद र दुई लाख रूपैयाँसम्म जरिवाना,

(घ) वेश्यागमन गर्नेलाई एक महिनादेखि तीन महिनासम्म कैद र दुई हजार रूपैयाँदेखि पाँच हजार रूपैयाँसम्म जरिवाना

(ङ) किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले मानिसलाई

(१) विदेश लैजानेलाई दस वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिवाना र बालबालिका लगेको भए पन्ध्र वर्षदेखि बीस वर्षसम्म कैद र एक लाख रूपैयाँ जरिवाना एवम्

(२) नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई दस वर्ष कैद र पचास हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिवाना र बालबालिका लगेको भए दस वर्षदेखि बाह्र वर्षसम्म कैद र एक लाख रूपैयाँ जरिवाना ।

(च) शोषण गर्ने उद्देश्यले दफा (४) को उपदफा (२) को खण्ड (ख) बमोजिम नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई एक वर्षदेखि दुई वर्षसम्म कैद र विदेश लगेको भए दुई वर्षदेखि पाँच वर्षसम्म कैद,

(छ) खण्ड (ङ) र (च) मा लेखिएदेखि बाहेक दफा ४ को उपदफा २ को खण्ड (ख) बमोजिमको कसूर गर्नेलाई सात वर्षदेखि दस वर्षसम्म कैद,

(ज) मानव बेचबिखन तथा ओसारपसारको कसूर गर्न दुरूत्साहन, षड्यन्त्र वा उद्योग गर्नेलाई वा सो कसूरको मतियारलाई सो कसूर गर्दा हुने सजायको आधा सजाय ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कुराका हकमा देहाय बमोजिम हुनेछ :

(क) किन्ने वा बेच्ने व्यक्ति र कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने व्यक्ति एउटै भएमा निजलाई किने वा बेचेबापत र कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाएबापत छुट्टाछुट्टै सजाय,

(ख) किन्ने वा बेच्ने व्यक्ति वा कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने र दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिमको कसूर गर्ने व्यक्ति एउटै भएमा निजलाई किने वा बेचेबापत र त्यस्तो कसूर गरेबापत छुट्टाछुट्टै सजाय,

(ग) खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भएतापनि दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिम छुटाई लैजाने र किन्ने, बेच्ने वा कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने उद्देश्यले विदेश वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउमा लगेबापत छुट्टाछुट्टै सजाय ।

(३) दफा ३ बमोजिमको कसूर कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको भएमा निजलाई सो कसूर गरेबापत हुने सजायको अतिरिक्त सो सजायको पच्चीस प्रतिशत थप सजाय हुनेछ ।

(४) कसैले दफा ३ बमोजिमको कसूर आफ्नो संरक्षणमा वा अभिभावकत्वमा रहेको वा मुलुकी ऐन, २०२० को हाडनाता करणीको महलबमोजिम सजाय हुने व्यक्तिका सम्बन्धमा गरेको रहेछ भने निजलाई यस ऐनमा लेखिएको सजायको अतिरिक्त सो सजायको दस प्रतिशत थप सजाय हुनेछ ।

(५) कसैले दफा ३ बमोजिमको कसूर पुनः गरेमा प्रत्येक पटक गरेबापत सो कसूर गरेमा हुने सजायको एक चौथाई थप सजाय हुनेछ ।

(६) दफा ५ बमोजिम उजुर गर्ने व्यक्तिले आफूले एकपटक दिएको बयान विपरीत हुने गरी मुद्दाको पुर्पक्षको सिलसिलामा कुनै बयान दिएमा वा अदालतले बोलाएको समयमा उपस्थित नभएमा वा अदालतलाई सहयोग नगरेमा निजलाई तीन महिनादेखि एक वर्षसम्म कैद हुनेछ ।

दफा १७. क्षतिपूर्ति : अदालतले कसूरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निजबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराइदिनुपर्नेछ । क्षतिपूर्तिको रकम लिन नपाउँदै पीडितको मृत्यु भएमा त्यस्तो रकम तोकिए बमोजिम निजको नाबालक छोराछोरीलाई र त्यस्ता छोराछोरी नभए निजमा आश्रित बाबुआमालाई दिइने र क्षतिपूर्तिको रकम पाउने पीडितको नाबालक छोराछोरी र आश्रित बाबुआमा नभएमा त्यस्तो रकम पुनर्स्थापना कोषमा जम्मा गर्नुपर्नेछ ।

कसैले पनि पीडितको स्वीकृति नलिई निजको वास्तविक नाम, तस्वीर वा निजको चरित्रमा प्रतिकूल हुने कुनै विवरण पत्रपत्रिकामा छाप्न वा अन्य सञ्चारमाध्यमबाट प्रचारप्रसार गर्न हुँदैन (दफा २५) । नाम, तस्वीर, विवरण छाप्ने वा प्रचारप्रसार गर्ने व्यक्तिलाई दस हजार रूपैयाँदेखि पच्चीस हजार रूपैयाँसम्म जरिवाना हुनेछ ।

मानव बेचबिखनसम्बन्धी मुद्दाको कारबाही तथा सुनुवाइ बन्द इजलासमा गरिने र कारबाही तथा सुनुवाइ हुँदा मुद्दाका पक्ष, विपक्ष, निजहरूका कानुन व्यवसायी र अदालतले अनुमति दिएका व्यक्तिमात्र त्यस्तो इजलासमा प्रवेश गर्न सक्नेछन् (दफा २७) । यस सम्बन्धमा जहिलेसुकै पनि उजुरी गर्न सकिन्छ ।

**मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ :**

यस नियमावलीको नियम १६ मा पुनर्स्थापना तथा पारिवारिक पुनर्मिलनसम्बन्धी उल्लेख गरेको छ :

(१) ऐन तथा यस नियमावलीबमोजिम उद्धार गरिएका पीडित तथा निजसँग रहेका नाबालकलाई तिनीहरूको पुनर्स्थापना तथा पारिवारिक पुनर्मिलन नहुञ्जेलसम्मका लागि केन्द्रमा राख्ने व्यवस्था गरिनेछ ।

(२) उपनियम (१) बमोजिमका व्यक्तिहरूलाई केन्द्रले निजको घर परिवारको खोजतलास गरी पारिवारिक पुनर्मिलन गराउनुपर्नेछ । केन्द्रले यस्तो पारिवारिक पुनर्मिलन गराउँदा पीडित तथा निजको परिवारका सदस्यलाई आवश्यक परामर्श दिने, सहजीकरण गर्ने लगायतका आवश्यक उपायको अवलम्बन गर्नेछ ।

(३) उपनियम (१) बमोजिम तत्कालका लागि केन्द्रमा राखिएका पीडितलाई छ महिनाभन्दा बढी अवधि केन्द्रमा राखिनेछैन । तर उद्धार गरिएको व्यक्ति नाबालिग रहेछ भने निजलाई वैकल्पिक व्यवस्था गरी बालबालिकाका निम्ति स्थापित केन्द्रमा स्थानान्तरण गरिनेछ ।

## १.५. मानवबेचबिखन तथा ओसारपसारलाई रोकथाम गर्न तथा पीडितलाई उचित न्याय दिलाउनका लागि समुदायस्तरमा अपनाउन सकिने उपायहरू :




- मानव/बालबालिकाको बेचबिखन तथा ओसारपसारसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
- वैदेशिक रोजगारीका लागि नेपालबाट जान सकिने देशहरू, कामको प्रकृति, पूरा गर्नु पर्ने कानुनी प्रक्रिया र आवश्यक कागजात आदिबारे जानकारी दिएर वैदेशिक रोजगारीमा जाँदा सचेत हुनुपर्ने आधारभूत सूचनाजानकारी दिएर समुदायमा जनचेतना फैलाउने । यसको लागि समुदायमा जानकारी केन्द्रको व्यवस्था गर्न पनि सकिन्छ वा बाल/युवा सूचना केन्द्रमार्फत पनि यस्तो जानकारीहरू दिन सकिन्छ ।
- नगर/गाउँ बालसंरक्षण समिति, सामुदायिक प्रहरी सेवा केन्द्र र महिला तथा बालबालिका सेवा केन्द्रलगायतका बालसंरक्षणसम्बन्धी संयन्त्रहरूसँग सहकार्य गरेर मानव बेचबिखन तथा ओसारपसारबारे समुदायस्तरमा अभियान सञ्चालन गर्ने ।
- बालबालिका तथा युवा (विशेषगरी किशोरीहरूलाई दौंतरी शिक्षामार्फत जीवन उपयोगी सीप दिने
- नगर/गाउँ बालसंरक्षण नीति निर्माण, कार्यान्वयन र आवश्यकतानुसार त्यसमा छलफल तथा परिमार्जन गर्ने ।
- बेचबिखन तथा ओसारपसार वा स्वदेशमै/वैदेशिक रोजगारका नाउँमा पीडित भएका व्यक्तिको अनुभव स्वयम् उनीहरूबाटै सुनाएर (सिकाइ-भोगाइ तथा अनुभवहरू आदानप्रदान) सचेतना अभिवृद्धि गर्ने, गराउने ।
- बालबालिकालाई सुरक्षित रहने उपायहरू (Safety Measures)बारे सिकाउने ।
- बालबालिका तथा महिलासँग सम्बन्धित निर्णय प्रक्रियामा उनीहरूको सहभागिता तथा संलग्नता बढाउने, आदि ।

## १.६. मानवबेचबिखन रोकथामको लागि स्थानीय बालसंरक्षण समितिहरूले गर्नसक्ने कार्यहरू :

नेपाल सरकार महिला, बालबालिका तथा समाजकल्याण मन्त्रलायले २०५८ सालमा यौन तथा श्रमशोषणको लागि महिला तथा बालबालिका बेचबिखनविरुद्धको राष्ट्रिय कार्ययोजना तयार गरेको छ । यस कार्ययोजना अन्तर्गत केही कामहरू सुरुवात भएका पनि

छन् । तथापि सरकार र सरकारी निकायले विद्यमान नीति तथा कार्यक्रमको कार्यान्वयन गर्न यसलाई राष्ट्रिय प्राथमिकतामा राखी आफ्ना सम्पूर्ण संयन्त्रको उपयुक्त ढङ्गले परिचालन गर्नु आवश्यक छ ।

स्थानीय बालसंरक्षण समितिहरूले मानव बेचबिखनको जोखिम न्यूनीकरण गर्नका लागि बालबालिका, समुदाय तथा अभिभावकहरूमाझ शहरी जीवन, वैदेशिक रोजगारी आदिका विषयहरूमा रहेका भ्रमहरू चिर्न जनचेतना जगाउने, शहर तथा विदेश जाँदा अप्ठेरो परेमा वा आफू वा अन्य कोही बेचबिखनमा परेको आशङ्का भएमा उजुरी गर्ने र सहयोग प्राप्त गर्न सकिने स्थानहरूकाबारेमा जानकारी दिन चेतनामूलक अभियानहरू सञ्चालन गर्न सक्दछन् ।

साथै स्थानीय बालसंरक्षण समितिहरूले घरपरिवार र समुदायमा हुने भेदभाव, हिंसा र अन्य दूर्व्यवहारविरूद्ध सामुदायिक अनुगमन तथा सचेतना कार्यहरू सञ्चालन गर्न सक्दछन् । बालसंरक्षण समितिले समुदायमा कानुनी साक्षरता कक्षा सञ्चालन गर्न सक्दछन् ।

समुदायमा शङ्कास्पद नयाँ अनुहारहरू देखिएमा तिनको कामकारबाहीबारे निगरानी राख्ने र यदि तिनीहरूको कुनै कुरामा शङ्काको पुष्टि भएमा तुरुन्त प्रहरीलाई खबर गरी कारबाहीको प्रक्रिया अघि बढाउन सक्दछन् ।

स्थानीय बालसंरक्षण समितिहरूले आफ्नो समुदायबाट हराएका तथा बेचबिखनमा परेका, त्यस्तो जोखिममा रहेको भनी शङ्का लागेका बालबालिकाकोबारेमा परिवारसँग समन्वय गरी प्रहरीमा उजुरी दिन सक्दछन् ।

स्थानीय बालसंरक्षण समितिहरूले बेचबिखनबाट प्रभावित बालक वा बालिका, वयस्क व्यक्ति तथा परिवारलाई सामाजिक लाञ्छना र विभेदबाट जोगाउन अभियानहरू सञ्चालन गर्न सक्दछन् ।

स्थानीय बालसंरक्षण समितिहरूले समुदायतहमा कार्यरत सेवाप्रदायकसँग समन्वय गरी बेचबिखनबाट फर्किएका किशोर वा किशोरी वा अन्यलाई बसोबासको प्रबन्ध गर्न सुरक्षित सामुदायिक आवास कार्यक्रमहरू सञ्चालन गर्न सक्दछन् ।

यसको साथै स्थानीय बालसंरक्षण समितिहरूले घरपरिवार एवं समुदायतह, सञ्चारमाध्यमको तह तथा राज्यका निकायहरूलाई लक्षित गरी देहायका विषयहरूमा पैरवी गर्न सक्दछन् :

### क) घरपरिवार तथा समुदायतहमा :

- परिवारमा छोराछोरीबीच भेदभाव नगर्ने र उनीहरूलाई शिक्षादीक्षा, स्वास्थोपचारलगायत सबैमा समान अवसरहरू दिनसक्ने बनाउन उनीहरूमा आवश्यक शिक्षा, चेतना र सीप प्रदान गर्ने । यसको लागि नियमितरूपमा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्ने ।
- आफ्ना परिवारका सदस्यहरू अन्जानमा बेचबिखनमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्नको लागि सजग रहन सक्ने बनाउन घरपरिवार एवम् समुदायका सबै सदस्यहरूलाई मानव बेचबिखनविरूद्ध सजग पार्ने ।
- कथंकदाचित समुदायमा कुनै घटना–दुर्घटना भएमा अपराधीलाई कानुनको दायरामा ल्याउन बेचबिखनमा परेका व्यक्तिप्रति समभाव राखी भावनात्मक सहयोग गर्दै प्रहरीसमक्ष जानकारी दिन सक्नेगरी समुदायमा नै सहयोगी जनशक्ति तयार गर्ने, आदि ।

### ख) संघसंस्था तथा सञ्चार माध्यमको तहमा:

- समुदायमा क्रियाशील सबै संघसंस्थाका सदस्यहरू तथा सञ्चार माध्यममा कार्यरत व्यक्तिहरूलाई मानव बेचबिखनका जो खिमबारे, दलालहरूले प्रयोग गर्नसक्ने तरिकाहरूबारे समुदायमा निरन्तर सूचना जानकारी प्रवाह गर्न लगाउने ।
- समुदायतहमा मानवबेचबिखनविरूद्ध जनचेतना फैलाउन तालिम, गोष्ठीको आयोजना गर्न र चेतनामूलक सामग्रीको उत्पादन र वितरण गर्न संघसंस्था र सञ्चारका माध्यमहरूलाई उत्प्रेरित गर्ने र आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने ।

- प्रभावित व्यक्तिको सामाजिक पुनर्एकीकरणका लागि कार्यक्रम सञ्चालन गर्ने र त्यस अवधिसम्मको लागि पुनर्स्थापना केन्द्रमा राख्ने व्यवस्था मिलाई उनीहरूलाई मनोविमर्श, कानुनी परामर्श सेवा, औषधिउपचार एवम् स्वरोजगारमूलक, जीवनोपयोगी, आयमूलक सीपविकाससम्बन्धी कार्यमा स्थानीय संघसंस्था वा सेवा प्रदायकलाई संलग्न गराउने ।
- कथंकदाचित घटना-दुर्घटना घटेमा अपराधीलाई कानुनको दायरामा ल्याउन बेचबिखनमा परेका व्यक्तिलाई समभाव राखी भावनात्मक सहयोग गर्दै प्रहरीमा उजुरी हाल्न सबै सरोकारवालाहरूले मिलेर कार्य गर्ने वातावरण तयार गर्ने, गराउने ।
- स्थानीयतहमा नीति, प्रक्रिया र आचारसंहिता निर्माण गरी तिनको प्रभावकारी कार्यान्वयन गर्न गराउन सबै संघसंस्थासँग सहकार्य गर्ने, गराउने र आवश्यक सहयोग दिने ।
- बेचबिखनमा परेका व्यक्तिहरूको गोपनीयताको हकको सम्मान गर्न आवश्यक सचेतना विस्तार गर्ने, आदि ।

### ग) राज्यको तहमाः

मानव बेचबिखनविरूद्धका विद्यमान कानुनको स्थानीयतहमा प्रभावकारीरूपमा कार्यान्वयन गर्न सहयोग गर्ने । यसको लागि–

- विद्यमान कानुनी व्यवस्थाहरूबारे आमसमुदाय, बालबालिका र लक्षित समूहहरूमा सचेतना जगाउन स्थानीय तहका निकायहरूसँग सहकार्य गर्ने ।
- कानुन कार्यान्वयनसँग संलग्न निकायहरूको क्षमता अभिवृद्धि गर्ने र उनीहरूमा उत्तरदायित्व वहन गर्ने संस्कार तथा परिपाटी विकास गर्न सहयोग पुर्‍याउने ।
- अपराध कार्यमा संलग्न व्यक्तिलाई कानुनको दायरामा ल्याउन सम्बन्धित निकायसँग सहकार्य गरी कानुनी प्रक्रिया अगाडि बढाउने ।
- पीडित वा प्रभावित बालक वा बालिका तथा वयस्कलाई उचित क्षतिपूर्तिको व्यवस्था गर्न पहल गर्ने, उनीहरूलाई परिवार तथा समाजमा पुनर्स्थापना गर्न एवम् आधारभूत अधिकार प्रत्याभूत गर्न र जीवन निर्वाहका वैकल्पिक व्यवस्था गर्न आवश्यक समन्वय गर्ने, आदि ।

*(नोटः 'गाउँ/नगर बालअधिकार संरक्षण तथा सम्बर्द्धन समिति प्रशिक्षण निर्देशिका'को मस्यौदा, सेभ द चिल्ड्रेन, २०१३ को आधार मा तयार गरिएको ।)*

***

# २. बालविवाह



१ घण्टा
३० मिनेट

## २.१ सत्रको परिचय

बालविवाह परम्परागत हानिकारक अभ्यासको एक स्वरूप हो । नेपाललगायत दक्षिण एशियाका थुप्रै देशहरूमा यो सामाजिक कलङ्कका रूपमा जकडिएर रहेको पाइन्छ । बालविवाह हुनुका कारणहरू समयक्रम अनुसार र समुदायपिच्छे फरक-फरक हुन्छन् । तथापि यसले बालबालिकामा पार्ने नकारात्मक असरहरू भने प्रायशः उस्तै नै रहेको पाइन्छ । बालविवाह हरेक व्यक्ति तथा समुदायको अग्रसता, पहल र आपसी साझेदारीविना रोक्न सम्भव हुँदैन । यस सत्रको छलफलले परम्परादेखि हाम्रो समाजमा विद्यमान बालविवाहजस्तो हानिकारक अभ्यासहरूकोबारेमा विस्तृत जानकारी लिनु र यसविरुद्धको अभियानलाई गति दिनु रहेको छ ।

## २.२ अपेक्षित उपलब्धि:

यस सत्रको अन्त्यमा सहभागीले,

- बालविवाह र यसको वर्तमान स्थितिबारे बताउन सक्नेछन् ।
- बालविवाहसम्बन्धी विद्यमान कानुनका मुख्यमुख्य व्यवस्थाबारे भन्न सक्नेछन् ।
- बालविवाह हुनाका कारण, यसबाट सम्बन्धित व्यक्ति र परिवारमा पर्ने असरबारे बताएर समुदायतहमा सचेतना बढाउन सक्नेछन् ,
- आफ्नो समुदायमा बालविवाहको रोकथामका लागि उपायहरूको खोजी गरी कार्यान्वयन गर्नसक्नेछन् ।

## २.३ सत्र सञ्चालनका लागि आवश्यक सामग्री:

न्यूजप्रिन्ट पेपर, मार्कर, कलर मेटाकार्ड, मास्किङ् टेप, आदि ।

## २.४ सत्रको तयारी

- सत्र सञ्चालनका लागि आवश्यक बुँदाहरूलाई छलफल गर्न सहज होस् भनी मेटाकार्ड वा न्यूजप्रिन्ट पेपरमा लेख्नुहोस् ।
- सत्र सञ्चालनको क्रममा आवश्यक घटना-अध्ययनलाई बुझिनेगरी न्यूजप्रिन्ट पेपरमा उतार्नुहोस् ।

## २.५ सत्र सञ्चालन गर्ने प्रक्रिया:

अब हामी 'बालविवाहको विषयमा छलफल गर्दैछौं' भनी जानकारी दिंदै सबै सहभागीहरूको ध्यान विषयवस्तुतिर आकर्षित गर्नुहोस् । अनि देहायमा उल्लेख गरिए अनुसारका क्रियाकलापहरू सञ्चालन गर्नुहोस् :

## क्रियाकलाप १ः बालविवाहबारे जानकारी (२० मिनेट)

- सहभागीहरूसमक्ष 'बालविवाहकोबारेमा सुन्नुभएको वा देख्नुभएको छ ? हाम्रो समुदायमा वा भिन्न जातजाति समूहमा के-कस्ता खालका विवाहहरू हुने गरेका छन् ?' भन्ने जस्ता प्रश्नहरू सोधी सहभागीहरूलाई विषयमा प्रवेश गराउनुहोस् ।
- सहभागीहरूबाट आएका बुँदालाई मेटाकार्डमा लेखेर बोर्डमा टाँस्ने वा ह्वाइट बोर्डमा नै सिधै टिप्नुहोस् वा टिप्न लगाउनुहोस् ।
- अब सहभागीबाट आएका सान्दर्भिक बुँदाहरूलाई समेट्दै निम्न जानकारीसहित प्रस्तुती गर्नुहोस् ।

### बालविवाहसम्बन्धी जानकारी

- कानुनले विवाहका लागि योग्य भनी तोकेको उमेरभन्दा चाँडो भएको विवाहलाई बालविवाह भनिन्छ ।
- नेपालको कानुनअनुसार संरक्षक (आमाबाबु वा अभिभावक) को मञ्जूरीमा हुने विवाहमा महिला र पुरूष दुवैको उमेर १८ वर्ष भन्दा कम र आफूखुशी गरिने विवाहमा महिला र पुरूषको उमेर २० वर्षभन्दा कम रहेछ भने त्यस्तो विवाहलाई बालविवाह भनिन्छ । बालविवाह कानुनतः दण्डनीय अपराध हो ।
- बालविवाह लैङ्गिक हिंसाको एक रूप हो । साथै यो बाल यौनदूर्व्यवहारको एक प्रकार पनि हो ।
- नेपाललगायत अन्य केही विकासोन्मुख देशहरूमा बालविवाहलाई कानुनले बन्देज लगाएको हुँदाहुदै पनि सामाजिकरूपमा प्रचलनमा रहेको पाइन्छ ।
- नेपाल सरकारले वि.सं. २०६४ मा गरेको एक अध्ययन अनुसार नेपालमा करीब ३४ प्रतिशत विवाह १५ वर्ष नपुगेका बालबालिकाको हुन्छ ।
- नेपाल जनसङ्ख्या तथा स्वास्थ्य सर्वेक्षण, २०११ (वि.सं. २०६८) अनुसार १५ देखि १९ वर्ष उमेर समूहका २८.८ प्रतिशत महिला र ६.९ प्रतिशत पुरूषको विवाह भएको पाइएको छ ।
- नेपालमा कार्यरत अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको संयोजनमा सन् २०१२ (वि.सं. २०६९) मा गरिएको अध्ययनअनुसार ५६.५ महिलाको र २६ प्रतिशत पुरूषको १९ वर्ष उमेर नपुग्दै विवाह हुने गरेको पाइएको थियो ।

## क्रियाकलाप २ः बालविवाहसम्बन्धी विद्यमान कानुनी व्यवस्था (२० मिनेट)

- बालविवाहका सम्बन्धमा भएको कानुनी व्यवस्थाबारे जानकारी दिंदै बालविवाह गर्ने गराउनेलाई विद्यमान कानुनमा के-कस्तो सजायको व्यवस्था छ भनेर न्यूजप्रिन्ट पेपर वा मल्टिमिडियामा देखाउँदै छलफललाई अगाडि बढाउनुहोस् ।

**मुलुकी ऐन, २०२० को विहाबारीको महलअनुसार बालविवाह गरे, गराएमा देहायको सजाय हुन्छ :**

- १० वर्ष नपुगेकी बालिकाको विवाह गरे, गराएमा ६ महिनादेखि ३ वर्षसम्म कैद र १ हजार रूपैयाँदेखि १० हजार रूपैयाँसम्म जरिवाना ।
- १० वर्षदेखि माथि १४ वर्ष नपुगेकी बालिकाको विवाह गरे, गराएमा ३ महिनादेखि १ वर्षसम्म कैद र ५ हजार रूपैयाँसम्म जरिवाना ।
- १४ वर्षदेखि माथि १८ वर्ष नपुगेकी बालिकाको विवाह गरे, गराएमा ६ महिनासम्म कैद वा १० हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय ।
- २० वर्ष उमेर नपुगेको महिला वा पुरूषको विवाह गरे गराएको रहेछ भने ६ महिनासम्म कैद वा १० हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय ।
- विवाह गर्न गराउन नहुनेमा जानीजानी विवाहको काम गर्ने पुरोहित, लमी र अरू मुद्दतीहरूमध्ये उमेर पुगेकोलाई १ महिनासम्म कैद वा १ हजार रूपैयाँसम्म जरिवाना ।
- बालविवाहको अपराध भएको वा भइरहेको वा हुन लागेको छ भन्ने कुरा थाहा पाउने व्यक्तिले भए गरेको वा थाहा पाएको मितिले तीन महिनाभित्र प्रहरी कार्यालय उजुरी दिनुपर्दछ ।

### क्रियाकलाप ३: बालविवाह कारणहरू र रोकथामका उपायहरू (३०+२० मिनेट)

- सहभागीहरूलाई १ देखि ४ वा ५ अङ्क भन्न लगाउनुहोस् (सहभागीहरूको सङ्ख्यालाई हेरेर ४, ५ जनाको एक समूह हुने गरी) र सोही अङ्कअनुसार सहभागीहरूलाई एक ठाउँमा बस्न लगाई समूह विभाजन गर्नुहोस् ।
- त्यसपछि तल उल्लेखित घट्ना/कथा सुनाउनुहोस् वा यदि प्रिन्ट गर्न सकिएमा सबै समूहलाई घट्ना/कथाको एक एक प्रति दिनुहोस् ।

#### नर्मदाको कथा (घटना-अध्ययन)

१४ वर्षकी नर्मदा ८ कक्षामा पढ्ने ज्यादै मेहेनती छात्रा थिइन् । कक्षा एकदेखि नै उनी जहिले पनि प्रथम हुने गर्दथिन् । सबै शिक्षकहरूले उनलाई माया गर्दथे र राम्ररी सिकाउँदथे । उनी भविष्यमा डाक्टर बन्न चाहन्थिन् । ८ कक्षा सकिन २ महिना मात्र बाँकी थियो । उनलाई एकदिन बुबाले भन्नुभयो, 'छोरी जतिजति ठूली हुँदै जान्छिन् बाबुआमालाई त्यत्ति नै बढी पीरले सताउँदछ ।' छोरीको उमेर र पढाइ दुवै बढ्दै गएपछि अझ बढी दाइजो दिनुपर्ने भयो भनेर उहाँ चिन्तित हुनुभएको रहेछ । त्यसैताका एक दिन तल्लो घरको काकाले बाबुसँग 'केटो ठीक छ, घर परिवार पनि राम्रो छ, दाइजो पनि धेरै चाहिँदैन, नर्मदाको बिहे छिन्न पर्‍यो' भनेर कुरा गर्नुभयो । नर्मदाको बुबाले आफ्नो आर्थिक अवस्था पनि राम्रो नभएको र छोरीको पढाइ खर्च उठाउन पनि गाह्रो भएको कारणले बोझ हलुङ्गो नै हुन्छ नि भन्ने ठानेर उनको विवाह गरीदिन राजी हुनुभयो । अनि नर्मदाको विवाह तय भयो । ऋण काढेरै भए पनि धुमधामसँग विवाह सम्पन्न भयो । विवाह भएपछि नर्मदा दुलाहाको घरमा घरायसी काममा व्यस्त हुन थालिन् । उनको पढाइ तत्कालैदेखि बन्द भयो । तीन महिनापछि उनी दुई जीउकी भइन् । कलिलै उमेरमा गर्भवती भएकीले उनी बिरामी पर्न थालिन् । गर्भ ८ महिनाको भएपछि उनलाई सुत्केरी व्यथा लाग्यो । बच्चा जन्माउन नसकेर उनको मृत्यु भयो । उनको डाक्टर बन्ने लक्ष्य सँधैका लागि अन्त्य भयो ।

- सबै समूहलाई निम्न प्रश्नहरूको आधारमा समूहमा छलफल गरी छोटकरीमा बुँदाहरू टिपी प्रस्तुत गर्न लगाउनुहोस् :

**समूहगत छलफलका लागि प्रश्नहरू:**

  - ○ के-के कारणले गर्दा हाम्रो समाजमा बालविवाह हुने गरिरहेको छ ?
  - ○ बालविवाहले बालबालिकामा के-कस्ता नराम्रा असरहरू पर्न सक्दछन् ?
  - ○ बालविवाह न्यूनीकरणमा समुदाय, संस्था, अभिभावक र बालबालिकाको भूमिका के-के हुन सक्दछ ?

- प्रत्येक समूहबाट आएका विचारहरूलाई समूहको प्रतिनिधिमार्फत प्रस्तुत गर्न लगाउनुहोस् ।
- एउटा समूहको प्रस्तुतीका क्रममा अन्य समूहको सदस्यले कुनै बुँदामाथि प्रस्ट हुन चाहेमा प्रश्न गर्नसक्ने तथा प्रस्तुत गर्ने नेता वा समूह सदस्यहरूले उक्त जिज्ञासाबारे स्पष्ट पार्न अनुरोध गर्नुहोस् । आवश्यकता परेमा सहजकर्ताले पनि कुनै बुँदामाथि छलफल गर्न र आफ्ना विचार दिएर छलफलमा सक्रियता देखाउन सक्नुहुन्छ ।
- सबै प्रस्तुतीकरणपश्चात् समूहकार्यबाट आएका विचारहरूको निष्कर्ष निकाल्दै सत्रको अन्त्य गर्नुहोस् ।

## क्रियाकलाप ४: सत्रको मूल्याङ्कन र सारसंक्षेप (१० मिनेट)

- सत्रको अन्त्यमा सहभागीलाई सत्रको मूल्याङ्कन गरी हालसम्म गरिएका छलफलका विषयबारे पुनस्मरण गराउनुहोस् । यसरी सत्रको मूल्याङ्कन गर्दा देहायका प्रश्नहरू गर्न सक्नुहुनेछ :

सहभागीसँग छलफल गर्न सोध्न सकिने प्रश्नहरू

- नेपालको कानुनअनुसार कति वर्षपछि मात्र विवाहका लागि योग्य मानिन्छ ?
- बालविवाह किन रोक्नुपर्दो रहेछ ?
- बालविवाह भएमा उजुरी कहाँकहाँ र कति दिनभित्र दिन सकिन्छ ?

- यस सत्रको छलफलमा सक्रियतापूर्वक भाग लिएकोमा सहभागीहरूलाई धन्यवाद दिँदै सत्रको अन्त्य गर्नुहोस् ।

***

# अध्ययन सामग्री

## २.१. बालविवाह

उमेर पुगेका महिला र पुरूषको विवाहलाई घरपरिवार र समाजमा एक शुभकार्यको रूपमा लिने गरिन्छ । विवाहका लागि महिला र पुरूष दुवै शारीरिक तथा मानसिकरूपमा पूर्णरूपले परिपक्क भएको हुनुपर्दछ । तर बाल्यावस्थामा शारीरिक, मानसिक, शैक्षिक विकासको समय भएकाले निश्चित उमेर नपुगेसम्म विवाह गर्न नपाइनेगरी कानुनी व्यवस्था गरिएको हुन्छ । यसरी राज्यको कानुनले विवाहका लागि तोकेको हदभन्दा कम उमेरमा हुने विवाहलाई बालविवाह भनिन्छ ।

नेपालको कानुन[१]ले संरक्षक (आमाबाबु वा अभिभावक)को मञ्जूरीमा महिला र पुरूष दुवैको उमेर १८ वर्ष भन्दा कम र आफूखुशी गरेको विवाहका सम्बन्धमा महिला र पुरूषको उमेर २० वर्षभन्दा कम भएको अवस्थालाई बालविवाह मानिन्छ । बालविवाह लैङ्गिक हिंसाको एक रूप हो । यो बालयौनदूर्व्यवहारको एक प्रकार पनि हो । यो प्रावधानमा तोकिएको उमेरको हदभन्दा कम उमेरका बालबालिकाको विवाह आफ्नै राजीखुशीमा गरेमा वा संरक्षकले मञ्जूरीमा गरिदिएको भए पनि त्यो गैरकानुनी ठहर्छ र दण्डनीय हुन्छ । यसरी विवाहको लागि उमेरको हद तोकिनुको मूल ध्येय भनेका बालिकालाई शारीरिक, मानसिक वा प्रजनन स्वास्थ्यको हिसाबले परिपक्क हुन दिनु हो ।

## २.२. नेपालमा बालविवाहको वर्तमान स्थिति :

बालविवाह धेरथोर संसारभरि नै हुने गरेको पाइन्छ । दक्षिण एसियाका देशहरू खासगरी अफगानिस्तान, बङ्गलादेश, पाकिस्तान, भारत तथा नेपालमा बालविवाह बढी हुने गरेको पाइन्छ । यसको कारणमा यी मुलुकहरूमा व्याप्त पितृसत्तात्मक सोच, बुझाइ र अभ्यासहरू जिम्मेवार रहेका पाइन्छन् । नेपाललगायत अन्य केही विकासोन्मुख देशहरूमा बालविवाहलाई कानुनी बन्देज हुँदाहुदै पनि सामाजिकरूपमा स्वीकार गरिएको पाइन्छ । नेपालमा बालविवाहको अवस्थालाई तलको तथ्यले प्रस्ट पार्दछ :

- नेपाल सरकारले वि.सं. २०६४ मा गरेको एक अध्ययनअनुसार नेपालमा करीब ३४ प्रतिशत विवाह १५ वर्ष नपुगेका बालबालिकाको हुन्छ । बालअधिकार जिल्ला अनुगमन सूचकाङ्क, २०६३ अनुसार सो वर्ष सुनसरी जिल्लामा बालविवाहको घटना धेरै भएको देखिएको थियो । विशेषगरी आर्थिक रूपमा विपन्न, आदिवासी-जनजाति, दलित परिवारहरूमा बालविवाहको प्रचलन बढी रहेको पाइएको छ ।[२] यसैगरी, नेपाल प्रहरीको महिला तथा बालबालिका सेवा निर्देशनालयबाट प्राप्त जानकारी अनुसार आ.व. २०७०/७१ मा प्रहरीमा बालविवाह विरूद्ध १७ वटा उजुरी परेको थियो ।

- कर्णाली अञ्चलको कालिकोट जिल्लाको केही गाविसहरूमा गरिएको एक सर्वेक्षणअनुसार बालविवाह ५८.९१ देखिएको छ भने कूल विवाहमध्ये ३६ प्रतिशत बालविवाहले ओगटेको छ ।[३]

- बालविवाहसम्बन्धी गरिएको एक अध्ययन[४]ले २० देखि २४ वर्ष उमेर समूहमा औसतमा ४६.२ प्रतिशत (५२.३ प्रतिशत महिला र ३३.८ प्रतिशत पुरूष) बालविवाह रहेको छ । ६३ प्रतिशत बालिका र ५५.९ प्रतिशत बालकको विवाह उनीहरूका अभिभावकले निर्णय गर्ने गरेको, निरक्षर, जनजाति तथा दलित समुदायमा बालविवाह बढी भएको (८७ प्रतिशत तराई दलित र ६४.५ प्रतिशत पहाडी दलितको १९ वर्ष उमेर नपुग्दै विवाह भइसकेको) देखिएको छ । हालका वर्षहरूमा विवाह ढिलो गरिदिनुपर्दछ भन्ने चेतना अभिभावकमा देखिएतापनि बालबालिका आफैले प्रेमविवाह गर्ने क्रम भने बढेको देखिन्छ । विवाहको कारण खोतल्दा ३२.१ प्रतिशतले परिवारको दबावमा, ३२.१ प्रतिशतले आफ्नै इच्छाले, १४.२ प्रतिशतले घरभित्रको (घरायसी) काम सम्हाल्न (४५.२ प्रतिशत पुरूष र १.२ प्रतिशत महिला) का लागि बालविवाह गरेको पाइएको छ । समग्रमा

१ मुलुकी ऐन, २०२० बाह्रौं संशोधन, विवाहबारीको महल, नं. १

२ तारा कणेल, बालविवाह उन्मूलन सम्भव छ, पेज ३, सेभ द चिल्ड्रेन र केन्द्रीय बालकल्याण समिति, काठमाडौं/ चन्द्रिका खतिवडा, बालसंरक्षण बालसंरक्षणमा क्रियाशील संघसंस्था तथा कार्यकर्ताहरूको लागि शिक्षण–प्रशिक्षण एंव स्वअध्ययन स्रोत–पुस्तक, पेज ४८, केन्द्रीय बालकल्याण समिति र बालअधिकार अध्ययन प्रतिष्ठान, काठमाडौ, डिसेम्बर २०१० ।

३ बालविवाहविरूद्ध पाँचवर्षे रणनैतिक योजना (२०६८–२०७२), सेभ द चिल्ड्रेन नेपाल, किर्डाक, नेपाल कालिकोट, नेपाल सरकार, जिल्ला बालकल्याण समिति, कालिकोट ।

४ Child Marriage in Nepal, Research Report 2012 , Plan Nepal, Save the Children and World Vision


५६.५ महिलाको र २६ प्रतिशत मात्र पुरुषको १९ वर्ष उमेर नपुग्दै विवाह भइसकेको पाइयो ।

- नेपाल जनसङ्ख्या तथा स्वास्थ्य सर्वेक्षण, २०११ अनुसार १५ देखि १९ वर्ष उमेर समूहका २८.८ प्रतिशत महिला र ६.९ प्रतिशत पुरुषको विवाह भएको पाइएको छ ।

## २.३. बालविवाहको असर तथा प्रभाव :

बाल्यावस्थामा नै हुने विवाहले बालबालिकाको सुन्दर बालापनलाई नै खोसिदिन्छ । शारीरिक तथा मानसिक हिसाबले अपरिपक्क बालबालिकालाई पारिवारिक तथा सामाजिक जिम्मेवारी सम्हाल्न बाध्य बनाउँदछ । विशेषगरी बालिकाहरूलाई सानै उमेरमा आमा बन्न र घरायसी कामको जिम्मेवारी लिन बाध्य बनाउँदछ । बालबालिका (विशेषगरी बालिका) बालविवाहका कारण शिक्षा, स्वास्थ्य, विकास,

बालविवाहको असर तथा प्रभाव




मनोरञ्जन, सहभागिताजस्ता अधिकारको उपभोग गर्नबाट वञ्चित भइरहेका हुन सक्दछन् । विवाह भएका बालबालिकाका लागि मात्र नभएर बालविवाह घरपरिवार, समाज र राज्यकै खुशी, समुन्नति, प्रगति र विकासका लागि बाधक भइरहेको हुन सक्दछ । कतिपय अवस्थामा बालविवाह सामाजिक अपराध वा दुर्घटनाहरूको पृष्ठभूमि बनिरहेको हुन्छ । जस्तैः सम्बन्धविच्छेद, घरेलुहिंसा, कूलत तथा लागुपदार्थको दूर्व्यसनमा फस्नु, बहुविवाहको मारमा पर्नु, आत्महत्या इत्यादिको कारकसमेत बालविवाह हुने गरेको पाइन्छ । बालविवाहले बालबालिकाको शारीरिक तथा मानसिक अवस्था, शिक्षा आर्जन, आर्थिक र सामाजिक विकासमा असर पर्दछ ।

## २.४. बालविवाहविरुद्ध अन्तर्राष्ट्रिय महासन्धिका प्रावधान र राष्ट्रिय नीति एवम् कानुनमा भएका व्यवस्था :

नेपालको अन्तरिम संविधान, २०६३ ले महिला तथा बालबालिकाको विभिन्न अधिकारलाई मौलिक हकको रूपमा सुनिश्चित गरेको छ । देहायका मौलिक हकहरूले बालविवाह निषेध गरेको छ :

- धारा २०.१ : महिला भएकै कारण कुनै पनि व्यक्तिलाई भेदभाव गरिने छैन ।

- धारा २२.३ : प्रत्येक बालबालिकालाई शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषणविरूद्धको हक हुनेछ । यस्तो शोषणजन्य कार्य कानुनद्वारा दण्डनीय हुनेछ र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानुनले निर्धारण गरे बमोजिम क्षतिपूर्ति दिइनेछ ।
- धारा २९.२ : प्रथा वा परम्पराको नाममा वा कुनै पनि किसिमले कसैलाई पनि शोषण गर्न पाइँदैन ।

## बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ :

बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ मा उद्देश्य न. ७.१ (सबै किसिमका शारीरिक वा मानसिक हिंसा, क्षति वा दूर्व्यवहार, परित्याग, उपेक्षा, शोषण वा यौनदूर्व्यवहारबाट बालबालिकाको संरक्षण गर्ने) सँग सम्बन्धित नीति नं. ८.९ मा–

"बालविवाह रोक्न सरकारी र विकासका साझेदार संस्थाहरूको सहकार्यमा समुदायस्तरका संघसंस्थाहरूको परिचालन गरिनेछ । बालविवाहविरूद्धको उजुरी सक्रियताका साथ लिने र कारबाही गर्ने व्यवस्था गरिनेछ र बालविवाह रोक्ने कार्यका लागि स्थानीय निकायलाई थप जिम्मेवारी दिइनेछ" भन्ने व्यवस्था भएको छ ।




मुलुकी ऐन २०२० को महल १७ बिहावारीको २ नं. अनुसार बिहावारी गर्दा महिला र पुरूषको उमेर संरक्षकको मञ्जूरी भए अठार वर्ष र संरक्षकको मञ्जूरी नभए बीस वर्ष नपुगी गर्न गराउन हुँदैन । यसरी उमेर नपुगेकाहरूको विवाह गरे गराएमा सो गर्ने गराउने मध्ये उमेर पुगेका मुख्यलाई देहाय बमोजिमको सजाय हुन्छ :

१. दस वर्ष नपुगेकी बालिकाको विवाह गरे गराएको रहेछ भने छ महिनादेखि तीन वर्षसम्म कैद र एक हजार रूपैयाँदेखि दस हजार रूपैयाँसम्म जरिवाना हुनेछ ।

२. दस वर्षदेखि माथि चौध वर्ष नपुगेकी बालिकाको विवाह गरे गराएको रहेछ भने तीन महिनादेखि एक वर्षसम्म कैद र पाँच हजार रूपैयाँसम्म जरिवाना हुनेछ ।

३. चौध वर्षदेखि माथि अठार वर्ष नपुगेकी बालिकाको विवाह गरे गराएको रहेछ भने छ महिनासम्म कैद वा दस हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

४. बीस वर्ष उमेर नपुगेको महिला वा पुरूषको विवाह गरे गराएको रहेछ भने छ महिनासम्म कैद वा दस हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

५. ऐनले विवाह गर्न पाउने हदभित्रको हो भनी ढाँटी विवाह गरे गरिदिएकोमा नजानी विवाह गर्ने गराउनेलाई सजाय हुँदैन ।

६. माथि लेखिएबमोजिम विवाह गर्न गराउन नहुनेमा जानीजानी विवाहको काम गर्ने पुरोहित, लमी र अरू मुद्दतीहरूमध्ये उमेर पुगेकोलाई एक महिनासम्म कैद वा एक हजार रूपैयाँसम्म जरिवाना हुनेछ ।

७. माथिका दफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि विवाह भने भई नसकेको रीत दस्तुर पुर्‍याई छिनिसम्म सकेको रहेछ भने सो कुरा छिन्ने मुख्यलाई पाँच सय रूपैयाँसम्म जरिवाना गरी छिनी सकेको कुरा बदर गरिदिनुपर्दछ ।

८. माथि १, २, ३ र ४ बुँदा बमोजिम भएको जरिवाना तिरे लिई सो जरिवाना त्यसै बालिका, महिला वा पुरुषलाई दिनुपर्दछ । नतिरेमा सो जरिवाना हुने व्यक्तिको मात्र अंश जायजेथा गरी उपर भएकाबाट सो लागेको जरिवानाको अङ्क जति सो बालिका, महिला वा पुरुषलाई दिनुपर्दछ । जायजातबाट सो जरिवाना उपर हुन नसके उपर नभएको जरिवानाको रूपैयाँ जतिमा तीन महिनासम्म कैद गर्नुपर्दछ ।

९. पुरुष वा महिलामध्ये कसैको उमेर अठार वर्ष नपुगी विवाह भएको रहेछ र सन्तान पनि जन्मेको रहेनछन् भने अठार वर्ष उमेर नपुगी विवाह भएकोले अठार वर्ष पुगेपछि मञ्जूरी नगरे त्यस्तो विवाह बदर गर्न पाउछ ।

## २.५. बालविवाह रोकथाम तथा न्यूनीकरणका प्रक्रियाहरु :

बालविवाहसम्बन्धी सबै कारक तत्वहरूको पहिचान गरेर त्यस्ता कारक तत्वहरूको सम्बोधन गरिनु जरूरी हुन्छ । तर कतिपय अवस्थामा विभिन्न अनुभव र सामान्य बुझाइका आधारमा पनि बालविवाह रोकथाम तथा नियन्त्रणका उपायहरू पहिचान गर्न सकिन्छ । तीमध्ये केहीलाई यसप्रकार उल्लेख गरिएको छ :

- परिवारभित्र छोरा र छोरीबीचमा भेदभाव नगर्ने, बालबालिकाप्रति बेवास्ता, हेलचक्राईं, भेदभाव (सौतेनी/सौतेलो छोराछोरीको हकमा पनि) नगर्ने । बालबालिकालाई शिक्षाको अवसर दिने, नियमित विद्यालय पठाउने र उनीहरू नियमित विद्यालय गएका छन् कि छैनन्, पढाइको स्तर कस्तो छ इत्यादि कुराहरूबारे बाबुआमा/अभिभावकले जानकारी लिईराख्ने तथा बेलाबेलामा उनीहरूको विद्यालय गएर बुझ्ने गर्नुपर्दछ ।

- समुदायस्तरमा जीवन उपयोगी ज्ञान तथा सीपसम्बन्धी दौतरी शिक्षाको व्यवस्था, बालक्लब तथा किशोरकिशोरीहरूको क्लब गठन, सञ्चालन तथा व्यवस्थापनका लागि सहयोग र सहजीकरण, बालसंरक्षण संयन्त्र तथा संरचना निर्माण, प्रभावकारी सञ्चालन गर्ने (जस्तै नगर/गाउँ बालसंरक्षण समिति), बालबालिकाको समस्या तथा मुद्दाहरू सुनुवाइ गर्ने प्रभावकारी संयन्त्र तयार गर्ने, विद्यालयमा बालबालिकाको समस्या वा उजुरी सुनुवाइको लागि संयन्त्र तयार र सञ्चालन गर्ने (जस्तैः समितिको गठन, फोकल टिचर, उजुरी पेटिकाको व्यवस्था र उजुरीको सुनुवाइ प्रक्रिया), बालविवाहविरूद्धका अभियान सञ्चालन गर्ने गर्नुपर्दछ ।

***

# ३. बालबालिकामाथि हुन सक्ने यौनदूर्व्यवहार



**१ घण्टा**
**२० मिनेट**

### ३.१ सत्रको परिचयः

एक निश्चित उमेरसम्म बालबालिका आफैले सही र उपयुक्त निर्णय गर्न नसक्ने हुनाले बालबालिकालाई फकाउन/प्रलोभनमा पार्न र वयस्कले आफ्नो चाहना बमोजिम दुरूपयोग गर्न सजिलो हुन सक्दछ । त्यसैले बालबालिका बढी दूर्व्यवहारको जोखिममा पर्दछन् । शक्ति, नातासम्बन्ध र विश्वासको दुरूपयोग गर्दै बालबालिकाविरूद्ध गरिने यौनदुर्व्यहार तथा शोषण अमानवीय र गम्भीर अपराध हो । बालबालिकाको जीवनमा एकपटक दूर्व्यवहार भयो भने पनि त्यसको असर तथा प्रभाव उनीहरूको जीवनभर रहिरहनसक्दछ । त्यसो भएमा उनीहरूको व्यक्तित्व विकासमा गम्भीर आघात पुग्दछ । यसर्थ समुदाय तथा बालबालिका रहनेबस्ने स्थानहरूमा बालबालिकामाथि हुनसक्ने यौनदूर्व्यवहार र त्यसबाट जोगिने उपायहरूबारे छलफल गर्नु यस सत्रको उद्देश्य हो ।

### ३.२ अपेक्षित उपलब्धिः

यस सत्रको अन्त्यमा सहभागीले,

- बालबालिकामाथि हुने विभिन्न प्रकारका दूर्व्यवहारमध्ये यौनदूर्व्यवहार र शोषणबारे भन्न सक्नेछन् ।
- बाल यौनदूर्व्यवहारविरूद्धको विद्यमान कानुनी व्यवस्थाबारे जानकारी गरी समुदायका विभिन्न सदस्यहरूसँग व्यक्तिगत तथा सामूहिक छलफल गर्न सक्षम हुनेछन् ।
- बालबालिकामाथि हुनसक्ने यौनदूर्व्यवहारबाट बालबालिकालाई जोगाउन समुदायस्तरमा क्रियाशील बालसंरक्षण संरचनाको तर्फबाट गर्न सकिने विभिन्न उपायकाबारेमा छलफल गरी भूमिका पहिचान गर्नेछन् ।

### ३.३ सत्र सञ्चालनका लागि आवश्यक सामग्रीः

न्यूजप्रिन्ट पेपर, मार्कर, विभिन्न रङ्का मेटाकार्ड र मास्किङ् टेप, आदि ।

### ३.४ सत्रको तयारी

- बालबालिकामाथि हुने यौनदूर्व्यवहार बालसंरक्षणका मुद्दाहरूमध्ये एकदमै संवेदनशील मुद्दा भएकाले सत्र सञ्चालन गर्नु अगावै धेरैभन्दा धेरै सन्दर्भ सामग्रीहरू र पत्रपत्रिकामा प्रकाशित भएका घटनाहरूको अध्ययन गरी ताजा जानकारीसहित आफूलाई तयार पानुपर्दछ ।
- सत्रको क्रममा छलफलका लागि आवश्यक बुँदाहरू मेटाकार्ड वा न्यूजप्रिन्ट पेपरमा लेखेर तयार गर्नुपर्दछ ।
- सत्र सञ्चालन गर्न मुलुकी ऐन, २०२० को साथै सम्भवभएसम्म सम्बन्धित अन्तर्राष्ट्रिय कानुनी व्यवस्थालाई अध्ययन गर्नुपर्दछ ।

## ३.५ सत्र सञ्चालन गर्ने प्रक्रिया :

- सहजकर्ताले सत्रको सुरुवातमा सहभागीसँग 'हामी अब यौनदूर्व्यवहारबारे छलफल गर्नेछौं' भनी सहभागीहरूलाई विषयवस्तुतिर आकर्षित गर्नुपर्दछ । र, देहायमा उल्लेख गरिएका क्रियाकलापहरू चरणवद्धरूपमा सञ्चालन गर्नुपर्दछ :


### क्रियाकलाप १ः बालयौनदूर्व्यवहारबारे जानकारी (३० मिनेट)

- सहभागीहरूलाई बालयौनदूर्व्यवहारबारे आफूलाई थाहा भएको जानकारी आआफ्नो कापीमा टिप्न आग्रह गर्नुहोस् । यसका लागि निम्न प्रश्नहरू सोध्न सकिन्छ :
  - दूर्व्यवहार भन्नाले के बुझ्नुहुन्छ ?
  - अनि यौनदूव्यर्वहार भन्नाले के बुझ्नुहुन्छ नि ?
  - हाम्रो समुदायमा कुनै बालबालिकामाथि कुनै किसिमबाट यौनदूर्व्यवहार भएको घटना बाहिर आएको छ ? बालबालिकामाथि यौनदूर्व्यवहार हुने कारणहरू के-के हुन सक्दछन् ? आदि ।
- त्यसपछि सबै सहभागीहरूलाई पालैपालो आ-आफ्ना कापीमा लेखिएका कुराहरूमध्येबाट एक एकवटा बुँदाहरू भन्न लगाउनुहोस् । त्यसरी भन्दा अगाडिको सहभागीले भनेको कुरा नदोहोऱ्याउने निर्देशन दिनुहोस् ।
- सहभागीबाट आएका सबै जवाफहरूलाई ह्वाइटबोर्ड वा न्यूजप्रिन्ट पेपरमा बुझिनेगरी टिप्नुहोस् वा टिप्न लगाउनुहोस् ।
- सबै सहभागीले पालो पाएपछि वा कापीमा टिपिएका बुँदाहरू आइसकेपछि थप केही बुँदाहरू भन्न मन लागेमा त्यसको लागि अवसर दिनुहोस् । त्यो पनि सकिएपछि टिपिएका बुँदाहरूलाई सहभागीहरूमध्ये एक जनालाई पुनःवाचन गर्न लगाउनुहोस् ।
- सहभागीको जवाफहरूलाई समेट्दै बालबालिकामाथि हुने यौनदूर्व्यवहारबारे निम्न जानकारीसहित प्रस्तुती गर्नुहोस् ।

**बालबालिकामाथि हुने यौनदूर्व्यवहार**

- बालबालिकालाई नराम्रो लाग्ने वा उनीहरूले अप्ठेरो मान्ने जुनसुकै खाले व्यवहार गर्नु दूर्व्यवहार हो । यसले बालबालिकाको शारीरिक, मानसिक वा बौद्धिक, भावनात्मक र सामाजिक विकासमा तत्कालीन वा दीर्घकालीनरूपमा असर गर्दछ ।
- बालबालिकासँग यौनआनन्द लिन वा यौन प्रयोजनका लागि गरिने यौनसँग सम्बन्धित व्यबहार, राखिने सम्बन्धहरू वा क्रियाकलापहरूलाई बालयौन दूर्व्यवहार भनिन्छ । बालयौनदूर्व्यवहारले बालबालिकको शारीरिक, मानसिक, भावनात्मक र सामाजिक विकासका सबै पक्षमा आघात पुऱ्याउँदछ ।
- यौनदूर्व्यवहारभित्र बालबालिकालाई यौनकार्य गर्न लगाउनु, नराम्रा खालका वा नाङ्गो शरीरका फोटोहरू खिच्नु, देखाउनु आदि क्रियाकलापहरू पर्दछन् । यसले बालबालिकाको व्यक्तिगत विकासमा व्यवधान खडा गर्दछ । यो बाल अधिकारको उल्लंघन हो र बाल यौनदूर्व्यवहारलाई कानुनले दण्डनीय अपराध मानेको छ ।
- यौनदूर्व्यवहार मुख्य गरी दुइप्रकारको हुने गर्दछ- अ) नछोएर गरिने यौनदूर्व्यवहार, र आ) छोएर गरिने यौनदूर्व्यवहार ।
- सहभागीलाई तलको चित्र देखाई छोएर गरिने यौनदूर्व्यवहार अर्थात् नराम्रो छुवाइ बालबालिकाको शरीरको कुन-कुन भागमा अरू कसैले यौन आशयले छुँदा हुनसक्दोरहेछ भनी छलफल गर्नुहोस् ।

- साथै 'यी भागहरूमा बालबालिका सानो छँदा बुबाआमाले नुहाएको अवस्थामा र बाबुआमाको उपस्थितिमा डाक्टरले स्वास्थ्य परीक्षण गरेको अवस्थामा मात्र अरू कसैले छुन सक्दछन्' भनी जानकारी दिनुहोस् (यसखालको जानकारी हरेक अभिभावकले आ-आफ्ना बालबालिकालाई दिनुपर्दछ भन्ने सन्देश दिनुहोस् ।) ।




- छलफलको क्रममा सहभागीहरूको विषयसम्बन्धी संवेनशीलता र चासोलाई ध्यान दिनुहोस् । र, आवश्यक भएका माथिको छलफलपश्चात् केही समयका लागि विश्राम दिनुहोस् ।
- क्रियाकलाप २ः यौनदूर्व्यवहारबारे विद्यमान कानुनी व्यवस्था परिचय (२० मिनेट)
- यसपछि हामी 'बालबालिकामाथि हुने यौनदूर्व्यवहारविरूद्धका विद्यमान नेपाली कानुनी व्यवस्थाबारे छलफल गर्नेछौं' भनी सहभागीहरूलाई विषयवस्तु तर्फ आकर्षित गर्नुहोस् । र, देहायका प्रवधानहरूलाई समेटेर प्रस्तुती गर्नुहोस् ।

### यौनदूर्व्यवहारसम्बन्धी कानुनी प्रावधानहरू

मुलुकी ऐन, २०२० को आशय करणीको महल र जबरजस्ती करणीको महलअनुसार निम्न अवस्थामा यौनदूर्व्यवहार भएको मानिनेछ (आशय करणीको १ नं):

- कसैले कुनै महिलाको मञ्जूरी विना निजको संवेदनशील अङ्ग छोएमा वा छुने प्रयास गरेमा,
- निजको भित्री पोशाक खोलेमा वा खोल्ने प्रयास गरेमा,
- निजलाई अस्वाभाविकरूपमा कुनै एकान्त ठाउँमा लगेमा,
- आफ्नो यौनसम्बन्धी अङ्ग निजलाई छुन, समाउन लगाएमा वा निजलाई अश्लील वा अन्य त्यस्तै प्रकारको शब्द, सङ्केत प्रयोग गरेमा वा चित्र, तस्वीर देखाएमा,
- यौनका आशयले जिस्काएमा वा हैरानी दिएमा वा निजसँग यस्तै अन्य कुनै किसिमले अस्वाभाविक व्यवहार गरेमा वा निजलाई करणीका आशयले समातेमा यौनदूर्व्यवहार गरेको मानिनेछ ।

- यौनदूर्व्यवहारको कसूर गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद र दस हजार रूपैयाँसम्म जरिवाना हुनेछ । यस्तो कार्यबाट पीडित व्यक्तिलाई कसूरदारबाट मनासिब माफिकको क्षतिपूर्तिसमेत भराई दिनुपर्नेछ (आक १ नं),
- कुनै महिलालाई निजको मञ्जूरी नलिई करणी गरेमा वा सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मञ्जूरी लिई वा नलिई करणी गरेमा निजले जबरजस्ती करणी गरेको ठहर्छ (जबरजस्ती करणीको १ नं) ।
- जबरजस्ती करणी गर्नेलाई देहाय अनुसार कैद सजाय हुनेछ (जबरजस्ती करणीको ३ नं):
  - दस वर्षभन्दा मुनिकी बालिका भए दसदेखि पन्ध्र वर्षसम्म,
  - दस वर्षभन्दा मुनिकी बालिका भए दसदेखि पन्ध्र वर्षसम्म,,
  - चौध वर्ष वा सोभन्दा बढी र सोह्र वर्षभन्दा कम उमेरकी बालिका भए छ वर्षदेखि दस वर्षसम्म,
  - सोह्र वर्ष वा सोभन्दा बढी र बीस वर्षभन्दा कम उमेरकी महिला भए पाँच वर्षदेखि आठ वर्षसम्म,
  - बीस वर्ष वा सोभन्दा बढी उमेरकी महिला भए पाँचदेखि सात वर्षसम्म,

- यस नम्बरमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि लोग्नेले स्वास्नीलाई जबरजस्ती करणी गरेमा तीन महिनादेखि छ महिनासम्म कैद हुनेछ ।

- महिलालाई सामुहिकरूपमा जबरजस्ती करणी गर्ने वा गर्भवती, अशक्त वा अपाङ्गता भएकी महिलालाई जबरजस्ती करणी गर्नेलाई यस महलमा लेखिएको सजायमा थप पाँच वर्ष कैद गर्नुपर्दछ (जबरजस्ती करणीको ३क नं)।
- कसैले कुनै नाबालकसँग कुनै किसिमको अप्राकृतिक मैथुन गरे गराएमा जबरजस्ती करणी गरेको मानी यसै महलको ३ नम्बरबमोजिम हुने सजायमा थप एक वर्षसम्म कैद गरी त्यस्तो नाबालकलाई निजको उमेर र उसलाई पुग्न गएको मर्कासमेत विचार गरी अदालतले अप्राकृतिक मैथुन गर्नेबाट मनासिब माफिकको क्षतिपूर्तिसमेत भराई दिनुपर्दछ (जबरजस्ती करणीको ९क नं)।
- यसैगरी हाडनाता करणीमा बलात्कार गरेमा नातासम्बन्धको आधारमा जन्मकैदसम्मको सजायको व्यवस्था गरिएको छ ।
- बालिका वा महिलालाई जबरजस्ती करणी गरेमा पीडकबाट पीडितलाई आधा अंश भराइदिने कानुनी व्यवस्था छ ।
- जबरजस्ती करणीको कुरामा सो भए गरेको मितिले (अपराध भएको वा भइरहेको वा हुन लागेको छ भन्ने कुरा थाहा पाउने व्यक्तिले) ३५ दिनभित्र प्रहरी कार्यालयमा उजुरी दर्ता गर्न सकिन्छ ।
- माथि प्रस्तुत गरिएका कानुनी व्यवस्थाका सम्बन्धमा अन्य थप जिज्ञासा भए सहभागीहरूलाई प्रश्न गर्न अवसर दिनुहोस् । आवश्यकतानुसार अध्ययन-सामग्री अध्ययन गरी जवाफ दिनुहोस् र आफूलाई थाहा नभएको विषयमा भने विषय विज्ञहरूसँग छलफल गरी जवाफ दिनुहोस् ।

**क्रियाकलाप ३: स्थानीयतहमा बालबालिकामाथि हुने यौनदूर्व्यवहारको रोकथामका उपायहरू (३०+२० मिनेट)**

- सहभागीहरूको सङ्ख्याअनुसार समूह निर्माणका लागि देहायका प्रक्रियाहरू अपनाउँदै क्रियाकलापहरूलाई अगाडि बढाउनुहोस् ।
  - सबै सहभागीलाई गोलाकारमा उभिन लगाउनुहोस् ।
  - कुनै मादल वा साङ्गीतिक धुन बजाउने व्यवस्था गर्नुहोस् र धुन नरोकिएसम्म गोलाकार लहरै घुम्न लगाउँनुहोस् । उक्त संगित रोकिंदा सहजकर्ताले कुनै सङ्ख्या (नम्बर) भन्नेछन् र सहभागीहरूले सोही सङ्ख्या बराबरको समूह बनाउनेछन् एवम् समूह फेला नपर्ने व्यक्तिले भने कुनै सृजनशील क्रियाकलाप गर्नुपर्नेछ ।
  - अब सहजकर्ताले कहिले एक, कहिल दुई, कहिले पाँच, कहिले आठ वा कुनै सङ्ख्या भन्दै खेललाई निरन्तरता दिनेछन् ।
  - अन्तिममा सहजकर्ताले सहभागीहरू चार वा पाँच वटा समूह हुने गरी कुनै नम्बर भनी सोहीअनुसार समूह बनी सबैलाई आ-आफ्नो समूहमा बस्न लगाउनेछन् ।
- समूह निर्माण भएपछि सबै सहभागीलाई उक्त आ-आफ्नो समूहमा बस्न लगाउनुहोस् र सबै समूहलाई देहायका प्रश्नहरूमाथि छलफल गरी न्यूजप्रिन्ट पेपरमा लेख्न लगाउनुहोस् :
  - बालबालिकामाथि हुने यौनदूर्व्यवहार न्यूनीकरण गर्नका लागि समुदायतहमा केकस्ता क्रियाकलापहरू सञ्चालन गर्न सकिन्छ ?
  - बालबालिकालाई यसबारे सचेत बनाउन समुदायमा आधारित संरचनाका सदस्य (अभिभावक र शिक्षक) को के-कस्तो भूमिका हुने गर्दछ ?
- प्रत्येक समूहको नेतालाई क्रमैसँग समूह-कार्य प्रस्तुत गर्न लगाउने र अन्य समूहलाई कुनै बुँदामाथि प्रस्ट हुन चाहेमा प्रश्न गर्नको लागि अवसर दिनुहोस् तथा प्रस्तुत गर्ने नेता र समूह सदस्यहरूले स्पष्ट पार्न अनुरोध गर्नुहोस् ।

- सहजकर्ताले यदि कुनै बुँदामाथि छलफल गर्न आवश्यक ठानेमा समग्रमा छलफल गर्न र सबै विचारहरूलाई एकत्रित गर्दै बालबालिकाको बेचबिखन रोकथामका उपायहरूलाई एकठाउँमा बनाउने ।

**क्रियाकलाप ४ : सत्रको मूल्याङ्कन (२० मिनेट)**

- सत्रको अन्त्यमा सहभागीलाई सत्रको मूल्याङ्कन गरी हालसम्म गरिएका छलफलका शीर्षकबारे छलफल गर्ने ।

**सहभागीलाई मूल्याङ्कनका लागि सोध्न सकिने प्रश्नहरू**

- यस सत्रमा हामीले केकस्ता कुराहरूमा छलफल गर्‍यौं ?
- बालबालिकामाथि हुने यौनदूर्व्यवहार भनेको के हो ? बालबालिकामाथि यौनदूर्व्यवहार किन हुने गर्दछन् ?
- यौनदुव्यवहार गर्ने व्यक्तिलाई केकस्तो सजाय हुन्छ ? कहाँ उजुरी दिन सकिन्छ ?
- बालबालिकामाथि हुने यौनदूर्व्यवहार न्यूनीकरणका लागि समुदायतहमा के-कस्ता क्रियाकलापहरू सञ्चालन गर्न सकिन्छ ?

- प्रस्तुत विषयको छलफलमा सक्रियतापूर्वक भाग लिएकोमा सबै सहभागीहरूलाई धन्यवाद दिदै  सत्रको अन्त्य गर्नुहोस् ।

***

# अध्ययन सामग्री

## ३. बाल यौनदूर्व्यवहार तथा यौनशोषण

### ३.१. बाल यौनदूर्व्यवहार तथा यौनशोषण के हो ?

क) बाल यौनदूर्व्यवहारः शारीरिक, भावनात्मक, मौखिक दूर्व्यवहार, बेवास्ता/उपेक्षा/हेलचेक्राईं र यौनदूर्व्यवहारजस्ता दूर्व्यवहार बालबालिकाविरूद्ध भइराखेका छन् । बालबालिकाविरूद्ध हुने विभिन्न दूर्व्यवहारमध्ये बालयौनदूर्व्यवहारलाई सबैभन्दा गम्भीर दूर्व्यवहारका रूपमा लिन सकिन्छ । बालबालिकाविरूद्ध हुने सबै प्रकृतिका दूर्व्यवहारहरूले उनीहरूलाई हानि/क्षति पुऱ्याउँदछ नै । तर अन्य दूर्व्यवहारभन्दा यौनदूर्व्यवहारको असर तथा प्रभाव बढी गम्भीर र संवेदनशील हुन्छ । यसले कुनै पनि बालक वा बालिकाको शारीरिक, मानसिक वा बौद्धिक, भावनात्मक वा संवेगात्मक र सामाजिक विकासमा तत्कालीन वा दीर्घकालीनरूपमा आघात पुऱ्याउँदछ । प्रायः वयस्क, प्रौढ वा तुलनात्मकरूपमा शक्ति भएकाहरूले यौनआनन्द र यौनप्रयोजनका लागि बालबालिकालाई निशाना बनाउने गरेको पाइन्छ । यौनदूर्व्यवहार हुन शारीरिक सम्पर्क/सम्बन्ध नै हुनुपर्दछ भन्ने पनि छैन । छोएर वा नछोएर दुवै तरिकाले यौनदूर्व्यवहार हुने गर्दछ र हुन सक्दछ । बलात्कार तथा बालविवाहलाई बालयौन दूर्व्यवहारको चरम तह/अवस्था (Extreme Stage) को रूपमा लिइन्छ ।

आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०६९ का अनुसार "बाल-यौनदूर्व्यवहार" भन्नाले बालबालिकाको स्वीकृति लिई वा नलिई कुनै प्रलोभन, लोभ, लालच, डर, त्रास, धाक-धम्की देखाई कुनै आर्थिक फाईदाका लागि वा अन्य अनुचित उद्देश्यले बालबालिकालाई शारीरिक वा मानसिकरूपमा क्षति पुग्ने वा व्यक्तित्व वा चरित्रमा आघात पुग्ने गरी प्रत्यक्ष वा अप्रत्यक्ष जुनसुकै रूपमा गरिने यौनजन्य क्रियाकलाप सम्झनुपर्दछ । (बुँदा १.४ (ज))

ख) बालयौन शोषणः यौनव्यवसायमा संलग्न गराउनका लागि बालबालिका किन्ने बेच्ने, अश्लील चित्रण/फिल्म/भिडियोहरूमा, क्याबिन, डान्सबार तथा रेष्टुरेण्ट, होटल, मसाज पार्लरहरूमा हुने यौनव्यवसायमा बालबालिकालाई संलग्न गराउने जस्ता कार्यहरू बालयौनशोषणअन्तर्गत पर्दछन् । यसमा बालबालिकालाई माध्यम बनाउदै दुई वा दुईभन्दा बढी पक्षहरूबीच आर्थिक नाफा वा फाइदालाई हेरिएको हुन्छ ।

**यौनशोषण के हो ?**

नगद वा जिन्सी लेनदेन गरी अथवा लेनदेनको कारोबारसहित कानुनले निषेध गरेको कुनै पनि काम, पेशा वा व्यवसायमा बालबालिकालाई संलग्न गराउने कार्य नै बालयौन शोषण हो ।

## ग) बाल यौनदूर्व्यवहार तथा यौनशोषणका प्रकारहरू :

बालबालिकाविरूद्ध विभिन्न प्रकृति र स्वरूपका यौनदूर्व्यवहार तथा यौनशोषण हुने गर्दछन् । त्यसमा खासगरी दुई स्वरूप प्रमूख देखिन्छ :

| छोएर गरिने बालयौन दूर्व्यवहार तथा यौनशोषण | नछोएर गरिने बालयौन दूर्व्यवहार तथा यौनशोषण |
|---|---|
| • बालबालिकालाई संवेदनशील वा यौनअङ्गहरू प्रदर्सन गर्नु वा छुन लगाउनु,<br>• बालबालिकाको संवेदनशील अङ्गहरूमा छुनु वा आफ्नो गुप्ताङ्ग छुन लगाउनु<br>• बालबालिकालाई बलपूर्वक वा दबावमा पारेर वा फकाईफुल्याई/प्रलोभन देखाई उनीहरूलाई मन नपर्ने ठाउँमा छुन लगाउनु, वा छुनु<br>• बालबालिकाको सहमति लिएर वा सहमति वेगर यौनसम्पर्क राख्नु,<br>• अप्ठ्यारो लाग्ने गरी सुमसुम्याउनु वा म्वाइ खानु,<br>• बलात्कार गर्नु, हाडनाता करणी गर्नु,<br>• यौनसम्पर्क गरेपछि हुने नतिजा जस्तै अविबाहित गर्भवतीलाई अस्वीकार गर्नु,<br>• बालविवाह गर्नु/गराउनु,<br>• अठार वर्षमुनिका बालबालिकालाई यौनव्यवसायमा लगाउनु, यौनसम्पर्क गर्नु ।<br>• बालबालिकाको बेचबिखन (यौनपेशा/व्यवसायका लागि), आदि । | • टेलिफोन/मोबाइल/इन्टरनेटमार्फत अश्लील कुराकानी गर्ने, मन नपर्ने/अप्ठेरो लाग्ने/छाडा शब्द बोल्नु वा एस.एम.एस लेखेर पठाउनु<br>• अश्लील शब्द बोल्नु/हाउभाउ/इसारा/संकेत प्रयोग गर्नु,<br>• अश्लील साहित्य, चित्रहरू/फोटो, चलचित्र, इन्टरनेट, किताब वा क्रियाकलाप देखाउनु वा त्यस्ता माध्यममा बालबालिकालाई प्रयोग गर्नु,<br>• बालबालिकालाई नग्न पारेर उनीहरूका शरीरका अङ्ग (यौनाङ्ग) हेरेर आनन्द लिनु,<br>• यौन अङ्ग प्रदर्सन गरी बालबालिकालाई हेर्न लगाउनु,<br>• यौनसम्बन्धी दृश्य, चित्रण वा चलचित्र जानाजान बालबालिकालाई हेर्न लगाउनु,<br>• भित्तामा, कापीमा, स्कूलमा,बाटोमा, शौचालयमा, बोर्डमा नाम तोकेर वा नतोकी यौनभाव झल्कने शब्द लेख्ने, चित्र कोर्ने गर्नु वा केटा केटीको नाम (जस्तै : क + ख) जोडेर लेखिदिनु,<br>• विद्यालयमा गृहकार्य नगरेको निहुँमा बालिकालाई आघात पुग्नेगरी भन्नु, उनीहरूलाई लाजमर्दो बनाउनु<br>• मनोरञ्जनका लागि बालबालिकासँग अश्लील कुराकानी गर्नु, उखान टुक्का सुनाउनु, जिस्क्याउनु<br>• एकटकले बालक वा बालिकाको शरीरमा हेरेको हेरै गर्नु<br>• बालबालिकालाई संवेदनशील अङ्गहरू प्रर्दशन गर्न लगाई तस्वीरहरू/भिडियो खिच्नु, आदि । |

### ३.२. नेपालमा बालदूर्व्यवहारसम्बन्धी स्थिति:

बालबालिकाको संरक्षण गर्ने भरपर्दो संयन्त्र र संरचनाको अभावका कारण बालबालिकामाथि दूर्व्यवहार भइरहेको छ । अझ बालबालिकाप्रति हुने यौनजन्य दूर्व्यवहार र शोषण नेपालको बालसंरक्षण क्षेत्रमा मुख्य समस्या हो । नेपालमा त्यस्ता घटना घटेपनि कमै मात्र जानकारीमा आउने गर्दछन् । यौनदूर्व्यवहार/शोषणमा परेका बालबालिकामा उत्पन्न हुने डर, त्रास, लाज, आफ्नो गल्ती महसुसजस्ता थुप्रै अन्य कारणहरूले गर्दा बालयौन दूर्व्यवहारका घटनाहरू लुकेका वा लुकाएका हुन्छन् । यसको परिणामस्वरूप दूर्व्यवहार पीडित तथा प्रभावित बालक/बालिकाले आवश्यक सहयोग, उपचार, न्याय पाउन सकेका हुँदैनन् ।




केन्द्रीय बालकल्याण समितिले प्रकाशित गरेको नेपालका बालबालिकाको स्थिति प्रतिवेदन, २०६९ अनुसार सो वर्ष जबरजस्ती करणी वा सोको उद्योगअन्तर्गत दर्ता भएका यौनशोषण तथा यौनदूर्व्यवहारका ७०१ घटनामध्ये ४९.६४ प्रतिशत पीडित १८ वर्षमुनिका बालबालिका रहेका छन् । जिल्ला बालअधिकार अनुगमन सूचकाङ्क फाराममार्फत २३ जिल्लाबाट प्राप्त जानकारीअनुसार प्रकाशमा आएका बालयौनदूर्व्यवहारका १३५ घटनामा १३६ बालबालिका (३ जना बालकसहित) यौनदूर्व्यवहारमा परेका थिए । यसैगरी २२ जिल्लाबाट प्राप्त जानकारीअनुसार अदालती कार्यवाहीका लागि परेका १३४ वटा बालदूर्व्यवहारसम्बन्धी मुद्दामध्ये ३९ वटा मुद्दा फैसला भएको ६८ वटा मुद्दा विचाराधीन रहेको थियो ।[1] अनौपचारिक सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित नेपाल मानव अधिकार वर्ष पुस्तक २०१४ अनुसार … सबैभन्दा बढी ४०६ जना बालिका बलात्कारको सिकार भएको देखिन्छ भने १८१ जना बाल यौनदूर्व्यवहारको मार मा परेको देखिन्छ ।[2]

बालयौन दूर्व्यवहार/शोषण एक गम्भीर/फौजदारी अपराध हो, बालअधिकारको उलंघन हो । बालयौन दूर्व्यवहार/शोषणमा पर्नु बालबालिकाको दोष होइन । परिवार/व्यक्तिको इज्जत र प्रतिष्ठाको कुरा गरेर बालयौन दूर्व्यवहार/शोषणका घटनालाई लुकाएर/गुम्साएर/दबाएर राख्ने होइन कि यसविरूद्ध आवाज उठाउनुपर्दछ, पीडित/प्रभावितको उचित न्यायका लागि पहल/पैरवी गरिनुपर्दछ र रोकथामका लागि आवश्यक कार्य/उपाय अवलम्बन गर्नुपर्दछ ।

### ३.३. बालयौनदूर्व्यवहारका कारण र त्यसबाट बालबालिकामा पर्ने असर तथा प्रभाव :

कुनै पनि दूर्व्यवहारबाट पीडित वा प्रभावित भएका बालबालिकाको मानवविकासका चौतर्फी पक्षहरूमा नकरात्मक असर तथा प्रभाव पर्दछ । यस्ता असर तथा प्रभावहरूको प्रकृति बालबालिकापिच्छे फरक-फरक हुन सक्दछ । कुनैमा केही समयसम्म मात्र असर पर्दछ भने कुनैमा दीर्घकालीनरूपमा त्यसको असर तथा प्रभाव रहिरन्छ । साथै एकपटक यौनदूर्व्यवहारमा परेका बालक वा बालिका फेरि पनि पटकपटक अन्य खालको दूर्व्यवहारमा पर्नसक्ने उच्च जोखिम रहन्छ अथवा दूर्व्यवहार भोगिसकेका बालबालिका पछि गएर अरूमाथि त्यस्तैखाले दूर्व्यवहार गर्ने प्रवृत्तिका हुनसक्ने सम्भावना बढी रहन्छ । पीडित बालबालिकामा देखिने असर तथा प्रभावलाई तलका बुँदामा उल्लेख गरिएको छ :

- बालक/बालिकाले स्वयम् आफूलाई दोषी मान्ने, लज्जित हुने, पछुतो मान्ने, छटपटी हुने,
- डर, त्रास, भय मान्ने,

---

१ केन्द्रीय बालकल्याण समिति, नेपालका बालबालिकाको स्थिति २०६९, पेज ३०- ३२

२ नेपालमा बालबालिकाको स्थिति, २०७१, पेज नं. ६७

- खाना नखाने अथवा बढी खाना खाने जस्ता असामान्य व्यवहार देखाउने,
- मानसिक तथा भावनात्मक विचलन बढ्ने,
- निन्द्रा नलाग्ने वा ननिदाउने,
- रिसाउने र प्रतिशोधको भावना विकास हुने, निष्क्रिय हुने, आत्मविश्वास गुमाउने,
- सिर्जनशीलतामा कमी आउने, औपचारिक शिक्षा लिने प्रक्रियामा बाधा आउन सक्दछ, उनीहरूको शैक्षिक गुणस्तरमा ह्रास आउन सक्दछ वा ठ्याक्कै पढाइ नै रोकिन सक्दछ,
- पीडित बालबालिका (खासगरी बालक) अन्य सामाजिक अपराधहरूमा संलग्न हुन सक्दछन्,
- घरपरिवार तथा समाजबाट अलग्गिनु वा एक्लिनु, आत्मग्लानी हुने, एक्लै बस्ने/एकान्त ठाउँ खोज्ने, हरेक कुरामा शङ्कालु हुनु,
- साथी–समूहमा घुलमिल नहुनु, झगडालु स्वाभावको हुनु, हिंसाकोबाटो अँगाल्ने,
- आत्महत्या गर्नु वा आत्महत्याको प्रयास गर्नु,
- लागुऔषध प्रयोगमा संलग्न हुनु,
- पारिवारिक/सामाजिक वातावरणका कारण ।

## ३.४. बालयौनदूर्व्यवहारविरुद्धका कानुनी व्यवस्थाहरू :

मुलुकी ऐन, २०२० को बाह्रौं संशोधनअनुसार –

आशय करणीको महल (१३) को १ नं. अनुसार कसैले कुनै महिलाको मञ्जूरीविना निजको सम्वेदनशील अङ्ग छोएमा वा छुने प्रयास गरेमा, निजको भित्री पोशाक खोलेमा वा खोल्ने प्रयास गरेमा, निजलाई अस्वाभाविकरूपमा कुनै एकान्त ठाउँमा लगेमा, आफ्नो यौनसम्बन्धी अङ्ग निजलाई छुन, समाउन लगाएमा वा निजलाई अश्लील वा अन्य त्यस्तै प्रकारको शब्द, सङ्केत प्रयोग गरेमा वा चित्र, तस्विर देखाएमा, यौनका आशयले जिस्काएमा वा हैरानी दिएमा वा निजसँग यस्तै अन्य कुनै किसिमले अस्वाभाविक व्यवहार गरेमा वा निजलाई करणीका आशयले समातेमा यौनदूर्व्यवहार गरेको मानिनेछ । र, त्यस्तो कसूर गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद र दस हजार रूपैयाँसम्म जरिवाना हुनेछ । यस्तो कार्यबाट पीडित व्यक्तिलाई कसूरदारबाट मनासिब माफिकको क्षतिपूर्तिसमेत भराई दिनुपर्नेछ ।




जबरजस्ती करणी महलको १ नं. अनुसार कसैले कुनै महिलालाई निजको मञ्जूरी नलिई करणी गरेमा वा सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मञ्जूरी लिई वा नलिई करणी गरेमा निजले जबरजस्ती करणी गरेको ठहर्छ । यसैगरी सोही महलको ३ नं. अनुसार जबरजस्ती करणी गर्नेलाई देहायबमोजिम कैद सजाय हुनेछ :

- दस वर्षभन्दा मुनिकी बालिका भए दसदेखि पन्ध्र वर्षसम्म
- दस वर्ष वा सोभन्दा बढी र चौध

वर्षभन्दा कम उमेरकी बालिका भए आठदेखि बाह्र वर्षसम्म

- चौध वर्ष वा सोभन्दा बढी र सोह्र वर्षभन्दा कम उमेरकी बालिका भए छ वर्षदेखि दस वर्षसम्म
- सोह्र वर्ष वा सोभन्दा बढी र बीस वर्षभन्दा कम उमेरकी महिला भए पाँच वर्षदेखि आठ वर्षसम्म
- बीस वर्ष वा सोभन्दा बढी उमेरकी महिला भए पाँचदेखि सात वर्षसम्म
- यस नम्बरमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि लोग्नेले स्वास्नीलाई जबरजस्ती करणी गरेमा तीन महिनादेखि छ महिनासम्म ।

यसैगरी सोही महलको ३क. नं. अनुसार महिलालाई सामुहिकरूपमा जबरजस्ती करणी गर्ने वा गर्भवती, अशक्त वा अपाङ्गता भएकी महिलालाई जबरजस्ती करणी गर्नेलाई यस महलमा लेखिएको सजायमा थप पाँच वर्ष कैद गर्नुपर्दछ ।

सोही महलको ९क. नं. अनुसार कसैले कुनै नाबालकसँग कुनै किसिमको अप्राकृतिक मैथुन गरे गराएमा जबरजस्ती करणी गरेको मानी यसै महलको ३ नम्बरबमोजिम हुने सजायमा थप एक वर्षसम्म कैद गरी त्यस्तो नाबालकलाई निजको उमेर र उसलाई पुग्न गएको मर्कासमेत विचार गरी अदालतले अप्राकृतिक मैथुन गर्नेबाट मनासिब माफिकको क्षतिपूर्तिसमेत भराई दिनुपर्दछ ।

यसैगरी हाडनाता करणीको महल १५ मा हाडनाता करणीमा बलात्कार गरेमा नातासम्बन्धको आधारमा

जन्मकैदसम्मको सजायको व्यवस्था गरिएको छ । बालबालिका तथा महिलालाई जबरजस्ती करणी गरेमा पीडकबाट पीडितलाई आधा अंश भराइदिने कानुनी व्यवस्था छ ।

बालबालिका ऐन २०४८ को दफा १६ अनुसार बालकलाई अनैतिक पेशामा संलग्न गराउन नहुने उल्लेख छ ।

- उपदफा (१) कसैले पनि बालकलाई अनैतिक पेशामा लगाउन वा प्रयोग गर्न हुँदैन ।
- उपदफा (२) बालकलाई अनैतिक पेशामा लगाउने उद्देश्यले निजको फोटो खिच्न वा खिच्ने अनुमति दिन वा त्यस्तो फोटो वितरण गर्न वा प्रदर्सन गर्न हुँदैन ।
- उपदफा (३) कुनै बालकको चरित्रमा आघात पर्ने किसिमको निजको व्यक्तिगत घटना विवरण वा फोटोको प्रकाशन, मुद्रण, प्रदर्सन वा वितरण गर्न हुँदैन ।
- उपदफा (४) बालकलाई मादक पदार्थ, लागुऔषध वा यस्तै अन्य नशालु पदार्थको बिक्रीवितरण वा ओसारपसार गर्ने काममा लगाउनु हुँदैन ।

## ३.५. बालयौन दूर्व्यवहारबाट बालबालिकालाई बचाउन गरिने उपायहरू :

बालयौन दूर्व्यवहार/शोषण हुनै नदिन विभिन्न खालका रोकथाममूलक उपायहरू पनि अवलम्बन गर्न सकिन्छ । यीमध्ये केही उपायहरूलाई यसप्रकार उल्लेख गरिएको छ :

- समानतामा आधारित सामाजिकीकरण प्रक्रिया अपनाउने : छोरा छोरी हुर्काउने/बढाउने तथा पढाउने र उचित संस्कार सिकाउने प्रक्रियामा विभेदपूर्ण मान्यता/चलन/अभ्यासलाई त्याग्ने । छोरा छोरी दुवैलाई सबल र सक्षम हुनसक्ने, आफ्नो सुरक्षा आफै गर्न सक्ने, आफूलाई परेको समस्या बताउन सक्ने, वयस्क व्यक्तिहरूसँग कुरा गर्न सक्ने, चाहिने कुरामा लाज नमानी निर्धक्क बोल्न सक्ने जस्ता व्यक्तिगत क्षमता विकास गर्नका लागि सहजीकरण गर्ने ।
- आफ्नो सुरक्षा गर्नसक्ने खालका उपाय (टिप्स)हरू बालबालिकालाई घरपरिवारमा सिकाउने, मन नपर्ने वा अप्ठेरो लाग्ने कुरामा नाइँ भन्न सिकाउने, परिवारमा छलफल गर्ने,

- छोरा छोरी दुवैलाई व्यक्तित्व विकासका समान अवसर दिने,
- घरपरिवार, विद्यालय, समुदायजस्ता संस्थाहरूमा बालबालिकाका समस्या सुनुवाइ हुने संयन्त्र/अभ्यास सुरु गर्ने,
- भरसक बालबालिकालाई परिवारबाट टाढा नराख्ने,
- बालयौन दूर्व्यवहार, यसबाट बच्न सकिने उपायहरूसम्बन्धी जानकारीमूलक सामग्रीहरू सङ्कलन गर्ने र बालबालिकालाई पढ्न/सुन्न/हेर्न दिने,
- साना उमेरका बालबालिकाको हेरचाह गर्ने जिम्मेवारी दिइएका व्यक्तिमाथि पूर्ण विश्वास नगर्ने,
- बालबालिका/किशोरकिशोरीलाई जीवन उपयोगी सीप सिकाउने,
- बालक्लब/समूहमा बालयौनदूर्व्यवहारसम्बन्धी छलफल गर्ने,
- नगर/गाउँ बालसंरक्षण समिति वा यस्ता संरचनाहरू प्रभावकारीरूपमा सञ्चालन गर्ने,
- विद्यालयमा विद्यार्थी–शिक्षक आचारसंहिता निर्माण गरी प्रभावकारीरूपमा कार्यान्वयन गर्ने ।

त्यसैगरी यदि बालयौनदूर्व्यवहार/शोषणको घटना भइहाल्यो भने पीडित तथा प्रभावित बाल/बालिकालाई उद्धार, सहयोग गर्न तथा उचित न्याय प्राप्तिका लागि विभिन्न प्रयास/कार्य गनुपर्दछ । तीमध्ये केही यहाँ उल्लेख गरिएको छ :

- बालक/बालिकालाई उद्धार गर्नुपर्ने स्थिति भएमा नजिकको प्रहरी तथा बाल–हेल्पलाइनमा खबर गर्ने, तत्काल उद्धार गर्ने र सुरक्षित स्थानमा पुऱ्याउने,
- यौनदूर्व्यवहार/शोषणको घटनाबाट पीडित/प्रभावित बालक वा बालिकाले आफ्नो कुरा बताउन सक्ने गरी वातावरण तयार गर्ने अनि उनीहरूको कुरालाई संवेदनशील भएर सुन्ने र घटनाबारे जानकारी लिने,
- घटना र त्यसबाट बालक/बालिकामा परेको असर तथा प्रभावको अवस्थाको लेखाजोखा गरी तत्काल आवश्यकतानुसारको सहयोग, उपचार (जस्तैः स्वास्थ्य जाँच, औषधिउपचार) गर्ने,
- मनोविमर्श सेवा प्रदायकमार्फत मनोविमर्श सेवा उपलब्ध गराउने, आपतकालीन सहयोगहरू उपलब्ध गराउने,
- कानुनी उपचारका लागि आरोपित/घटनामा संलग्न व्यक्ति, सङ्गठन, निकायविरूद्ध प्रहरीमा उजुरी वा जाहेरी दिने,
- बालसंरक्षणसँग सम्बन्धित संस्था तथा निकायलाई जानकारी गराउने, सहयोग र समर्थनका लागि सम्बन्ध राख्ने, समन्वय गर्ने ।
- उजुरी अथवा मुद्दाको फैसला नहुन्जेलसम्म न्यायिक तथा अर्धन्यायिक निकायलाई घच्घच्याइराख्ने, जानकारी लिइराख्ने र उक्त पीडित बालक/बालिकालाई आवश्यक सहयोग गरिराख्ने,
- घरपरिवार, साथीसमूह, विद्यालय, समुदायमा पुनर्स्थापित/पुनर्मिलन गराउने,
- प्रभावित तथा पीडित बालबालिकालाई अरू बालबालिकाभन्दा भिन्न व्यवहार नगर्ने ।

***

# ४. घरेलु हिंसा



**१ घण्टा**

### ४.१ **विषयको परिचय** :

घरेलु हिंसा भनेको घरेलु वा पारिवारिक नातासम्बन्धभित्रका एक सदस्यले अर्को सदस्यलाई गर्ने हिंसा भनेर बुझ्न सकिन्छ । नेपाललगायत विश्वका धेरै देशहरूमा घरेलु हिंसा व्याप्त भएको पाइन्छ । यसका कारण कुनै पनि व्यक्तिको आफ्नो परिवारमा अशान्ति बढ्दछ, आपसी मतभेद र समझदारीमा कमी आउँदछ । घरभित्र हुने हिंसाले पारिवारिक सद्भावलाई खोक्रो बनाइरहेको हुन्छ । यसले बालबालिकालाई थप जोखिमतिर धकेल्दछ । घरेलु हिंसाविरुद्ध जनमानसमा चेतना जागरण गर्नु आवश्यक भएकाले समुदायतहमा रहेका बालसंरक्षण संरचनाका सदस्यहरूमाझ यस विषयमा छलफल गरिनु आवश्यक देखिएको हो । यो छलफलपश्चात सहभागीहरूले घरेलु हिंसासम्बन्धी जानकारी पाउनुको साथै यसविरुद्धको कानुनी प्रावधानबारे स्पष्ट हुनेछन् ।

### ४.२ **अपेक्षित उपलब्धि** :

यस सत्रको अन्त्यमा सहभागीले,

- घरेलु हिंसा भनेको के हो र यसले बालबालिकामा के-कस्तो असर पर्दछ भन्नेबारे बताउन सक्नेछन् ।
- घरेलु हिंसाको कारण र स्थानीयस्तरमा रोकथामका उपायहरूबारे छलफल गर्न सक्नेछन् ।
- घरेलु हिंसासम्बन्धी उजुरी गर्ने निकाय, प्रक्रिया, उजुरी गर्ने व्यक्ति र समय सीमाबारे थाहा पाई आवश्यकता परेका खण्डमा त्यसको प्रयोग गर्न सक्नेछन् ।
- घरेलु हिंसाविरुद्ध विद्यमान कानुनी व्यवस्था तथा घरेलु हिंसाका पीडकलाई हुने सजायबारे भन्न सक्नेछन् ।

### ४.३ **सत्र सञ्चालनका लागि आवश्यक सामग्री** :

न्यूजप्रिन्ट पेपर वा ह्वाइट बोर्ड, पर्मानेन्ट र बोर्ड मार्कर, मास्किङ् टेप आदि ।

### ४.४ **सत्रको तयारी** :

- सत्र सञ्चालनका लागि आवश्यक बुँदाहरूलाई छलफल गर्न सहज गराउन मेटाकार्ड वा न्यूजप्रिन्ट पेपरमा लेख्नुहोस् ।
- सत्र सञ्चालनको क्रममा आवश्यक घटना अध्ययनलाई बुझिनेगरी न्यूजप्रिन्ट पेपरमा उतार्नुहोस् ।

### ४.५ **सत्र सञ्चालन गर्ने प्रक्रिया** :

- सर्वप्रथम सहजकर्ताले 'अब हामी घरेलु हिंसाकाबारेमा छलफल गर्नेछौं' भनी उपस्थित सबै सहभागीलाई ध्यानाकर्षण गर्नुहोस् (नोटः विषय सान्दर्भिक कुनै हास्यव्यङ्ग्य वा गीत गाएर पनि छलफलको वातावरण निर्माण गर्न सकिन्छ ।) ।

## क्रियाकलाप १: घरेलु हिंसाबारे परिचय (१० मिनेट)

- 'घरेलु हिंसा भन्नाले के बुझ्नुहुन्छ' भनी सहभागीलाई प्रश्न गर्नुहोस् । तर प्रश्न गर्दा कुनै व्यक्ति विशेषलाई इङ्गित गरेर (नाम नतोक्ने) नगर्नुहोस् ।
- सहभागीहरूबाट आएका सबैजसो उत्तरलाई ह्वाइटबोर्ड वा न्यूजप्रिन्ट पेपरमा बुझिनेगरी ठूला अक्षरमा लेख्नुहोस् र दोहोरिएका वा उस्तै अर्थ जनाउने उत्तरलाई समायोजन गर्नुहोस् ।
- सहभागीहरूका उत्तर कहिलेकाहीं विषयसँग अमिल्दो पनि हुन सक्दछ । यदि त्यस्तो भएमा त्यस बुँदालाई न्यूजप्रिन्ट पेपरको छेउ वा अर्को न्यूजप्रिन्ट पेपरमा टिप्नुहोस् (यसले सहभागीको विचारलाई सहजकर्ताले छलफलमा स्थान दिएको वा महत्व दिएको छ भन्ने जनाउँदछ ।) ।
- सबैजसो सहभागीहरूको विचार आइसकेपछि टिपिएका बुँदाहरूलाई पुनः वाचन गर्नुहोस् वा सहभागीहरूमध्ये एकलाई वाचन गर्न लगाउनुहोस् । र, सहभागीहरूलाई उनीहरूको विचारका लागि धन्यवाद दिनुहोस् । यदि आवश्यक महसुस गरिन्छ भने 'यी जवाफहरू आफैमा ठीक भए पनि हाम्रो विषयसँग सान्दर्भिक छन् त ? तपाईंहरूलाई कस्तो लाग्दछ ?' जस्ता प्रश्न गर्दै अमिल्दा बुँदालाई पनि सहभागीबीच पुनः छलफल गराउनुहोस् । र, त्यस्ता बुँदाहरूको साटोमा अरू नै विचारहरू राख्न चाहेमा सहभागीहरूलाई त्यसरी पुनः भनाइ राख्ने अवसर दिनुहोस् । (यसो गर्दा अमिल्दो उत्तर दिने व्यक्तिलाई होच्याएको वा नजानेको छ भन्ने भान पर्न भने दिनुहुँदैन ।)
- त्यसपछि सहभागीहरूको विचारलाई समेट्दै देहायको जानकारीसहित प्रस्तुती गर्नुहोस् ।

### घरेलु हिंसा

एउटै घरपरिवारभित्र बस्ने परिवारका सदस्यमध्ये एकले अर्कोमाथि गर्ने हिंसालाई घरेलु हिंसा भनिन्छ । घरपरिवार भित्र प्रायः महिला तथा बालिकामाथि नै दूर्व्यवहार, हिंसा गरिने भएकोले घरेलु हिंसालाई महिलाविरूद्ध हुने हिंसाको एक स्वरूप हो भन्न सकिन्छ ।

घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ का अनुसार "घरेलु हिंसा" भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना हो । घरेलु हिंसा भित्र गाली गर्ने तथा भावनात्मक चोट पुऱ्याउने अन्य कुनै कार्यसमेत पर्दछ ।

### घरेलु हिंसालाई प्रश्रय दिने कारणहरू


- पितृसत्तात्मक सोच, संरचना, अभ्यास, परम्परा
- अत्यधिक मात्रामा मादक पदार्थ (रक्सी) को प्रयोग
- पारिवारिक आर्थिक स्थिति कमजोर
- घरायसी कामको उचित मूल्याङ्कनको अभाव
- स्रोतसाधन तथा अवसरहरूको भेदभावपूर्ण वितरण वा श्रोतसाधनमाथि महिलाको नियन्त्रण नहुनु
- छोरालाई महत्व दिने परम्परा
- महिलाको तथा पीडकको नाजुक शैक्षिक स्थिति
- विवाहको बेलामा कम दाइजो ल्याएको कारण, आदि ।

## क्रियाकलाप २: घरेलु हिंसाबारे विद्यमान कानुनी व्यवस्थाबारे छलफल (१० मिनेट)

- घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ ले 'घरेलु सम्बन्ध' लाई निम्नानुसार परिभाषा गरेको छ भनेर सहभागीहरूलाई देहायका जानकारी दिनुहोस् ।

## घरेलु हिंसासम्बन्धी कानुनी व्यवस्था

- घरेलु सम्बन्ध भन्नाले निम्न चार प्रकारबाट हुने सम्बन्धलाई जनाउँदछ ।




- घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ ले घरेलु हिंसालाई- क) शारीरिक यातना, ख) मानसिक यातना, ग) यौनजन्य यातना, र घ) आर्थिक यातना गरी चार प्रकारहरू परिभाषित गरेको छ ।
- घरेलु हिंसा भएको, भइरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले प्रहरी कार्यालय, स्थानीय निकाय (गाविस, नगरपालिका), राष्ट्रिय महिला आयोग र अदालतमा ९० दिनभित्र मौखिक र लिखित दुवै प्रक्रियाबाट उजुरी दिन सकिन्छ ।
- कसैले घरेलु हिंसा गरेमा त्यस्तो व्यक्तिलाई रु ३००० देखि रु २५,००० सम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुन सक्दछ ।
- एकपटक घरेलु हिंसाको कसूरमा सजाय पाइसकेको व्यक्तिले पुनः सोही कसूर गरेमा पटकै पिच्छे दोब्बर सजाय हुन्छ ।

- घरेलु हिंसासम्बन्धी कानुनी व्यवस्थाबारे थप जिज्ञासा भए सहभागीलाई प्रश्न सोध्न अनुरोध गर्नुहोस् । प्रस्तुत निर्देशिकाको अध्ययन सामग्रीमा उल्लेख नभएका र आफूलाई जानकारी समेत नभएका पक्षमा सहभागीहरूको प्रश्नहरू आएमा सम्बन्धित विषयको जानकार व्यक्तिसँग सहयोग लिई सहभागीहरूलाई जवाफ दिनुहोस् ।

## क्रियाकलाप ३ः घरेलु हिंसाका कारण र रोकथामका उपायहरू (२०+१० मिनेट)

- अब सहभागीहरूको सङ्ख्या अनुसार तीन वा चार समूह तयार गर्नुहोस् ।
    - सहभागीलाई रातो, नीलो, कालो र सेतो रङ्गमध्ये कुन रङ्ग मन पर्दछ भनी रङ्ग छान्न लगाउनुहोस् (मेटाकार्ड भएमा सहभागीको सङ्ख्या बराबर चार रङ्गको मेटाकार्ड लिई सबै सहभागीलाई आफूलाई मन पर्ने रङ्गको मेटाकार्ड लिन लगाउनुहोस्)
    - यसरी रङ्ग छानीसकेपछि एकै रङ्ग मन पराउने वा एकै रङ्ग छानेका सहभागीहरूलाई एकै ठाउँमा जम्मा गराई समूह निर्माण गर्नुहोस् ।
- प्रत्येक समूहलाई घरेलु हिंसासम्बन्धी तलको घटना दिएर पढ्न लगाउनुहोस् ।

### सबिनाको कथा (घटना अध्ययन)

सुमन पौडेल र सबिना मगर उदयपुर जिल्लाको बसाहा गाविसका बासिन्दा हुन् । यी दुवैजना कक्षा एकदेखि एकै विद्यालयमा सँगसँगै अध्ययन गर्ने साथीहरू हुन् । दुवैजना पढाइमा राम्रा विद्यार्थी थिए । उनीहरूले १२ कक्षा उत्तीर्ण गरे । सुमन र सबिना एकअर्कालाई मन पराउँथे । यसैले सुमन २१ वर्ष र सबिना २० वर्ष पुगेपछि सुमनको घरपरिवारले नमानेपनि यी दुईले प्रेमविवाह गरे । अनि विवाहपछि उनीहरूले पढाइलाई निरन्तरता दिएनन् । घरको आर्थिक अवस्था पनि त्यत्ति राम्रो थिएन, यसैले विवाहपछि सुमन रोजगारीको लागि विदेश गयो । सबिनाले गाउँघरमा नै जागिरको खोजी गरिन् तर जागिर पाउन सकिनन् । उनले घरपरिवार भित्रको काम नै गरिन् । सुमन देशबाहिर गएको ८ महिनापछि सबिनाको कोखबाट छोरी साकिराको जन्म भयो । घरपरिवारमा उचित माया नपाएकी सबिनालाई गर्भवती हुँदा खानपीनमा उचित ध्यान दिइएको थिएन । उनले सँधै नै काममा व्यस्त हुनुपर्दथ्यो । त्यसमा पनि छोरी जन्मेपछि सबिनाले धेरै नै मानसिक यातना सहनुपर्‍यो । अर्को वर्ष उनको देवर रविको विवाह भयो । रविको विवाहमा ससुराली तर्फबाट मोटरसाइकल, सुनको गहना आदि दिइएको थियो । त्यसपछि त सबिनालाई परिवारमा विवाहमा दाइजो नल्याएको भनेर पनि थप हेलाँ र दूर्व्यवहार हुन थाल्यो । यसैबीच उनी एकदिन साह्रै विरामी परिन् । तर उनलाई अस्पतालमा लगेर उपचार गराउनेबारे परिवारका सदस्य कसैले पनि चासो देखाएनन् । उल्टै घरको काम नगरेको भनेर खानसमेत दिइएन । सबिना अहिले कसैसँग पनि धेरै बोल्दिनन् । दुब्लाएर पातली भएकी छिन् । उनलाई निन्द्रा पनि लाग्दैन । छोरी साकिरा पनि हेरचाह र उचित पौष्टिक आहाराको कमी भएर बिरामी भइन् ।

- अब घटना पढिसकेपछि देहायका प्रश्नहरू सहभागीसमक्ष राखी समूहमा छलफल गरी निम्न प्रश्नको उत्तर न्यूजप्रिन्ट पेपरमा लेख्न लगाउनुहोस् :
    - यो घटनामा के-कस्ता घरेलु हिंसा भएको छ ?
    - यस घटनामा घरेलु हिंसा हुनाका कारणहरू के-के छन् ? यस घटनाबाहेक अन्य घरेलु हिंसा के-कस्ता हुन्छन् र तिनका कारणहरू के-के हुनसक्छन् ?
    - यस घटनामा घरेलु हिंसाले हिंसाले केकस्ता असरहरू पारेको छ ?
    - घरेलु हिंसा र बालबालिकाको सम्बन्ध कस्तो भएको जानकारी पाउनुभयो ?
    - सबिनाको जस्तैं घरेलु हिंसा समुदायमा हुने भएकाले यस खालका घटनाहरूको रोकथामका लागि के-के गर्न सकिन्छ ?

- समूहबाट आएका विचारहरूलाई प्रस्तुत गर्न प्रत्येक समूहलाई एक-एक जना नेता छान्न लगाउनुहोस् ।
- प्रत्येक समूहको नेतालाई क्रमैसँग समूह कार्य प्रस्तुत गर्न लगाउने र अन्य समूहलाई कुनै बुँदामाथि प्रस्ट हुन चाहेमा प्रश्न गर्नसक्ने तथा प्रस्तुत गर्ने नेता र समूह सदस्यहरूले स्पष्ट पार्न अनुरोध गर्नुहोस् ।
- सहजकर्ताले यदि कुनै बुँदामाथि छलफल गर्न आवश्यक ठानेमा समग्रमा छलफल गर्नुहोस् र सबै विचारहरूलाई एकत्रित गर्दै बालश्रम न्यूनीकरणका उपायहरूलाई मूर्त रूप दिन सबैजना प्रतिबद्ध हुनुपर्नेमा जोड दिनुहोस् ।
- सहभागीहरूको प्रस्तुतीमा घरेलु हिंसाका कारण बालबालिकामा पर्ने असरहरूका सम्बन्धमा तलको बुँदाका आधारमा जानकारी थप्न सकिन्छ ।

**घरेलु हिंसाका कारण बालबालिकामा पर्ने असरहरू आउँन सक्दछन् :**

- घरेलु झगडा, किचलो, दूर्व्यवहारजस्ता कुराहरूले बालबालिकामा तनाव उत्पन्न भई उनीहरूमा मानसिक समस्या (एकाग्र हुने, रिसाउने, झर्किने, नबोल्ने, निद्रामा बर्बराउने) आउन सक्दछ ।
- घर छोडेर हिड्ने (जस्तैः सडकमा आश्रित बालक वा बालिकाको रूपमा रहने, वा बेपत्ता हुने)
- लागु पदार्थ प्रयोग गर्ने, विद्यालय अनियमित हुने, पढाइमा ध्यान दिन नसक्ने वा विद्यालय छोड्ने
- बालविवाह गर्ने सम्भावना रहन्छ
- हिंसात्मक बानी व्यहोरा सिक्ने, अरूलाई गाली गर्ने, कुटपीट गर्ने, हेप्नेजस्ता कार्य सुरु गर्ने
- पारिवारिक वा अभिभावकको मायाममता नपाउने जसले गर्दा उनीहरू जिद्दी स्वभावको हुने
- अङ्गभङ्ग/घाइते हुने, चोटपटक लाग्ने
- आत्महत्यासमेत गर्न सक्ने सम्भावना आदि ।

### क्रियाकलाप ४ : सत्रको मूल्याङ्कन र सारसंक्षेप (२० मिनेट)

- सत्रको अन्त्यमा सहभागीलाई सत्रको मूल्याङ्कन गरी हालसम्म गरिएका छलफलका शीर्षकबारे छलफल गर्नुहोस् ।

**सहभागीलाई मूल्याङ्कनका लागि सोध्न सकिने प्रश्नहरू**

- यस सत्रमा हामीले केके छलफल गऱ्यौं ?
- घरेलु हिंसा भनेको के रहेछ ?
- घरेलु हिंसा भएमा उजुरी कहाँकहाँ र कति दिनभित्र गर्न सकिन्छ ?
- घरेलु हिंसाले बालबालिकालाई केकस्ता असरहरू गर्ने रहेछन् ?

- प्रस्तुत सत्रको छलफलमा सक्रियतापूर्वक भाग लिएकोमा धन्यवाद दिदै सत्रको अन्त्य गर्नुहोस् ।

***



# अध्ययन सामग्री

## ४. घरेलु हिंसा

### ४.१ परिचय

एउटै घरपरिवारभित्र बस्ने परिवारका सदस्यमध्ये एकले अर्कोमाथि गर्ने हिंसालाई घरेलु हिंसा भनिन्छ । घरपरिवार भित्र प्रायः महिला तथा बालिकामाथि नै दूर्व्यवहार, हिंसा गरिने भएकोले घरेलु हिंसालाई महिलाविरूद्ध हुने हिंसाको एक स्वरूप हो भन्न सकिन्छ । घरपरिवारभित्र पनि शक्तिको अभ्यास निकै मात्रामा हुन्छ, जोसँग सौदाबाजी (Bargaining power) गर्ने हैसियत रहन्छ उसको घरपरिवारमा मान, सम्मान र इज्जत हुन्छ । उसले नै अरूलाई हेप्ने/हकार्ने/धम्काउने/थर्काउने र शासन गर्ने अवसर प्राप्त गरेको हुन्छ । यस्तो हैसियत र शक्ति संरचनामा बालिका तथा महिलाहरू सबैभन्दा तल्लो स्थानमा रहने भएकाले घरभित्र हुने हिंसाको सिकार पनि उनीहरू नै बढी हुन्छन् ।

> घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ का अनुसार "घरेलु हिंसा" भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना हो । घरेलु हिंसाभित्र गाली गर्ने तथा भावनात्मक चोट पुऱ्याउने अन्य कुनै कार्यसमेत पर्दछ ।

घरलाई नीजि क्षेत्र (Private Sphere) को रूपमा लिइन्छ र घरभित्र हुने हरेक क्रियाकलापहरूलाई व्यक्तिगत मामला (Private Affair) हो, व्यक्तिगत कुरा राजनीतिक होइन (Personal is not Political) भनेर बुझिएको हुन्छ । घरभित्र हुने अनेक क्रियाकलापहरूमध्ये घरेलु हिंसा पनि एक हो । त्यो सम्बन्धित घरपरिवारको मामला हो, त्यसमा कसैले हस्तक्षेप गर्नुहुँदैन, कसैले औंला उठाउनु हुँदैन, अरूको घरको कुरामा चासो दिनु हुँदैन, श्रीमान–श्रीमतीबीच भएको कुरा बाहिर गर्नु हुँदैन, घरपरिवारभित्रको कुरा बाहिर सार्वजनिक गर्नुहुँदैन भन्ने आम धारणा रहेको पाइन्छ । र, यसो गरियो भने घरपरिवारकै इज्जत जान्छ भन्ने धारणा, बुझाइ र त्यहीअनुसारको व्यवहार अहिले पनि नेपाली समाजमा विद्यमान छ ।


**घरेलु हिंसालाई प्रश्रय दिने कारणहरू :**

- पितृसत्तात्मक सोच, संरचना, अभ्यास, परम्परा
- अत्याधिक मादक पदार्थ (रक्सी) को प्रयोग
- पारिवारिक आर्थिक स्थिति कमजोर
- घरायसी कामको उचित मूल्याङ्कनको अभाव
- स्रोतसाधन तथा अवसरहरूको भेदभावपूर्ण वितरण वा श्रोतसाधनमाथि महिलाको नियन्त्रण नहुनु
- छोरालाई महत्व दिने परम्परा
- महिलाको तथा पीडकको नाजुक शैक्षिक स्थिति
- विवाहको बेलामा कम दाइजो ल्याएको कारण, आदि ।

### ४.२. घरेलु हिंसाका प्रकारहरू र नेपालमा घरेलु हिंसाको अवस्था :

घरघरमा महिला, बालबालिका वा पुरुषले कुनै न कुनै हिंसाको सामना गरिरहेका पाइन्छन् । घरेलु हिंसासम्बन्धी सरकारसँग यकीन तथ्याङ्क छैन तैपनि विभिन्न अध्ययन/अनुसन्धान वा भइरहेका घटनाहरूको प्रकृति हेर्ने हो भने पुरुष/बालकको तुलनामा बालिका/महिला नै बढी घरेलु हिंसाबाट पीडित र प्रभावित बनेको अवस्था विद्यमान छ । त्यसैगरी अर्काको घरमा घरेलु श्रमिकका रूपमा बसेकाहरू, अरूहरू वा आफन्तको संरक्षकत्वमा रहेकाहरूले बढी हिंसा/दूर्व्यवहार भोग्नुपरेको पाइन्छ । नेपालमा ३५ प्रतिशत महिलाले आफ्नै घरभित्र लैङ्गिकतामा आधारित हिंसा भोगेका छन् । धेरैजसो घरेलु हिंसाको घटनाहरू औपचारिक तथा अनौपचारिक संस्थाहरूको जानकारी वा अभिलेखमा आउँदैआउँदैन ।

## ४.३. घरेलु हिंसाले बालबालिकाहरूलाई पार्ने असर :




शारीरिक, मानसिक/भावनात्मक, आर्थिक, यौनहिंसाका रूपमा घरभित्रै एकदम नजिकको नाता/सम्बन्धमा रहेकाहरूबाटै हुने घरेलुहिंसाको कारण पीडित महिला/पुरुषलाई असर पर्दछ नै तर बालबालिकामा पनि त्यसको प्रत्यक्ष/अप्रत्यक्ष असर पर्दछ । घरेलु हिंसाका कारण बालबालिकामा पर्ने असरहरूमा :

- घरेलु झगडा, किचलो, दूर्व्यवहारजस्ता कुराहरूले बालबालिकामा तनाव उत्पन्न भई उनीहरूमा मानसिक समस्या (एकाग्र हुने, रिसाउने, झर्किने, नबोल्ने, निद्रामा बर्बराउने) आउन सक्दछ ।
- घर छोडेर हिड्ने (जस्तैः सडकमा आश्रित बालक वा बालिकाको रूपमा रहने, वा बेपत्ता हुने )
- लागु पदार्थको प्रयोग गर्ने, विद्यालय अनियमित हुने, पढाइमा ध्यान दिन नसक्ने वा विद्यालय छोड्ने

- बालविवाह गर्ने सम्भावना रहन्छ
- हिंसात्मक बानी व्यहोरा सिक्ने, अरूलाई गाली गर्ने, कुटपीट गर्ने, हेप्नेजस्ता कार्य सुरु गर्ने
- पारिवारिक वा अभिभावकको मायाममता नपाउने हुनाले उनीहरू जिद्दी स्वभावको हुन सक्दछन्
- अङ्गभङ्ग/घाइते हुने, चोटपटक लाग्ने
- आत्महत्यासमेत गर्न सक्ने सम्भावना रहन्छ ।

## ४.४. घरेलु हिंसा नियन्त्रणसम्बन्धी कानुनी व्यवस्था:

घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ को उद्देश्य प्रत्येक व्यक्तिको सुरक्षित र सम्मानजनक तवरले बाँच्न पाउने अधिकारको सम्मान गर्दै घरपरिवारभित्र वा घरपरिवारसँग गाँसिएर हुने हिंसाजन्य कार्यलाई दण्डनीय बनाई त्यस्तो कार्य नियन्त्रण गर्नु तथा घरेलु हिंसाबाट पीडित व्यक्तिलाई संरक्षण गरी न्याय प्रदान गर्नु उल्लेख गरेको छ ।

### घरेलु हिंसाका प्रकारहरू

- शारीरिक यातनाः अङ्गभङ्ग ठहर्ने बाहेक कुटपिट गर्ने, थुनामा राख्ने, शारीरिक चोट पुऱ्याउने वा त्यस्तै अन्य कुनै काम गर्ने गराउने कार्य पर्दछ ।
- मानसिक यातनाः शारीरिक यातनाको डरधाक देखाउने वा धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गालीगलौज गर्ने, झुटा बात लगाउने, घरबाट निकाला गर्ने, मानसिक चोट पुग्न सक्ने कार्य गर्ने गराउने साथै वैचारिक, धार्मिक वा सांस्कृतिक तथा प्रथा परम्पराका आधारमा गरिने भेदभावजन्य कार्य पर्दछ ।
- यौनजन्य यातनाः यौनजन्य प्रकृतिको दूर्व्यवहार अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पुऱ्याउने, सुरक्षित यौनस्वास्थ्यमा आघात पुग्ने जस्ता कुनै पनि कार्य पर्दछ ।
- आर्थिक यातनाः सगोल वा निजी सम्पत्तिको प्रयोग गर्न वा रोजगारी वा आर्थिक स्रोत साधनको पहुँच वा प्रयोगमा वञ्चित गर्ने जस्ता कार्य पर्दछन् । त्यस्तै घरपरिवारबाट पाउने सेवा सुविधाहरू वञ्चितीकरण पनि यस अन्तर्गत पर्दछन् ।

### घरेलु हिंसामा हुने सजाय :

- घरेलु हिंसा गरेमा : कसैले घरेलु हिंसा गरेमा त्यस्तो व्यक्तिलाई रु ३००० देखि रु २५,००० सम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुन सक्दछ ।
- घरेलु हिंसाको उद्योग गरेमा : घरेलु हिंसाको उद्योग, दुरूत्साहन गर्ने वा मतियार हुनेलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुन्छ ।
- पटके पीडकको हकमाः एकपटक घरेलु हिंसाको कसूरमा सजाय पाइसकेको व्यक्तिले पुनः सोही कसूर गरेमा पटकै पिच्छे दोब्बर सजाय हुन्छ ।
- सार्वजनिक पदमा कार्यरत व्यक्तिले हिंसा गरेमा : सार्वजनिक जवाफदेहीको पदमा वहाल रहेको कुनै व्यक्तिले कसूर गरेमा निजलाई थप १० प्रतिशत सजाय हुन्छ ।

### प्रहरी कार्यालय वा स्थानीय निकायमा दर्ता भएको उजुरीसम्बन्धी कारबाही :

- प्रहरी कार्यालयमा दर्ता भएको उजुरीको सम्बन्धमाबाटोको म्याद बाहेक २४ घण्टाभित्र पीडकलाई झिकाउने र अटेर गरेमा पक्राउ गरी बयान गराउनुपर्दछ ।


- स्थानीय निकायमा उजुरी दर्ता भएकोमाबाटोको म्याद बाहेक २४ घण्टाभित्र पीडकलाई झिकाई बयान गराउने र पीडक अटेर गरी उपस्थित हुन नआएमा प्रहरीको सहयोगमा पक्राउ गरी बयान गराउनुपर्दछ ।
- पीडकलाई उपस्थित हुन दिएको म्याद समाप्त भएको, झिकाएको वा पक्राउ गरी ल्याएको मितिले ३० दिनभित्र मुद्दाको टुङ्गो लगाइ सक्नुपर्दछ ।
- पीडितलाई कुनै शारीरिक चोटपटक वा मानसिक यातना पुगेको देखिएमा तत्काल उपचारको लागि अस्पताल वा स्वास्थ्य केन्द्रमा पठाई घाउ जाँच र उपचार गराउनुपर्दछ ।
- उजुरीको प्रारम्भिक छानबीन गर्दा पीडित व्यक्तिलाई सुरक्षा प्रदान गर्न आवश्यक देखिएमा प्रहरी कार्यालयको सहयोग लिई तत्काल सुरक्षा व्यवस्था मिलाउनुपर्दछ ।

### उजुरीसम्बन्धी व्यवस्था

- उजुरी गर्ने निकायहरूः प्रहरी कार्यालय, स्थानीय निकाय (गाविस, नगरपालिका), राष्ट्रिय महिला आयोग र अदालत ।
- घरेलु हिंसासम्बन्धी कसूरको मौखिक र लिखित दुवै प्रक्रियाबाट उजुरी दिन सकिन्छ ।
- घरेलु हिंसा भएको, भइरहेको वा हुनलागेको थाहा पाउने जुनसुकै व्यक्तिले उजुरी गर्न सक्दछ ।
- घरेलु हिंसाको कसूर भए गरेको मितिले ९० दिनभित्र उजुरी दिनुपर्दछ ।

### मेलमिलापसम्बन्धी व्यवस्था :

- पीडकको बयानसमेतबाट घरेलु हिंसा भएको देखिएमा र पीडितले चाहेमा प्रहरी कार्यालय र स्थानीय निकायले उजुरी परेको मितिले ३० दिनभित्र दुवै पक्षबीच मेलमिलाप गराउनुपर्दछ ।
- मेलमिलाप गराउँदा उपलब्ध भएसम्म मनोचिकित्सक, समाजशास्त्री, समाजसेवी, पीडितले विश्वास गरेको परिवारको सदस्य र अन्य साक्षीसमेतको सहयोग लिन सकिने ।
- मेलमिलाप गराउँदा पीडितलाई पर्न सक्ने मनोवैज्ञानिक तथा सामाजिक प्रभाव र पीडितको गोपनियताको अधिकारसमेतलाई ध्यान पुऱ्याएको हुनुपर्दछ ।



### अदालतमा भएको उजुरीसम्बन्धी कारबाही :

- पीडक उपस्थित नभएमा वा उपस्थिति गराउन नसकेको वा पक्षहरूबीच मेलमिलाप हुन नसकेको अवस्थामा प्रहरी कार्यालय वा स्थानीय निकायले उजुरीकर्ताको सहमति भएमा म्याद समाप्त भएको मितिले १५ दिनभित्र उजुरी र सम्बन्धित मिसिल कागज र प्रमाण अदालत समक्ष प्रस्तुत गर्नुपर्दछ र सोही उजुरीका आधारमा अदालतले आवश्यक कारबाही किनारा गर्दछ ।
- घरेलु हिंसाको पीडितले चाहेमा सोझै अदालतमा उजुरी दिन सक्नेछ र ९० दिनभित्रमा घरेलु हिंसासम्बन्धी मुद्दाको कारबाही किनारा गरिसक्नुपर्दछ ।
- पीडितले अनुरोध गरेमा घरेलु हिंसासम्बन्धी उजुरीको कारबाही र सुनुवाइ अदालतले बन्द इजलासमा गर्नुपर्दछ ।

***

# ५. बालश्रम शोषण



**१ घण्टा**
**३० मिनेट**

## ५.१ सत्रको परिचय :

मानव सभ्यताको विकास र विश्वव्यापी औद्योगिकरणको कारण बालश्रम नेपाललगायत विकासोन्मुख देशहरूमा देख्न सकिने बालसंरक्षणको एक गहन मुद्दा हो । औपचारिक शिक्षा प्राप्त गर्न नसकेका, आर्थिक अवस्था कमजोर भएका र परिवारविहीन बालबालिका बालश्रममा संलग्न हुन बाध्य छन् भने अर्कोतर्फ बालश्रम शोषणका कारण औपचारिक शिक्षा हासिल गर्न असक्षम हुन्छन्, न्यून आय हुन्छ र यसबाट पछिल्लो पुस्तासमेत उही चक्रबाट गुज्रन बाध्य छन् । यो कहिल्यै अन्त्य नहुने दुश्चक्र (Vicious Chain)बाट उक्त व्यक्ति, परिवार र सिङ्गो समुदाय अल्फिरहेको हुन्छ । यसले बालबालिकालाई अन्य हानि वा जोखिमतिर धकेल्दछ । यसर्थ बालश्रम र घरेलु बालश्रमबारे छलफल गरी स्थानीयतहमा रोकथामका उपायहरू खोज्न यस विषयको छनौट गरिएको हो । यो छलफलपश्चात् सहभागीहरूले बालश्रमसम्बन्धी जानकारी, यसका कारणहरू, कानुनी प्रावधान र रोकथामका उपायबारे जानकार भएका हुनेछन् ।

## ५.२ अपेक्षित उपलब्धि :

यस सत्रको अन्त्यमा सहभागीले,

- बालबालिकाले गर्ने कार्य र बालश्रम शोषणकोबारे भिन्नता छुट्याउन सक्नेछन् ।
- बालश्रमशोषणसम्बन्धी नेपालको कानुनी व्यबस्थाहरूबारे जानकारी पाई मुख्यमुख्य प्रावधानहरू बताउन सक्नेछन् ।
- बालश्रमशोषणका कारणहरूबारे छलफल गरी स्थानीयस्तरमा बालश्रम न्युनीकरणसम्बन्धी योजना तयार गर्नेछन् ।

## ५.३ सत्र सञ्चालनका लागि आवश्यक सामग्री :

न्यूजप्रिन्ट पेपर वा ह्वाइट बोर्ड, पर्मानेन्ट र बोर्ड मार्कर, विभिन्न रङ्गका मेटाकार्ड, पेपर टेप आदि ।

## ५.४ सत्रको तयारी :

- सत्र सञ्चालनका लागि आवश्यक बुँदाहरू (सत्र सञ्चालन प्रक्रियाको क्रममा बक्समा दिइएको छ) लाई छलफल गर्न सहज गराउन मेटाकार्ड वा न्यूजप्रिन्ट पेपरमा लेख्नुहोस् ।
- सत्र सञ्चालनको क्रममा आवश्यक नेपालको अन्तरिम संविधान, २०६३, बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ र यसको नियमावली साथै सम्भव भएसम्म अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ) को श्रमका लागि न्यूनतम उमेर निर्धारणसम्बन्धी महासन्धि नं. १३८ तथा निकृष्ट प्रकारको बालश्रम उन्मूलनसम्बन्धी महासन्धि नं. १८२ लाई सुक्ष्मरूपमा अध्ययन गर्नुहोस् ।

## ५.५ सत्र सञ्चालन गर्ने प्रक्रिया :

- सर्वप्रथम सहजकर्ताले 'अब हामी घरेलु हिंसाकाबारेमा छलफल गर्नेछौं' भनी उपस्थित सबै सहभागीहरूलाई ध्यानाकर्षण गर्ने । (नोटः विषय सान्दर्भिक कुनै हास्यव्यङ्ग्य वा गीत गाएर पनि छलफलको वातावरण निर्माण गर्न सकिन्छ ।)

## क्रियाकलाप १ः बालश्रमबारे जानकारी (२० मिनेट)

- 'अबको छलफलमा हामी बालश्रमसम्बन्धी छलफल गर्नेछौं' भनी जानकारी दिदैं सहभागीहरूलाई विषयगत छलफलमा केन्द्रित गर्नुहोस् । त्यसपछि, 'हाम्रो घरपरिवार वा समुदायमा बालबालिकाले के-कस्ता कामहरू गर्दछन् ?' भनी सहभागीहरूलाई सोध्नुहोस् ।
- सहभागीबाट आएका सबैजसो उत्तरलाई ह्वाइटबोर्ड वा न्यूजप्रिन्ट पेपरमा बुझिनेगरी लेख्नुहोस् वा लेख्न लगाउनुहोस् ।
- सबैजसो सहभागीको उत्तर आइसकेपछि टिपिएका बुँदाहरूलाई कुनै एक सहभागीलाई पुनः वाचन गर्न लगाउनुहोस् ।
- 'बालबालिकाले गर्ने यी कार्यहरू के सबै बालश्रम हुन् त ?' भनी सहभागीलाई सोध्दै 'बालश्रम' र 'बालबालिकाले गर्ने काम' बीचको भिन्नता जनाउने खालका प्रतिनिधिमूलक विचार लिनुहोस् ।
- सबै सहभागीहरूको जवाफ आइसकेपछि उनीहरूको विचारका लागि धन्यवाद दिदैं निम्न जानकारीसहित प्रस्तुती गर्नुहोस् ।

### बालश्रम

- बालबालिकाको इच्छाविरूद्ध काममा लगाउनु बालश्रम हो ।
- १८ वर्षमुनिका बालबालिकाले उनीहरूको स्वास्थ्य, शारीरिक, मानसिक, बौद्धिक, नैतिक तथा सामाजिक विकासमा नकारात्मक प्रभाव पर्नेगरी तथा उनीहरूको शिक्षा प्राप्त गर्ने अधिकार कुण्ठित हुनेगरी गरिने काम बालश्रम हो ।
- बालबालिकाको शारीरिक, मानसिक विकासमा नकारात्मक असर नपर्ने गरी उनीहरूको सामाजिकीकरण गर्न, सीपहरू सिक्न, सिकाउनका लागि तथा बालअधिकारको संरक्षण हुने गरी आफ्नै घरमा वा विद्यालयमा वा समाजमा गरिने काम बालश्रम मानिंदैन ।
- कानुनद्वारा मान्यताप्राप्त काम गर्ने उमेर नपुगेका बालबालिका आफ्नो घरबाहेक अर्को व्यक्तिको घरमा पेसागत हिसाबले घरेलु कामधन्दामा संलग्न हुने कार्यलाई घरेलु बालश्रम भनिन्छ ।
- नेपाल सरकारले देहायका सात प्रकारका बालश्रमलाई निकृष्ट प्रकारको बालश्रम भनी परिभाषित गरिएको छ :
    - बालभरिया
    - सडक (मा आश्रित) बालबालिका
    - बालबालिकाको बेचबिखन
    - बालबँधुवा बालश्रम
    - घरेलु बालश्रमिक
    - इँटा कारखानामा काम गर्ने बालश्रमिक
    - कोईला तथा अन्य खानीमा काम गर्ने बालश्रमिक ।
- केन्द्रीय तथ्याङ्क विभागको अनुमानअनुसार ५ वर्षदेखि १४ वर्ष उमेरसमूहका जम्मा ६२ लाख २९ हजार बालबालिकामध्ये २१ लाख ११ हजार (३३.९ प्रतिशत) बालबालिका कुनै न कुनै रूपमा काममा संलग्न रहेको पाइन्छ ।

### क्रियाकलाप २ः बालश्रमशोषण न्यूनीकरणबारे विद्यमान कानुनी व्यवस्था परिचय (२० मिनेट)

- ○ 'अब हामी बालश्रमका सम्बन्धमा नेपालको विद्यमान कानुनी व्यवस्थाबारे छलफल गर्नेछौं' भनी देहायको जानकारीसहित प्रस्तुती गर्नुहोस् । (आवश्यकता भएमा वा सहभागीहरूको स्तरअनुसार अन्तर्राष्ट्रिय व्यवस्थाबारे पनि छलफल गर्न सकिन्छ ।)

**बालश्रमसम्बन्धी नेपालको कानुनी व्यवस्था**

बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ को प्रावधानअनुसार-

- १४ वर्षमुनिकालाई बालश्रममा प्रयोग गर्नु हुँदैन ।
- उमेर पुगेका बालबालिकालाई काममा लगाउनु अघि श्रम कार्यालयको स्वीकृति लिनुपर्दछ ।
- बालबालिकालाई बेलुका ६ बजे पछि बिहान ६ बजे सम्मको अवधिभर काममा लगाउनु हुँदैन ।
- बालबालिकालाई काममा लगाउँदा दिनमा ६ घण्टा र १ हप्तामा ३६ घण्टाभन्दा बढी काममा लगाउनु हुँदैन ।
- बालबालिकालाई लगातार ३ घण्टा काम गरे पछि आधा घण्टा आराम गर्ने समय र प्रत्येक हप्ताको १ दिन बिदा दिनुपर्नेछ ।
- कसैले पनि बालबालिकालाई ललाईफकाई, झुक्याई, डर, त्रास, प्रलोभन, दबावमा पारी वा अन्य कुनै तरिकाले निजको इच्छाविरूद्ध श्रमिकको रूपमा काममा लगाउनुहुँदैन । इच्छाविपरीत काममा लगाएमा १ वर्षसम्म कैद वा ५० हजारसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

- बालश्रमसम्बन्धी कानुनी व्यवस्थाका सम्बन्धमा थप अन्य जिज्ञासा भए सहभागीलाई प्रश्न गर्न अनुरोध गर्ने र आवश्यकतानुसार अध्ययन सामग्रीको सहयोगमा जवाफ दिने ।

### क्रियाकलाप ३ः समुदायतहमा बालश्रमशोषण न्यूनीकरणका उपायहरू (३०+२० मिनेट)

- सहभागीलाई १, २, ३ र ४ अङ्क क्रमसँग भन्न लगाउनुहोस् । सबैले अङ्क गनिसकेपछि एकै अंक पर्ने सहभागीहरू एक ठाउँमा जम्मा हुन भन्नुहोस् र सोही आधारमा समूह निर्माण गर्नुहोस् ।
- सबै समूहलाई देहायका प्रश्नहरूको आधारमा समूहमा छलफल गरी समूहबाट आएका विचारलाई न्यूजप्रिन्ट पेपरमा लेख्न लगाउनुहोस् ।
    - ○ हाम्रो समुदायमा के-कस्ता बालश्रम छन् ?
    - ○ बालश्रम न्यूनीकरणका लागि समुदायतहमा के-कस्ता कार्यहरू गर्न सकिन्छ ?

| समूह-कार्यबाट आएका विचारलाई न्यूजप्रिन्ट पेपरमा निम्न ढाँचामा टिप्न सकिन्छ (वा छुट्टाछुट्टै न्यूजप्रिन्ट पेपरमा पनि टिप्न सकिन्छ) । | |
|---|---|
| समुदायमा रहेका बालश्रमहरू | न्यूनीकरणका उपायहरू |
| | सहभागीहरूबाट आउन सक्ने विचारहरू यसप्रकार आउन सक्दछन् :<br>• बालश्रमिकलाई अनौपचारिक शिक्षा दिनुपर्दछ<br>• उमेर पुगेका बालश्रमिकलाई सीप शिक्षा दिनुपर्दछ<br>• गाउँसमुदायमा बालश्रम शोषण भएमा उजुरी गर्ने<br>• बालश्रमिकको हितको लागि जनचेतना र बहस पैरवी गर्ने । |

- समूहबाट आएका विचारहरूलाई प्रस्तुत गर्न प्रत्येक समूहलाई एक-एक जना नेता छान्न लगाउनुहोस् ।
- समूहको नेतालाई क्रमैसँग समूह-कार्य प्रस्तुत गर्न, अन्य समूहलाई कुनै बुँदामाथि प्रस्ट हुन चाहेमा प्रश्न गर्नसक्ने तथा प्रस्तुत गर्ने नेता र समूह सदस्यहरूले स्पष्ट पार्न अनुरोध गर्नुहोस् ।
- सहजकर्ताले यदि कुनै बुँदामाथि छलफल गर्न आवश्यक ठानेमा छलफल गर्नुहोस् र आएका विचारहरूलाई एकत्रित गर्दै बालश्रम न्यूनीकरण गर्न सबैजना प्रतिबद्ध हुनुपर्नेमा जोड दिनुहोस् ।

### क्रियाकलाप ४ : सत्रको मूल्याङ्कन र सारसंक्षेप (१० मिनेट)

- सत्रको अन्त्यमा सत्रको मूल्याङ्कन गरी हालसम्म गरिएका छलफलमा सक्रियतापूर्वक भाग लिएकोमा सहभागीहरूलाई धन्यवाद दिनुहोस् ।

**सहभागीलाई मूल्याङ्कनका लागि सोध्न सकिने केही प्रश्नहरू**

१. बालश्रम शोषण भनेको के हो ?
२. कति वर्षमुनिकालाई बालश्रममा नै लगाउन पाईदैन ?
३. बालश्रम न्यूनीकरणका लागि हामीले के-के गर्न सकिंदोरहेछ त ?

***

# अध्ययन सामग्री

### ५.१. बालश्रम (शोषण)

बालबालिकालाई सामाजिक वा आर्थिक लाभका लागि श्रममा संलग्न गराउनु बालश्रम हो । नेपालमा कानुनले बालबालिकाको उमेरका आधारमा स्वीकार्य र अस्वीकार्य कामहरू तोकेको छ । अर्थात् १४ वर्ष उमेर पुगेका बालबालिकालाई श्रममा लगाउन पाइन्छ तर खासखास क्षेत्रको काम गर्न पाउने हुनका लागि १६ वर्ष र १८ वर्ष उमेर पूरा गरेको हुनुपर्दछ । कानुनले तोकेकोभन्दा कम उमेरका बालबालिकालाई श्रममा संलग्न गराउनुलाई श्रमशोषण भनिन्छ । यो अपराध हो ।

नेपालका सन्दर्भमा १८ वर्षमुनिका बालबालिकाले उनीहरूको स्वास्थ्य, शारीरिक, मानसिक, बौद्धिक, नैतिक तथा समाजिक विकासमा नकारात्मक प्रभाव पर्ने गरी तथा उनीहरूको शिक्षा प्राप्त गर्ने अधिकार कुण्ठित हुनेगरी गरिने काम बालश्रम हो । त्यसो त बालबालिकाको शारीरिक, मानसिकविकासमा नकारात्मक असर नपर्नेगरी उनीहरूको सामाजिकीकरण गर्न, सीपहरू सिक्न, सिकाउनका लागि तथा बालअधिकारको संरक्षण हुने गरी आफ्नै घरमा वा विद्यालयमा वा समाजमा गरिने काम बालश्रम मानिदैन । यस्ता कामहरूले बालअधिकारसम्बन्धी कुनै पनि अन्तर्राष्ट्रिय कानुनहरूले सुनिश्चित गरेका अधिकारहरूमाथि हस्तक्षेप गर्दैनन् र गर्नुहँदैन ।

**घरेलु बालश्रम के हो ?**

कानुनद्वारा मान्यताप्राप्त काम गर्ने उमेर नपुगेका बालबालिका आफ्नो घरबाहेक अर्को व्यक्तिको घर मा पेसागत हिसाबले घरेलु कामधन्दामा संलग्न हुने कार्यलाई घरेलु बालश्रम भनिन्छ । घरेलु बालश्रमिकले घर सफा गर्ने, खाना पकाउने, भाँडा माझ्ने, लुगा धुने, मिलाउने, पट्याउने, पानी ओसार्ने, आइरन लगाउने, घरका बालबालिकालाई विद्यालय पुऱ्याउने र ल्याउने आदि काम गर्नुपर्दछ ।

### ५.२. नेपालमा बालश्रमको स्थिति :

आइएलओ/आइपेकले द्रूत मूल्याङ्कन पद्धति (Rapid Assesment)बाट गरिएको एक अध्ययनअनुसार नेपालमा ७ प्रकारका बालश्रमलाई निकृष्ट प्रकारका बालश्रम भनी पहिचान गरिएको छ । तिनमा– १. बालभरिया, २. सडक (मा आश्रित) बालबालिका, ३. बालबालिकाको बेचबिखन, ४. बालबँधुवा बालश्रम, ५. घरेलु बालश्रमिक, ६. इट्टा कारखानामा काम गर्ने बालश्रमिक, ७. कोइला तथा अन्य खानीमा काममा काम गर्ने बालबालिका पर्दछन् । आइएलओको अर्को अनुमानअनुसार २६ लाख बालश्रमिकमध्ये १ लाख २७ हजार बालबाबालिका जोखिमपूर्ण श्रममा संलग्न पाइएको छ । विश्वका अधिकांश अल्पविकसित देशहरूमा जस्तै नेपालमा पनि बालश्रम शोषण एक जटिल समस्याका रूपमा रहेको छ । नेपाल उच्च बालश्रम रहेका मुलुकहरूमध्ये एक हो ।




केन्द्रीय तथ्याङ्क विभागको राष्ट्रिय श्रमशक्ति सर्वेक्षण (National Labour Force Survey (NLFS/CBS) २००८ को अनुमानअनुसार ५ वर्षदेखि १४ वर्ष उमेरसमूहका जम्मा ६२ लाख २९ हजार बालबालिकामध्ये २१ लाख ११ हजार (३३.९ प्रतिशत) बालबालिका कुनै न कुनै रूपमा काममा संलग्न रहेको देखाइएको छ । उक्त सर्वेक्षणअनुसार लैङ्गिक आधारमा ३०.२ प्रतिशत बालक तथा ३७.८ प्रतिशत बालिका र भौगोलिक क्षेत्रका आधारमा

सहरी क्षेत्रमा १४.४ प्रतिशत र ग्रामीण क्षेत्रमा ३६.७ प्रतिशत बालबालिका श्रममा संलग्न भएको पाइएको थियो । यस्तै उमेरगत आधारमा ५ देखि ९ वर्ष उमेरसमूहका ३ लाख ९८ हजार बालबालिका (१३.४ प्रतिशत) र १० देखि १४ उमेरसमूहका १७ लाख १३ हजार बालबालिका (५२.७ प्रतिशत) सक्रिय रहेको देखाइएको छ । यसअनुसार श्रमशक्ति सहभागिता दर पाँच वर्ष उमेरका बालबालिकाको १.६ प्रतिशत र १४ वर्ष उमेरका बालबालिकाको ६३.८ प्रतिशत रहेको छ ।

## ५.३. बालश्रमसम्बन्धी नीति तथा कानुनी व्यवस्था :

श्रमका लागि न्यूनतम उमेर निर्धारणसम्बन्धी आइएलओ महासन्धि[1] नं. १३८ ले १८ वर्षमुनिका बालबालिकालाई जोखिमपूर्ण श्रममा लगाउन निषेध गरेको छ । तर 'आर्थिक र शैक्षिक सुविधा पर्याप्त विकसित नभएका राष्ट्रहरूका सन्दर्भमा भने यदि पर्याप्त शिक्षा, स्वास्थ्य, नैतिकताको दृष्टिबाट पूर्ण सुरक्षित भएमा १४ वर्षदेखि नै बालबालिकालाई काममा लगाउन सकिने' व्यवस्था छ ।



अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ) को निकृष्ट प्रकारको बालश्रम उन्मूलनसम्बन्धी महासन्धि[2] नं. १८२ ले-

- बालबालिकालाई जोखिमयुक्त प्रकारका बालश्रममा लगाउनबाट रोक्नका लागि पहल गर्ने ।
- जोखिमयुक्त प्रकारका बालश्रमबाट बालबालिकाको उद्धार गरी उनीहरूलाई समाजमा पुनर्स्थापित गर्ने कार्यका लागि आवश्यक तथा उपयुक्त प्रत्यक्ष सहयोग प्रदान गर्ने ।
- जोखिमयुक्त बालश्रमबाट मुक्त गरिएका बालबालिकालाई निःशुल्क शिक्षा उपलब्ध गराउन र सम्भव भएसम्म उपयुक्त व्यावसायिक तालिम दिन पहल गर्ने लगायतका व्यवस्था गरेको छ ।

बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ ले- १४ वर्ष नपुगेका बालबालिकालाई श्रमिकका रूपमा काममा लगाउनुहुँदैन (दफा ३.१) भनेको छ । तर यसले बालबालिकाले घरपरिवारमा गर्ने मद्दतलाई निषेध गरेको रूपमा बुझ्नुहुँदैन । दफा ९ ले काममा लगाउने समय तोकेको छ । यसअनुसार :

(१) बालकलाई बेलुका छ बजेपछि बिहान छ बजेसम्मको अवधिभर काममा लगाउनुहुँदैन ।

(२) बालकलाई काममा लगाउँदा दिनमा छ घण्टा र एक हप्तामा छत्तीस घण्टाभन्दा बढी अतिरिक्त पारिश्रमिक दिई वा नदिई काममा लगाउनुहुँदैन ।

(३) बालकलाई प्रत्येक दिन लगातार तीन घण्टा काम गरेपछि आधा घण्टा आराम गर्ने समय र प्रत्येक सप्ताहमा एक दिनको बिदा दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम दिइएको प्रत्येक दिनको आधा घण्टाको आराम गर्ने समय र प्रत्येक सप्ताहको एक दिनको बिदा काम गरेको अवधि मानिनेछ ।

(५) एकै दिन एउटा प्रतिष्ठानमा काम गरिसकेको बालकलाई सोही दिन पुनः अर्को प्रतिष्ठानमा काममा लगाउनुहुँदैन ।

१ सन् १९७३ मा पारित भएको यस महासन्धिलाई नेपालले सन् १९९६ मा अनुमोदन गरेको हो ।
२ यस महासन्धिलाई नेपालले सन् १९९६ मा अनुमोदन गरेको हो ।

कसैले पनि बालबालिकालाई ललाईफकाई, झुक्याई, डर, त्रास, प्रलोभन, दबावमा पारी वा अन्य कुनै तरिकाले निजको इच्छाविरुद्ध श्रमिकको रूपमा काममा लगाउनुहुँदैन (दफा ४) । इच्छाविपरीत काममा लगाएमा १ वर्षसम्म कैद वा ५० हजारसम्म जरिवाना वा दुवै सजाय हुनेछ (दफा १९ को उपदफा २) ।

१६ वर्षसम्मका कुनै पनि बालबालिकालाई हलुका खालको काममा मात्र लगाउनुपर्दछ । ऐनको अनुसूचीमा उल्लेख भएबमोजिमको जोखिमपूर्ण व्यवसाय वा काममा लगाउनुहुँदैन (दफा ३ को उपदफा २)। कसैले यस्तो जोखिमपूर्ण काममा बालबालिका लगाएमा १ वर्षसम्म कैद वा पचास हजार सजाय हुनेछ । जोखिमपूर्ण व्यवसाय वा कार्यसञ्चालन गरिरहेको वा गर्ने व्यवस्थापकले तोकिएबमोजिमको विवरण श्रम कार्यालयमा दिनुपर्नेछ (दफा ५) । सो नदिएमा १ महिना कैद वा ३ हजारसम्म जरिवाना वा दुवै सजाय हुनेछ (दफा १९ को उपदफा ४) ।

प्रतिष्ठानमा बालबालिकालाई श्रमिकका रूपमा काममा लगाउनुअघि श्रम कार्यालयमार्फत चिकित्सकद्वारा काम गर्न सक्ने योग्यताको प्रमाणपत्र लिनुपर्नेछ (दफा ७) । प्रतिष्ठानले श्रमिकका रूपमा काम गर्ने कुनै पनि बालबालिकालाई लिङ्ग, वर्ण, धर्म, जातजातिका आधारमा कुनै भेदभाव नगरी समान कामका लागि समान पारिश्रमिक र सुविधा दिनुपर्नेछ (दफा १० को उपदफा १) । यस विपरीत कुनै काम गरेमा निजलाई २ महिनासम्म कैद वा ५ हजारसम्म जरिवाना वा दुवै सजाय हुनेछ (दफा १९ को उपदफा ३)।

## ५.४. बालश्रमिक न्यूनीकरणका उपायहरू

- बालबालिकाका सबै अधिकार श्रमिकका रूपमा कार्य गर्न बाध्य बालबालिकाका हकमा पनि समानरूपले लागु हुन्छ भन्ने कुराको हेक्का आफूले पनि राख्ने र अरूलाई पनि यसबारेमा बताएर बालअधिकार परिपालनाको वातावरण बनाउने,
- बालअधिकार तथा बालश्रमसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनकाबारेमा जानकारी राखेर वा सम्बन्धित व्यक्ति तथा संस्थाहरूलाई जानकारी गराएर तिनको कार्यान्वयनमा योगदान पुऱ्याउने,
- गाउँघर, छरछिमेकतिर निकृष्ट अवस्थामा वा अत्यन्त दयनीय अवस्थामा रहेर श्रम गर्न बाध्य बालश्रमिकहरूमाथि हुने हिंसाका विरुद्धमा उभिएर, पीडितहरूको पक्षमा आवाज उठाएर र पैरवी गरेर सहयोग पुऱ्याउने,
- बालश्रमिकहरूलाई औपचारिक शिक्षामा सहभागी गराउनका लागि सम्बन्धित शैक्षिक निकायहरूसँग पहलकदमी वा सहकार्य गर्ने र बालश्रमिकका रूपमा श्रम गर्न बाध्य बालबालिकालाई समुदायमा सञ्चालित बालक्लब तथा बालबालिकाको समूहहरूमा संलग्न गराउन सहयोग गर्ने,
- सम्बन्धित सरकारी कार्यालय (मुख्यतः श्रम निरीक्षकको कार्यालय) मा बालश्रमिकको दर्ता गर्ने कार्यमा सहयोग गर्ने,
- विद्यालय वा समुदायमा बालबालिकाको सहभागितामा हुने कविता, वादविवाद, वक्तृत्वकला, निबन्ध प्रतियोगिता आदिमा निकृष्ट प्रकारको बालश्रमको विषयलाई समावेश गरेर यससम्बन्धी जनचेतना बढाउने,
- निकृष्ट प्रकारको बालश्रमविरुद्ध चेतना जगाउन नाटक, सांस्कृतिक कार्यक्रमहरू सञ्चालन गर्ने आदि ।

**बालश्रम शोषणको अन्त्यका लागि समुदायतहमा रहेका बालसंरक्षण समितिका केही भूमिकाहरू**

समितिका सदस्यहरूले बालश्रम प्रयोग नगर्ने :

- कानुनले श्रमका लागि स्वीकृत गरेका उमेर (१४ वर्ष) नपुगेका बालबालिकालाई आफ्नो घरपरिवार तथा व्यवसायमा कुनै पनि बहानामा श्रममा नलगाउने ।
- बालश्रम प्रयोग भएका उत्पादन तथा सेवाहरूलाई बहिष्कार गर्ने ।
- बालश्रम शोषण गर्ने व्यक्ति, परिवार तथा उद्योगप्रतिष्ठानलाई सामाजिक वहिष्कार गर्ने ।

बालश्रमिकहरूका लागि आवश्यक सुविधा सुनिश्चित गर्न पहल गर्ने :

- कुनै विशेष परिस्थिति र समस्याका कारणले श्रममा संलग्न हुन बाध्य भएका बालक वा बालिकालाई अन्य विकल्पको खोजी गरी उनीहरूलाई त्यहाँबाट हटाएर सुरक्षित स्थानमा स्थान्तरण गर्ने सक्दो कोशिस गर्ने ।
- यदि त्यसरी श्रममा संलग्न बालबालिकालाई उद्धार गर्न तत्काल नसकिने भएमा–
    - उनीहरूलाई नियमित विद्यालय, अनौपचारिक शिक्षा वा व्यावसायिक शिक्षा तथा सीपविकास तालिममा सामेल हुने अवसर प्रदान गर्ने । उनीहरूको शिक्षा तथा सीपविकासका लागि आवश्यक आर्थिक श्रोत जुटाई सहयोग पुर्‍याउने ।
    - बालबालिकालाई श्रमिकका रूपमा लगाएका घरपरिवार तथा उद्योगप्रतिष्ठानको नियमित अनुगमन गरी बालबालिकाको तलब, बिदा, परिवारसँगको भेटघाट, स्वास्थ्य सुविधा तथा उपयुक्त आवास र खानाको व्यवस्था भएको यकीन गर्ने ।
    - घरपरिवार तथा उद्योगप्रतिष्ठानमा श्रमिकका रूपमा कार्यरत बालबालिकालाई कानुनले तोकेको सर्त र प्रक्रियाअनुरूप मात्र काममा लगाएको सुनिश्चित गर्ने ।

बालअधिकारको पक्षमा र बालश्रमविरुद्ध पैरवी गर्ने :

आफ्नो टोलछिमेकमा बालबालिकाको अधिकार संरक्षण र सम्बर्द्धनका लागि तथा बालश्रम शोषणविरुद्ध सचेत र जिम्मेवार नागरिकका रूपमा देहायका कार्यहरू गर्न सकिन्छ :

- बालबालिकालाई श्रममा नभएर विद्यालयमा पठाउन परिवारलाई लक्षित गरी चेतना जागरण गर्ने गराउने र परिवारलाई आवश्यक आर्थिक, भौतिक वा भावनात्मक सहयोग गर्ने, गराउने ।
- टोलछिमेकमा बालश्रम प्रयोग नगर्न र यदि कसैले बालबालिकालाई श्रमिकका रूपमा प्रयोग गरिरहेका छन् भने बालक वा बालिकालाई उनीहरूको घरपरिवारमा फिर्ता पठाउन पहल गर्ने । र, त्यसो नभएमा उनीहरूको शिक्षा, स्वास्थ्य तथा अन्य विकासका अवसरहरू प्रदान गर्न रोजगारदातालाई उत्प्रेरित गर्ने ।
- आफ्नो टोलमा भएका टोलसुधार समितिहरूलाई स्थानीय बालसंरक्षण समितिहरूसँग नियमित अन्तर्क्रिया वा छलफल गर्ने वातावरण तयार गर्ने र बालसंरक्षणको लागि आफू सँधै सक्रिय रहने ।
- श्रममा संलग्न बालबालिका तथा अरूहरूमाथि कुनै पनि प्रकारको हिंसा, दूर्व्यवहार भएमा त्यसबारे नजिकको प्रहरी चौकी, बालसंरक्षण समिति तथा स्थानीय संघसंस्थाहरूलाई जानकारी गराउने र उद्धारको लागि आवश्यक पहल गर्ने ।
- स्थानीय निकाय (गाउँविकास समिति, नगरपालिका आदि) तथा स्थानीय संघसंस्थाहरूसँग मिलेर बालअधिकार सम्बर्द्धन गर्न र बालश्रम निषेध गर्न सहकार्य गर्ने ।
- आफ्नो टोल तथा वडालाई बालश्रम शोषण निषेधित क्षेत्र, बालमैत्री क्षेत्र, बाल-सुरक्षित क्षेत्र आदि घोषणा गर्न पहल गर्ने र त्यसअनुसार आवश्यक कार्य गर्ने ।

(नोटः 'गाउँ/नगर बालअधिकार संरक्षण तथा सम्बर्द्धन समिति प्रशिक्षण निर्देशिका'को मस्यौदा, सेभ द चिल्ड्रेन, २०१३ को आधारमा तयार गरिएको ।)

***

# ६. शारीरिक सजाय (हिंसा)



**१ घण्टा**
**२० मिनेट**

## ६.१ सत्रको परिचय :

घरमा वा विद्यालयमा बालबालिका वयस्कहरूबाट कुटिन्छन्, शारीरिक दूर्व्यवहारमा पर्दछन् । कुनै कुनै अवस्थामा त बालबालिकाले किन सजाय पाएको हो भन्ने कुरा पिटाइ खाने बालबालिका र पिट्ने वयस्क दुवैलाई थाहा नै हुँदैन । कठोर शारीरिक तथा मानसिक सजायबाट हुने नकारात्मक असरबारे कमैलाई थाहा भएकाले बालबालिका दिनहुँजसो शारीरिक सजाय भोग्न बाध्य छन् । चोटपटक लाग्नु, कुनै अङ्ग मर्किनु, भाँच्चिनु जस्ता दृश्य समस्याहरू तत्काल देखिएपनि उनीहरूमा पर्ने मानसिक असर, दृष्टि वा श्रवणसम्बन्धी समस्याहरू लामो समयपछि देखापर्न सक्दछन् । शारीरिक सजायका कारण आत्मविश्वासमा कमी भई बालबालिका आत्महत्यासम्म गर्न सक्दछन् । यसर्थ शारीरिक तथा मानसिक सजाय र यसबाट बालबालिकामा पर्ने असरहरूबारे जानकारी दिई यस खालका बालबालिकामाथि हुने शारीरिक तथा मानसिक सजायबाट बचाउनु यस सत्रको उद्देश्य हो ।

## ६.२ अपेक्षित उपलब्धि :

यस सत्रको अन्त्यमा सहभागीले,

- बालबालिकालाई वयस्कले के-कस्ता सजायहरू दिने गर्दछन् र यी सजाय दिइनुका कारणहरूबारेमा उल्लेख गर्न सक्नेछन् ।
- शारीरिक सजाय र मानसिक सजायपश्चात् बालबालिकामा देखिने असरहरूको विश्लेषण गर्न सक्षम हुनेछन् ।
- घरपरिवार तथा विद्यालयमा बालबालिकामाथि हुने शारीरिक तथा मानसिक सजाय निरूत्साहित गर्ने उपायहरू पत्ता लगाउन सक्षम हुनेछन् ।

## ६.३ सत्र सञ्चालनका लागि आवश्यक सामग्री :

न्यूजप्रिन्ट पेपर वा ह्वाइट बोर्ड, पर्मानेन्ट र बोर्ड मार्कर, पेपर टेप आदि ।

## ६.४ सत्रको तयारी :

- सत्र सञ्चालनका लागि आवश्यक बुँदाहरू (सत्र सञ्चालन प्रक्रियाको क्रममा बक्समा दिइएको छ) लाई छलफल गर्न सहज गराउन मेटाकार्ड वा न्यूजप्रिन्ट पेपरमा लेख्नुहोस् ।
- सत्र सञ्चालनको क्रममा आवश्यक नेपालको अन्तरिम संविधान, २०६३, अध्ययन गर्नुहोस् ।

## ६.५ सत्र सञ्चालन गर्ने प्रक्रिया :

- सहजकर्ताले यस विषयको सुरूवातमा छलफल गरिने शीर्षकहरू वा क्रियाकलापबारे संक्षिप्तमा जानकारी दिनुहोस् ।

## क्रियाकलाप १: शारीरिक सजायबारे जानकारी (२० मिनेट)

- सहभागीमध्येबाट स्वयंसेवी ढङ्गले दुईजना सहभागीलाई अगाडि आउन आग्रह गर्नुहोस् ।
- अब यी दुई सहभागीलाई हलबाहिर लगि दुईमध्ये एकजना एकदमै कठोर शिक्षक र अर्को बालमैत्री वा बालबालिकाको सहयोगी शिक्षकको भूमिका निर्वाह गर्न निर्देशन दिनुहोस् । ती दुईजना सहभागीहरूलाई ३/३ मिनेट शिक्षकको भूमिका गर्दा आफूलाई सहज हुने कुनै पनि विषयमा छलफल गर्न सकिनेगरी तयार पार्नुहोस् ।
- यसपछि सबैजना सँगै हलभित्र पसी भूमिका प्रदर्सन गर्ने दुई सहभागीहरूलाई देखाउँदै दुईजना शिक्षकको रूपमा रहेको र पालैपालो हामीसँग छलफल गर्ने कुरा बाँकी सबै सहभागीहरूलाई भन्नुहोस् । साथै, पहिले कठोर शिक्षकलाई र त्यसपछि बालमैत्री शिक्षकलाई भूमिका प्रदर्सन गर्न लगाउनुहोस् ।
- भूमिका प्रदर्सन सकिएपछि सहभागीहरूलाई कुन शिक्षक मनपऱ्यो ? र, किन ? यदि कुनै सहभागीहरूले सजाय पाएको भए के-कस्तो अवस्थामा वा के कारणले उनले सजाय पाएका थिए ?' भन्ने जस्ता प्रश्न गर्नुहोस् ।
- छलफलबाट मस्तिष्क मन्थन र विषयबारे उत्सुकता जागेपछि निम्न जानकारीका आधारमा छलफल अगाडि बढाउनुहोस् ।

**शारीरिक सजाय (हिंसा)**

- बालबालिकालाई अनुशासनका नाममा तथा अन्य विभिन्न बहानामा गरिने कुटपिट र यससँग सम्बन्धित सबैखाले व्यवहार वा यातना नै शारीरिक दण्ड वा सजाय हो ।
- बालबालिकालाई वयस्कहरू खासगरी अभिभावक र शिक्षकले शारीरिक तथा मानसिक सजाय दिने गरिएको पाइन्छ ।
- बालबालिकालाई हातले अथवा लट्ठीले पिट्नु, घचेटिदिनु, चिमोट्नु अथवा कपाल र चुल्ठो तान्नु, तातोले पोलिदिनु, डामिदिनु आदि शारीरिक सजाय हुन् ।
- वास्ता नगर्नु, होच्याउने, अपमानजनक शब्द र भाषाको प्रयोग गरी गाली गर्नु, गिल्ला गर्नु वा हास्यास्पद बनाउनु आदि मानसिक सजाय हुन् ।
- बालबालिकालाई शिक्षा प्रदान गर्न, उनीहरूलाई सहीरूपमा हुर्काउन, उचित किसिमबाट संरक्षण गर्न तथा उपयुक्त ढङ्गबाट बालविकास सुनिश्चित गर्न अनुशासन आवश्यक हुन्छ तर अनुशासन र सजाय भने एउटै कुरा होइन ।

## क्रियाकलाप २: शारीरिक तथा मानसिक सजायबाट बालबालिकामा पर्ने शारीरिक, मानसिक तथा सामाजिक असरहरू (२० मिनेट)

- सहभागीलाई सँगसँगै बसेकाबीच तीन-तीन जनाको एक समूह (गुनगुने समूह) तयार गर्नुहोस् र देहायका प्रश्नमाथि समूहमा छलफल गरी कापीमा टिप्न लगाउनुहोस् । (प्रश्नलाई न्यूजप्रिन्ट पेपरमा लेखेर सबै सहभागीले देख्नेगरी टाँस्न वा बोर्डमा लेख्न सकिन्छ, यसले सहभागीबीच छलफल गर्न सहयोग गर्दछ ।)
- सजायका कारण बालबालिकामा पर्ने- क) शारीरिक, ख) मानसिक र ग) सामाजिक असरहरू के-कस्ता हुन सक्दछन् ? प्रत्येकको ३/३ वटा बुँदा लेख्नुहोस् ।
- सबै समूहलाई आ-आफ्ना बुँदाहरू एक/एकवटा भन्न लगाउनुहोस् (यदि दोहोरिएमा अर्को बुँदा भन्न र अन्त्यमा केही बुँदाहरू बाँकीरहेमा सबैको पालो सकिएपछि भन्न सकिनेछ) । र, सहभागीबाट आएका बुँदाहरूलाई ह्वाइटबोर्ड वा न्यूजप्रिन्ट पेपरमा बुझिनेगरी टिप्नुहोस् वा सहभागीमध्ये कसैलाई टिप्न लगाउनुहोस् ।

- र, निम्न जानकारीसहित आवश्यकतानुसार टिपिएका बुँदाहरूमाथि छलफल गर्नुहोस् वा अन्य बुँदाहरू थप गर्नुहोस् ।

**शारीरिक सजायबाट बालिकामाथि हुने शारीरिक, मानसिक तथा सामाजिक असरहरू**

| शारीरिक असर | मानसिक असर | सामाजिक असर |
|---|---|---|
| • चिन्तित वा उदासीन हुने<br>• आत्मग्लानी वा हीनताको भाव हुने<br>• सदैव भय वा डरको भावना<br>• आत्मविश्वासमा कमी<br>• स्मरणशक्तिमा कमी<br>• झर्को मान्ने वा झिझिन्ने<br>• प्रतिशोध वा वदलाको भावना<br>• पक्षघात हुने सम्भावना<br>• ज्यानसमेत जाने सम्भावना | • ज्वरो आउने, चोटपटक लाग्ने<br>• सुन्निने, निलडाम बस्नु वा टुटुल्को उठ्नु<br>• रक्तश्राव वा रगत जम्नु<br>• मुर्छा पर्ने<br>• दृष्टि वा श्रवण शक्तिमा कमी<br>• कुनै अङ्ग भाच्चिनु, मर्किनु वा घाइते हुनु<br>• एक्लै बस्ने<br>• ढाँट्ने, बहना बनाउने<br>• विद्यालय जान नमान्ने<br>• झगडालु हुने<br>• आत्महत्यातिर उन्मुख हुने | • अरूसँग सजिलै घुलमिल नहुने वा हुन नसक्ने<br>• विद्यालय जान छोड्ने<br>• एक्लै बस्ने, हिड्ने<br>• समाजबाट अपमानित महसुस हुने<br>• आक्रामक स्वभावका कारण समाज विरोधी झगडालु हुने<br>• झूठ बोल्ने, चोरी, ठगी गर्ने<br>• लागुपदार्थको सेवन गर्ने<br>• असामाजिक काममा लाग्ने<br>• आफूले पाएको सजायको प्रतिबिम्वन गर्न सक्ने |

### क्रियाकलाप ३: परिवार तथा विद्यालयमा बालबालिकामाथि हुने सजाय निरूत्साहित गर्ने उपायहरू (६० मिनेट)

- सहभागीलाई १, २, ३ र ४ अङ्क क्रमसँग भन्न लगाउनुहोस् ।
- सबैले ती अङ्कहरू भनिसकेपछि एकै अंक पर्ने सहभागीहरूलाई एक ठाउँमा जम्मा हुन भन्दै त्यसबाट समूह निर्माण गनुहोस् ।
- अब सबै समूहलाई निम्न कार्य समूहमा छलफल गरी न्यूजप्रिन्ट पेपरमा लेख्न लगाउनुहोस् ।
    - बालबालिकामाथि हुने शारीरिक सजाय कम गर्न विद्यालय तथा समुदायमा के-कस्ता कार्यहरू गर्न सकिन्छ ?
    - साथै, परिवार तथा विद्यालयमा सजायलाई निरूत्साहित गर्न– क) अभिभावक, ख) शिक्षक र, ग) बालबालिका स्वयम्‌को के-कस्तो भूमिका हुने गर्दछ ?
- समूहबाट आएका विचारहरूलाई प्रस्तुत गर्न प्रत्येक समूहलाई एक एकजना नेता छान्न लगाउनुहोस् ।
- प्रत्येक समूहको नेतालाई क्रमैसँग समूह कार्य प्रस्तुत गर्न लगाउनुहोस् र अन्य समूहलाई कुनै बुँदामाथि प्रस्ट हुन चाहेमा प्रश्न गर्नसक्ने तथा प्रस्तुत गर्ने नेता र समूह सदस्यहरूले स्पष्ट पार्न अनुरोध गर्नुहोस् ।
- सहजकर्ताले यदि कुनै बुँदामाथि छलफल गर्न आवश्यक ठानेमा समग्रमा छलफल गरी सत्रको अन्त्य गर्नुहोस् ।

### क्रियाकलाप ४ : सत्रको मूल्याङ्कन र सारसंक्षेप (१० मिनेट)

- सत्रको अन्त्यमा सत्रको मूल्याङ्कन गरी हालसम्म गरिएका छलफलमा सक्रियतापूर्वक भाग लिएकोमा सहभागीलाई धन्यवाद दिंदै सत्रको छलफललाई टुङ्ग्याउनुहोस् ।

**सहभागीलाई मूल्याङ्कनका लागि सोध्न सकिने प्रश्नहरू**

१. बालबालिकालाई शारीरिक तथा मानसिक सजाय किन दिइन्छ ?

२. केकस्ता कारणले बालबालिकालाई शारीरिक तथा मानसिक सजाय दिनुहुँदैन ?

३. परिवार तथा विद्यालयहरूमा बालबालिकामाथि हुने सजाय निरूत्साहित गर्न के-कस्ता उपायहरू अपनाउन सकिन्छ ?

***

# अध्ययन सामग्री

## ६. शारीरिक सजाय (दण्ड)

### ६.१. शारीरिक दण्ड/सजाय के हो ?

घर वा विद्यालय वा काम गर्ने ठाउँमा स–साना गल्तीको निहुँमा पनि बालबालिका सजायको भागिदार बन्नुपर्ने अवस्था छ । बालबालिकाले तुरुन्त प्रतिक्रिया देखाउन नसक्ने वा त्यसविरुद्ध उजुरी दिन नसक्ने भएको कारणबाट समेत सजाय पाउँछन् । कतिपय अवस्थामा त सजाय पाउने बालबालिकालाई आफूले किन सजाय पाइरहेको छु भन्ने पनि थाहा हुँदैन । यसरी बालबालिकालाई अनुशासनका नाममा तथा अन्य विभिन्न बहानामा गरिने कुटपिट र यससँग सम्बन्धित सबैखाले व्यवहार वा यातना नै शारीरिक दण्ड वा सजाय हो । यसअन्तर्गत बालबालिकालाई हातले वा लौरोले हिर्काउने, सिस्नोले पोल्ने, चिमोट्ने, उठबस गराउने वा कुखुरा बनाउने, लामो समयसम्म कक्षाभित्र वा बाहिर उभ्याउने, कान निमोठ्ने, अर्को साथीलाई पिट्न लगाउने, आदि पर्दछन् । त्यस्तै विद्यालयमा बिहानको प्रार्थना (एसेम्ब्ली) मा नामले बोलाउने र पिट्ने, कुनै नकारात्मक नाम राख्ने, यौनआशय झल्कने खालका प्रतिक्रियाहरू दिने, शिक्षकले अनुभुति भाव दर्साएर नजिक परी दूर्व्यवहार गर्ने, शक्ति र अख्तियारीको अत्यधिक प्रयोग गर्ने आदि पनि पर्दछन् ।

बालअधिकारको सर्वमान्य सिद्धान्तहरूले, बालबालिकाविरुद्धको सजायलाई शारीरिक र मानसिकरूपमा आघात पुर्‍याउने अवहेलनाजन्य र अपमानजनक व्यवहार, बोलीवचन वा कार्यका रूपमा परिभाषित गरेका छन् । मूलरूपमा सजायलाई शारीरिक सजाय र मानसिक सजाय गरी दुई किसिमबाट वर्गीकरण गर्ने गरिएको पाइन्छ ।[1] शारीरिक सजायअन्तर्गत बालबालिकालाई हातले अथवा कुनै सामान (जस्तैः छडी, पेटी, कोर्रा, जुत्ता आदि) ले पिट्नु, लात्तीले हान्नु, जोडले शरीर हल्लाउनु, घचेटिदिनु अथवा उचालेर फालिदिनु, चिमोट्नु अथवा कपाल र चुल्ठो तान्नु, बालबालिकालाई असजिलो हुनेगरी अपमानजनक अवस्थामा बस्न बाध्य गराउनु, अति धेरै शारीरिक परिश्रम गराउनु, तातोले पोलिदिनु, डामिदिनु आदि पर्दछन् । मानसिक सजायअन्तर्गत अवहेलना गर्नु, होच्याउने, मानसिकरूपमा आघात पर्ने गरी अपमानजनक शब्द र भाषाको प्रयोग गरी गाली गर्नु, गिल्ला गर्नु, उसलाई लज्जाजनक अवस्थामा पार्नु वा हाँस्यास्पद बनाउनु, एक्लै राखिदिनु अथवा बेवास्ता गर्नु आदि पर्दछन् ।

> यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको महासन्धि, १९८४ को धारा १.१ मा यातना भन्नाले– "कुनै काम जसले दर्द वा पीडा (वेदना) चाहे त्यो शारीरिक वा मानसिक होस्, जानाजानी (बदनियत्ले) कुनै व्यक्तिलाई ... सजाय (दण्ड) दिने ... धम्क्याउने वा रुखो व्यवहार गर्ने ...सार्वजनिक अधिकारीद्वारा वा उसको ...मन्जुरी वा सहमतिले ...गरिएको होस्"[1] समेत पर्दछ ।

बालबालिकालाई शिक्षा प्रदान गर्न, उनीहरूलाई सहीरूपमा हुर्काउन, उचित किसिमबाट संरक्षण गर्न तथा उपयुक्त ढङ्गबाट बालविकास सुनिश्चित गर्न अनुशासन आवश्यक हुन्छ तर अनुशासन र सजाय भने एउटै कुरा होइन ।[2] विद्यालयमा दिइने शारीरिक दण्ड वा सजायका पक्षहरूमा धेरैजसो परम्परा र कहिले धर्मका नाममा प्रतिवाद गर्ने गरिन्छ । यसले फाइदाजनक प्रभाव पार्छ भन्ने मानिन्छ र अनुशासित बनाउने तरिकाका रूपमा शारीरिक सजायलाई व्याख्या गरिन्छ ।[3] कहिलेकाहीं बालबालिकाका आमाबाबु नै बच्चालाई शारीरिक दण्ड दिनुपर्दछ भन्ने पक्षमा देखिन्छन् र उनीहरू नै शिक्षकलाई सजाय दिन प्रोत्साहित गर्छन् । त्यसबाट बालबालिकामा सुधार आउने मात्र होइन कि उनीहरूको व्यवहारमा पनि सुधार आउँछ भन्ने विश्वास गरिन्छ तर यस्तो चलन र सोचलाई अनुसन्धानले गलत साबित गरिदिएको छ ।[4]

---

१ बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा १९ तथा सेभ द चिल्ड्रेनको बालबालिकालाई दिइने सजायविरूद्धका अवधारणागत दस्तावेजहरू


२ चन्द्रिका खतिवडा, विद्यालयमा दिइने शारीरिक सजाय र त्यसका विकल्पः केही विचार र विवेचना (अप्रकाशित) ।

३ प्लान इन्टरनेशनल (२००८), भयमुक्त सिकाइ विद्यालय हुने हिंसा अन्त्यका लागि विश्वव्यापी अभियान, पृ १५

४ राष्ट्रिय मानवअधिकार आयोग (२०६९) नेपालमा बालबालिकाको अवस्थासम्बन्धी राष्ट्रिय प्रतिवेदन, काठमाडौं, पेज ६४

बालबालिकालाई सजायको सामान्यभन्दा सामान्य तर्क के हुन सक्दछ भने जुन कार्य हामी वयस्कहरूलाई कुनै पनि हालतमा स्वीकार्य छैन र हुँदैन त्यो कार्य बालबालिकाका लागि चाहिँ आवश्यक छ भनी तर्क गर्नु हाम्रो मूर्खताबाहेक अरू केही होइन । त्यसरी नै बालबालिकालाई दिइने सजायले उनीहरूको शारीरिक र मानसिक सम्पूर्णता (Integrity), मानवीय मर्यादा अनि सम्मान पाउने उनीहरूको आधारभूत अधिकारलाई अपमान गर्दछ । धेरैजसो अवस्थामा वयस्कहरूले सही तरिकाले आफूलाई नियन्त्रण गर्न नसकेर, आवेशमा आएर वा अथवा भनौँ बालबालिकासँग सही व्यवहार गर्न सीप नजानेर सजाय दिने गर्दछन् । अझ, वयस्क र बालबालिकाबीचको फरक शक्ति–सम्बन्धका कारण र धेरैजसो परिस्थितिमा अन्य ठाउँको रिस बालबालिकामाथि पोख्ने गर्दछन् ।[५]

## ६.२. शारीरिक दण्ड/सजायको वर्तमान स्थिति :



नेपाललगायत विश्वका धेरै देशहरूमा घरपरिवार वा विद्यालय वा काम गर्ने थलोमा बालबालिकालाई शारीरिक दण्ड हुनेगरेको भएपनि यसबारे धेरै अध्ययनअनुसन्धान भएको पाइँदैन । अझ घरपरिवारमा हुने शारीरिक दण्ड त केवल कर्तव्यका रूपमा लिइन्छ भने विद्यालयमा हुने दण्डलाई विद्यार्थी सुधार्ने अवसरका रूपमा लिने गरेको पाइन्छ । यस्तो कार्यलाई आमाबाबु वा शिक्षकको अधिकारका रूपमा लिइन्छ । अझ शारीरिक दण्ड सजाय त बालबालिकाका लागि नियमित समयतालिका बनेको हुन्छ । सानाभन्दा साना गल्तीमा पनि विद्यालयमा हुने शारीरिक दण्डका घटना फाट्टफुट्टरूपमा प्रकाशमा आएका भए पनि अधिकांश घटनाहरू सर्वजनिक भएको पाइँदैन ।

नेपालमा यातना पीडित सरोकार केन्द्र (सिभिक्ट) का देवेन्द्र आले र उनको समूहले बालबालिकाका शारीरिक सजाय, यातना तथा दूर्व्यवहारविरूद्धको हकमा विद्यमान कानुनी प्रावधानले नै नकारात्मकरूपमा प्रोत्साहन गर्ने भएबाट सोको खारेजी र विद्यालयभित्र र विद्यालय बाहिर हुने र भइरहेको अमानवीय व्यवहार निराकरणको सवालसम्बन्धी सर्वोच्च अदालतमा दायर गरिएको रिटमा सर्वोच्च अदालतका माननीय न्यायधिशहरू श्री चन्द्रकान्त मैनाली, श्री मीनबहादुर रायमाझी र श्री राजेन्द्रकुमार भण्डारीको विशेष इजलासले मिति २०६१ साल पौष २ गते निवेदकको मागदावीमा उठाइएका केही पक्षहरूमा रिट आदेश जारी भएको थियो । यस फैसलाले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ७ मा भएको 'बाबुआमा, अभिभावक वा शिक्षकले बालकको हितको लागि सामान्य पिटाइ गर्न हुने' भन्ने वाक्यांशको 'सामान्य पिटाइ गर्न हुने' भन्ने शब्दहरू खारेज गरेको छ ।

सन् १९९८ मा दक्षिण एसियामा मानवविकास प्रतिवेदन (Human Development in South Asia) अनुसार नेपालमा १४ प्रतिशत विद्यार्थीहरूले शिक्षकले दिने सजायको डरको कारण विद्यालय छोड्नुपरेको देखिएको छ । विश्वका एकसय ९७ देशमध्ये ९० देशमा 'बालबालिकामाथि हुने सबै शारीरिक दण्ड अन्त्यका लागि विश्वव्यापी पहल'ले गरेको सर्वेक्षणअनुसार विद्यार्थीलाई सजाय दिन शिक्षकलाई स्वीकृति दिएको पाइयो ।[६] कुनै देशमा शारीरिक दण्ड गैरकानुनी मानिएको भएपनि बालबालिकाको लागि कानुन लागु भएको पाइएन । शिक्षकका हातबाट छात्राका तुलनामा छात्रहरू बढी हिंसाका शिकार भएका छन् । उदाहरणका लागि इजिप्टमा विद्यालयमा दिइने शारीरिक दण्डबाट ८० प्रतिशत छात्रका तुलनामा ६७ प्रतिशत छात्रा पीडित भएको पाइएको छ ।

राष्ट्रिय मानवअधिकार आयोगमा सन् २००७ मा मात्र ८ वटा उजुरी (विराटनगर र पोखरा कार्यालयमा गरी) शिक्षकद्वारा यातना, दूर्व्यवहारसम्बन्धी थियो र सबैभन्दा बढी क्षेत्रीय कार्यालय पोखरामा ६ वटा उजुरी परेको थियो ।[७] अनौपचारिक सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित नेपाल मानव अधिकार वर्ष पुस्तक २०१४ अनुसार ...विद्यालयमा हुने शारीरिक सजायबाट एक वर्षमा ८४ जना (२६

५ चन्द्रिका खतिवडा (२०६८), बालबालिकालाई सजाय नै दिनुपर्छ र !, बालबालिकासँगको सञ्चार र सामाजीकीकरण, इन्स्टिच्युट फर लिगल रिसर्च एण्ड कन्सल्टेन्सी र पृथक अभियान नेपाल, काठमाडौं पेज ५७

६ प्लान नेपाल, २००८, विद्यालयमा हुने हिंसा अन्त्यका लागि विश्वव्यापी अभियान


७ राष्ट्रिय मानवअधिकार आयोग, २००७, नेपालमा बालबालिकाको अवस्था

बालिका र ५८ बालक) बालबालिका विद्यालयभित्र शारीरिक दण्ड पाउनुले हिंसारहित शिक्षण पद्धति तथा बालमैत्री शिक्षण विधिमाथि नै प्रश्नचिन्ह खडा भएको छ ।[८]

### ६.३. शारीरिक दण्ड/सजायको परिणाम/असरः

यातना पीडित सरोकार केन्द्र (सिभिक्ट) द्वारा प्रकाशित एक सामग्री[९] अनुसार शारीरिक दण्डको कारण बालबालिकामा निम्न असर देखिन सक्दछः

बालबालिकामा शारीरिक दण्ड वा सजायको असर




### ६.४. शारीरिक दण्ड/सजायसम्बन्धी विद्यमान कानुनी व्यवस्था :

सर्वोच्च अदालतले २०६१ मा जारी गरेको रिट आदेशमा "...बालबालिकामाथि भइरहेका र हुनसक्ने शारीरिक सजाय एवम् अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय वा दूर्व्यवहार रोक्न उपयुक्त र प्रभावकारी उपाय अवलम्बन गर्न भनी विपक्षी प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयसमेतका नाउँमा निर्देशात्मक आदेश जारी गरिएको छ" भनिएको थियो । यसैगरी नेपालको अन्तरिम संविधान २०६३ को धारा २२ बालबालिकाको हकअन्तर्गत उपधारा ३ मा "प्रत्येक बालबालिकालाई शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषणविरूद्धको हक हुनेछ । यस्तो शोषणजन्य कार्य कानुनद्वारा दण्डनीय हुनेछ र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानुनले निर्धारण गरेबमोजिमको क्षतिपूर्ति दिइनेछ" भनिएको छ ।

८ केन्द्रीय बालकल्याण समिति, नेपालका बालबालिकाको स्थिति २०७१, पेज ६७
९ यातना पीडित सरोकार केन्द्र र सेभ द चिल्ड्रेन नर्वे (२००६), विद्यालयमा आधारित मनोसामाजिक हेरचाह, पेज १२२-१२४

**बालबालिकासम्बन्धी ऐन, २०४**

- क्रूर वा यातनापूर्ण व्यवहार गर्न नहुनेः बालकप्रति क्रूर वा यातनापूर्ण व्यवहार गर्नुहुँदैन । (दफा ७)
- प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि बालकलाई नेल, हतकडी लगाउन, एकान्त कारावासमा राख्न वा कुनै अपराध गरेवापत कैदको सजाय पाएमा उमेर पुगेका कैदीको साथमा राख्नुहुँदैन । (दफा १५)

## ६.५. शारीरिक दण्ड/सजाय न्यूनीकरणका लागि के गर्ने त ?

युनेस्कोद्वारा सन् २००६ मा प्रकाशित समावेशी र सिकाइ–केन्द्रित कक्षाकोठामा सकारात्मक अनुशासनः शिक्षकहरू र शिक्षक–प्रशिक्षकहरूका लागि मार्गनिर्देशन नामक पुस्तकमा भनिएको छ कि 'दण्ड वा सजाय भनेको एकैचोटिमा नै सकिने छोटो कार्य हो भने सकारात्मक अनुशासन भने चार चरणमा गरिने अनि प्रक्रिया– उन्मुख कार्य वा व्यवहार हो ।' ती चरणहरूलाई निम्नअनुसार चर्चा गर्न सकिन्छ[१०]:

१) विद्यार्थीहरूबाट अपेक्षा गरिएको वा उपयुक्त ठानिएको व्यवहारलाई प्रस्टसँग उनीहरूलाई भनिनुपर्दछ । जस्तैः 'सबै विद्यार्थीहरू कक्षामा शान्त भएर बस ।'

२) सो व्यवहार किन गरिनुपर्दछ त भनेर कारण उल्लेख गरी विद्यार्थीहरूलाई स्पष्टरूपमा जानकारी गराइनुपर्दछ । जस्तैः 'अब हामी हिसाबको कक्षा सुरु गर्न गइरहेका छौं । यो नयाँ पाठ भएकाले सबै विद्यार्थीहरूले ध्यान दिएर राम्रोसँग सुन्नु जरूरी छ ।'

३) अपेक्षा गरिएको व्यवहार देखाइएकोमा वा त्यसलाई सम्मान गरिएकोमा विद्यार्थीहरूलाई कृतज्ञता ज्ञापन गरिनुपर्दछ । जस्तैः 'तिमीहरू सबै शान्त भएर बसेकोले मैले तिमीहरूलाई राम्रोसँग सिकाउन सकें । र, तिमीहरू सबैले मैले सिकाएको बुझ्न सक्यौ, सबैलाई धन्यवाद छ । हामीले आपसमा कुराकानी गरेर त्यसले अरूलाई बाधा पुऱ्यउनुहुँदैन र अरूहरूको सिक्ने अवसरलाई बिथोल्नु पनि हुँदैन ।'

४) विद्यार्थीहरूले सही व्यवहार देखाएको कुराको पुनःपुष्टि (Re-inforcement) गरिनुपर्दछ । त्यसका लागि विद्यार्थीहरूलाई सम्मानपूर्वक हेर्ने, हँसिलो मुहार लगाएर कुराकानी गर्ने, दिनको अन्(त्यमा १० मिनेट खेल्ने समय बढी दिने, अनुशासनमा अङ्‌ग थपिदिने आदिजस्ता काम गर्न सकिन्छ । यसरी राम्रा व्यवहारको पुनःपुष्टि गर्दा कक्षाकोठामा वा विद्यालयमा सबैको सामुन्नेमा गर्नुपर्दछ । यसले उनीहरूको सामाजिक प्रतिष्ठा बढाउनमा मद्दत गर्दछ । यसरी पुरस्कार दिइँदा तुरून्त नै गर्नुपर्दछ ।



१० चन्द्रिका खतिवडा (२०६८), सकारात्मक अनुशासनले शिक्षकको प्रतिष्ठा बढाउँछ, बालबालिकासँगको सञ्चार र सामाजिकीकरण, इन्स्टिच्युट फर लिगल रिसर्च एण्ड कन्सल्टेन्सी र पृथक अभियान नेपाल, काठमाडौं पेज ४५-४६

पुरस्कार सानो किसिमको तर विद्यार्थीहरूलाई सकारात्मक व्यवहार प्रदर्सन गर्न थप हौसला दिने र उनीहरूको राम्रा कामको प्रशंसा गर्ने खालको हुनुपर्दछ । यसो गर्दा विद्यार्थीहरूमा सकेसम्म सामुहिक भावनामा बल पुऱ्याउने गरी गरिनुपर्ने कुराको हेक्का राखिनुपर्दछ ।

यसका साथै शारीरिक दण्ड/सजायको अभ्यासलाई न्यूनीकरणका लागि समुदाय तथा राष्ट्रियतहमा निम्न कार्यहरू गर्न सकिन्छ :

- बालबालिकाविरुद्ध हुने सबै प्रकारका सजायलाई कानुनतः निषेधित गरी सामाजिक, राजनीतिक प्रतिबद्धताका साथ लागु गर्ने ।
- बालबालिकाको अधिकारबारे सबै पक्ष तथा क्षेत्रमा व्यापक जनचेतना जगाउने ।
- स्थानीयस्तर (परिवार, विद्यालय, समाज) मा बालमैत्री वातावरणको सिर्जना गर्ने ।
- विद्यालय शिक्षकशिक्षिका तथा घरपरिवारमा दण्ड/सजायको परिणाम तथा असरबारे जानकारी दिने र तालिम गर्ने ।
- बालबालिकाले गर्ने गल्ती सुधार्ने मौका दिनुपर्ने र त्यसका लागि बाबुआमा, अभिभावक वा शिक्षकहरूलाई सजायको वैकल्पिक उपायबारे जानकारी गराउन आवश्यक कार्य गर्ने ।
- बालसमूहलगायतको सहभागितामा विद्यालयमा आचारसंहिताको निर्माण गरी लागु गर्ने ।
- विद्यालयमा दिइने सजायको वैकल्पिक उपाय प्रयोग गर्न शिक्षक र विद्यालय प्रशासनलाई प्रोत्साहित गर्ने ।

***

# ७. एचआइभी र एड्सबाट प्रभावित बालबालिका



१ घण्टा
३० मिनेट

### ७.१ सत्रको परिचय

सूईजन्य लागुपदार्थको प्रयोग, असुरक्षित यौनसम्पर्क आदिका कारण नेपालमा एचआइभीको सङ्क्रमण हुने सङ्ख्या बढ्दो क्रममा छ । बसाइँसराइलगायत कामका लागि विदेशमा जानेक्रम तथा बढ्दो शहरीकरण, मानव बेचबिखन आदि कारणबाट परिवारबाट टाढा भएको अवधिमा असुरक्षित यौनकार्यमा संलग्न हुने प्रवृत्ति बढनाले पनि एचआइभीको खतरा बढ्दो रूपमा रहेको पाइन्छ । देशका थुप्रै ग्रामीण इलाकामा वैदेशिक रोजगारमा गई फर्कने परिवारका श्रीमान्‌बाट श्रीमतीमा र आमाबाट जन्मने बच्चामा सरी एचआईभी सङ्क्रमण भएको प्रशस्त उदाहरण पाइएको छ । बालबालिका स्वयं एचआईभी सङ्क्रमित भएका हुन सक्छन् भने बुबाआमा वा परिवारका अन्य सदस्य सङ्क्रमित छन् भने पनि तिनका छोराछोरीमा प्रत्यक्ष प्रभाव परेको हुन्छ । एचआईभी सङ्क्रमितहरूप्रति समाजले हेर्ने दृष्टिकोणमा फरक नआएको कारण सामाजिक लाञ्छना र भेदभाव हुने गरेको पाइन्छ । यसर्थ एचआइभी र एड्सबाट प्रभावित बालबालिकाबारे छलफल गरी एचआइभी र एड्सबारे आधारभूत सूचना प्रदान गर्ने र यसका आधारमा परिवार, विद्यालय र समुदायमा बालिकामाथि हुने भेदभाव न्यूनीकरण अभियानलाई बढावा दिन यस विषयबारे छलफल गरिएको हो ।

### ७.२ सत्रबाट अपेक्षित उपलब्धि :

यस सत्रको अन्त्यमा सहभागीहरूले,

- एचआईभी र एड्स भनेको के हो ? यो कसरी सर्छ र यसबाट कसरी बच्न सकिन्छ भन्ने जस्ता आधारभूत जानकारी प्राप्त गरी सोबारे बताउन सक्नेछन् ।
- परिवार, विद्यालय तथा समुदायमा एचआईभी र एड्सबाट प्रभावित बालबलिकामाथि हुने भेदभावलाई न्यूनीकरण गर्ने उपायहरू भन्न सक्नेछन् ।

### ७.३ सत्र सञ्चालनका लागि आवश्यक सामग्री :

- न्यूजप्रिन्ट पेपर वा ह्वाइट बोर्ड, मेटाकार्ड, पर्मानेन्ट र बोर्ड मार्कर, पेपर टेप आदि ।

### ७.४ सत्रको तयारी :

- सत्र सञ्चालनका लागि आवश्यक बुँदाहरू (सत्र सञ्चालन प्रक्रियाको क्रममा बक्समा दिइएको छ) लाई छलफल गर्न सहज गराउन मेटाकार्ड वा न्यूजप्रिन्ट पेपरमा लेख्नुहोस् ।
- एचआइभी र एड्सबाट प्रभावित बालबालिकासम्बन्धी नयाँ जानकारी र यससम्बन्धी नेपालको तथ्याङ्कहरूलाई अध्ययन गर्नुहोस् ।

**७.५ सत्र सञ्चालन गर्ने प्रक्रिया :**

सहजकर्ताले छलफल गर्ने विषयकोबारेमा सहभागीहरूलाई जानकारी दिनुहोस् ।

**क्रियाकलाप १: एचआइभी र एड्सबारे सामान्य जानकारी (२० मिनेट)**

- यसपछि एचआईभी र एड्सबारे तपाईँहरूलाई के जानकारी छ भनी सहभागीहरूलाई सोध्ने र आएका बुँदाहरूलाई न्यूजप्रिन्ट पेपरमा टिपोट गर्नुहोस् ।
- सहजकर्ताले सहभागीहरूबाट आएको विचारलाई समावेश गर्दै एचआईभी र एड्सबारे आधारभूत जानकारी दिई छलफल अगाडि बढाउनुहोस् ।

**एचआइभी र एड्सबारे जानकारी**

- एचआईभीको पूर्णरूप एच (H) भनेको Human (मानव), आइ (I) भनेको Immunodeficiency (प्रतिरोध क्षमताको कमी), भि (V) भनेको Virus (एक सूक्ष्म जीवाणु) हो । मानवशरीरमा रहेको रोगसँग लड्ने प्रतिरोध क्षमतामा कमी ल्याउदै जाने एक किसिमको सूक्ष्म जीवाणु नै एचआईभी हो ।
- एड्सको पूर्ण रूप ए (A) भनेको Acquired (आर्जित), आई (I) भनेको Immune (प्रतिरोध क्षमता), डि (D) भनेको Deficiency (न्यून भएको) र एस (S) भनेको Syndrome (लक्षणहरू) हो । एचआईभी सङ्क्रमण भएपछिको विकसित तथा अन्तिम अवस्था जतिबेला शरीरको रोगसँग लड्ने क्षमता नष्ट भैसकेको हुन्छ, त्यसलाई एड्स भनिन्छ ।
- एचआइभी यी चार प्रकारबाट एक व्यक्तिबाट अर्कोमा सर्दछ- अ) एचआईभी सङ्क्रमित व्यक्तिसँगको असुरक्षित यौनसम्पर्कबाट, आ) एचआईभी सङ्क्रमित व्यक्तिको रगत वा रगतजन्य पदार्थको प्रयोगबाट रगत लिएमा, इ) सुई तथा छाला छेड्ने निर्मलीकरण नगरिएका औजारको साझा प्रयोगबाट, र ई) एचआईभी सङ्क्रमित गर्भवती आमाबाट जन्मिने बच्चामा ।
- एचआइभी सर्ने उल्लिखित चार तरिकामा सावधानी अपनाइएमा सुरक्षित रहन सकिन्छ किनकि यी चार तरिकाबाहेक अन्यबाट एचआइभी सर्दैन ।
- नेपालबाट भारतमा हुने मौसमी बसाइँसराइलगायत कामका लागि भारत जाने तथा अन्य तेस्रो मुलुकमा जाने क्रम तथा देशभित्र नै पनि बढ्दो शहरीकरण, महिला तथा बालबालिकाको बेचबिखन, असुरक्षित यौनसम्पर्क, सूईबाट लागुपदार्थ लिने लगायतका कारण नेपालमा एचआइभीको सङ्क्रमण हुने सङ्ख्या बढ्दो क्रममा छ ।
- देशका थुप्रै ग्रामीण इलाकामा भारतमा श्रम गरी फर्कने परिवारका श्रीमान्‌बाट श्रीमतीमा र आमाबाट जन्मिने बच्चामा सरी एचआईभी सङ्क्रमण भएको देखिएको छ ।

**क्रियाकलाप २: एचआइभी र एड्सबाट प्रभावित बालबालिका (२० मिनेट)**

- सहभागीहरूलाई अब एचआईभी र एड्सबाट प्रभावित बालबालिका भनेका को हुन् भन्नेबारे छलफल गर्दछौं भनी निम्न सूचनाका आधारमा अन्तर्क्रिया गर्ने ।

## एचआईभी र एड्सबाट प्रभावित बालबालिका

- १८ वर्ष मुनिका ती बालबालिका जो आफै एचआईभीबाट सङ्क्रमित छन् वा एड्सको कारण कुनै एक वा दुवै अभिभावक गुमाएका छन् वा अभिभावक वा हेरचाहकर्ताहरू एचआईभी सङ्क्रमित छन् भने उनीहरूलाई एचआईभी र एड्सबाट प्रभावित बालबालिका (Children Affected by HIV and AIDS, CABA) भनिन्छ ।
- बालबालिका स्वयं एचआईभी सङ्क्रमित भएका हुन सक्छन् भने बुबाआमा वा परिवारका अन्य सदस्य सङ्क्रमित छन् भने पनि तिनमा प्रत्यक्ष प्रभाव परेको हुन्छ ।
- यी बालबालिका संरक्षणको दृष्टिले अति जोखिममा रहेका हुन्छन् ।
- एचआईभी र एड्सले घरपरिवार, समाज, साथी, सहकर्मी आदिबाट हुनसक्ने भेदभाव र लाञ्छनालाई निम्त्याउन सक्ने हुनाले बालबालिकालगायत परिवारका सम्पूर्ण सदस्यहरूमा नकारात्मक असर पर्ने प्रबल सम्भावना हुन्छ ।

- तालिम हलभित्र आफू सँगै रहेका सहभागीहरूबीच तीन-तीन जनाको गुनगुने समूह (बज ग्रुप) तयार गर्नुहोस् ।
- अब सहभागीलाई आ-आफ्नो समूहमा रहेर निम्न प्रश्नबारे छलफल गर्न र आएका महत्वपूर्ण बुँदालाई मेटाकार्ड वा कापीमा टिप्न भन्नुहोस् ।
- एचआईभी र एड्सबाट प्रभावित बालबालिकाको संरक्षण गर्न के गर्नुपर्दछ ?
- सबै समूहलाई छलफलबाट आएका बुँदाहरू एक-एक गरी भन्न लगाउनुहोस् ।
- सहभागीबाट आएका बुँदाहरूलाई ह्वाइटबोर्ड वा न्यूजप्रिन्ट पेपरमा बुझिनेगरी टिप्नुहोस् वा सहभागीहरूमध्ये कुनै एकजनालाई टिप्न लगाउनुहोस् ।
- तल दिइएको जानकारीको सहयोगमा सहभागीबाट आएका विचारहरूलाई समेट्दै सत्रको छलफल अन्त्य गर्नुहोस् ।

## एचआईभी र एड्स प्रभावित बालबालिकाको संरक्षण

- बालबालिका सङ्क्रमित भए वा उनीहरूका अभिभावक सङ्क्रमित भए, तिनीहरूलाई विद्यालयमा भर्ना नलिने र भर्ना भैसकेपछि पनि उनीहरूको अवस्था थाहा पाएपछि विद्यालयबाट निकालीने गरेका उदाहरणहरू पाइन थालेका छन् । सङ्क्रमित भएकै कारण साथीहरूले अलग्याउने, सामाजिक कार्यमा सहभागी नगराइने, यहाँसम्म कि चिकित्सकहरूबाट पनि स्वास्थ्यसेवा दिन नमानेका घटना पनि पाइएका छन् ।
- बालबालिका जोखिममा धकेलिदै शोषण, दूर्व्यवहार, बेवास्ता, भेदभावमा पर्ने सम्भावना बढ्छ साथै कुनै बालबालिका सडकमा समेत आउन बाध्य हुन्छन् ।
- एचआईभी र एड्स प्रभावित बालबालिकाको भिन्न आवश्यकता हुन्छ भन्ने होइन । एचआईभी सङ्क्रमित भएकोले गर्दा उसलाई हेरचाह, पौष्टिक आहार, उपचारमा बढी ध्यान दिनुपर्ने हुन सक्दछ ।
- एचआईभी र एड्स प्रभावित बालबालिकालाई नियमित स्वास्थ्य जाँच गर्ने र आवश्यकता भएमा एआरटी लिनुपर्ने हुन्छ ।
- मनौवैज्ञानिकरूपमा नकारात्मक असर पर्न नदिन भेदभाव र लाञ्छनाबाट जोगाउनु अत्यन्त जरुरी हुन्छ र मनोवैज्ञानिक सहयोगको निरन्तर आवश्यकता पर्दछ ।
- बुबाआमा गुमाएको संरक्षणविहीन बालबालिकाका लागि वैकल्पिक हेरचाहको छनौट गर्दा उनीहरूको आफ्नै घरपरिवार, समुदायमा गरिनु जरुरी हुन्छ ।

**क्रियाकलाप ३ : एचआइभी र एड्सबाट प्रभावित बालबालिकाको संरक्षणका लागि स्थानीयतहमा गर्न सकिने उपायहरू (२०+२० मिनेट)**

- सहभागीहरूलाई चारवटा भिन्न रङ्का मेटाकार्ड बाँड्नुहोस् र एक थरीका कार्ड पाएका सहभागीहरू एउटा समूहमा बस्ने गरी समान सहभागी सङ्ख्या भएका ४ वटा समूहमा विभाजन गर्नुहोस् ।
- अब, एचआईभी र एड्सबाट प्रभावित बालबालिकाको संरक्षणमा निम्न समूहहरूले के-कस्तो भूमिका खेल्न सक्दछन् ? भन्ने प्रश्नमा प्रत्येक समूहलाई छुट्टाछुट्टै समूहकार्य गर्न लगाउनुहोस् ।
    - गाउँ बालअधिकार संरक्षण तथा सम्बर्द्धन उपसमिति
    - विद्यालय
    - बालक्लब र महिला समूह
    - स्वास्थ्य चौकी
- समूहबाट आएका विचारहरूलाई प्रस्तुत गर्न प्रत्येक समूहलाई एक-एक जना नेता छान्न लगाउनुहोस् ।
- प्रत्येक समूहको नेतालाई क्रमैसँग समूह कार्य प्रस्तुत गर्न लगाउनुहोस् र अन्य समूहलाई कुनै बुँदामाथि प्रस्ट हुन चाहेमा प्रश्न गर्न सक्ने तथा प्रस्तुत गर्ने नेता र समूह सदस्यहरूलाई स्पष्ट पार्न अनुरोध गर्नुहोस् ।
- अन्त्यमा, यस सत्रमा छलफल गरेका विषयवस्तुहरूको पुनरावलोकन गरी छलफल टुङ्ग्याउनुहोस् ।

**क्रियाकलाप ४ : सत्रको मूल्याङ्कन र सारसंक्षेप (१० मिनेट)**

- हालसम्म गरिएका छलफलका लागि सहभागीहरूलाई धन्यवाद दिंदै सत्रको मूल्याङ्कन गर्नुहोस् ।

**मूल्याङ्कनका लागि सोध्न सकिने प्रश्नहरू**

- HIV एचआईभी र AIDS एड्सको पूरा रूप के हो ?
- एचआईभी र एड्समा के भिन्नता छ ?
- एचआईभी र एड्सबाट प्रभावित बालबालिका भनेका को हुन् ?
- स्थानीयतहमा एचआईभी र एड्सबाट प्रभावित बालबालिकाको संरक्षणका लागि केकस्ता कार्यहरू गर्न सकिन्छ ?

- यस सत्रमा छलफल गरिएका विषयवस्तुका मुख्य बुँदाहरू पुनः दोहोऱ्याउँदै एचआइभी र एड्स प्रभावित बालबालिकाको विषयअन्तर्गतको छलफलमा सक्रियतापूर्वक भाग लिएकोमा सहभागीलाई धन्यवाद दिदै सत्रको अन्त्य गर्नुहोस् ।

***

# अध्ययन सामग्री

## ७. एचआइभी/एड्सबाट प्रभावित बालबालिका

### ७.१. एचआइभी र एड्स के हो ?

- एचआईभी भनेको के हो ?

H . मानव (Human)

I . प्रतिरोधात्मक क्षमताको कमी (Immunodeficiency)

V . एक सुक्ष्म विषाणु (Virus)

मानवशरीरमा रहेको रोगसँग लड्ने प्रतिरोध क्षमतामा कमी ल्याउँदै जाने एक किसिमको सूक्ष्म जीवाणु नै एचआईभी हो । यसको पूरा नाम Human Immunodeficiency Virus जसलाई छोटकरीमा HIV भन्ने गरिन्छ । यो साह्रै सुस्त गतिमा विकसित हुने गर्दछ र मानवशरीरमा प्रवेश गरेपछि शरीरको प्रतिरोधात्मक क्षमतालाई कमजोर पार्दै एड्सको अवस्थामा पुऱ्याउँछ । एचआईभीको सङ्क्रमण भएपछि एड्सको अवस्थामा पुग्न १० वर्ष वा सोभन्दा बढी समय लाग्न सक्दछ ।

- एड्स भनेको के हो ?

A . आर्जित (Acquired)

I . प्रतिरोध क्षमता (Immune)

D . न्यून भएको (Deficiency)

S . लक्षणहरू (Syndrome)

एचआईभी सङ्क्रमण भएपछिको विकसित तथा अन्तिम अवस्था जतिबेला शरीरको रोगसँग लड्ने क्षमता नष्ट भैसकेको हुन्छ, त्यसलाई एड्स भनिन्छ । यसको पूरा नाम Acquired Immune Deficiency Syndrome जसलाई छोटकरीमा AIDS भन्ने गरिन्छ । यस अवस्थामा एकभन्दा बढी रोग वा सङ्क्रमणहरूको लक्षण एकसाथ देखा पर्छन् ।

### ७.२. एचआईभी सर्ने तरिका

क) एचआईभी कसरी सर्दछ ?

ख) एचआईभी कसरी सर्दैन ?

सँगै खेलकूद गरेमा, उठबस गरेमा, बोलचाल गरेमा, न्याल, दिसापिसाब, थुक, पसिनाबाट, हात मिलाएमा, अङ्कमाल गरेमा, म्वाइ खाएमा, रुमालको प्रयोगबाट, एउटै शौचालय वा नुहाउने कोठाको प्रयोग गरेमा, खोक्दा वा हाच्छ्युँ गरेमा, एचआईभी सङ्क्रमित बालबालिकाको हेरचाह गरेमा एचआईभी सर्दैन । समग्रमा, एचआईभी सर्ने ४ तरीका बाहेक अन्य तरीकाबाट एचआईभी सर्दैन ।

### ७.३.    एचआईभी सङ्क्रमण हुनबाट बच्ने उपायहरू:

एचआईभीलाई निको पार्ने गरी हालसम्म उपचार आइसकेको छैन । तथापि सङ्क्रमण भएपछि एड्सको अवस्थामा पुग्न नदिनका लागि विभिन्न प्रभावकारी औषधिहरू उपलब्ध छन् । सङ्क्रमण भएपछि मानवशरीरको प्रतिरोधात्मक क्षमता नाप्नका लागि CD4 (एक किसिमको कोष) गणना गर्ने गरिन्छ । जब CD4 को मात्रा रगतमा झण्डै २०० प्रति घन मिलिमिटर पुग्दछ, त्यतिबेला चिकित्सकको सल्लाहमा Anti Retro Viral (ARV) औषधिको प्रयोग सुरु गरिन्छ । ARV भनेको ३ प्रकारको औषधिहरूको संयोजन हो र यसले शरीरको प्रतिरोध क्षमतालाई बलियो बनाउन मद्दत गर्दछ । ARV एक पटक सुरु गरेपछि नबिराइकन सधैंभरिका लागि प्रयोग गरिरहनु पर्ने हुनाले चिकित्सकको सहयोग आवश्यक हुन्छ र समय समयमा CD4 गणना गराइरहनु पर्दछ । स्वेच्छिक परामर्श तथा परीक्षण सेवा केन्द्र अर्थात् Voluntary Counseling and Testing (VCT) Centre मा गएर सम्पर्क गर्नाले एचआईभी र एड्ससँग सम्बन्धित निःशुल्क सल्लाह सुझाव पाइनुका साथै सङ्क्रमण भएनभएको यकिन गर्नका लागि परीक्षण गर्नमा पनि सहयोग प्राप्त गर्न सकिन्छ ।

एचआईभी सङ्क्रमण भएपछि निको पार्ने गरी हालसम्म यसको उपचार नभए पनि सावधानी अपनाउने हो भने माथि उल्लेख गरिए अनुसारका एचआईभी सङ्क्रमण हुने ४ तरीकाहरूबाट जोगिएमा शतप्रतिशत सङ्क्रमण हुनबाट बच्न सकिन्छ । । धेरै जनासँग यौनसम्पर्क नगर्ने, यौनसम्पर्क गर्दा कण्डमको प्रयोग गर्ने, सुई वा छाला छेड्ने औजारको साझा प्रयोग नगर्ने र प्रयोग गर्दा निर्मलीकरण गरिएको औजारको मात्र प्रयोग गर्ने, रगत वा रगतजन्य पदार्थको प्रयोग गर्नु अगाडि जाँच गरेर सङ्क्रमित हो वा होइन भनी सुनिश्चित गर्ने, गर्भवति आमा सङ्क्रमित छिन् भने चिकित्सकको सल्लाहमा Prevention of Mother to Child Transmission (PMTCT) सेवा लिने गरेमा जन्मिने बच्चामा सङ्क्रमण हुनबाट बचाउन सकिन्छ । यसका साथै एचआईभी र एड्सकोबारेमा खुलेर छलफल गर्नुपर्दछ र आफू पनि सचेत रहनुपर्दछ तथा अन्यलाई पनि सचेतना दिनु जरूरी हुन्छ ।

### ७.४.    एचआइभी र एड्सबाट प्रभावित बालबालिका भनेका को हुन् ?

१८ वर्ष मुनिका ती बालबालिका जो आफै एचआईभीबाट सङ्क्रमित छन् वा एड्सको कारण कुनै एक वा दुवै अभिभावक गुमाएका छन् वा अभिभावक वा हेरचाहकर्ताहरू एचआईभी सङ्क्रमित छन् भने उनीहरूलाई एचआईभी र एड्सबाट प्रभावित बालबालिका (Children Affected by HIV and AIDS, CABA) भनिन्छ ।


### ७.५.    बालबालिकामाथि एचआईभी र एड्सको प्रभाव :

बालबालिकामा एचआईभी र एड्सको प्रभाव विभिन्न तरीकाले परेको हुन्छ । बालबालिका स्वयं एचआईभी सङ्क्रमित भएका हुन सक्छन् भने बुबाआमा वा परिवारका अन्य सदस्य सङ्क्रमित छन् भने पनि तिनमा प्रत्यक्ष प्रभाव परेको हुन्छ ।

घरको अभिभावक नै सङ्क्रमित भएपछि यसको उपचारको लागि खर्च बढ्ने र बिरामीको कारण घरको आम्दानी घट्ने हुन्छ । यसले गर्दा घरमा अभाव सिर्जना हुने र अन्त्यमा आधारभूत आवश्यताहरूमा कटौती हुने तथा सार्वजनिक सेवामा पहुँच कम हुँदै बालबालिका विद्यालय छोड्नुपर्ने स्थितिसमेत आउने गर्दछ ।

अभिभावकको मृत्यु भएमा वा गम्भीर बिरामी भएमा कलिला उमेरमा नै बालबालिकाले घरको जिम्मेवारी लिन तथा अभिभावकको हेरचाह गर्न बाध्य हुन्छन् । यसले गर्दा बालबालिका बालश्रममा संलग्न हुन्छन् । यसरी बालबालिका जोखिममा धकेलिदै शोषण, दूर्व्यवहार, बेवास्ता, भेदभावमा पर्ने सम्भावना बढ्छ साथै कुनै बालबालिका सडकमा समेत आउन बाध्य हुन्छन् ।

यति मात्र होइन, एचआईभी र एड्सले घरपरिवार, समाज, साथी, सहकर्मी आदिबाट हुनसक्ने भेदभाव र लाञ्छनालाई निम्त्याउन सक्ने हुनाले बालबालिकालगायत परिवारका सम्पूर्ण सदस्यहरूमा नकारात्मक असर पर्ने प्रबल सम्भावना हुन्छ । ती बालबालिकामाथि मनौवैज्ञानिकरूपमा आघात पुगेको हुन्छ भने कतिपय त भेदभाव र लाञ्छनाको कारण विस्थापितसमेत हुने गर्दछन् । यी सबैले गर्दा बालबालिका पुनः एचआईभी सङ्क्रमणको उच्च जोखिममा रहन्छन् र यो जोखिमचक्र तथा प्रभावको प्रक्रिया यसरी नै नटुङ्गिने गरी निरन्तर दोहोरिने गरेको हुन्छ ।




### ७.६. सामाजिक लाञ्छना र भेदभाव :

एचआईभी सङ्क्रमितहरूप्रति समाजले हेर्ने दृष्टिकोणमा फरक नआएको सन्दर्भमा सामाजिक लाञ्छना र भेदभाव विश्वभरि नै व्याप्त रहेको पाइन्छ । नेपाली समाज पनि यसबाट अछुतो छैन र एचआईभी सङ्क्रमित व्यक्ति र तिनका परिवारप्रति समाजले नकारात्मक दृष्टिकोणले हेर्ने र व्यहार गर्ने गरेका हुन्छन् । यसै कारण एचआईभी सङ्क्रमितहरूलाई समुदायले अस्वीकृत गर्ने, यहाँसम्म कि आफ्नै घरपरिवारका सदस्यहरूबाट मैत्रीपूर्ण व्यवहार नगरिने, विभिन्न सेवासुविधाहरूबाट वञ्चित गर्ने, कामबाट निकालीने जस्ता घटनाहरू प्रशस्तै भेट्न सकिन्छ । बालबालिका सङ्क्रमित भए वा उनीहरूका अभिभावक सङ्क्रमित भए, तिनीहरूलाई विद्यालयमा भर्ना नलिने र भर्ना भैसकेको भए अवस्था थाहा पाएपछि निकालीने गरेका उदाहरण हाम्रै समाजमा छन् । सङ्क्रमित भएकै कारण साथीहरूले बहिष्कार गर्ने, सामाजिक कार्यमा सहभागी नगराइने, यहाँसम्म कि चिकित्सकहरूबाट पनि स्वास्थसेवा दिन नमानेका घटना भएका छन् । यसरी विचार गर्दा घरपरिवारका सदस्य, साथी, सहकर्मी, शिक्षक, स्वास्थ्यकर्मी, समाजका अगुवालगायत समाजमा भएका सबैबाट लाञ्छना र भेदभाव हुने गरेका छन् ।

### ७.७. एचआईभी र एड्स प्रभावित बालबालिकाको संरक्षण :

मानवीय आवश्यकताको दृष्टिकोणबाट एचआईभी र एड्स प्रभावित बालबालिकाको भिन्न आवश्यकता हुन्छ भन्ने होइन । एचआईभी सङ्क्रमित भएकोले गर्दा उसलाई हेरचाह, पौष्टिक आहार, उपचारमा बढी ध्यान दिनुपर्ने हुन सक्दछ । तथापि उनीहरूका आवश्यकता,

चाहना पनि अन्य बालबालिकाका जस्तै हुन्छन् र व्यवहार पनि अरू बालबालिका सरह नै गर्नु जरूरी हुन्छ । बुबाआमा गुमाएको संरक्षणविहीन बालबालिकाका लागि वैकल्पिक हेरचाहको छनौट गर्दा उनीहरूको आफ्नै घरपरिवार, समुदायमा गरिनु जरूरी हुन्छ । बालगृहलाई अन्तिम विकल्पको रूपमा मात्र लिनुपर्दछ । यसका साथै उनीहरूमा मनोवैज्ञानिकरूपमा नकारात्मक असर पर्न नदिन भेदभाव र लाञ्छनाबाट जोगाउनु अत्यन्त जरूरी हुन्छ र मनोवैज्ञानिक सहयोगको निरन्तर आवश्कता पर्दछ । संरक्षणका उपायहरू अपनाउँदा बालबालिकाको उच्चतम हितलाई ध्यान दिनुपर्दछ ।

## ७.८. एचआइभी र एड्सको वर्तमान स्थिति :

पहिलोपटक सन् १९८१ मा अमेरिकाको क्यालिफोर्निया र न्यूयोर्कमा पुरुष समलिङ्गी अनि त्यसपछि Intravenous Drug Users (IDUs) मा समूहगतरूपमा एचआईभी र एड्सको लक्षण देखा परेको थियो । त्यसपछि अन्य युरोपियन मुलुकहरूमा क्रमशः देखा पर्दै गयो । सन् १९८२ मा यसको नामाकरण AIDS को रूपमा गरियो । सन् १९८४ मा AIDS को कारण भनेको HIV जीवाणु हो भन्ने कुरा प्रमाणित भयो । नेपालमा पहिलो पटक सन् १९८८ मा AIDS फेला परेको थियो ।

नेपालबाट भारतमा हुने मौसमी बसाइँसराइलगायत कामका लागि भारत जाने तथा अन्य तेस्रो मुलुकमा जाने क्रम तथा देशभित्र नै पनि बढ्दो शहरीकरण, महिला तथा बालबालिकाको बेचबिखन, सूईजन्य लागुपदार्थको दुरूपयोग, असुरक्षित यौनसम्पर्कका कारण नेपालमा एचआइभीको सङ्क्रमण हुने सङ्ख्या बढ्दो क्रममा छ । देशका थुप्रै ग्रामीण इलाकामा भारतमा श्रम गरी फर्कने परिवारका श्रीमान्बाट श्रीमतीमा र आमाबाट जन्मिने बच्चामा सरी एचआईभी सङ्क्रमण भएको देखिएको छ । हाल नेपालमा ५५ हजार ६०० जना व्यक्तिहरू एचआईभी र एड्सबाट प्रभावित रहेको अनुमान गरिएको छ ।[१] यसैगरी केन्द्रीय बालकल्याण समितिको नेपालका बालबालिकाको स्थिति प्रतिवेदन[२] अनुसार नेपालमा करीब ३ लाख बालबालिका एड्स प्रभावित अर्थात एचआइभी सङ्क्रमित वा एड्सको अवस्थामा रहेका बाबुआमाका बालबालिका तथा स्वयं बालबालिका एचआइभी सङ्क्रमित वा एड्सको अवस्थामा रहेको अनुमान छ । यी बालबालिका संरक्(णको दृष्टिले अति जोखिममा रहेका छन् । एचआइभी भएका कारण विद्यालयबाट बालबालिका निकालिएको घटनादेखि समाजमा अत्यन्त दूर्व्यवहार भेदभाव गरिएका घटनाहरू प्रकाशमा आइरहेका छन् ।




## ७.९. एचआइभी र एड्स सम्बन्धी नीतिनियमहरू :

बालअधिकारसम्बन्धी महासन्धि, १९८९ मा आधारित भई संयुक्त राष्ट्रसंघले एचआइभी, एड्स र बालअधिकारकोबारेमा आफ्नो धारणा प्रकाशित गरेको छ[३] जसअनुसार-

- भेदभावविरूद्धको अधिकार (धारा २)—बालबालिका, विशेषतः बालिकाहरूलाई सूचना, शिक्षा र स्वास्थ्य वा सामाजिक हेरचाह सेवाहरूबाट वञ्चित गर्नेसम्मको भेदभाव हुन सक्दछ ।
- बालबालिकाको सर्वोत्तम हित (धारा ३)—बालबालिकाबीचमा हुने एचआईभीसम्बन्धी रोकथाम, हेरचाह तथा सहयोगको सबै

१ राष्ट्रिय जनसङ्ख्या तथा स्वास्थ्य प्रतिवेदन, २०११
२ केन्द्रीय बालकल्याय समिति, नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन २०६९, पेज ४६
३ World Vision Asia-Pacific (2007), Changing Faces: Trends in HIV and AIDS in Asia and Opportunities to Reverse Them, Pg 35

नीति तथा कार्यक्रमले बालबालिकाको अधिकार र आवश्यकताको समायोजित रणनीतिहरूसँग बालबालिकाको सर्वोत्तम हितलाई ख्याल गर्नुपर्दछ ।

- विचार व्यक्त गर्ने र यसको सुनुवाइ हुनुपर्ने अधिकार (धारा १२)–एचआईभी रोकथाम, हेरचाह तथा सहयोगको योजना, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको क्रममा विशिष्ट दौतरी शिक्षा उल्लेख गरी बालबालिकालाई सहभागिता गराउनुपर्दछ ।
- सूचनाको अधिकार (धारा १७)–बालबालिकाले सामाजिक, अध्यात्मिक र नैतिक स्वास्थ्य, शारीरिक तथा मानसिक स्वास्थ्यको उद्देश्य बोकेका सूचना सामग्रीहरूमा पहुँच पाउने अधिकार छ ।
- स्वास्थ्यसम्बन्धी अधिकार (धारा २४(६))–रोकथाममूलक स्वास्थ्य हेरचाह, यौनशिक्षा र परिवार नियोजन शिक्षा तथा सेवाहरूको अधिकार छ ।

नेपाल सरकारले कार्यस्थलमा एचआइभी र एड्ससम्बन्धी नीति २०६४ लागु गरेको छ, जसमा–




- काम गर्ने स्थानमा आइपर्ने मामिलाको रूपमा स्वीकार्ने, भेदभाव नगर्ने ।
- काम गर्ने स्वस्थ वातावरणको सिर्जना गर्ने ।
- लैङ्गिक समानतालाई अङ्गिकार गर्ने काम गर्न स्वस्थ वातावरणको सिर्जना गर्ने ।
- सामाजिक संवादलाई निरन्तरता दिने ।
- रोजगार वा कामबाट अलग्याउने उद्देश्यले एचआइभी परीक्षण नगर्ने । सङ्क्रमित भएको व्यक्तिको परिचयलाई गोपनीयता कायम गर्ने ।
- सङ्क्रमितहरूको हकको आदर गर्ने । सामान्य काम गर्न सकुञ्जेल रोजगारको निरन्तरताको प्रत्याभूति गर्ने ।
- सङ्क्रमणको यथाशक्य रोकथाम र उपचार गर्ने । सङ्क्रमितहरूलाई सहयोग गर्ने ।

नेपालको बालबालिकाको लागि १० वर्षे राष्ट्रिय कार्ययोजना (२०६१/६२-२०७१/७२) अनुसार निम्न उद्देश्यहरू राखी एचआईभी र एड्ससम्बन्धी छुट्टै शीर्षकमा कार्ययोजना तय गरिएको छ, जसमा–

- आवश्यक कानुन तथा नीतिहरूको पुनरावलोकन, संशोधन तथा निर्माण गर्ने ।
- एचआईभी र एड्सलाई फैलनबाट रोक्ने तथा यसको असरलाई आँकलन गर्दै लैजाने ।
- सन् २०१४ सम्म हरेक गाविसको वडा-वडामा एड्सविरुद्ध जनचेतना र सतर्कता अभिवृद्धि गर्ने ।
- बालबालिकालाई एचआईभी र एड्स सर्नबाट बचाउने ।

***

# ८. कमलरी प्रथा



**१ घण्टा**
**30 मिनेट**

### ८.१ सत्रको परिचय :

नेपालको मध्य तथा सुदूर पश्चिम विकासक्षेत्रका खासगरी पाँच जिल्लाहरू बाँके, बर्दिया, कैलाली, कञ्चनपुर र दाङमा कमैया प्रथा रहेको पाइन्छ । ती जिल्लाका कमैया परिवारका किशोरी छोरीहरूलाई तिनै जिल्लाभित्र र जिल्लाभन्दा बाहिर जमिनदारको घरमा घरायसी कामका लागि राख्ने चलन विद्यमान रहेको पाइन्छ । यस सत्रको छलफलले परम्परादेखि समुदायमा घरेलु बालश्रमको एक स्वरूपका रूपमा रहेको कमलरी प्रथा र यसविरूद्धको विद्यमान कानुनी व्यवस्थाबारे छलफल गरी यसको उन्मूलनका लागि सामाजिक अभियान चलाउनु र प्रभावित किशोरीहरूको पुनर्स्थापना कार्यमा सहयोग पुऱ्याउनु यस सत्रको उद्देश्य रहेको छ ।

### ८.२ अपेक्षित उपलब्धि :

यस सत्रको अन्त्यमा सहभागीले,

- कमलरी प्रथा र यसको वर्तमान स्थितिबारे जानकारी पाई यसबारे बताउन सक्नेछन् ।
- कमलरी प्रथासम्बन्धी नेपालको कानुनका मुख्यमुख्य व्यवस्थाबारे भन्न सक्नेछन् ।
- समुदायतहमा कमलरी प्रथा उन्मूलन गर्न सञ्चालन गर्नुपर्ने क्रियाकलापहरू योजना गर्न र कार्यान्वयन गर्न सक्नेछन् ।

### ८.३ सत्र सञ्चालनका लागि आवश्यक सामग्री :

- न्यूजप्रिन्ट पेपर, मार्कर, विभिन्न रङ्गका मेटाकार्ड, मास्किङ्ग टेप, आदि ।

### ८.४ सत्रको तयारी :

- सत्र सञ्चालनको क्रममा आवश्यक घटना अध्ययनलाई बुझिनेगरी न्यूजप्रिन्ट पेपरमा उतार्नुहोस् ।
- सत्र सञ्चालनका लागि विद्यमान कानुनी व्यवस्थाहरूको अध्ययन गर्नुहोस् ।

### ८.५ सत्र सञ्चालन गर्ने प्रक्रिया :

- 'अब हामी, कमलरी प्रथाकोबारेमा छलफल गर्दैछौं' भनी सहभागीहरूलाई विषयवस्तुतिर आकर्षित गराउनुहोस् ।

**क्रियाकलाप १: कमलरी प्रथाबारे सामान्य परिचय (२० मिनेट)**

- कमलरी प्रथाबारे आफूलाई थाहा भएको कुरा बताउन सहभागीहरूलाई आग्रह गर्नुहोस् । कमलरीले घरेलु काममा के-कस्ता खालका कामहरू गर्नुपर्दछ होला भनी सहभागीलाई सोध्नुहोस् ।

- सहभागीबाट आएका कुराहरूलाई मेटाकार्डमा प्रमुख शब्दका रूपमा लेखेर बोर्डमा टाँस्नुहोस् वा ह्वाइटबोर्डमा सिधै टिप्नुहोस् ।
- सहभागीबाट आएका बुँदाहरूलाई समेट्दै देहायका जानकारीलाई समेटी प्रस्तुती गर्नुहोस् ।

**कमलरी प्रथाबारे जानकारी**

- अरूकहाँ काम गर्न बसेको पुरुषलाई कमैया भन्दछन् । कमैया परिवारको किशोरी छोरीहरूलाई कमलरी भनिन्छ जो मालिकका घरमा घरेलु श्रमिकका रूपमा बसेका हुन्छन् । कमैया बसेको घरको सारा कामहरू राम्रोसँग पूरा गर्नका लागि कमैया र उनको परिवारका अरू सदस्य (श्रीमती, छोराछोरी) पनि उसँगै सामेल भएका हुन्छन् ।
- राजधानीलगायत देशका ठूला शहरमा राखिने प्रायः किशोरीहरू पनि थारु परिवारका छोरी हुन्छन् जसलाई थारु भाषामा कमलरिया भनिन्छ । यही शब्द अपभ्रंश हुँदै कमलरीमा रूपान्तरण भएको हो ।
- नेपाल सरकारले वि.स. २०५७ साउन २ गते कमैया मुक्तिको घोषणा गरिसकेपछि कमैया राख्न पाईंदैन । सोही मुक्तिको घोषणासँगै कमलरी राख्न पनि निषेध गरिएको छ । साथै, विद्यमान कानुनले कमलरीलाई बधुँवा श्रमको स्वरूप र निकृष्ट प्रकारको श्रम मानेको हुनाले त्यसलाई गैरकानुनी मानिएको छ ।
- कतिपय अवस्थामा थारु बाहुल्य भएको जिल्लाहरूमा शहरबजारका मानिसहरू कमलरी लिन जाने हुँदा उनीहरूलाई दिइने ज्यालामा बढाबढ गर्ने गरिएको पनि पाइन्छ । एक अध्ययनअनुसार यसरी कमलरी जानेहरूमा ५ देखि १० वर्ष उमेर समूहका १४ प्रतिशत, ११ देखि १५ वर्ष उमेर समूहका ५९ प्रतिशत, र १६ वर्षदेखि माथि उमेर समूहका २७ प्रतिशत रहेका छन् ।

**क्रियाकलाप २ः कमलरी प्रथासम्बन्धी विद्यमान कानुनी व्यवस्था (२० मिनेट)**

- कमलरी र कमैया प्रथा दुवैलाई नेपालको कानुनले निषेध गरी सजायको व्यवस्था गरिएको छ भनेर न्यूजप्रिन्ट पेपर वा एल.सि.डि. प्रोजेक्टरमा देखाउँदै छलफललाई अगाडि बढाउनुहोस् ।

**कमलरी प्रथा निषेध गर्ने केही कानुनी व्यवस्थाहरू**

- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले शोषण गर्ने उद्देश्यले कसैलाई नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँ लैजानेलाई १ देखि २ वर्षसम्म कैदको व्यवस्था गरेको छ ।
- बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ दफा १९ अनुसार कसैले १४ वर्षभन्दा मुनिका बालबालिकालाई काममा लगाएमा उसलाई तीन महिनासम्म कैद वा दस हजार रूपैयासम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ ।
- मुलुकी ऐन, २०२० को जीउ मास्ने/बेच्ने महलको दफा ३ अनुसार कसैले कसैलाई दास तुल्याउन, कमाराकमारी बनाउन, बाँधा बनाउन नहुने उल्लेख छ । यस्तो गर्नेलाई ३ देखि १० वर्षसम्म कैद र पीडितलाई उचित क्षतिपूर्ति दिलाउने व्यवस्था छ ।
- कमैया श्रम (निषेध) ऐन, २०५८ ले कमलरी राख्न पूर्णरूपमा बन्देज लगाएको छ । यो ऐनले कमलरीलाई कमैयाकै परिभाषाभित्र समेटेकाले कमलरी राख्ने कार्य स्वतः दण्डनीय हुनेछ । कसैले कसैलाई कमैया श्रमिकका रूपमा काममा लगाएमा त्यस्तो व्यक्तिलाई १५ हजारदेखि २५ हजारसम्म जरिवाना गरी त्यसरी काममा लगाएको प्रत्येक दिनको श्रम ऐन, २०४८ बमोजिम निर्धारित न्यूनतम ज्यालादरको दोब्बर रकम त्यस्तो काम लगाउने व्यक्तिबाट काम गर्ने व्यक्तिलाई भराइदिनेछ ।

**क्रियाकलाप ३ : कमलरी प्रथा उन्मूलनका उपायहरू (२०+२० मिनेट)**

- उपस्थित सहभागीलाई १ देखि ४ वा ५ अङ्क भन्न लगाउने (सहभागीहरूको सङ्ख्यालाई हेरेर ४, ५ जनाको एक समूह हुने गरी) र सोही अङ्कअनुसार सहभागीलाई एक ठाउँमा बस्न लगाई समूह विभाजन गर्नुहोस् ।
- त्यसपछि तल उल्लेखित घट्ना कथा सुनाउने वा यदि प्रिन्ट गर्न सकिएमा घट्ना कथाको एक-एक प्रति सबै समूहलाई दिनुहोस् ।

**रीनाको कथा (घटना अध्ययन)**

रीना १३ वर्षकी छिन् । रीनाको परिवार गाउँकै एक जमिन्दारको घरमा बस्दछन् । रीनाको बुबाले जमिन्दारको खेतपातीको काम गर्नुहुन्छ । रीनाको हजूरबुवाले लिएको ऋण तिर्न नसकेर सबै परिवारले जमिन्दारको काम गर्नु परेको हो । रीनाकी आमाले जमिन्दारको घरमा नै काम गर्नुपर्दछ । रीनाले पनि आमालाई घरको काममा सघाउनुर्पछ । उनी विद्यालय पढ्न जान पाउँदिनन् । रीनालाई भने अरू साथीहरू विद्यालय गएको देख्दा आफूले पनि जान पाए हुन्थ्यो भन्ने लाग्दछ । एकदिन काठमाडौंमा विवाह भएकी जमिन्दारको छोरी त्यहाँ आउँदा रीनाको बुवासँग रीनालाई काठमाडौं लाने कुरा गरिन् । रीनाको बुवाले नाइनास्ती गर्न सकेनन् । अब भने उनी काठमाडौं जानुपर्ने भयो । काठमाडौंमा गएपछि उनले घरको सबै काम गर्नुपर्थ्यो ।

- देहायका प्रश्नहरू समेटी समूहगत छलफल गरी उत्तरहरू छोटकरीमा न्यूजप्रिन्ट पेपरमा टिप्न लगाउनुहोस् ।
- समूहगत छलफलका लागि प्रश्नः
    - के-के कारणले गर्दा शहरबजारका परिवारहरूमा कमलरी राख्ने गरिएको ?
    - कमलरी प्रथा उन्मूलनका लागि समुदायतहमा के-कस्ता क्रियाकलापहरू गर्न सकिन्छ ?
- समूहबाट आएका विचारहरूलाई प्रस्तुत गर्न प्रत्येक समूहलाई एक-एक जना नेता छान्न लगाई प्रत्येक समूहको नेतालाई क्रमैसँग समूहगत प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।
- अन्य समूहलाई कुनै बुँदामाथि प्रस्ट हुन चाहेमा प्रश्न गर्न तथा प्रस्तुत गर्ने नेता र समूह सदस्यहरूले स्पष्ट पार्न अनुरोध गर्नुहोस् । र, कुनै बुँदामाथि छलफल गर्न आवश्यक ठानेमा समग्रमा छलफल गर्नुहोस् ।
- सबै प्रस्तुतीकरणपश्चात् निष्कर्ष निकाल्दै सत्रको अन्त्य गर्नुहोस् ।

**क्रियाकलाप ४ : सत्रको मूल्याङ्कन र सारसंक्षेप (१० मिनेट)**

- सत्रको अन्त्यमा सत्रको मूल्याङ्कन गरी हालसम्म गरिएका छलफलको संक्षेपीकरण गरी सत्रलाई टुङ्ग्याउनुहोस् ।

सहभागीसँग छलफल गर्न सोध्न सकिने बुँदाहरू

- कमलरी भनेका को हुन् ?
- कमलरी राख्ने व्यक्तिलाई के-कस्तो सजाय हुन्छ ?
- कमलरी प्रथा उन्मूलनका लागि समुदायमा के-कस्ता क्रियाकलापहरू गर्न सकिन्छ ?

- सक्रियतापूर्वक सहभागी भएकोमा सहभागीलाई धन्यवाद दिँदै सत्रको अन्त्य गर्नुहोस् ।

***

# अध्ययन सामग्री

## ८. कमलरी प्रथा

### ८.१. परिचय

'कमैया' यसको शाब्दिक अर्थ 'कडा परिश्रमी' हो । तर विडम्बना यो शब्द कडा परिश्रमी हैन कि दासको रूपमा रूपान्तरण भइरहेको पाइन्छ । कारण कमैया बसेको घरको सारा कामहरू राम्रोसँग पूरा गर्नका लागि कमैया र उनको परिवारका अरू सदस्य (श्रीमती, छोराछोरी) पनि उसँगै सामेल भएका हुन्छन् । यसरी अरूकहाँ काम गर्न बसेको पुरुषलाई कमैया भन्दछन् । कमैयाकी श्रीमतीलाई बुकरही भनिन्छ भने छोरीहरूलाई कमलरी । चौबिसै घण्टा सेवा लिनका लागि जमिनदारले दया गरेर आफ्नै घरको छेउछाउमा कमैयाका लागि एक बुकुरो (सानो छाप्रो) बनाइदिएको हुन्छ । त्यही बुकुरोमा बस्ने भएकाले कमैयाकी श्रीमतीलाई बुकरही भनिएको हो । कमैयाका साना उमेरका छोराछोरीले भने गाई, बाख्रा, भैसी आदि चराउछन् जसलाई गैवार, भैसवार, छेग्राव आदि भनिन्छ । राजधानीलगायत देशका ठूला शहरमा राखिने घरेलु कामदार प्रायः किशोरीहरू गरीब थारूका छोरीलाई थारु भाषामा कमलरिया भनिन्छ । यही शब्द अपभ्रंश हुँदै कमलरीमा रूपान्तरण भएको हो ।

सामान्यतया जमिनदारले महिला कमैया राख्न रुचाउँदैनन् । पुरुष राख्दा एक जनालाई केही माना धान दिएर वर्षभरि उसको सिङ्गो परिवारको काम लिन पाइन्छ । तर महिला मात्र राख्दा यो अवसर गुम्दछ । त्यसैले दास प्रथाको अवशेषका रूपमा रहेको कमैया प्रथामा पनि महिला उपरको भेदभाव झल्किन्छ । थोरै धान वा जिन्सीमा भए पनि केहीले महिला कमैया (बुकरही वा कमलरी) राखेका हुन्छन् ।



नेपाल सरकारले वि.स. २०५७ साउन २ गते कमैया मुक्तिको घोषणा गरिसकेपछि कमैया राख्न पाईंदैन । तर उचित पुनर्स्थापनाको अभावमा अहिले पनि विभिन्न रूप र आवरणमा यो प्रथा जारी छ । खासगरी यिनै कमैयाका किशोर छोरीहरूलाई जमिनदारका घरमा घरायसी कामका लागि राखिँदै आएको छ । यस्ता कमलरीहरू सामान्यतया ७–८ वर्षदेखि १८–२० वर्षसम्मका हुन्छन् । सोझो बुझाइमा शहरबजारका धनाढ्यहरूका घरमा घरेलु कामदारको रूपमा राखिएका प्रायः थारु किशोरीहरू नै कमलरी हुन् । बाँके, बर्दिया, कैलाली, कञ्चनपुर र दाङ जिल्लाहरू कमैया प्रथा झाङ्गिएका स्थान भएकाले कमलरी पनि प्रायः ती क्षेत्रकै हुने गरेका छन् । यो प्रथा खासगरी दाङ जिल्लाबाट सुरु भएको मानिन्छ । कमलरीलाई बजारका वस्तुसरह किनबेच गरिरहेको अवस्था विद्यमान छ । यसरी कमलरी जानेहरूमा ५ देखि १० वर्ष उमेर समूहका १४ प्रतिशत, ११ देखि १५ वर्ष उमेर समूहका ५९ प्रतिशत, र १६ वर्षदेखि माथि उमेर समूहका २७ प्रतिशत रहेका छन् ।[१]

---

१ रघुनाथ लामिछाने (२०६६), कमलरी, असहाय नानीहरुको साथी (एफएनसी), पेज १६

## ८.२. कमलरीसँग सम्बन्धित तथा यो प्रथा नियन्त्रण गर्न बनेका कानुनी व्यवस्थाहरू

**मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ :**

यस ऐनले शोषण गर्ने उद्देश्यले कसैलाई नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँ लैजानेलाई १ देखि २ वर्षसम्म कैदको व्यवस्था गरेको छ । बेचिएको, ओसारपसार गरिएको वा वेश्यावृत्तिमा लगाइएको व्यक्तिलाई पीडितको परिभाषामा राख्दै ऐनले दास तुल्याउने, बाँधा बनाउने कार्यलाई शोषण भनी उल्लेख गरेको छ । ऐनको दफा ४ को देहाय २ को खण्ड ख अनुसार शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाईफकाई, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने कार्य ओसारपसारभित्र पर्दछ ।

बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ दफा १९ अनुसार कसैले १४ वर्षभन्दा मुनिका बालबालिकालाई काममा लगाएमा उसलाई तीन महिनासम्म कैद वा दस हजार रूपैयासम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ ।

मुलुकी ऐन, २०२० को जीउ मास्ने/बेच्ने महलको दफा ३ अनुसार कसैले कसैलाई दास तुल्याउन, कमाराकमारी बनाउन, बाँधा बनाउन नहुने उल्लेख छ । यस्तो गर्नेलाई ३ देखि १० वर्षसम्म कैद र पीडितलाई उचित क्षतिपूर्ति दिलाउने व्यवस्था गरेको छ ।

### कमैया श्रम (निषेध) ऐन, २०५८ :

यस ऐनले कमलरी राख्न पूर्णरूपमा बन्देज लगाएको छ । यो ऐनले कमलरीलाई कमैयाकै परिभाषाभित्र समेटेकाले कमलरी राख्ने कार्य स्वतः दण्डनीय हुनेछ । कसैले कसैलाई कमैया श्रमिकका रूपमा काममा लगाएमा त्यस्तो व्यक्तिलाई १५ हजारदेखि २५ हजारसम्म जरिवाना गरी त्यसरी काममा लगाएको प्रत्येक दिनको श्रम ऐन, २०४८ बमोजिम निर्धारित न्यूनतम ज्यालादरको दोब्बर रकम त्यस्तो काम लगाउने व्यक्तिबाट काम गर्ने व्यक्तिलाई भराइदिनेछ ।

यसैगरी कसैले ज्याला नदिई वा न्यूनतम भन्दा कम ज्याला दिई कसैलाई काममा लगाएमा त्यस्तो व्यक्तिलाई १ हजारदेखि ३ हजार रूपैयाँसम्म जरिवाना गरी त्यसरी काममा लगाएको प्रत्येक दिनको न्यूनतम ज्यालादरको दोब्बर रकम त्यस्तो काम लगाउने व्यक्तिबाट काम गर्ने व्यक्तिलाई भराइदिने व्यवस्था छ ।

कमैया निषेध ऐन २०५८ : यसले कमैया राख्नै नपाइने र त्यो कार्य दण्डनीय हुने सोझै किटान गरेको छ । जसमा कमैयाको परिभाषाभित्र कमलरी शब्द स्पष्ट उल्लेख गरेको छ । यो ऐनले कमलरी राख्नेलाई सोझै कारबाहीको भागेदार बनाएको छ ।

### बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ :




नीति नं.८.१० – बालबालिकालाई श्रमिकका रूपमा प्रयोग गर्ने कार्यलाई निरूत्साहित गरिनेछ । बालश्रम प्रयोगको अनुगमन गर्ने प्रणालीलाई सशक्त बनाइनेछ । यस कार्यका लागि श्रम तथा रोजगार मन्त्रालय, केन्द्रीय बालकल्याण समिति, जिल्ला बालकल्याण समिति तथा स्थानीय निकायहरूको परिचालन गरिनेछ । उद्धार गरिएका बालश्रमिकको पारिवारिक तथा संस्थागत पुनःस्थापनाको लागि आवश्यक कदम चालिनेछ ।

नीति नं. ८.१८ – छाउपडी, ..., झुमा, कमलरी, वादीजस्ता परम्परा, संस्कृति, जात र धर्मका आधारमा बालबालिकालाई हानि पुर्‍याउने सबै किसिमका प्रचलनहरूलाई कानुन बनाई निषेध गर्ने र दण्डनीय बनाउने व्यवस्था गरिनेछ । परम्परागत हानिकारक

अभ्यासहरूविरूद्ध प्रचारप्रसार गरिनेछ । परम्परागत हानिकारक अभ्यासमा संलग्न गराइएका बालबालिकाको उद्धार गरी, पारिवारिक पुन:स्थापनाको व्यवस्था गरिनेछ ।

नीति नं.८.२६ – निकृष्टलगायतका सबै प्रकारका बालश्रमको अन्त्य र नियन्त्रणका लागि कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**अन्तर्राष्ट्रिय कानुन** :

- मानवअधिकारको विश्वव्यायी घोषणापत्र, १९४८ को धारा ४ ले कसैलाई पनि बाँधा वा दास बनाई राख्न तथा दासत्व र दासदासीको व्यापार निषेध गरेको छ ।
- बालअधिकारसम्बन्धी महासन्धि, १९८९ ले बालबालिकाको आधारभूत अधिकारका लागि थुप्रै प्रावधानहरू राखेको छ । आमाबाबुसँग बस्न पाउने, चाहेका बेला भेट्न पाउने, शिक्षा/स्वास्थ्य आदि सुविधा पाउनुपर्ने, भेदभाव गर्न नपाइने, श्रमिक बनाउन नपाउने, यौनदूर्व्यवहार, यातनाजस्ता कुराबाट सुरक्षा दिइनुपर्ने लगायतका व्यवस्था यस महासन्धिमा समेटिएका छन् ।
- दासत्व अभिसन्धि, १९२६ र दासत्व, दास व्यापार वा दासत्वसरहका संस्था तथा प्रचलन उन्मूलन विषयको सहायक अभिसन्धि, १९५७ ले पनि बाँधा श्रम निषेध गरेका छन् ।
- नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्ध, १९६४ को धारा ८ ले पनि बाँधा–श्रम निषेध गरेको छ ।
- अन्तर्राष्ट्रिय श्रम संङ्गठनअर्न्तगतको बाध्यकारी श्रम अभिसन्धि नं. २९ र १०५ का केही बुँदाहरूले बलपूर्वक वा जबरजस्ती श्रममा लगाउने वा इच्छाविपरीत काम गराउने विरुद्धको हकअधिकारको व्यवस्था गरेको छ ।

***

# ९. छाउपडी प्रथा



**१ घण्टा**
**३० मिनेट**

### ९.१ सत्रको परिचय :

छाउपडी प्रथा लैङ्गिक विभेदमा आधारित सामाजिक मान्यता/परम्पराको रूपमा जारी रहेको पाइन्छ । विशेषगरी हिन्दु धार्मिक विश्वासका आधारमा महिलाको महिनावारी तथा सुत्केरी अवस्थालाई अशुद्ध मान्ने, उनीहरूलाई अछुत मान्ने चलन तथा परम्परा रहेकाले छाउपडी प्रथाले निरन्तरता पाएको हो । यसैले खासगरी बाहुन र क्षेत्री जातिमा बालिका तथा महिला महिनावारी वा सुत्केरी भएको बेलामा बार्ने (भान्छा छुन नदिने, पूजा कोठामा जान नदिने, शुभकार्यमा सामेल हुन नदिने, दूध/दही/घ्यू खान नदिने, आदि) चलन रहिरहेको छ । यसै सन्दर्भमा प्रस्तुत सत्रमा छाउपडी प्रथासम्बन्धी छलफल गरी समुदायमा महिला तथा किशोरीमाथि हुने विभेदको न्यूनीकरण गर्न सघाउनु यो सत्रको उद्देश्य रहेको छ ।

### ९.२ अपेक्षित उपलब्धि :

यस सत्रको अन्त्यमा सहभागीले,

- छाउपडी प्रथा भनेको के हो भनी बताउन सक्नेछन् र यसका मुख्य मुख्य कारण पहिचान गर्न सक्नेछन् ।
- छाउपडी प्रथा न्यूनीकरणका लागि स्थानीयतहमा गर्न सकिने क्रियाकलापहरूबारे छलफल गरी ती उपायहरू भन्न सक्नेछन् ।

### ९.३ सत्र सञ्चालनका लागि आवश्यक सामग्री :

- न्यूजप्रिन्ट पेपर वा ह्वाइट बोर्ड, पर्मानेन्ट र बोर्ड मार्कर, पेपर टेप, उपलब्ध भएमा विषयगत छलफलका लागि उपयुक्त चित्र, पोस्टर आदि ।

### ९.४ सत्रको तयारी :

- सत्र सञ्चालनका लागि आवश्यक बुँदाहरू (सत्र सञ्चालन प्रक्रियाको क्रममा बक्समा दिइएको छ) लाई छलफल गर्न सहज गराउन मेटाकार्ड वा न्यूजप्रिन्ट पेपरमा लेख्नुहोस् ।
- निर्धारित सहभागी सङ्ख्या बराबरको सङ्ख्यामा चार वा पाँच रङ्गको मेटाकार्डलाई गोलो आकार (चपाती) मा काटी तयार गर्नुहोस् ।

### ९.५ सत्र सञ्चालन गर्ने प्रक्रिया :

- सर्वप्रथम, 'अब हामी छाउपडी प्रथासम्बन्धी छलफल गर्नेछौं' भनी उपस्थित सबै सहभागीलाई विषयवस्तुतिर ध्यानाकर्षण गर्नुहोस् ।

## क्रियाकलाप १ः छाउपडी प्रथाबारे जानकारी (३० मिनेट)

- 'छाउपडी प्रथा' कस्तो खालको अभ्यास हो ? हाम्रो समुदाय वा छरछिमेकमा छाउपडी प्रथा प्रचलन वा अभ्यासमा रहेको थाहा पाउनु भएको छ ? समुदायमा छाउपडी प्रथा किन विद्यमान छ ? आदि प्रश्नहरू सोधी छलफल अगाडि बढाउनुहोस् ।
- सहभागीबाट आएका सबैजसो उत्तरलाई ह्वाइटबोर्ड वा न्यूजप्रिन्ट पेपरमा बुझिनेगरी टिप्नुहोस् ।
- सबैजसो सहभागीको उत्तर आइसकेपछि टिपिएका बुँदाहरूलाई पुनः एकपटक भन्नुहोस् ।
- सहभागीको जवाफहरूलाई समेट्दै निम्न जानकारी प्रस्तुत गर्नुहोस् ।

**छाउपडी प्रथा**

- किशोरी तथा महिला महिनावारी हुँदा वा सुत्केरी भएको बेलामा बार्ने (भान्छा छुन नदिने, पूजा कोठामा जान नदिने, शुभकार्यमा सामेल हुन नदिने, दुध/दही/घ्यू खान नदिने, ओछ्यान वा पलङ/खाटमा सुत्न नदिने आदि) चलन नै छाउपडी प्रथा हो ।
- मध्य तथा सुदुरपश्चिमका केही जिल्लाहरूमा किशोरी तथा महिलाहरू महिनावारी हुँदा उनीहरूलाई बस्ने/सुत्ने छुट्टै गोठ जस्तो अँधेरो/साँघुरो तथा असुरक्षित र घरदेखि केही टाढा बनाइएको सानो घर वा गोठमा राखिएको हुन्छ । यस्तो घरलाई छाउघर भनिन्छ ।
- महिनावारी भएको ४ देखि ५ दिनसम्म छाउघरमा बस्नुपर्ने चलन छ । यदि पहिलो महिनावारी हो भने ११ देखि १५ दिनसम्म यसरी बार्नुपर्दछ ।
- यस्तो प्रथाले बालिका तथा महिलाको सुरक्षित, ससम्मान तरिकाले, भेदभावरहित ढङ्गले बाँच्न पाउने तथा सामाजिक क्रियाकलापमा सहभागी हुन पाउने र व्यक्तित्व विकासका अन्य अवसरहरू तथा कार्यमा भाग लिन बाधा पुऱ्याइरहेको हुन्छ । यसले गर्दा बालिकाहरूमा शारीरिक, मानसिक र शैक्षिक असर पर्दछ ।
- नेपाल सरकारले छाउपडी प्रथा उन्मूलन निर्देशिका, २०६४ जारी गरेको छ । यसमा निर्देशिकामा छाउपडी प्रथा उन्मूलन गर्ने प्रक्रिया (तत्कालीन र दीर्घकालीन कार्यक्रम), कार्यक्रम सञ्चालन गर्ने निकाय, लक्षित समुदाय, श्रोत परिचालन र सहयोग गर्नुपर्ने कुराहरू प्रस्टसँग उल्लेख गरिएको छ ।

## क्रियाकलाप २ः स्थानीयतहमा छाउपडी प्रथा रोकथामका उपायहरू (३०+२० मिनेट)

- सहभागीको सङ्ख्या बराबर विभिन्न चार वा पाँच रङ्को चपातीहरूलाई एकठाउँ मिसाएर प्रत्येक सहभागीलाई एक एक वटा चपाती टिप्न लगाउनुहोस् ।
- सबैले चपाती लिइसकेपछि एकै रङ्का सहभागीहरू एक ठाउँमा जम्मा हुन भन्नुहोस् र त्यसबाट समूह निर्माण गर्नुहोस् ।
- अब सबै समूहलाई देहायका बुँदाहरूमा छलफल गरी आएका विचारलाई न्यूजप्रिन्ट पेपरमा लेख्न लगाउनुहोस् ।
- छाउपडी प्रथाले किशोरीहरूमा के-कस्ता नकारात्मक असर गर्दछ ।
- छाउपडी प्रथा उन्मूलन अथवा रोकथामका लागि समुदायतहमा के-कस्ता कार्यहरू गर्न सकिन्छ होला ?
- प्रत्येक समूहको नेतालाई क्रमैसँग समूह-कार्य प्रस्तुत गर्न लगाउनुहोस् र अन्य समूहले कुनै बुँदामाथि प्रस्ट हुन चाहेमा

प्रश्न गर्न अवसर दिनुहोस् तथा प्रस्तुत गर्ने नेता र समूह सदस्यहरूले स्पष्ट पार्न अनुरोध गर्नुहोस् ।

- सहजकर्ताले यदि कुनै बुँदामाथि छलफल गर्न आवश्यक ठानेमा त्यसबारे छलफल गर्नुहोस् र सबै समूहलाई तिनका विचारहरूका लागि धन्यवाद दिनुहोस् ।

## क्रियाकलाप ४ : सत्रको मूल्याङ्कन र सारसंक्षेप (१० मिनेट)

- अन्त्यमा सत्रको मूल्याङ्कन गरी हालसम्म गरिएका छलफलमा सक्रिय सहभागी भएकोमा सहभागीहरूलाई धन्यवाद दिनुहोस् । सत्रको मूल्याङ्कनका लागि देहायका प्रश्नहरू उपयोगी हुन सक्दछन् ।

**सहभागीलाई मूल्याङ्कनका लागि सोध्न सकिने प्रश्नहरू**

- यस सत्रमा हामीले के-कस्ता कुराहरूमा छलफल गर्‍यौं ?
- छाउपडी प्रथा भनेको के हो ? समुदायमा यस्तो अभ्यास किन हुने गर्दछ ?
- छाउपडी प्रथा अन्त्यका लागि समुदायतहमा के-कस्ता गतिविधिहरू सञ्चालन गर्न सकिन्छ ?

***

# अध्ययन सामग्री

## ९. छाउपडी प्रथा

### ९.१. छाउपडी भनेको के हो ?

छाउपडी प्रथा लैङ्गिक विभेदमा आधारित सामाजिक मान्यता/परम्पराको नाउँमा स्थापित महिलाविरुद्धको हिंसाको एक रूप हो । विशेषगरी हिन्दु धार्मिक विश्वासका आधारमा महिलाको महिनावारी तथा सुत्केरी अवस्थालाई अशुद्ध मान्ने, उनीहरूलाई अछुत मान्ने चलन तथा परम्परा रहेको पाइन्छ । हिन्दु धर्म मान्नेहरू खासगरी बाहुन र क्षेत्री जातिमा कुनै न कुनै ढङ्गबाट किशोरी तथा महिला महिनावारी हुँदा वा सुत्केरी भएको बेलामा बार्ने (भान्छा छुन नदिने, पूजा कोठामा जान नदिने, शुभकार्यमा सामेल हुन नदिने, दुध/दही/घ्यू खान नदिने, विस्तरा/पलङ/खाटमा सुत्न नदिने आदि) चलन रहिआएको छ ।

मध्य तथा सुदुरपश्चिमका केही जिल्लाहरूमा किशोरी तथा महिलाहरू महिनावारी हुँदा उनीहरूलाई बस्ने/सुत्ने छुटै गोठ जस्तो अँधेरो/साँघुरो तथा असुरक्षित र घरदेखि केही टाढा सानो घर बनाइएको हुन्छ र उनीहरू महिनावारी भएको ४ देखि ५ दिनसम्म त्यहाँ बस्नुपर्ने चलन छ । यदि पहिलो महिनावारी हो भने ११ देखि १५ दिनसम्म बस्नुपर्दछ । यतिबेला पोषणयुक्त खाना जस्तै दुध, दही, मही आदि खान दिइँदैन, भान्छाभित्रको काम गर्न मिल्दैन तर घरबाहिरको काम जस्तै घाँसदाउरा काट्ने, खन्ने, भारी बोक्ने आदि काम भने गराइन्छ । त्यसरी नै महिलाले सुत्केरी हुँदा पनि छाउघरमा बस्नुपर्दछ ।

### ९.२. छाउपडी प्रथाले किशोरीहरूमा पार्ने असर र प्रभाव वा सम्भावित जोखिमहरू :

छाउपडी प्रथाले किशोरी तथा महिलाको सुरक्षित, स-सम्मान तरिकाले, भेदभावरहित ढङ्गले बाँच्न पाउने तथा सामाजिक क्रियाकलापमा सहभागी हुन पाउने र व्यक्तित्व विकासका अन्य अवसरहरू तथा कार्यमा बाधा सिर्जना गरिराखेको छ । यस प्रथाले किशोरीहरूको जीवनलाई जोखिमपूर्ण एवम् कठिन बनाइदिएको छ, जसलाई बुँदागतरूपमा देहायअनुसार उल्लेख गरिएको छ :



- स्वास्थ्यमा असरः विभिन्न रोगको सङ्क्रमण हुने, आवश्यक पोषण र आराम नहुने हुँदा कमजोर हुने, सर्प वा अन्य विषालु किराको टोकाईको सम्भावना, चोटपटक लाग्ने, आगलागी भएर पोलिने (झरो/दियालो वा टुकी बालेर निदाएमा खर, पराल, ओछ्यान सल्केर) वा मृत्युसमेत हुन सक्ने हुन सक्दछ । कतिपय अवस्थामा छाउपडीमा बसेका किशोरीमाथि बलात्कार भएका घटनाहरू पनि बाहिर आएका छन् ।
- मानसिक असरः महिनावारी हुँदा पशुलाई झैं छुट्टै गोठजस्तो घरमा राख्ने, अछुतो व्यवहार गर्ने, पोषणयुक्त खाना नदिने, लुकेर बस्नुपर्ने जस्ता व्यवहारहरूले गर्दा बालिकाहरूमा नकरात्मक सोचाइ उत्पन्न हुन सक्दछ । मलाई किन त्यसो गरिएको होला भनी त्यसैकाबारेमा मात्र मनमा कुराहरू खेलाईराख्ने, एकोहोरिने स्वभाव र तनाव सिर्जना हुने जस्ता

समस्याहरू हुन सक्दछन् । किशोरीहरू अरूभन्दा आफू फरक भएको महसुस गर्दै तनावमा रहन सक्दछन् ।

- शैक्षिक असरः पहिलो महिनावारी भएको १३ देखि १५ दिनसम्म र प्रत्येक महिना नियमित महिनावारी हुँदा ४ देखि ५ दिनसम्म छाउघरमा बस्दा उनीहरूलाई विद्यालय जान दिइँदैन र विद्यालयमा अनियमिता हुन्छ जसको परिणामस्वरूप किशोरीहरूको शैक्षिक गुणस्तरमा ह्रास आउन सक्दछ । उनीहरू अनुत्तीर्ण हुन सक्दछन् र अन्ततः विद्यालय नै छोड्ने सम्भावना रहन्छ ।
- सामाजिक असरः महिनावारी भएको अवस्थामा किशोरी तथा महिलाहरूलाई घरपरिवार, समाजमा हुने कुनै पनि शुभ/दुखद (मृत्यु भएको ठाउँमासमेत) कार्य भइरहेका ठाउँमा जान दिइँदैन जसले गर्दा उनीहरूको सहभागिताको अधिकार पनि कुण्ठित हुन्छ । समाजमा उनीहरूलाई छुट्टै प्राणीको जस्तो व्यवहार गरिन्छ ।

## ९.३. छाउपडी प्रथालगायत अन्य भेदभाव/हिंसाजन्य कार्यबाट जोगाउन व्यवस्था भएका महासन्धि तथा राष्ट्रिय नीति तथा कानुनी व्यवस्थाहरू :

क) महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९७९ को धारा २ मा राज्यपक्षहरूले महिलाउपर हुने सबै प्रकारका भेदभावलाई भर्त्सना गर्दछन्, महिलाउपर हुने सबै भेदभावलाई निर्मूल पार्ने नीति उपयुक्त तरिकाबाट अविलम्ब अपनाउन मन्जूर गर्दछन् तथा यसको लागि देहायका तरिकाबाट अविलम्ब अपनाउन मन्जुर गर्दछन् तथा यसको लागि देहायका काम गर्न कबूल गर्दछन्, भनिएको छ :

ख) महिलाविरूद्धका सबै भेदभावलाई प्रतिबन्ध लगाउन विधायिकी तथा अन्य उपायहरू अपनाउने तथा आवश्यक भएमा दण्ड सजायको व्यवस्थासमेत गर्ने,

ग ) पुरुषहरूसरह समान आधारमा महिलाको अधिकारको कानुनी संरक्षणको व्यवस्था गर्ने तथा महिलाउपर कुनै पनि भेदभावपूर्ण काम हुन नदिन सक्षम राष्ट्रिय अदालतहरू एवम् अन्य सार्वजनिक निकायहरूद्वारा प्रभावकारी संरक्षण सुनिश्चित गर्ने,

घ) महिलाउपर भेदभाव हुने कुनै पनि कार्य वा प्रचलनमा सरिक नभई अलग रहने एवम् सार्वजनिक अधिकारीहरू तथा संस्थाहरूले यी दायित्वअनुसार काम गर्नेछन् भनी सुनिश्चित गर्ने,

ङ) कुनै पनि व्यक्ति, संस्था वा उद्यमबाट महिलाउपर हुने भेदभावलाई निर्मूल गर्न सबै आवश्यक उपायहरू अपनाउने,

च) महिलाविरूद्ध भेदभाव गराउने कुनै पनि प्रचलित कानुन, विनियम, रीति तथा प्रचलनलाई सुधार गर्ने वा खारेज गर्ने गरी कानुन बनाउने लगायत आवश्यक पर्ने सबै कदमहरू चाल्ने,

छ) महिलाविरूद्ध भेदभाव हुने वा गराउने सबै राष्ट्रिय दण्ड व्यवस्थाहरू खारेज गर्ने ।

### छाउपडी प्रथा उन्मूलन निर्देशिका, २०६४ :

छाउपडी प्रथाको उन्मूलन गरी समानतामूलक समाजको स्थापना गर्ने उद्देश्यले सर्वोच्च अदालतको मिति २०६२ साल वैशाख १९ गतेको आदेशनुसार नेपाल सरकारले छाउपडी प्रथा उन्मूलन निर्देशिका, २०६४ लागु गरेको छ । यसमा निर्देशिकाले छाउपडी प्रथा उन्मूलन गर्ने प्रक्रिया (तत्कालीन र दीर्घकालीन कार्यक्रम), कार्यक्रम सञ्चालन गर्ने निकाय, लक्षित समुदाय, श्रोत परिचालन र सहयोग गर्नुपर्ने कुराहरू प्रस्टसँग उल्लेख गरिएको छ ।

**बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ :**

- उद्देश्य नं. ७.१– सबै किसिमका शारीरिक वा मानसिक हिंसा, क्षति वा दूर्व्यवहार, परित्याग, उपेक्षा, शोषण वा यौनदूर्व्यवहारबाट बालबालिकाको संरक्षण गर्ने ।
- उद्देश्य नं. ७.१ सँग सम्बन्धित नीति नं. ८.१८– छाउपडी, ..., झुमा, कमलरी, बादीजस्ता परम्परा, संस्कृति, जात र धर्मका आधारमा बालबालिकालाई हानि पुर्‍याउने सबै किसिममका प्रचलनहरूलाई कानुन बनाई निषेध गर्ने र दण्डनीय बनाउने व्यवस्था गरिनेछ । परम्परागत हानिकारक अभ्यासहरूविरुद्ध प्रचारप्रसार गरिनेछ । परम्परागत हानिकारक अभ्यासमा संलग्न गराइएका बालबालिकाको उद्धार गरी, पारिवारिक पुनःस्थापनाको व्यवस्था गरिनेछ ।
- उद्देश्य नं. ७.४– बालबालिकाप्रतिको विभेद अन्त्य गर्ने ।

***

# १०. सडकमा आश्रित बालबालिका



**१ घण्टा**
**३० मिनेट**

## १०.१ सत्रको परिचय :

नेपालको आन्तरिक द्वन्द्व, आर्थिक विपन्नता, असमानताजस्ता कारणले नागरिकहरूको जीवन निर्वाह जटिल बन्दै गइरहेको छ । यस्तै बेरोजगारी, अशिक्षा र घरेलु हिंसाका कारणले गर्दा पनि परिवार छोडेर बालबालिका सडकमा आउने र त्यहीं बस्ने गरेको पाइएको छ । त्यसैगरी समाजमा व्याप्त विभिन्न कुरीति, कुसंस्कारले पनि परिवारका सदस्यहरूबीच असहज स्थिति सिर्जना भई बालबालिका घर छोडेर हिँड्ने प्रवृत्ति बढ्दै गएको छ । यही सन्दर्भमा सडकमा आश्रित बालबालिकाबारे छलफल गरी यी बालबालिकाको सामाजिकीकरण तथा पारिवारिक पुनर्स्थापना गर्नुपर्ने आवश्यकतालाई जोड दिन र बालबालिका सडकमा आउनबाट रोक्न सामुदायिक पहल गर्न यस विषयबारे छलफल गरिएको हो ।

## १०.२ अपेक्षित उपलब्धि :

यस सत्रको अन्त्यमा सहभागीहरूले,

- सडकमा आश्रित बालबालिका को हुन् र बालबालिका सडकमा किन आउँछन् ? भन्ने जस्ता आधारभूत जानकारी प्राप्त गरी यसबारे बताउन सक्नेछन् ।
- सडकमा आश्रित बालबालिकाको पुनर्स्थापनाका लागि राज्यले के-कस्ता कार्यहरू गर्नुपर्दछ ?
- बालबालिकालाई सडकमा आउनबाट रोक्नलाई समुदाय तथा परिवारले ध्यान दिनुपर्ने कुराहरूबारे भन्न सक्नेछन् ।

## १०.३ सत्र सञ्चालनका लागि आवश्यक सामग्री :

- न्यूजप्रिन्ट पेपर वा ह्वाइट बोर्ड, पर्मानेन्ट र बोर्ड मार्कर, पेपर टेप आदि ।

## १०.४ सत्रको तयारी :

- सत्र सञ्चालनका लागि आवश्यक बुँदाहरू (सत्र सञ्चालन प्रक्रियाको क्रममा बक्समा दिइएको छ) लाई छलफल गर्न सहज गराउन मेटाकार्ड वा न्यूजप्रिन्ट पेपरमा लेख्नुहोस् ।
- सडकमा आश्रित बालबालिकासम्बन्धी नयाँ जानकारी र यससम्बन्धी नेपालको तथ्याङ्कहरूलाई अध्ययन गर्नुहोस् ।

## १०.५ सत्र सञ्चालन गर्ने प्रक्रिया :

- सहजकर्ताले छलफल गर्ने विषयकोबारेमा सहभागीहरूलाई जानकारी दिनुहोस् ।

## क्रियाकलाप १: सडकमा आश्रित बालबालिका (२० मिनेट)

- के तपाईंहरू कसैले सडक बालबालिका देख्नुभएको छ ? उनीहरू कहाँबाट आउँछन् र के-कस्ता क्रियाकलापहरू गर्दछन् भनी सहभागीहरूलाई सोध्नुहोस् र आएका बुँदाहरूलाई न्यूजप्रिन्ट पेपरमा टिपोट गर्नुहोस् ।
- देहायका जानकारीहरू तथा सहभागीहरूबाट आएको विचारलाई समावेश गर्दै सडकमा आश्रित बालबालिकाबारे छलफल अगाडि बढाउनुहोस् ।

### सडकमा आश्रित बालबालिका

- नेपालका सन्दर्भमा सडकमा आश्रित बालबालिका दुई किसिमका रहेका छन्: पहिलो पूर्णरूपमै सडकमै बस्ने, काम गर्ने र सुत्ने, र दोस्रो समूहमा, कमाइका लागि मात्र सडकमा आउने तर बस्न र सुत्नका लागि आफ्ना अभिभावक (अन्य संरक्षक पनि) भएको ठाउँमा जाने बालबालिका ।
- सडकमा आश्रित बालबालिका पूर्णरूपले सडकमा बसी काम गर्ने खासगरी असहाय तथा परित्यक्त बालबालिका हुन सक्छन् । उनीहरू परिवाररहित वा परिवारसहित भए पनि सडकमा आश्रित भएका हुन सक्दछन् र आफ्नो परिवारसितको सम्पर्क-सम्बन्धमा नहुन पनि सक्छन् ।
- युनिसेफले गरेको वर्गीकरणअनुसार सडक बालबालिका निम्न चार प्रकारका हुने गर्दछन्-

  क) परित्याग गरिएका बालबालिकाः परिवार र घर नभएको ।

  ख) सडक बालबालिकाः घरपरिवार भइकन पनि सडक नै आफ्नो घर बनाएका बालबालिका ।

  ग) सडकलाई नै आफ्नो कार्यक्षेत्र बनाई आफन्त र परिवारसित सडकमा रहने बालबालिका ।

  घ) उच्च खतरामा रहेका बालबालिकाः यस वर्गमा द्वन्द्व, भोकमरी, सहाराविना, घरपरिवारविहीन, जोखिमपूर्ण तथा दुःखदायी अवस्थामा रहेका बालबालिका पर्दछन् ।

## क्रियाकलाप २: बालबालिका सडकमा आउने कारणहरू र उनीहरूले भोग्नुपर्ने समस्याहरू (२० मिनेट)

- तालिम हलमा सँगैसँगै बसेका सहभागीहरूबीच तीन-तीन जनाको गुनगुने समूह (बज ग्रुप) तयार गर्नुहोस् ।
- अब सहभागीलाई आ-आफ्नो समूहमा रहेर निम्न प्रश्नहरूबारे छलफल गर्न भन्नुहोस् र आएका महत्वपूर्ण बुँदालाई मेटाकार्ड वा कापीमा टिप्न भन्नुहोस् ।
  - बालबालिका के-कस्ता कारणले सडकमा आउँछन् ?
  - सडकमा आश्रित बालबालिकाले के-कस्ता समस्याहरू भोग्दछन् ?
- सबै समूहलाई छलफलबाट आएका बुँदाहरू एक-एक गरी प्रस्तुत गर्न लगाउनुहोस् ।
- सहभागीबाट आएका बुँदाहरूलाई ह्वाइटबोर्ड वा न्यूजप्रिन्ट पेपरमा बुझिनेगरी टिप्नुहोस् ।
- तल दिइएको जानकारीको सहयोगमा तथा सहभागीबाट आएका कुरालाई समेट्दै प्रस्तुतीका साथ छलफल अगाडि बढाउनुहोस् ।

### सडकमा आश्रित बालबालिकाबारे सङ्क्षिप्त जानकारी

- गरिबी, आन्तरिक द्वन्द्व तथा स्रोतको असमान वितरणका कारणले नागरिकहरूको जीवन निर्वाह जटिल बन्दै गइरहेको छ ।
- बेरोजगारी, अशिक्षा र घरेलु हिंसाका कारणले गर्दा पनि परिवार छोडेर बालबालिका सडकमा आउने र त्यहीं बस्ने गरेको पाइएको छ । त्यसैगरी समाजमा व्याप्त विभिन्न कुरीति, कुसंस्कारले पनि परिवारका सदस्यहरूबीच असहज स्थिति सिर्जना भई बालबालिका घर छोडेर हिड्ने प्रवृत्ति बढ्दै गएको छ ।
- सडकमा आश्रित बालबालिकाले सामना गर्नुपरेका मुख्य समस्याहरूमा- भोकै बस्नुपर्ने, स्वास्थ्य र शिक्षासम्बन्धी सुविधाको अभाव, सीपविकासको अभाव, ठूला तथा अलि ठूलो उमेरका सडक बालबालिकाबाट शारीरिक तथा यौनशोषण हुने तथा दूर्व्यसनमा फस्न बाध्य हुने आदि पर्दछन् ।
- सडकमा आश्रित बालबालिका लागुपदार्थको प्रयोग तथा अनैतिक, गैरकानुनी तथा असामजिक कार्यतर्फ पनि अग्रसर हुन बाध्य हुन सक्दछन् ।
- यस्ता बालबालिका एकातिर आफ्ना आधारभूत अधिकारबाट वञ्चित भएका हुन्छन् भने अर्कोतिर अरू व्यक्तिबाट हुनसक्ने शोषण, दूर्व्यवहार, भेदभाव आदिको जोखिममा रहेका हुन्छन् ।
- मनौवैज्ञानिकरूपमा नकारात्मक असर पर्न नदिन भेदभाव र लाञ्छनाबाट जोगाउनु अत्यन्त जरूरी हुन्छ र मनोवैज्ञानिक सहयोगको निरन्तर आवश्यकता पर्दछ ।
- बुबाआमा गुमाएको संरक्षणविहीन बालबालिकाका लागि वैकल्पिक हेरचाहको छनौट गर्दा उनीहरूको आफ्नै घरपरिवार, समुदायमा गरिनु जरूरी हुन्छ ।

### क्रियाकलाप ३: सडकमा आश्रित बालबालिकाको पुनर्स्थापनाका लागि राज्यको दायित्व र बालबालिका सडकमा आउन नदिनका लागि स्थानीयतहमा गर्न सकिने उपायहरू (२०+२० मिनेट)

- सहभागीहरूलाई चारवटा भिन्न रङ्का मेटाकार्ड बाँड्नुहोस् र एक थरीका कार्ड पाएका सहभागीहरू एउटा समूहमा बस्ने गरी समान सहभागी सङ्ख्या भएका ४ वटा समूहमा विभाजन गर्नुहोस् ।
- अब निम्न प्रश्नहरूमा प्रत्येक समूहलाई छुट्टाछुट्टै समूहकार्य गर्न लगाउनुहोस् ।
    - सडकमा आश्रित बालबालिकाको पुनर्स्थापनाका लागि राज्यले के-कस्तो कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ ?
    - बालबालिका सडकमा आउन नदिनका लागि स्थानीयतहमा के-कस्ता क्रियाकलापहरू सञ्चालन गर्न सकिन्छ ?
- समूहबाट आएका विचारहरूलाई प्रस्तुत गर्न प्रत्येक समूहबाट एक-एकजना नेता छान्न लगाउनुहोस् ।
- प्रत्येक समूहको नेतालाई क्रमैसँग समूह कार्य प्रस्तुत गर्न लगाउनुहोस् र अन्य समूहलाई कुनै बुँदामाथि प्रस्ट हुन चाहेमा प्रश्न गर्नसक्ने तथा प्रस्तुत गर्ने नेता र समूह सदस्यहरूले स्पष्ट पार्न अनुरोध गर्नुहोस् ।
- अन्त्यमा, सत्रमा छलफल गरिएका विषयवस्तुहरूको पुनरावलोकनसहित छलफललाई बीट मार्नुहोस् ।

## क्रियाकलाप ४ः सत्रको मूल्याङ्कन र सारसंक्षेप (१० मिनेट)

- सत्रको मूल्याङ्कन गरी हालसम्म छलफल गरिएका विषयको सारांश गर्दै छलफलको अन्त्य गर्नुहोस् । मूल्याङ्कनका लागि देहायका प्रश्नहरू उपयोगी हुन सक्दछन् :

मूल्याङ्कनका लागि सोध्न सकिने प्रश्नहरू

- सडकमा आश्रित बालबालिका को हुन् ?
- बालबालिका किन सडकमा आउँदछन् ?
- सडकमा आश्रित बालबालिकाको पुनर्स्थापनाका लागि सरकारले के-के गर्नुपर्दछ ?
- बालबालिका सडकमा आउनबाट रोक्न स्थानीयतहमा के-कस्ता कार्यहरू गर्न सकिन्छ ?

***

# अध्ययन सामग्री

## १०. सडकमा आश्रित बालबालिका

### १०.१. सडकमा आश्रित बालबालिका को हुन् ?

बेरोजगारी, आन्तरिक द्वन्द्व, अशिक्षा र घरेलु हिंसा आदिका कारणले गर्दा परिवार छोडेर बालबालिका सडकमा आउने र त्यही बस्ने गरेको पाइएको छ । त्यसैगरी समाजमा व्याप्त विभिन्न कुरीति, कुसंस्कारले पनि परिवारका सदस्यहरूबीच असहज स्थिति सिर्जना भई बालबालिका घर छोडेर हिड्ने प्रवृत्ति बढ्दै गएको छ । सडकमा आश्रित बालबालिका पूर्णरूपले सडकमा बसी काम गर्ने खासगरी असहाय तथा परित्यक्त बालबालिका हुन सक्छन् । उनीहरू आफै वा परिवारसहित भएपनि सडकमा आश्रित हुन आएका हुन सक्दछन् र आफ्नो परिवारसितको सम्पर्क-सम्बन्धमा नहुन पनि सक्छन् ।



सडक बालबालिकालाई युनिसेफ (१९९२) ले निम्नानुसार वर्गीकरण गरेको छ-

क) परित्याग गरिएका बालबालिका : परिवार र घर नभएको ।

ख) सडक बालबालिका : घरपरिवार भइकन पनि सडक नै आफ्नो घर बनाएका बालबालिका ।

ग) सडकलाई नै आफ्नो कार्यक्षेत्र बनाई आफन्त र परिवारसित सडकमा रहने बालबालिका ।

घ) उच्च खतरामा रहेका बालबालिका : यस वर्गमा द्वन्द्व, भोकमरी, सहाराविना, घरपरिवारविहीन, जोखिमपूर्ण तथा दु:खदायी अवस्थामा रहेका बालबालिका पर्दछन् ।

### १०.२ सडकमा आश्रित बालबालिकाको स्थिति :

केन्द्रीय बालकल्याण समितिको नेपालका बालबालिकाको स्थिति प्रतिवेदन, २०७० (2012-NAOSC) ले कूल ४,४४८ जना सडकमा आश्रित बालबालिका रहेको जनाएको छ ।[1] सडकमा आश्रित बालबालिकाको क्षेत्रमा कार्यरत संस्थहरूको साझा सञ्जाल ९ल्ड्क्त्र० को सन् २०१२ को विवरण अनुसार २९५८ बालबालिका सडकमा आश्रित देखिन्छ, जसमध्ये ९२.६३ प्रतिशतबालक र ७.३७ प्रतिशत बालिका रहेको पाइन्छ ।[2] सिविन, २००६ अनुसार नेपालमा विभिन्न जिल्लाबाट वर्षेनी कम्तीमा पनि ५०० जना बालबालिका राजधानी काठमाडौँ उपत्यकाका सडकमा आउने गरेको अनुमान छ ।

सडकमा आश्रित बालबालिकाले सामना गर्नुपरेका मुख्य समस्याहरूमा भोकै बस्नुपर्ने, स्वास्थ्य र शिक्षासम्बन्धी सुविधाको अभाव, सीपविकासको अभाव, ठूला तथा ठूलो उमेरका सडकमा आश्रित बालबालिकाबाट शारीरिक तथा यौनशोषण हुने तथा दूर्व्यसनमा पर्ने

१ केन्द्रीय बालकल्याण समिति, नेपालका बालबालिकाको स्थिति प्रतिवेदन २०६६

२ केन्द्रीय बालकल्याण समिति, नेपाली बालबालिकाको स्थिति प्रतिवेदन २०६९, पेज ७७

आदि पाइन्छन् । सडकमा आश्रित बालबालिका लागुपदार्थको प्रयोग तथा अनैतिक, गैरकानुनी तथा असामजिक कार्यतर्फ पनि अग्रसर हुन बाध्य भएका हुन सक्दछन् । यसरी बालबालिका एकातिर आफ्ना आधारभूत अधिकारबाट वञ्चित भएका हुन्छन् भने अर्कोतिर अरू व्यक्तिबाट हुनसक्ने शोषण, दूर्व्यवहार, भेदभाव आदिको उच्च जोखिममा रहेका हुन्छन् ।

## १०.३ सडकमा आश्रित बालबालिकासम्बन्धी नीतिगत व्यवस्था :

संयुक्त राष्ट्रसंघको बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को पक्षराष्ट्र भएपछि नेपालले बालबालिकासम्बन्धी ऐन, २०४८ र सोको नियमावली, २०५१ लागु गरेको छ । सो ऐन तथा नियमावलीले बालबालिकाका लागि बालकल्याण गृह, बालसुधार गृह एवम् अनाथालयहरूको समेत सञ्चालन गर्नुपर्ने कानुनी व्यवस्था गरेका छन् ।

नेपालले संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिमा प्रस्तुत गरेको आवधिक प्रतिवेदनको समापन टिप्पणीको अनुच्छेद ८५ र ८६ मा सडक बालबालिकासम्बन्धी उल्लेख गर्दै भनिएको छ– "सडकमा बस्ने र काम गर्ने बालबालिकाको बढ्दो सङ्ख्या र उनीहरू दूर्व्यवहार, तिरस्कार र शोषणका प्रमुख पीडितहरूमध्येका हुन् भन्ने राज्यपक्षको मान्यतासमेतलाई दृष्टिगत गर्दा उनीहरूको अवस्थालाई सम्बोधन गर्नका लागि अपनाइएका विशेष कार्यक्रम र उपायहरूका सम्बन्धमा सूचनाको अभावप्रति समिति दुःख व्यक्त गर्दछ । समितिले राज्यपक्षलाई निम्नअनुसार सीफारिस गर्दछ :

- यस समस्याका कारण र आयामहरूका सम्बन्धमा अध्ययन गर्न र सडकमा आश्रित बालबालिकाको बढ्दो सङ्ख्या कम गर्न र सडकमा आउनबाट रोक्न यस समस्यालाई सम्बोधन गर्न समग्र रणनीति निर्माण गर्न,
- सडकमा आश्रित बालबालिकाले आफ्नो उत्थान र विकासका लागि आवश्यक व्यावसायिक र जीवन उपयोगी शिक्षालगायत पर्याप्त खान, लाउन, बस्न, स्वास्थोपचार गर्न, पढ्ने अवसर पाउने व्यवस्था सुनिश्चित गर्न प्रभावकारी उपायहरू अपनाउन,
- यी बालबालिका शारीरिक शोषण र यौनदूर्व्यवहारको शिकार भएका तथा लागुपदार्थको प्रयोगको कुलतमा लागेका अवस्थामा तिनले उपचार र एकीकरण सेवाहरू पाउने, प्रहरीको क्रूरताबाट जोगिने र आफ्नो परिवार र समुदायमा पुनर्स्थापना हुने सेवाहरू उपलब्ध हुने व्यवस्था सुनिश्चित गर्न, र
- यस सवालमा युनिसेफजस्ता संस्थाहरूको प्राविधिक सहयोग वा सहायता लिन ।"

सडकमा आश्रित बालबालिकाको लागि समेत विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न नेपाल सरकारले बालबालिकाका लागि १० वर्षे राष्ट्रिय कार्ययोजना तयार गरी लागु गरिएको छ । यस कार्ययोजना (२०६१/६२-२०७१/७२) को अध्याय ४(४) अन्तर्गत बालअधिकार संरक्षण शीर्षकमा बालबालिकामाथि हुने भेदभावविरूद्धको कार्ययोजनाअर्न्तगत उद्देश्य नं. १२ मा सडकमा आश्रित बालबालिकाको अधिकार र संरक्षण गर्ने/सङ्ख्या घटाउने/वृद्धि रोकथाम गर्न निम्न कार्यक्रमहरू तय गरिएको छ–

- सडकमा आश्रित बालबालिका र बढी उमेरका सडकमा आश्रित बालबालिकाको अलग्गै पुनर्स्थापना केन्द्र र सुधारगृहको व्यवस्था गर्ने ।
- बालबालिकाको उमेर र रुचिअनुसारको सीपविकाससम्बन्धी तालिमहरू प्रदान गर्ने ।
- उचित परामर्शसहितको पारिवारिक पुनर्मिलनको व्यवस्था गर्ने ।
- अभिभावक, समुदाय र स्थानीय निकायहरूलाई जागृत बनाउने ।
- प्रस्थान विन्दुहरूमा कडा सुरक्षा जाँचको व्यवस्था गर्ने (बस, ट्रक आदि) ।
- सडकमा आश्रित बालबालिकाको लागि परिचयपत्रको व्यवस्था गर्ने ।
- जिल्ला बालकल्याण समिति, गैरसरकारी संस्था तथा प्रहरीद्वारा हेल्पलाइन र संरक्षणका कार्यक्रमहरू संयुक्तरूपमा सञ्चालन गर्ने ।
- मजबुत अनुगमन प्रणाली विकास गर्ने ।

## १०.४ सडकमा आश्रित बालबालिकाको व्यवस्थापनका लागि राज्यको दायित्व :

- सरकारी तथा निजी विद्यालयहरूलाई सडकमा आश्रित बालबालिकाका लागि विशेष छात्रवृत्तिको व्यवस्था गरी गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि प्रोत्साहन गर्नुपर्दछ ।
- केन्द्रीय बालकल्याण समितिमा सडकमा आश्रित बालबालिकाको रेखदेखसम्बन्धी अलग्गै संयन्त्र बनाई अझ बढी प्रभावकारी रूपमा कार्यक्रमहरू कार्यान्वयन गरिनुपर्दछ ।
- सडकमा आश्रित बालबालिकाको निःशुल्क स्वास्थ्य परीक्षण र औषधिवितरणको व्यवस्था गरिनुपर्दछ ।
- यसका लागि र अन्य कार्यक्रमहरू सूचारु ढङ्गले अघि बढाउनसमेत उनीहरूलाई अविलम्ब परिचयपत्रको व्यवस्था गरिनुपर्दछ ।
- बालउत्पीडन, बालदूर्व्यवहार र बालयौनदुराचारसम्बन्धी मुद्दाहरूलाई विशेष पहलकदमीका साथ सरकारबादी मुद्दाका रूपमा अदालतमा पेश गर्न सकिने व्यवस्था मिलाउनुपर्दछ । हालसम्म प्रायः यस्ता मुद्दा लागेका अभियुक्तहरू छोटो समयमै छुट्ने गरेकाले बालन्यायप्रणाली प्रभावकारी हुन नसकेको देखिन्छ ।
- सामाजिक दूर्व्यसनहरूको नियन्त्रण गर्दै सडकमा आश्रित बालबालिकालाई समेत लक्षित गरी सीपमूलक तालिम, साझा आवास, बालपुस्तकालय र बालउद्यानहरूको व्यवस्था गरिनुपर्दछ ।
- सडकमा आश्रित बालबालिकासँग कामगर्ने संस्थाहरूले उनीहरूसँग सहभागितामूलक तौरतरिका अपनाई कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ । साथै, सडकमा आश्रित बालबालिकालाई उनीहरूको स्वतन्त्रता र अनुशासनको बीचमा सन्तुलन राख्दै अधिकार र जिम्मेवारी बोध गराउनुपर्दछ ।
- नेपाल सरकारले स्थापना गरेको बालबालिका खोजतलास समन्वय केन्द्रलाई प्रभावकारी बनाउँदै यसको कार्यक्षेत्र विस्तार गरिनुपर्दछ । घर छोडेर भाग्ने बालबालिकालाई फेरि परिवारमै फर्काउन एक अन्तरिम हेरचाह केन्द्र (Transit Home) को रूपमा समेत यस केन्द्रले कार्य गर्न सक्दछ ।

***

# ११. लैङ्गिक हिंसा



**१ घण्टा**
**३० मिनेट**

## ११.१ सत्रको परिचय :

गर्भावस्थादेखि वृद्धावस्थासम्म एउटा व्यक्तिले (विशेषगरी महिलाले) विभिन्न प्रकार र प्रकृतिका लैङ्गिक हिंसाको सामना गरिराखेका हुन्छन् । व्यक्तिलाई स्वतन्त्रताबाट वञ्चित गर्ने र दबाउने खालका धम्कीहरू, यौनदूर्व्यवहार, शारीरिक तथा मानसिक यातनाजस्ता कार्यहरू लैङ्गिक हिंसाभित्र पर्दछन् । यसले बालबालिकालाई थप जोखिमतिर धकेल्दछ । यसर्थ लैङ्गिक हिंसाबारे जनमानसमा चेतना जागरण गर्नु आवश्यक भएकाले यस विषय छलफल गरिएको हो । यस सत्रको छलफलपश्चात् सहभागीहरूले लैङ्गिक हिंसासम्बन्धी जानकारी, यसका कारणहरू र यसको कानुनी प्रावधानबारे स्पष्ट हुनेछन् ।

## ११.२ अपेक्षित उपलब्धि :

यस सत्रको अन्त्यमा सहभागीले,

- लैङ्गिक हिंसा भनेको के हो र व्यक्तिको जीवनमा हुने विभिन्न प्रकारका हिंसाहरू के-के हुन् भनी भन्न सक्नेछन् ।
- लैङ्गिक हिंसाका कारण महिला वा बालिकाहरूमा पार्ने असरबारे बताउन सक्नेछन् ।
- लैङ्गिक हिंसाको कारण पत्ता लगाई र स्थानीयस्तरमा सोको रोकथामका लागि गर्न सकिने कार्यहरूबारे बताउन सक्नेछन् ।

## ११.३ सत्र सञ्चालनका लागि आवश्यक सामग्री :

- चारवटा भिन्नाभिन्नै रङ्ग वा प्रकारका मिठाइहरू, न्यूजप्रिन्ट पेपर वा ह्वाइट बोर्ड, पर्मानेन्ट र बोर्ड मार्कर, पेपर टेप आदि ।

## ११.४ सत्रको तयारी :

- सत्र सञ्चालनका लागि आवश्यक बुँदाहरूलाई छलफल गर्न सहज गराउन मेटाकार्ड वा न्यूजप्रिन्ट पेपरमा लेख्नुहोस् ।
- विभिन्न चार रङ्ग वा प्रकारका मिठाई किनी एक कालो बाकस वा झोलामा राखी मिसाउनुहोस् ।

## ११.५ सत्र सञ्चालन गर्ने प्रक्रिया :

- 'अब हामी लैङ्गिक हिंसाकाबारेमा छलफल गर्नेछौं' भनी उपस्थित सबै सहभागीलाई ध्यानाकर्षण गर्नुहोस् ।

### क्रियाकलाप १: लैङ्गिक हिंसाबारे परिचय (२० मिनेट)

- सहभागीमध्येबाट स्वयंसेवी ढङ्गले दुईजना सहभागी (सम्भव भएमा एक जना महिला र अर्को पुरुष) लाई अगाडि आउन आग्रह गर्नुहोस् ।
- अब यी दुई सहभागीमध्ये एकजनालाई पुरुष र अर्को सहभागीलाई महिलाको रूपमा घरभित्र गरिने कार्यका सम्बन्धमा

भूमिका निर्वाह गर्न निर्देशन दिनुहोस् । भूमिका निर्वाहका लागि उनीहरूलाई ३/३ मिनट समय दिनुहोस् र अन्य सहभागीहरूलाई अवलोकन गर्न भन्नुहोस् ।

- भूमिका प्रदर्सनपश्चात् दुईवटा न्यूजप्रिन्ट पेपरमा भित्तामा टाँस्नुहोस् । अनि महिला र पुरुषको दैनिक भूमिका के-के हुने रहेछन् त ? यसमा कुनै लैङ्गिकरूपमा फरकपन पाउँनुभयो ? भनी सहभागीलाई सोधी सहभागीबाट आएको कुराहरू छुट्टाछुट्टै शीर्षकहरूमा टिपोट गर्नुहोस् ।
- सबैजसो सहभागीको उत्तर आइसकेपछि टिपिएका बुँदाहरूलाई पुनः वाचन गरी सहभागीको विचारका लागि धन्यवाद दिदै आएका विचारलाई समेट्दै निम्न जानकारी प्रस्तुत गर्नुहोस् ।

**लैङ्गिक हिंसा**

- लिङ्को आधारमा गरिने विभेद/भेदभाव, दुर्व्यहार, यातना, कुटपिट, गाली बेइज्जती, अपमान, धम्की, हिंसाहरू नै लैङ्गिक हिंसा हो ।
- समुदायमा खासगरी महिला/बालिका भएकै कारणले वा पुरुष/बालक भएकै कारण उनीहरूलाई गरिने व्यवहार, दिइने अवसर/भूमिका, पहिचान, सहभागिताजस्ता कुराहरू फरक हुन्छन् ।
- समय, परिस्थिति, समाज/सांस्कृतिक अवस्था, व्यक्ति, घरपरिवारपिच्छे लैङ्गिक हिंसाका प्रकृति, स्वभाव र प्रकारहरू फरक-फरक हुन्छन् । प्रत्येक समाजले महिला, पुरुष वा तेश्रो लिङ्गीहरूका लागि फरक-फरक भूमिका निर्धारण गरिदिएको हुन्छ जुन अहिलेसम्म विभेदपूर्ण छ ।
- प्राकृतिक लिङ्कै आधारमा घरपरिवार तथा समुदायमा कसले के-के गर्न मिल्छ वा के-के गर्न मिल्दैन भनेर एउटा दायरा वा सीमा तोकिदिएको हुन्छ, जुन सामाजिक अभ्यासको रूपमा रहेको हुन्छ ।
- लैङ्गिक आधारमा शारीरिक हिंसा, मानसिक हिंसा, आर्थिक हिंसा, सामाजिक हिंसा, यौनजन्य हिंसा आदि हिंसा हुने गर्दछन् ।
- व्यक्तिको जीवनका हरेक चरणहरू जन्मनुपूर्व, शिशुअवस्था, बाल्यावस्था, किशोरावस्था, प्रजननअवस्था, वृद्धावस्थामा लैङ्गिक हिंसाको सामना गर्नुपरेको हुन्छ ।

## क्रियाकलाप २: लैङ्गिक हिंसाले पार्ने असरहरू (२० मिनेट)

- तालिम हलमा सँगसँगै रहेका सहभागीहरूबीच तीन-तीन जनाको गुनगुने समूह (बज ग्रुप) तयार गर्नुहोस् ।
- सहभागीलाई आ-आफ्नो समूहमा रहेर निम्न प्रश्नबारे छलफल गर्न भन्नुहोस् र आएका महत्वपूर्ण बुँदालाई मेटाकार्ड वा कापीमा टिप्न लगाउनुहोस् ।
    - आमाबुबाले आफ्ना छोरा र छोरीबाट के-कस्ता अपेक्षाहरू राखेका हुन्छन् ? छुट्टाछुट्टै लेख्नुहोस् ।
    - समुदायमा लैङ्गिक हिंसाका कारण व्यक्ति (खासगरी महिला र बालिका) ले के-कस्ता समस्याहरू भोग्न बाध्य छन् ?
- सबै समूहलाई छलफलबाट आएका बुँदाहरू एक-एक गरी भन्न लगाउनुहोस् ।
- सहभागीबाट आएका बुँदाहरूलाई ह्वाइटबोर्ड वा न्यूजप्रिन्ट पेपरमा बुझिनेगरी टिप्नुहोस् ।
- सहभागीबाट आएका कुरालाई आवश्यकताअनुसार समेट्दै छलफलको अन्त्य गर्नुहोस् ।

### क्रियाकलाप ३ : लैङ्गिक हिंसा न्यूनीकरणका लागि समुदायतहमा गर्न सकिने क्रियाकलापहरू (३०+२० मिनेट)

- सहभागीहरूको सङ्ख्याअनुसार देहायका प्रक्रिया अपनाई तीन वा चार समूह तयार गर्नुहोस् ।
- चार खालका मिठाइलाई एक कालो बाकस वा झोलामा राखी मिसाउनुहोस् ।
- अब सहभागीलाई नछानीकन एक-एक वटा मिठाइ झोलाबाट झिक्न लगाउनुहोस्
- सबै सहभागीले मिठाई लिइसकेपछि त्यसको खोलको रङ्ग वा एकैखालका मिठाइ पर्ने सहभागीहरू एकठाउँमा जम्मा हुन लगाई समूह निर्माण गर्नुहोस् ।
- लैङ्गिक हिंसा न्यूनीकरणका लागि समुदायतहमा के-कस्ता क्रियाकलापहरू गर्न सकिन्छ ? भनी निम्न २/२ समूहलाई निम्न क्षेत्रको भूमिकाबारे छलफल गर्न लगाउनुहोस् ।
    - घरपरिवार तथा समुदायस्तरमा गर्न सकिने क्रियाकलापहरू
    - लैङ्गिक हिंसा न्यूनीकरण गर्नका लागि पुरुष वा बालकको भूमिका
- समूहबाट आएका विचारहरूलाई प्रस्तुत गर्न प्रत्येक समूहलाई एक-एकजना नेता छान्न लगाउनुहोस् ।
- प्रत्येक समूहको नेतालाई क्रमैसँग समूह-कार्य प्रस्तुत गर्न लगाउनुहोस् र अन्य समूहलाई कुनै बुँदामाथि प्रस्ट हुन चाहेमा प्रश्न गर्नसक्ने तथा प्रस्तुत गर्ने नेता र समूह सदस्यहरूले स्पष्ट पार्न अनुरोध गर्नुहोस् ।
- यदि कुनै बुँदामाथि छलफल गर्न आवश्यक ठानेमा समग्रमा छलफल गर्नुहोस् ।

### क्रियाकलाप ४ : सत्रको मूल्याङ्कन र सारसंक्षेप (१० मिनेट)

- सत्रको अन्त्यमा सहभागितामूलकरूपमा सत्रको मूल्याङ्कन गरी हालसम्म गरिएका छलफलका शीर्षकबारे संक्षेपीकरण गर्नुहोस् ।

सहभागीलाई मूल्याङ्कनका लागि सोध्न सकिने प्रश्नहरू

- यस सत्रमा हामीले के-के छलफल गऱ्यौं ?
- लैङ्गिक हिंसा भनेको के हो ?
- लैङ्गिक हिंसाका कारण व्यक्ति (खासगरी महिला र बालिका) ले के-कस्ता समस्याहरू भोग्न परिरहेको छ ?
- लैङ्गिक हिंसा न्यूनीकरणका लागि पुरुष वा बालकको के-कस्तो भूमिका हुन्छ होला ?

- यस सत्रको छलफलमा सक्रियतापूर्वक भाग लिएकोमा सहभागीहरूलाई धन्यवाद दिदै सत्रको अन्त्य गर्नुहोस् ।

***

# अध्ययन सामग्री

## ११. लैङ्गिक हिंसा

### ११.१. लैङ्गिक हिंसा के हो ?




लैङ्गिक हिंसा महिलाविरूद्धको हिंसा हो जो महिला भएकै कारण महिलाप्रति लक्षित वा निर्देशित हुन्छ । लैङ्गिक हिंसाले महिलालाई स्वतन्त्रताबाट वञ्चित गर्ने लगायतका असरहरू पर्दछन् । लैङ्गिक हिंसाभित्र महिलालाई दबाउने खालका धम्कीहरू, यौनदूर्व्यवहार, शारीरिक तथा मानसिक यातनाजस्ता कार्यहरू पर्दछन् । कतिपय अवस्थामा महिलाविरूद्ध हुने सबै प्रकारका हानिहरूलाई जनाउने साझा शब्दको रूपमा पनि लैङ्गिकतामा आधारित हिंसा (Gender Based Violence is an umbrella term for any harm) लाई लिइएको पाइन्छ ।

लिङ्गको आधारमा गरिने विभेद/भेदभाव, दूर्व्यहार, यातना, कुटपिट, गाली बेइज्जती, अपमान, धम्की, हिंसाहरू नै लैङ्गिक हिसा हो । महिला/बालिका भएकै कारणले वा पुरूष/बालक भएकै कारण उनीहरूप्रति गरिने व्यवहार, दिइने अवसर/भूमिका, पहिचान, सहभागिताजस्ता कुराहरूमा फरक हुन्छ । समय, परिस्थिति, समाज/सांस्कृतिक अवस्था, व्यक्ति, घरपरिवारपिच्छे लैङ्गिक हिंसाका प्रकृति, स्वभाव र प्रकारहरू फरक-फरक हुन्छन् । प्रत्येक समाजले महिला, पुरूष वा तेस्रो लिङ्गीहरूका लागि फरक-फरक भूमिका निर्धारण गरिदिएको हुन्छ जुन अहिलेसम्म विभेदपूर्ण छ । उनीहरूले के-के गर्न मिल्छ वा के-के गर्न मिल्दैन भनेर एउटा दायरा वा सीमा तोकिदिएको हुन्छ, जुन सामाजिक कानुनको रूपमा रहेको हुन्छ ।

### ११.२. लैङ्गिक हिंसाका प्रकृति र स्वरूपः

हिंसाको प्रकृति, क्षेत्र र स्वरूपका आधारमा लैङ्गिक विभेदमा आधारित हिंसालाई देहायअनुसार विश्लेषण गरेर हेर्न सकिन्छ :

- शारीरिक हिंसाः शरीर वा स्वास्थ्यमा नै असर पर्ने वा क्षति हुने खालका हिंसाहरू वा यातनाहरू यस अन्तर्गत पर्दछन् । जस्तैः कुटपिट गर्नु, लछारपछार गर्नु, हातपात गर्नु, हत्या गर्नु, अङ्गभङ्ग, शारीरिक चोट, थुन्नु, जलाउनु, मार्नु, अपहरण, बलपूर्ण गर्भपतन गराउनु, मानवअङ्गको बेचबिखन, बालिकाहरूको यौनअङ्ग छेदन कार्य (Genital Mutilation), भ्रुण हत्या आदि ।

- मानसिक हिंसाः भावनामा चोट पुऱ्याउने खालका बोली, व्यवहार, क्रियाकलापहरू, भेदभाव, यातनाहरू यस अर्न्तगत पर्दछन् । जस्तैः गाली बेइज्जती, चरित्रमा आँच आउने खालका लाञ्छना, झुटा आरोप लगाउनु, कुटपिट गर्ने, मारिदिने, बेइज्जत गरिदिने, धम्की दिनु, डर/त्रास देखाउनु, भेदभावपूर्ण व्यवहार, आदि ।


- आर्थिक हिंसाः श्रोतसाधन तथा आर्थिक उपार्जनका लागि आवश्यक कुराहरूबाट वञ्चितीकरण गरिनु । जस्तैः आर्थिक साधन स्रोतबाट वञ्चिती, सम्पत्तिको दुरूपयोग, रोजगारी वा आयआर्जन गर्ने कार्यबाट वञ्चित, कामका लागि घरबाहिर जान नदिनु वा हिंडडुलमा नियन्त्रण गर्नु, उत्पादनका लागि आवश्यक श्रोतसाधनमाथि पहुँच तथा नियन्त्रण नहुनु वा त्यस्ता स्रोतसाधनको प्रयोग तथा परिचालनसम्बन्धी निर्णयप्रक्रियामा सहभागी नगराउनु, आर्थिक उपार्जनका लागि आवश्यक सीप तथा ज्ञान प्राप्तिमा बन्देज गर्नु ... समान कामको समान ज्याला नदिनु (महिला र पुरूषले पाउने ज्यालामा विभेद) रोजगारी तथा आर्थिक आयआर्जनका कामबाट वञ्चितीकरण सम्पतिको दुरूपयोग, आदि ।

- यौनजन्य हिंसाः जस्तैः जबरजस्ती करणी तथा अप्राकृतिक यौनसम्बन्ध, यौनजन्य दूर्व्यवहार, यौनजन्य यातना, यौनशोषण,

## १८.३. जीवनको विभिन्न चरणमा लैङ्गिक हिंसाको प्रकृति :

व्यक्तिको जीवन चक्रका छवटा चरणहरूमा हुनसक्ने लैङ्गिक हिंसाबारेमा तल संक्षेपमा चर्चा गरिएको छ :

जीवनको विभिन्न चरणमा लैङ्गिक हिंसाको प्रकृति




## ११.४. लैङ्गिक हिंसाका असर तथा प्रभावहरू :

महिला/बालिका, पुरूष/बालक, तेश्रो लिङ्गी जो कसैले पनि कुनै न कुनै प्रकारको दूर्व्यवहार, यातना, पीडा र समस्या भोगिराखेका हुन सक्दछन् तर महिला र बालिकाहरू सबैभन्दा बढी जोखिममा रहेका हुन्छन् अथवा लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावित हुनेहरूमा महिला तथा बालिकाको सङ्ख्या नै बढी रहेको छ । यस तथ्यलाई विभिन्न अध्ययन, अनुसन्धान, प्रतिवेदन, समाचारहरूले देखाइराखेका छन् । उदाहरणको लागि आ.व. २०६८/६९ मा मात्र ५५६ वटा बलात्कारका घटना प्रहरीमा दर्ता भएका थिए भने आ.व.२०६३/६४ मा यो सङ्ख्या ३१७ थियो । प्रत्येक वर्ष महिलाविरूद्धको यस्ता घटनामा वृद्धि भइराखेको छ ।[1] नेपालमा प्रत्येक एक हप्तामा ३ जना

१ केशव अधिकारी, प्रहरी नायब महानिरिक्षक तथा प्रहरी प्रवक्ता, कार्यक्रम साझा सवाल भाग २७० : महिलाविरूद्धको हिंसा, विविसि

महिला तथा बालिका बलात्कृत हुने गरेका छन् भने भारतमा प्रत्येक दिन ६६ जना महिला तथा बालिका बलात्कृत हुने गरेका छन् । सन् २०११ मा मात्र भारतमा २४,२०६ बलात्कारका घटना दर्ता भएका थिए ।[२] मानवजीवन सहज र सरल बनाउनको लागि भएको वैज्ञानिक आविष्कारहरूको समेतको दुरूपयोग गरी आजसम्म पनि महिलामाथि हिंसा गरिन्छ । जस्तो भिडियो एक्सरेको प्रयोग गरेर भ्रुणको पहिचान गरी गर्भपतन गर्ने परिपाटीलाई लिन सकिन्छ ।[३]

यस्ता प्रकृति र स्वरूपका लैङ्गिक हिंसाका कारण महिला तथा बालिकाहरूमा विभिन्न खालका प्रत्यक्ष तथा अप्रत्यक्ष, अल्पकालीन तथा दीर्घकालीन असर तथा प्रभावहरू पर्दछन् । यस्ता खाले हिंसाले महिला तथा बालिकाको जीवनमा बहुआयमिक समस्याहरू सिर्जना हुन सक्दछन् ।

## ११.५. लैङ्गिक हिंसा नियन्त्रणका सम्बन्धमा व्यवस्था भएका तथा विभिन्न महासन्धि, घोषणापत्र तथा राष्ट्रिय नीति तथा कानुनमा भएका व्यवस्थाहरू :

मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ ले भेदभावरहित स्वतन्त्रता तथा अधिकार (धारा २), व्यक्तिको जीवन, उदारता र सुरक्षाको अधिकार (धारा ३), व्यक्तिको जीवन बाच्न पाउने जन्मसिद्ध अधिकार (धारा ६(१)), कानुनद्वारा समान संरक्षण (धारा ७), काम तथा रोजगारीका लागि स्वतन्त्रता (धारा २३) सम्बन्धी व्यवस्था गरेको छ ।

महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९७९[४] :

महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, महिला समानता र विकाससम्बन्धी सबै पक्षहरू समेटेर महिलाहरूको अन्तर्राष्ट्रिय अधिकारपत्रको रूपमा सन् १९७९ मा संयुक्त राष्ट्रसंघको महासभाले पारित गरेको एक अन्तर्राष्ट्रियस्तरको दस्तावेज हो । सन् १९८१ सेप्टेम्बर ३ देखि लागु गरिएको हो । महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९७९ को इच्छाधीन आलेख १९९९, अक्टोबर ६ मा पनि नेपाल सरकारले सन् २००१ डिसेम्बर १८ मा हस्ताक्षर गरिसकेको छ तर अनुमोदन भने गरेको छैन ।

यस महासन्धिमा बेचबिखन तथा शोषणविरूद्धको अधिकार (धारा ६), सार्वजनिक तथा राजनीतिक जीवनमा सहभागिताको अधिकार (धारा ७), अन्तराष्ट्रिय मञ्च तथा स्तरमा सहभागी हुन पाउने अधिकार (धारा ८), राष्ट्रियतासम्बन्धी अधिकार (धारा ९), शिक्षासम्बन्धी अधिकार (धारा १०), रोजगारीको अधिकार (धारा ११), स्वास्थ्यसम्बन्धी अधिकार (धारा १२), आर्थिक तथा पारिवारिक लाभको अधिकार (धारा १३), ग्रामीण महिलाको अधिकार (धारा १४), कानुनी समानताको अधिकार (धारा १५), विवाह तथा पारिवारिक सम्बन्धको अधिकार (धारा १६) आदि रहेका छन् ।

महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिको इच्छाधीन आलेख, १९९९ लाई नेपाल सरकारले सन् २००१ डिसेम्बर १८ मा अनुमोदन गरिसकेको छ ।

नेपालको अन्तरिम संविधान, २०६३ अनुसार समानताको हक (धारा १३), रोजगारी तथा सामाजिक सुरक्षासम्बन्धी हक (धारा १८), सामाजिक

बेइजिङ घोषणापत्र तथा कार्यका लागि बेइजिङ कार्यमञ्च , १९९५ ले महिलाविरूद्ध हुने हिंसा र बालिकासहित १२ वटा संवेदनशील क्षेत्रको पहिचान भएको छ :

(१) महिला र गरीबी
(२) महिला र शिक्षा/तालिम
(३) महिला र स्वास्थ्य
(४) महिलाविरूद्धको हिंसा
(५) सशस्त्र संघर्षमा महिला
(६) महिला र अर्थ
(७) महिला र निर्णयप्रक्रिया
(८) महिलाको प्रवर्द्धनका लागि संस्थागत संरचना
(९) मानवअधिकारको रूपमा महिलाअधिकार
(१०) महिला र सञ्चार
(११) महिला र वातावरण
(१२) बालिका ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा २० (महिलाको हक):

(१) महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव गरिनेछैन ।
(२) प्रत्येक महिलालाई प्रजनन स्वास्थ्य तथा प्रजनन्सम्बन्धी हक हुनेछ ।
(३) कुनै पनि महिलाविरूद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुनेछ ।
(४) पैतृक सम्पतिमा छोरा र छोरीलाई समान हक हुनेछ ।

२ National Crime Records Bureau India/internate
३ राष्ट्रिय मानवअधिकार आयोग (२०६९), महिला मानव अधिकार विषयगत पुस्तिका, पेज ३
४ यो महासन्धिलाई नेपाल सरकारले सन् १९९१ अप्रिल २२ मा अनुमोदन गरेको हो । विश्वका १८६ देशहरुले यो महासन्धिका अनुमोदन गरिसकेका छन् ।

न्यायको हक (धारा २१) मा महिलालाई समानरूपमा प्राप्त हुनेगरी मौलिक हकको व्यवस्था गरेको छ भने धारा २० मा महिलाको हक भनी विशेष व्यवस्था गरिएको छ ।

वैदेशिक रोजगार ऐन, २०६४ को देहायका दफाहरूमा महिलाको समान हकलाई सुनिश्चित गरिएको छ :

८. लैङ्गिक विभेद नगरिनेः यस ऐन बमोजिम वैदेशिक रोजगारमा कामदार पठाउदा लैङ्गिक विभेद गरिने छैन । तर रोजगारदाता संस्थाबाट पुरूष वा महिला कामदारमध्ये कुनै एकको मात्र माग भई आएकोमा प्राप्त मागपत्र बमोजिमका कामदार वैदेशिक रोजगारमा पठाउन बाधा पर्ने छैन ।

९. विशेष सुविधा तथा आरक्षण प्रदान गर्नेः (१) वैदेशिक रोजगारमा जाने महिला, दलित, आदिवासी जनजाति, उत्पीडित, दैवीप्रकोप तथा दुर्गम क्षेत्रका व्यक्तिलाई नेपाल सरकारले विशेष सुविधा प्रदान गर्न सक्नेछ । (२) वैदेशिक रोजगारमा कामदार पठाउदा संस्थाले नेपाल सरकारद्वार तोके बमोजिमको सङ्ख्यामा महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवम् दुर्गम क्षेत्रका व्यक्तिलाई आरक्षण प्रदान गर्नु पर्नेछ ।

यसैगरी मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र यसको नियमावली, २०६५, घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६, यसको नियमावली, २०६७, छाउपडी प्रथा उन्मूलन निर्देशिका, २०६४, श्रमजीवि महिलाहरूप्रति डान्स रेष्टुरेण्ट, डान्स बारजस्ता कार्यस्थलमा हुने यौनउत्पीडन नियन्त्रण गर्न जारी गरिएको निर्देशिका, २०६५ पनि महिलाको हकअधिकार सुनिश्चित गर्न सान्दर्भिक व्यवस्था गरिएको छ ।

## ११.६. लैङ्गिक हिंसा रोकथाम तथा नियन्त्रणका उपायहरू :

ऐतिहासिकरूपले स्थापित र सामाजिक/सास्कृतिकरूपले संस्थागत भईसकेको लैङ्गिक हिंसालाई भने जस्तै रोक्नसक्ने कुनै त्यस्तो निश्चित एउटै मात्र उपाय छैन । यसको लागि बहुपक्षीय सुधारको आवश्यकता हुनसक्दछ । व्यक्ति, परिवार, समाजदेखि राज्यसम्मको सोच, विचार, विश्वास, मूल्य, मान्यता, धारणा र व्यवहारमा सुधार तथा पुरै परिवर्तन गर्नुपर्ने हुन्छ । यस्ता केही उपायहरूबारे तल उल्लेख गरिएको छ :

### क) घरपरिवार र समुदायस्तरमा :

- परिवारभित्र छोरा र छोरीबीच समान व्यवहार गर्ने, उनीहरूलाई शिक्षा तथा व्यक्तित्व विकासका लागि समान अवसर प्रदान गर्ने,
- स्वास्थ्य सेवा, पोषणयुक्त खाना, माया, हेरचाह तथा हुर्काउने कुराहरूमा समान व्यवहार गर्ने,
- घरपरिवारको निर्णयप्रक्रियामा बालबालिका, महिला सबैलाई सहभागी बनाउने र उनीहरूको विचार (राय, सल्लाहसुझाव) लाई उचित कदर गर्ने,
- समानतामा आधारित लैङ्गिक संवेदनशील ढङ्गबाट सानै उमेरदेखि छोराछोरीको सामाजिकीकरण गर्ने,
- बालबालिकाको विचार वा समस्या/सरोकारहरू सुनुवाइ हुने सामुदायिक संरचना तथा संयन्त्रहरूको स्थापना, सबलीकरण र सञ्चालन गर्ने,
- बालबालिका (विशेषगरी बालिका) र महिलाहरूका समस्या सुन्नुपर्दछ, उनीहरूले आयोजना गरेका क्रियाकलाप वा कार्यक्रमहरूमा सहयोग तथा सहकार्य गर्नुपर्दछ,
- समुदायस्तरका बालसंरक्षणसँग सम्बन्धित निकाय, संस्था, सञ्जाल, समिति, समूहहरूले बालबालिकाको संरक्षणको सवाल

तथा समस्या सम्बन्धमा विभिन्न सरोकारवालाहरू, सहयोगीहरू वा सेवाप्रदायकहरूसँग सम्बन्ध/समन्वय तथा सम्पर्क विकास र विस्तार गर्नुपर्दछ,

- विभेदपूर्ण र अपमानजनक उखान, टुक्कालगायतका अभ्यासहरू अन्त्य गर्ने,
- महिला तथा बालिकासम्बन्धी कार्यक्रमहरूमा पुरुष/बालकहरूलाई संलग्न गराउने ।

### ख) लैङ्गिक हिंसा नियन्त्रण गर्न पुरुषहरूको संलग्नता :

- समाजमा रहेका पुरुष वा बालकहरू पनि लैङ्गिक हिंसाको असर र प्रभावबाट मुक्त छैनन् । लैङ्गिक हिंसालाई उन्मूलन गर्न पुरुष तथा बालकहरूलाई यस अभियानमा संलग्न गर्ने ।
- लैङ्गिक हिंसा अन्त्य गर्नका लागि कतिपय बालक/पुरुषहरूले घरपरिवार, समुदाय, समाजमा सकरात्मक भूमिका निर्वाह गरिराखेका हुन्छन् । लैङ्गिक समानताका लागि नमुना पुरुषको रूपमा आफ्नो भूमिका प्रस्तुत गरिराखेका हुन्छन् र परिवर्तनका लागि अरूहरूलाई पनि संदेश सम्प्रेषण गरिराखेका हुन्छन् ।
- यदि लैङ्गिक हिंसाको मुल स्रोत नै पुरुष र पितृसत्तात्मक सोच हो भने त्यसको निराकरणको लागि आवश्यक शक्ति र जिम्मेवारी पनि उनीहरूमा छ । समाधानका लागि बालक/पुरुषहरूले सहयोग गर्न सक्दछन् । उनीहरूलाई अलग्याउने हैन कि सँगसँगै साझेदारको रूपमा संलग्न गराउनु जरूरी छ ।

***

# १२. अपहरण



**१ घण्टा**
**३० मिनेट**

## १२.१ सत्रको परिचय :

नेपालको खासगरी शहरी क्षेत्र र तराईमा बालबालिकालाई अपहरण गर्ने, बन्धक बनाउने र फिरौती माग्ने लगायतका कार्य बढ्दै गएका छन् । यसले बालबालिकाको स्वतन्त्रता र अन्य अधिकारहरूबाट वञ्चित हुनुका साथै कतिपय अवस्थामा उनीहरूको हत्यासमेत भएको छ । यसर्थ बालबालिकाको अपरणसम्बन्धी सामुहिक छलफल गरी स्थानीयतहमा रोकथामका उपायहरू खोज्नु आवश्यक छ । सहभागीहरूलाई अपहरणसम्बन्धी नेपाली कानुनी व्यवस्थाबारे जानकारी दिई बालबालिकाको अपरहण न्यूनीकरण गर्ने उद्देश्यले यस सत्रको छलफल राखिएको हो ।

## १२.२ अपेक्षित उपलब्धि :

यस सत्रको अन्त्यमा सहभागीले,

- बालबालिकाको अपहरण भनेको के हो र किन बालबालिकाको अपहरण हुन्छ ? भन्नेबारेमा भन्न सक्नेछन् ।
- बालबालिकाको अपहरणविरूद्धको कानुनी प्रावधानहरूकोबारेमा जानकारी पाई उजुरी प्रक्रियाबारे बताउन सक्नेछन् ।

## १२.३ सत्र सञ्चालनका लागि आवश्यक सामग्री :

- न्यूजप्रिन्ट पेपर वा ह्वाइट बोर्ड, पर्मानेन्ट र बोर्ड मार्कर, पेपर टेप, उपलब्ध भएमा विषयगत छलफलका लागि उपयुक्त चित्र, पोष्टर आदि ।

## १२.४ सत्रको तयारी :

- सत्र सञ्चालनका लागि आवश्यक बुँदाहरू (सत्र सञ्चालन प्रक्रियाको क्रममा बक्समा दिइएको छ) लाई छलफल गर्न सहज गराउन मेटाकार्ड वा न्यूजप्रिन्ट पेपरमा लेख्ने ।
- निर्धारित सहभागी सङ्ख्या बराबरको सङ्ख्यामा चार वा पाँच रङ्गको मेटाकार्डलाई गोलो आकार (चपाती) मा काटी तयार गर्नुहोस् ।
- सत्र सञ्चालनको क्रममा आवश्यक पर्ने नेपालको अन्तरिम संविधान २०६३, मुलुकी ऐन, २०२० को अपहरणविरूद्धको प्रावधानलाई अध्ययन गर्नुहोस् ।

## १२.५ सत्र सञ्चालन गर्ने प्रक्रिया :

- सर्वप्रथम सहजकर्ताले 'अब हामी बालबालिकाको अपहरणसम्बन्धी छलफल गर्नेछौं' भनी उपस्थित सबै सहभागीलाई विषयवस्तुतर्फ ध्यानाकर्षण गर्नुहोस् ।

### क्रियाकलाप १ः बालबालिकाको अपहरण (२० मिनेट)

- हाम्रो समुदाय वा छरछिमेकमा बालबालिकाको अपहरण हुने गरेको वा भएको थाहा पाउनु भएको छ ? बालबालिकाको अपहरण किन र के–केका लागि गरिन्छ ? जस्ता प्रश्नहरू सहभागीलाई गरी छलफल अगाडि बढाउनुहोस् ।
- सहभागीबाट आएका सबैजसो उत्तरलाई ह्वाइटबोर्ड वा न्यूजप्रिन्ट पेपरमा बुझिनेगरी टिप्नुहोस् ।
- सबैजसो सहभागीको उत्तर आइसकेपछि टिपिएका बुँदाहरूलाई कुनै एक सहभागीलाई पुनःवाचन गर्न लगाउनुहोस् ।
- सहभागीको जवाफहरूलाई समेट्दै देहायका जानकारीहरूसमेत समेटी प्रस्तुतीकरण गर्नुहोस् ।

#### बालबालिकाको अपहरण

कसैले कुनै व्यक्तिलाई बल प्रयोग गरी वा प्रयोग गर्ने धम्की दिई, डर त्रास देखाई, जोरजुलुम गरी, हातहतियार देखाई, छलकपट गरी, झुक्यानमा पारी वा नशालु वा मादक पदार्थ सेवन गराई वा कुनै यातायातको साधन कुनै किसिमले कब्जा वा नियन्त्रणमा लिई कुनै ठाउँमा जान बाध्य गराउन वा कुनै व्यक्तिलाई निजको मञ्जूरीविना वा नाबालक र मानसिकरूपमा अस्वस्थ व्यक्तिलाई निजको हितका निमित्त निजको बाबु, आमा वा संरक्षकको मञ्जूरीबाहेक कुनै ठाउँमा लैजान हुँदैन र सो गरे अपहरण गरेको मानिनेछ ।

- मानसिकरूपमा अस्वस्थ व्यक्तिलाई निजको बाबु, आमा वा संरक्षकको मञ्जूरी लिई असल नियतले निजको हितका निमित्त थुनिएकोमा बाहेक कसैले कुनै व्यक्तिलाई बल प्रयोग गरी वा प्रयोग गर्ने धम्की दिई, डरत्रास देखाई, जोरजुलुम गरी, हातहतियार देखाई, छलकपट गरी, झुक्यानमा पारी वा नशालु वा मादक पदार्थ सेवन गराई वा कुनै यातायातको साधन वा ठाउँ कुनै किसिमले कब्जामा लिई वा त्यसउपर अनधिकृत तवरले नियन्त्रणमा लिई थुन्न हुँदैन र सो गरे शरीरबन्धक लिएको मानिनेछ ।
- लुकेर, धम्की दिएको भरमा, छोटो समयका लागि पीडितलाई अपहरण गर्न सफल भएको अवस्थामा वा अपहरित पीडितलाई छोटो समयको लागि शारीरिक बन्धक बनाउन वा कब्जा लिन सकेको अवस्थामा भने जति फिरौती रकम लिन सकिने र अपहरित व्यक्तिका नजिकका परिवारका सदस्यहरूले अपहरितको विना क्षति मुक्त गराउन आपराधिक गिरोहलाई मागेको रकम दिने र सजिलै असुलउपर हुने र कतिपय अवस्थामा राजनैतिक उद्देश्य पूर्ति गर्न र अन्य हत्या, जबरजस्ती करणी, यौनदुराचार, बेचबिखन, वैदेशिक रोजगार र स्वदसभित्रै श्रमशोषण गराउने कार्यमा लगाउन अपहरण र शरीरिक बन्धक लिने प्रवृत्तिमा तीव्र वृद्धि भइरहेको छ ।
- अपहरण तथा शारीरिक बन्धक बनाउने अपराध विस्तारै एक्लो व्यक्तिले भन्दा समूहगतरूपमा र सङ्गठित समूहबाट गर्ने प्रवृत्तिमा वृद्धि भएको देखिन्छ ।

### क्रियाकलाप २ः अपहरणबारे विद्यमान कानुनी व्यवस्थाबारे छलफल (२० मिनेट)

- अब हामी, बालबालिकाको अपहरणसम्बन्धी विद्यमान कानुनी व्यवस्थाबारे छलफल गर्नेछौं भनी सहभागीहरूको ध्यानाकर्षण गर्दै देहायका जानकारीहरूसहित प्रस्तुती गर्नुहोस् ।

**अपहरणसम्बन्धी नेपालको कानुनी व्यवस्था (मुलुकी ऐन, २०२०)**

- कसैलाई कुनै पनि उद्देश्यले अपहरण गरेमा वा शरीर बन्धक लिएमा सो गर्ने गराउने व्यक्तिलाई सात वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रूपैयाँदेखि दुई लाख रूपैयाँसम्म जरिवाना र लेखिएबाहेक अन्य उद्देश्यले अपहरण गरेमा वा शरीर बन्धक लिएमा चार वर्षदेखि आठ वर्षसम्म कैद र पच्चीस हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिवाना ।
- कसूर गर्न दुरूत्साहन गर्ने, आदेश दिने वा त्यस्तो कसूर हुनुभन्दा अगावै कसूर गर्न सहमति दिने व्यक्तिलाई सो कसूर निजले नै गरेसरह सजाय ।
- कसूर गरिनसकेको, सो कुराको उद्योगसम्म गरेको भए त्यस्तो व्यक्तिलाई सो कसूरमा हुने सजायको आधा सजाय ।
- कसैले कुनै रकम माग गरी त्यस्तो रकम नदिएमा अपहरण गर्ने वा शरीर बन्धक लिने धम्की दिएमा निजलाई उद्योग गर्ने व्यक्तिसरह सजाय ।
- दुई वा दुईभन्दा बढी व्यक्ति मिली वा सङ्गठितरूपमा कुनै व्यक्तिलाई अपहरण गरेको वा शरीर बन्धक लिएको भए सो काममा संलग्न सबै व्यक्तिलाई यस महलबमोजिम हुने सजायमा दुई वर्ष थप गरी सजायको व्यवस्था ।
- कसैले कुनै व्यक्तिलाई अपहरण गरी वा शरीर बन्धक लिई निजउपर प्रचलित कानुनबमोजिम सजाय हुने अन्य कुनै कसूर गरेको रहेछ भने त्यस्तो व्यक्तिलाई यस महलबमोजिम हुने सजायका अतिरिक्त सजाय हुने ।
- महिला वा नाबालकलाई अपहरण गरेको वा बन्धक लिएको भए सजायमा दुई वर्ष थप गरी सजाय हुने गरी व्यवस्था ।
- कसैलाई अपहरण गरी वा शरीर बन्धक लिई ज्यान मारेकोमा नालिस गर्न हदम्याद लाग्दैन तर अपहरण गरिएको वा शरीर बन्धक लिएको मितिले छ महिना वा अपहरण वा शरीर बन्धकबाट छुटेको मितिले तीन महिनाभित्र प्रहरी कार्यालयमा उजुरी दिनुपर्ने ।

- यससम्बन्धी कानुनी व्यवस्थाका सम्बन्धमा थप अन्य जिज्ञासा भए सहभागीलाई प्रश्न गर्न अनुरोध गर्नुहोस् र आवश्यकतानुसार अध्ययन सामग्रीको सहयोगमा जवाफ दिनुहोस् । कथंकदाचित कुनै जिज्ञासाको जवाफ आफूलाई थाहा नभए जानकार व्यक्तिसँग सोधेर जवाफ दिनुहोस् ।

### क्रियाकलाप ३ : स्थानीयतहमा अपहरण रोकथामका उपायहरू (२०+२० मिनेट)

- सहभागीको सङ्ख्या बराबर विभिन्न चार वा पाँच रङ्को चपातीहरूलाई एकठाउँमा मिसाएर प्रत्येक सहभागीलाई एक एकवटा चपाती टिप्न लगाउनुहोस् ।
- सबै सहभागीले चपाती लिइसकेपछि एकै रङ्का चपाती लिएका सहभागीहरू एक ठाउँमा जम्मा हुन भन्नुहोस् र त्यसबाट समूह निर्माण गर्नुहोस् ।
- अब सबै समूहलाई छलफल गरी समूहको विचार न्यूजप्रिन्ट पेपरमा लेख्न लगाउनुहोस् ।
- बालबालिकाको अपहरण रोकथाम गर्न समुदायतहमा के-कस्ता कार्यहरू गर्न सकिन्छ ?
- प्रत्येक समूहको नेतालाई क्रमैसँग समूह-कार्य प्रस्तुत गर्न लगाउनुहोस् र अन्य समूहलाई कुनै बुँदामाथि प्रस्ट हुन चाहेमा प्रश्न गर्न एवम् प्रस्तुत गर्ने नेता र समूह सदस्यहरूले स्पष्ट पार्न अनुरोध गर्नुहोस् ।
- सहजकर्ताले यदि कुनै बुँदामाथि छलफल गर्न आवश्यक ठानेमा त्यसो गर्नुहोस् ।

### क्रियाकलाप ४ : सत्रको मूल्याङ्कन र सारसंक्षेप (२० मिनेट)

- अन्त्यमा सहभागितामूलक रूपमा सत्रको मूल्याङ्कन गरी हालसम्म गरिएका छलफलका शीर्षकबारे संक्षेपीकरण गर्नुहोस् । सत्रको मूल्याङ्कन गर्दा देहायका प्रश्नहरूको सहयोग लिन सकिन्छ ।

**सहभागीलाई मूल्याङ्कनका लागि सोध्न सकिने प्रश्नहरू**

- यस सत्रमा हामीले के-के कुराहरूमा छलफल गर्‍यौं ?
- बालबालिकाको अपहरण कुन उद्देश्यले र किन हुने गर्दछ ?
- अपहरण गर्ने व्यक्तिलाई के-कस्तो सजाय हुन्छ ? कहाँ उजुरी दिन सकिन्छ ?
- बालबालिकाको अपहरण रोकथामका लागि समुदायतहमा के-कस्ता कामहरू गर्न सकिन्छ ? आदि ।

- यस विषयमा सक्रियतापूर्वक भाग लिएकोमा सहभागीहरूलाई धन्यवाद दिँदै सत्रको अन्त्य गर्नुहोस् ।

***

# अध्ययन सामग्री

## १२. अपहरण

### १२.१. अपहरण भनेको के हो ?

सङ्गठित अपराधको श्रेणीभित्र पर्ने अपराध र शरीर बन्धकसम्बन्धी अपराध पछिल्लो समयमा नेपालको आपराधिक क्रियाकलापको क्यालेन्डरमा र सरकारी तथ्याङ्कहरूमा गम्भीर प्रकृतिको अपराधको सूचीमा दिनप्रतिदिन अभिवृद्धि भइरहेको छ । यी आपराधिक क्रियाकलापहरू आपराधिक गिरोहले सजिलैसँग पैसा कमाउने र कम प्रयासमा मनग्गे फिरौटी असूल गर्नसक्ने अपराधको रूपमा देखा परेको छ ।[1]

मुलुकी ऐन २०२० को १२ औँ संशोधनअनुसार भाग ४ को महल ८ (क) अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको दफा १ अनुसारः 'कसैले कुनै व्यक्तिलाई बल प्रयोग गरी वा प्रयोग गर्ने धम्की दिई, डर त्रास देखाई, जोरजुलुम गरी, हातहतियार देखाई, छलकपट गरी, झुक्यानमा पारी वा नशालु वा मादक पदार्थ सेवन गराई वा कुनै यातायातको साधन कुनै किसिमले कब्जा वा नियन्त्रणमा लिई कुनै ठाउँमा जान बाध्य गराउन वा कुनै व्यक्तिलाई निजको मञ्जूरीविना वा नाबालक र मानसिकरूपमा अस्वस्थ व्यक्तिलाई निजको हितका निमित्त निजको बाबु, आमा वा संरक्षकको मञ्जूरीबाहेक कुनै ठाउँमा लैजान हुँदैन र सो गरे अपहरण गरेको मानिनेछ ।'

यस्तैं सोही महलको दफा २ अनुसार–'मानसिक रूपमा अस्वस्थ व्यक्तिलाई निजको बाबु, आमा वा संरक्षकको मञ्जूरी लिई असल नियतले निजको हितका निमित्त थुनिएकोमा बाहेक कसैले कुनै व्यक्तिलाई बल प्रयोग गरी वा प्रयोग गर्ने धम्की दिई, डरत्रास देखाई, जोरजुलुम गरी, हातहतियार देखाई, छलकपट गरी, झुक्यानमा पारी वा नशालु वा मादक पदार्थ सेवन गराई वा कुनै यातायातको साधन वा ठाउँ कुनै किसिमले कब्जामा लिई वा त्यसउपर अनधिकृत तवरले नियन्त्रणमा लिई थुन्न हुँदैन र सो गरे शरीरबन्धक लिएको मानिनेछ ।'

पछिल्लो समयमा नेपालको खासगरी शहरी क्षेत्र र तराईबाट बालबालिकालाई अपहरण गर्ने, बन्धक बनाउने र फिरौती माग्ने लगायतका कार्य बढ्दै गएका छन् । यसले बालबालिका स्वतन्त्रता र अन्य अधिकारहरूबाट वञ्चित हुनुका साथैं कतिपय अवस्थामा उनीहरूको हत्यासमेत भएको छ । लुकेर, धम्की दिएको भरमा, छोटो समयका लागि पीडितलाई अपहरण गर्न सफल भएको अवस्थामा वा अपहरित पीडितलाई छोटो समयको लागि शारीरिक बन्धक बनाउन वा कब्जा लिन सकेको अवस्थामा भने जति फिरौती रकम लिन सकिने र अपहरित व्यक्तिका नजिकका परिवारका सदस्यहरूले अपहरितको विना क्षति मुक्त गराउन आपराधिक गिरोहलाई मागेको रकम दिने र सजिलै असुलउपर हुने र कतिपय अवस्थामा राजनैतिक उद्देश्य पूर्ति गर्न र अन्य हत्या, जबरजस्ती करणी, यौनदुराचार, बेचबिखन, वैदेशिक रोजगार र स्वदसभित्रै श्रमशोषण गराउने कार्यमा लगाउन अपहरण र



१ प्रा.डा. रजितभक्त प्रधानाङ्ग, अपहरण तथा शारीरिक बन्धकसम्बन्धी अपराध, न्यायदूत, २०६७, पूर्णाङ्क १९२/१९३, पेज १

शारीरिक बन्धक लिने प्रवृत्तिमा तीव्र वृद्धि भइरहेको छ । अपहरण तथा शारीरिक बन्धक बनाउने अपराध विस्तारै एक्लो व्यक्तिले भन्दा समूहगतरूपमा र संगठित समूहबाट गर्ने प्रवृत्तिमा वृद्धि भएको देखिन्छ ।[२]

## १२.२. अपहरणसम्बन्धी विद्यमान कानुनी व्यवस्था :

राष्ट्रिय तथा अन्तर्राष्ट्रियतहमा सङ्गठित अपराधभित्र अपहरण तथा शरीर बन्धक बनाउने अपराधलाई समेटी आवश्यक कानुनी व्यवस्था गरेपनि नेपालमा विसं. २०६४ सालसम्म यससम्बन्धी व्यवस्थित कानुन थिएन । मुलुकी ऐन, २०२० लाई २०६४ सालमा बाह्रौं संशोधन गरेपश्चात् अपहरण तथा शरीर बन्धकसम्बन्धी छुट्टै महल थप गरी अपहरण तथा शरीर बन्धक बनाउने कार्यलाई आपराधिकरण र त्यसको सङ्गठितरूपमा गरिने अपराधहरूलाई कठोर सजाय र कतिपय विशेष परिस्थिति तथा अवस्थाहरूमा थप सजायसमेत हुने गरी दण्ड सजायको व्यवस्था गरिएको छ । विभिन्न सरकारी तथ्याङ्क तथा प्रहरी प्रधान कार्यालयको तथ्याङ्कअनुसार आ.व. २०६३/६४ मा १५, २०६४/६५ मा ७६ र २०६५/६६ असारसम्ममा १७६ वटा अपहरण तथा शरीर बन्धक बनाउनेसम्बन्धी अपराधको उजुरी दर्ता भएको थियो । लामो समयसम्म अपराध र शारीरिक बन्धकसम्बन्धी अपराधहरू नेपालको तराईको केही शहरहरूमा छिटपुटरूपमा घट्ने अपराधको रूपमा रहेकोमा २०६२/६३ को जनआन्दोलनपछि यी अपराधहरू ह्वात्तै बढेका हुन् ।[३]

मुलुकी ऐन, २०२० को 'अपहरण गर्ने तथा शरीर बन्धक लिनेको' महलको निम्न दफामा निम्नानुसार दण्डसजायको व्यवस्था गरिएको छ :

- कसैलाई ज्यान लिने, कुटपिट गरी चोट पुऱ्याउने, जबरजस्ती करणी वा अप्राकृतिक मैथुन गर्ने, बिक्री गर्ने, दास बनाउने, निजको इच्छाविरूद्ध काममा लगाउने, यातना दिने, वेश्यावृत्तिमा लगाउने, कुनै काम गर्न वा गराउन बाध्य गराउने, छुटकारा रकम (फिरौती) लिने वा शरीर बन्धकमा लिइएको व्यक्ति वा निजको हकवालाको धनसम्पत्ति प्राप्त गर्ने, व्यवसाय समर्पण गराउने वा प्रचलित कानुनबमोजिम कसूर हुने अन्य कुनै काम गर्न लगाउने उद्देश्यले अपहरण गरेमा वा शरीर बन्धक लिएमा सो गर्ने गराउने व्यक्तिलाई सात वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रूपैयाँदेखि दुई लाख रूपैयाँसम्म जरिवाना र लेखिएबाहेक अन्य उद्देश्यले अपहरण गरेमा वा शरीर बन्धक लिएमा चार वर्षदेखि आठ वर्षसम्म कैद र पच्चीस हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिवाना हुन्छ । (दफा ३)
- कसूर गर्न दुरूत्साहन गर्ने, आदेश दिने वा त्यस्तो कसूर हुनुभन्दा अगावै कसूर गर्न सहमति दिने व्यक्तिलाई सो कसूर निजले नै गरेसरह सजाय हुन्छ । (दफा ४)
- कसूर गरिनसकेको, सो कुराको उद्योगसम्म गरेको भए त्यस्तो व्यक्तिलाई सो कसूरमा हुने सजायको आधा सजाय हुन्छ । (दफा ५)
- कसैले कुनै रकम माग गरी त्यस्तो रकम नदिएमा अपहरण गर्ने वा शरीर बन्धक लिने धम्की दिएमा निजलाई उद्योग गर्ने व्यक्तिसरह सजाय हुन्छ । (दफा ६)
- दुई वा दुईभन्दा बढी व्यक्ति मिली वा सङ्गठित रूपमा कुनै व्यक्तिलाई अपहरण गरेको वा शरीर बन्धक लिएको भए सोकाममा संलग्न सबै व्यक्तिलाई यस महलबमोजिम हुने सजायमा दुई वर्ष थप गरी सजाय को व्यवस्था छ । (दफा ७)
- कसैले कुनै व्यक्तिलाई अपहरण गरी वा शरीर बन्धक लिई निजउपर प्रचलित कानुनबमोजिम सजाय हुने अन्य कुनै कसूर गरेको रहेछ भने त्यस्तो व्यक्तिलाई यस महलबमोजिम हुने सजायका अतिरिक्त सो कानुनबमोजिम हुने सजायसमेत गर्नुपर्दछ । (दफा ८)
- कसूर महिला वा नाबालकलाई अपहरण गरेको वा बन्धक लिएको भए सजायमा दुई वर्ष थप गरी सजाय हुने गरी व्यवस्था गरिएको छ । (दफा ९)
- मुलुकी ऐन, २०२० को सोही महलको दफा १३ अनुसार कसैलाई अपहरण गरी वा शरीर बन्धक लिई ज्यान मारेकोमा नालिस गर्न हदम्याद लाग्दैन तर अपहरण गरिएको वा शरीर बन्धक लिएको मितिले छ महिना वा अपहरण वा शरीर बन्धकबाट छुटेको मितिले तीन महिनाभित्र नालिस नदिए लाग्न सक्दैन भनी उल्लेख छ ।

***

२ उही पादटिप्पणी

३ प्रा.डा. रजितभक्त प्रधानाङ्ग, अपहरण तथा शरीरिक बन्धकसम्बन्धी अपराध, न्यायदूत, २०६७, पूर्णाङ्क १९२/१९३, पेज ३

# १३. अपाङ्गता भएका बालबालिका



**१ घण्टा**
**30 मिनेट**

### १३.१ सत्रको परिचय :

भेदभावपूर्ण व्यवहार, संरचना र कुनै अवसर कम दिने मानसिकताका कारण अपाङ्गता भएका व्यक्तिहरू अन्य व्यक्तिहरूको दाँजोमा अधिकारको उपभोग गर्नबाट वञ्चित भएका हुन सक्दछन् । जुनसुकै व्यक्ति पनि अपाङ्गताको जोखिममा रहेका हुन्छन् भन्ने यथार्थलाई आमव्यक्तिहरूले महसुस गर्न नसकेका कारण अपाङ्गता भएका व्यक्तिहरूको समान अधिकारका लागि उपयुक्त वातावरण निर्माण भइसकेको छैन । अझैसम्म पनि नेपालमा अपाङ्गता भएका बालबालिकाको लागि उपयुक्त शिक्षा, स्वास्थ्य, समान सहभागितालगायतका विषयमा जनचेतना अभिवृद्धि गरिनु आवश्यक छ । यसर्थ अपाङ्गता भएका व्यक्ति र बालबालिकाको अधिकारबारे छलफल गरी परिवार, विद्यालय र समुदायमा अन्य बालबालिका सरह सेवामा समान पहुँच र अवसर बढावा दिने वातावरण तयार गर्ने उद्देश्यले यस सत्रमा छलफल गरिएको हो ।

### १३.२ अपेक्षित उपलब्धि :

यस सत्रको अन्त्यमा सहभागीहरूले,

- अपाङ्गता भएका बालबालिकाबारे बताउन सक्नेछन् ।
- परिवार, विद्यालय तथा समदायमा अपाङ्गता भएका बालबालिकाको अधिकार सुनिश्चित गर्ने उपायहरू भन्न सक्नेछन् ।

### १३.३ सत्र सञ्चालनका लागि आवश्यक सामग्री :

न्यूजप्रिन्ट पेपर वा ह्वाइट बोर्ड, पर्मानेन्ट र बोर्ड मार्कर, पेपर टेप आदि ।

### १३.४ सत्रको तयारी :

- सत्र सञ्चालनका लागि आवश्यक बुँदाहरू (सत्र सञ्चालन प्रक्रियाको क्रममा बक्समा दिइएको छ) लाई छलफल गर्न सहज गराउन मेटाकार्ड वा न्यूजप्रिन्ट पेपरमा लेख्नुहोस् ।
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६, नेपालको अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९, सोको नियमावली, २०५१ लगायत शिक्षा नीति एवम् अन्य सान्दर्भिक प्रावधानहरूलाई अध्ययन गर्नुहोस् ।

### १३.५ सत्र सञ्चालन गर्ने प्रक्रिया :


- सहजकर्ताले छलफल गर्ने विषयकोबारेमा सहभागीहरूलाई जानकारी दिई विषयवस्तुतर्फ सहभागीहरूको ध्यान आकृष्ट गर्नुहोस् ।

**क्रियाकलाप १ः अपाङ्गता भएका बालबालिकाबारे सामान्य जानकारी (२० मिनेट)**

- यसपछि सहभागीलाई पहिलो चित्र देखाई 'वहाँहरू भऱ्याङ चढ्न सक्नुहुन्छ यसैले माथि जान सक्नुभएको छ ।' भनी यसमा सहमत वा अहसमत भनी सोध्नुहोस् । (केही सहभागी सहमत वा केही सहभागी असहमत हुनसक्छन् । तर सहमत गर्ने सहभागी सङ्ख्या बढी भएको खण्डमा त्यसमा सहमत हुनुपर्ने कुरासमेत भन्न लगाउनुहोस् ।)
- दोस्रो चित्र (नं.२) देखाई यदि पहिलो चित्रमा सहमत हुनुहुन्छ भने 'वहाँ भऱ्याङ चढ्न सक्नुहुन्न त्यसैले जान सक्नुभएन ।' यसमा पनि सहमत हुनुहुन्छ भनी सहभागीलाई भन्नुहोस् । (यस पटकमा सहभागीबाट तर्कहरू आउन सक्दछन् । यसलाई स्वभाविकरूपमा ग्रहण गर्नुहोस् । धेरैभन्दा धेरै विचारहरू आउन प्रोत्साहित गर्न पुनः सोही चित्रहरू क्रमशः देखाउन सकिन्छ ।)

छलफलका लागि चित्रहरू (स्रोतः आरसिआरडि, भक्तपुर)

**चित्रः १**



**चित्रः २**



- यदि अघिको भनाइप्रति असहमत हुन्छ भने यसलाई फरक ढङ्गले सोचौं, र अब यी भनाइमा सहमत हुन सकिन्छ भनी तलको भनाइ राख्नुहोस् र सहभागीको विचार बुझ्नुहोस् ।
- (पहिलो चित्र देखाइ) 'वहाँहरूको अवस्था अनुकूल भऱ्याङ निर्माण गरिकाले चढ्न सक्नुभएको हो' भन्नुहोस् ।
- (दोस्रो चित्र देखाइ) 'वहाँको अवस्था अनुकूल भऱ्याङ निर्माण नगरिकाले चढ्न सक्नुभएन' भन्नुहोस् ।
- सहभागीबाट आएका विचारलाई मनन गर्दै 'कुनै पनि विषयमा हाम्रो जस्तो बुझाइ रहन्छ, त्यसले हाम्रो व्यवहारलाई दोहोऱ्याउँदछ ।' भन्ने भनाइ राख्दै अपाङ्गता भएका बालबालिकासम्बन्धी छलफल अगाडि बढाउनुहोस् ।

### अपाङ्गता भएका बालबालिकाबारे जानकारी

- मानिसको शरीरमा समस्या आउनु वा क्षति हुनु जीवनमा सामान्य नै हो । यो कुनै समस्या वा असक्षमता होइन, अनुकूल वातावरणबाट यसको सामान्यीकरण गर्न सकिन्छ ।
- शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रियसम्बन्धी दीर्घकालीन अशक्तताद्वारा सिर्जित विभिन्न अवरोधहरूसँगको अन्तर्क्रियाको कारणले समाजमा अन्य व्यक्तिहरूसरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गमा सहभागी हुन बाधा भएको व्यक्तिसमेतलाई अपाङ्गता भएका व्यक्ति भनिन्छ ।
- जोसुकै व्यक्तिमा पनि अपाङ्गता हुने सम्भावना सधैँ रहन्छ । सामान्य दुर्घटना वा अन्य कारणहरूबाट अपाङ्गता हुन सक्दछ ।
- विश्व स्वास्थ्य सङ्गठनको एक सर्वेक्षणअनुसार विश्वमा कूल जनसङ्ख्याको १० प्रतिशत अपाङ्गता भएका व्यक्तिहरू छन् भनेर जनाइएको छ । राष्ट्रिय मानवअधिकार आयोगका अनुसार नेपालको कूल जनसङ्ख्याको ७ देखि १० प्रतिशत मानिसहरूमा कुनै न कुनै प्रकारको अपाङ्गता भएको अनुमान छ ।
- अपाङ्गता मानवअधिकारको सवाल हो । र, यो आर्थिक विपन्नतासँग गाँसिएर पनि आउँन सक्दछ । तथापि अपाङ्गता भएका हरेक व्यक्तिसँग पर्याप्त सम्भावना हुन्छन्

## क्रियाकलाप २ः अपाङ्गता भएका बालबालिकाका अधिकारहरू (२० मिनेट)

- सहभागीहरूलाई अब अपाङ्गता भएका बालबालिकाका अधिकारहरूबारे छलफल गर्दछौं भनी देहायका सूचनाका आधारमा अन्तर्क्रिया गर्नुहोस् ।

### अपाङ्गता भएका बालबालिका

- अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६ मा समानता र गैरभेदभाव, पहुँचयुक्तता, कानुनको अगाडि समान मान्यता, न्यायमा पहुँच, शोषण, हिंसा र दूर्व्यवहारबाट स्वतन्त्रता, व्यक्तिगत गमनशीलता (Mobility), शिक्षा, स्वास्थ्य, काम र रोजगार, पर्याप्त जीवनस्तर र सामाजिक संरक्षण, राजनीतिक तथा सार्वजनिक जीवनमा सहभागिता र सांस्कृतिक जीवन र मनोरञ्जनलगायतका अधिकारको सुनिश्चितता गरेको छ ।
- नेपालको अन्तरिम संविधान, २०६३ को धारा १८ को उपधारा २ मा महिला, श्रमिक, वृद्ध, अपाङ्गता भएका तथा अशक्त र असहाय नागरिकलाई कानुनमा व्यवस्था भएबमोजिम रोजगारीको हक हुनेछ भनी सामाजिक सुरक्षासम्बन्धी हक हुने उल्लेख छ ।
- अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ ले अपाङ्गता भएका व्यक्तिहरूका लागि विशेष गरेर निःशुल्क शिक्षा, स्वास्थ्योपचार, तालिम, रोजगारीको व्यवस्था, सहायक-सामग्रीको व्यवस्था गर्ने प्रावधानलगायत अपाङ्गता पहिचान, रोकथाम र न्यूनीकरण गर्ने खालका प्रावधानहरू रहेका छन् ।
- अपाङ्ग संरक्षण तथा कल्याण नियमावलीले अपाङ्गपन निर्धारण समिति, अपाङ्गतासम्बन्धी लगत राख्ने, परिचयपत्र प्रदान गर्ने, समाजकल्याण अधिकृत तोक्ने, अपाङ्ग आवास गृहको स्थापना तथा सञ्चालन, शिक्षा तथा तालिमको व्यवस्था, स्वास्थ्योपचार, अपाङ्गता भएका व्यक्तिहरूलाई काममा प्राथमिकता दिनुपर्ने, अपाङ्ग सेवा कोष, कानुनी सुविधाजस्ता विषयमा आवश्यक व्यवस्था गरको छ ।

- नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई शारीरिक अपाङ्गता, दृष्टिविहीन र न्यून दृष्टियुक्त, स्वरबोलाईसम्बन्धी अपाङ्गता, सुस्त श्रवण र बहिरा, सुस्त श्रवण र दृष्टिविहीन, मानसिक अपाङ्गता-बौद्धिक अपाङ्गता, बहुअपाङ्गता गरी ७ किसिमले वर्गीकरण गरिएको छ ।
- अपाङ्गताको गाम्भीर्यताका आधारमा अपाङ्गताको स्थितिलाई वर्गीकरण गरी- १) पूर्ण अशक्त अपाङ्गता भएको व्यक्तिलाई 'क' वर्ग (रातो रङ्को), २) अति अशक्त अपाङ्गता भएको व्यक्तिलाई 'ख' वर्ग (नीलो रङ्को), ३) मध्यम अपाङ्गता भएको व्यक्तिलाई 'ग' वर्ग (पहेलो रङ्को), र ४) सामान्य अपाङ्गता भएका व्यक्तिलाई 'घ' वर्ग (सेतो रङको) परिचयपत्र वितरण हुने गरेको छ ।
- विशेष शिक्षा नीति, २०५३ मा शिक्षालाई सबैका लागि शिक्षा अभियानको प्रमुख अङ्ग बनाउने, विद्यालयहरूलाई भौतिकरूपमा अपाङ्गतामैत्री बनाउने, आवश्यकताअनुसार विशेष विद्यालयको व्यवस्था गर्ने, अपाङ्गता भएका बालबालिकालाई सबैतहमा निःशुल्क शिक्षा दिने, छात्रवृत्तिको व्यवस्था गर्ने लगायतका नीतिहरू रहेका छन् ।
- सरकारी विद्यालयमा सुस्तःश्रवण, दृष्टिविहीन र सुस्तःमनस्थिति भएका विद्यार्थीहरूका लागि विशेष शिक्षा र छात्रवृत्तिलगायत निःशुल्क शिक्षाको व्यवस्था रहेको छ ।
- निजामती सेवा ऐन, २०४९ अनुसार सरकारी सेवामा अपाङ्गता भएका व्यक्तिहरूका लागि ५ प्रतिशत आरक्षणको व्यवस्था रहेको छ । नेपाल टेलिकममा, रेडियो नेपालको स्थायी सेवामा, शिक्षक सेवामा, सामुदायिक विद्यालयमा शिक्षक तथा कर्मचारी नियुक्ति गर्दा अपाङ्गता भएका व्यक्तिहरूका लागि रोजगारीमा ५ प्रतिशत आरक्षणको व्यवस्था गरिएको छ ।
- नेपाल सरकारले सीपमूलक तालिमको व्यवस्था, रेडियो टेलिभिजनहरूमा अपाङ्गतासम्बन्धी कार्यक्रमलगायत अपाङ्गता भएका व्यक्तिहरूका लागि आवश्यक सामग्री आयतमा भन्सार छुट आदि व्यवस्था गरेको छ ।

### क्रियाकलाप ३ : अपाङ्गता भएका बालबालिकाको अधिकार सुनिश्चित गर्न स्थानीयतहमा गर्न सकिने उपायहरू ( ४० मिनेट)

- सहभागीहरूलाई चारवटा भिन्न रङ्का मेटाकार्ड बाँड्नुहोस् र एक थरीका कार्ड पाएका सहभागीहरू एउटा समूहमा बस्ने गरी समान सहभागी सङ्ख्या हुनेगरी ४ वटा समूहमा विभाजन गर्नुहोस् ।
- 'अपाङ्गता भएका बालबालिकाको अधिकार सुनिश्चित गर्नका लागि निम्न समूहहरूले के-कस्तो भूमिका खेल्न सक्दछन् ?' भन्ने प्रश्नमा प्रत्येक समूहलाई छुट्टाछुट्टै समूह-कार्य गर्न लगाउनुहोस् ।
    - गाउँबालअधिकार संरक्षण तथा सम्बर्द्धन उपसमिति
    - विद्यालय
    - सामुदायिक स्वावलम्बन समूह (बालक्लब र महिला समूह)
    - स्थानीय निकाय (गाविस वा नगरपालिका)
- समूहबाट आएका विचारहरू समूहको प्रतिनिधिलाई प्रस्तुत गर्न लगाउनुहोस् । यसरी एक समूहले प्रस्तुत गर्दा अरू समूहका कुनै सदस्यले कुनै बुँदामाथि प्रस्ट हुन चाहेमा प्रश्न गर्न अवसर दिनुहोस् । र, त्यसरी प्रश्न आएको खण्डमा प्रस्तुत गर्ने प्रतिनिधि वा समूहका सदस्यहरूलाई त्यसबारे स्पष्ट पार्न अनुरोध गर्नुहोस् ।
- अन्त्यमा, सत्रमा छलफल गरिएका विषयवस्तुहरूको पुनरावलोकन गर्दै छलफल टुङ्घयाउनुहोस् ।

### क्रियाकलाप ४ः सत्रको मूल्याङ्कन र सारसंक्षेप (१० मिनेट)

- सत्रको अन्त्यमा सहभागितामूलक ढङ्गले सत्रको मूल्याङ्कन गरी हालसम्म गरिएका छलफलका शीर्षकबारे संक्षेपमा प्रस्तुत गर्नुहोस् । सत्रको मूल्याङ्कन गर्न देहायका प्रश्नहरूको सहायता लिन सकिन्छ :

**मूल्याङ्कनका लागि सोध्न सकिने प्रश्नहरू**

- अपाङ्गता भएका बालबालिका को हुन् ?
- अपाङ्गता भएका बालबालिकाको के-कस्ता अधिकारहरू हुन्छन् ?
- अपाङ्गता भएका बालबालिकालाई अन्य बालबालिकासरह अधिकार सुनिश्चित गर्न स्थानीयतहमा के-कस्ता क्रियाकलापहरू गर्न सकिन्छ ?

- यस सत्रको छलफलमा भाग लिएकोमा सहभागीहरूलाई धन्यवाद दिंदै सत्रको अन्त्य गर्नुहोस् ।

***

# अध्ययन सामग्री

## १३. अपाङ्गता भएका बालबालिका

### १३.१ परिचय :

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६ को धारा २ अनुसार अपाङ्गता भएका व्यक्ति भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रियसम्बन्धी दीर्घकालीन अशक्तताद्वारा सिर्जित विभिन्न अवरोधहरूसँगको अन्तर्क्रियाको कारणले समाजमा अन्य व्यक्तिहरूसरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गमा सहभागी हुन बाधा भएको व्यक्तिसमेतलाई जनाउँछ ।

नेपाल सरकारले २०६३ साल भाद्र २ गते जारी गरेको 'अपाङ्गताको परिभाषा तथा अपाङ्गपनको निर्धारण' सम्बन्धी व्यवस्थाअनुसार–

"शरीरका अङ्गहरू र शारीरिक प्रणालीमा भएको समस्याका कारण भौतिक, सामाजिक, सांस्कृतिक वातावरणका साथै सञ्चारसमेतबाट सिर्जना भएको अवरोधसमेतले दैनिक क्रियाकलापमा सामान्य रूपमा सञ्चालन गर्न एवम् सामाजिक जीवनमा पूर्ण सहभागी हुन कठिनाई हुने अवस्थालाई" अपाङ्गता भनिन्छ ।

### १३.२ अपाङ्गता भएका बालबालिकाको स्थिति :

विश्व स्वास्थ्य सङ्गठनको एक सर्वेक्षणअनुसार विश्वमा कूल जनसङ्ख्याको १० प्रतिशत अपाङ्गता भएका व्यक्तिहरू छन् भनेर जनाइएको छ । राष्ट्रिय मानवअधिकार आयोगका अनुसार नेपालको कूल जनसङ्ख्याको ७ देखि १० प्रतिशत मानिसहरूमा कुनै न कुनै प्रकारको अपाङ्गता भएको अनुमान छ ।[१] सन् २०११ को नेपाल जीवनस्तर सर्वेक्षणले झण्डैं ४ प्रतिशत जनसङ्ख्यामा अपाङ्गता भएको देखाएको छ । उक्त तथ्याङ्कअनुसार पुरुषमा ४.२ प्रतिशत र २ प्रतिशत महिला अपाङ्गता भएको पाइएको छ । जसमध्ये सबैभन्दा धेरै शारीरिक अपाङ्गता २९.२, दृष्टिविहीन २२.३, श्रवणसम्बन्धी अपाङ्गता २३.४, दृष्टिविहीन र श्रवण अपागता दुवै भएका २.४, स्वर बोलाइसम्बन्धी अपाङ्गता भएका ८.६, बौद्धिक अपाङ्गता ६.८ र बहुअपाङ्गता ७.३ प्रतहशत रहेको पाइएको छ । १–५ वर्षका १ प्रतिशत र ६–१५ वर्षका २ प्रतिशत बालबालिकामा अपाङ्गता रहेको देखिएको छ । यसरी व्यक्तिहरू अपाङ्गता हुने कारणमा दुर्घटना, जन्मजात, प्राकृतिक प्रकोप, कुपोषण, स्वास्थ्य उपचार नपाएर र द्वन्द्व वा युद्ध वा विस्फोटक पदार्थको प्रयोग आदि देखिएको छ ।

७५ जिल्लाबाट प्राप्त बाल अधिकार अनुगमन सूचकाङ्क फाराम, २०७० बाट हालसम्म १०,२५७ जना बालबालिकाले अपाङ्गता प्रमाणपत्र लिएको देखिन्छ ।[२] अपाङ्गता भएका बालबालिका तथा व्यक्तिहरूको सामाजिक सुरक्षाको सुनिश्चितता प्रदान गर्न नेपाल सरकारले विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण गर्ने, अपाङ्गता भत्ता प्रदान गर्ने, सडक तथा हवाइ यातायतमा परिचयपत्रका आधारमा भाडा सहुलियत दिने गरेको छ । त्यस्तै राज्यको रोजगारी क्षेत्रमा ५ प्रतिशत आरक्षण, स्वास्थ्य सेवामा विशेष सुविधा आदि सेवा तथा सुविधा उपलब्ध गराउँदै आएको छ । यसैगरी अपाङ्गता भएका बालबालिकाको शिक्षाको लागि जिल्लामा विशेष शिक्षा कार्यक्रमअन्तर्गत समाहित शिक्षा स्रोतकक्षा सञ्चालन गरिएको छ ।

### १३.३ अपाङ्गता भएका व्यक्तिसम्बन्धी कानुनी व्यवस्था :

संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धि १९८९ को धारा २३ ले अपाङ्गता भएका बालबालिकालाई मानसिक र शारीरिक रूपमा मर्यादित एवम् विनाभेदभाव अधिकार उपभोग गर्न पाउने हक प्रदान गरेको छ ।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि २००६[३]: अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सुनिश्चिताका

१ राष्ट्रिय मानवअधिकार आयोग (२०६९), अपाङ्गता भएका व्यक्तिहरुको अधिकार विषयगत पुस्तिका, पेज १
२ केन्द्रीय बालकल्याण समिति, नेपाली बालबालिकाको स्थिति, २०६९ पेज ५९
३ यस महासन्धि र यसको इच्छाधीन आलेखलाई नेपालले २०६६ साल पुस १२ मा अनुमोदन गरेको हो ।

लागि महत्वपूर्ण अन्तर्राष्ट्रिय दस्तावेजको रूपमा सन् २००६ डिसेम्बर १३ मा संयुक्त राष्ट्रसंघको ६१ औं महासभाले अनुमोदन गरी २००७ को मार्च ३० तारिखदेखि सदस्य राष्ट्रहरूका लागि हस्ताक्षर तथा अनुमोदनका लागि अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६ खुला गरिएको हो । यो महासन्धि अपाङ्गता अधिकारको संवर्द्धन र संरक्षणमा कोसेढुङ्गा सावित हुने विश्वास लिइएको छ । यस महासन्धिको एक इच्छाधीन आलेख पनि अइसकेको छ । महासन्धिमा ५० वटा धारामा अधिकारका प्रावधान समेटिएका छन् । त्यस्तै यस महासन्धिको इच्छाधीन आलेखमा १८ धारा छन् । समग्रमा यस महासन्धिले अपाङ्गतालाई मानवअधिकार, विकास र समावेशीकरणसँग स्पष्टरूपमा जोडेको छ । यस महासन्धिका ५० वटा धाराहरूमा परिभाषा (धारा २), समानता र गैरभेदभाव (धारा ५), पहुँचयुक्तता (धारा ९), कानुनको अगाडि समान मान्यता (धारा १२) न्यायमा पहुँच (धारा १३), शोषण, हिंसा र दूर्व्यवहारबाट स्वतन्त्रता (धारा १६), व्यक्तिगत गमनशीलता (Mobility) (धारा २०), शिक्षा (धारा २४), स्वास्थ्य (धारा २५), काम र रोजगार (धारा २७), पर्याप्त जीवनस्तर र सामाजिक संरक्षण (धारा २८), राजनीतिक तथा सार्वजनिक जीवनमा सहभागिता (धारा २९) र सांस्कृतिक जीवन र मनोरञ्जन (धारा ३०) लगायतका प्रावधानहरू अपाङ्गता भएका मानिसहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउन निकै उपयोगी हुने विश्वास गरिएको छ ।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ को धारा ७ अनुसार अपाङ्गता भएका बालबालिकाको अधिकारः

१. पक्षराष्ट्रहरूले अन्य बालबालिकासरह समान आधारमा अपाङ्गता भएका बालबालिकाले सबै मानवअधिकार तथा आधारभूत स्वतन्त्रताहरूको पूर्ण उपभोग गरेको सुनिश्चित गर्न सम्पूर्ण आवश्यक उपायहरू अवलम्बन गर्नेछन् ।

२. अपाङ्गता भएका बालबालिकासँग सम्बन्धित सबै काम कार्यवाहीहरूमा बालबालिकाको सर्वोत्तम हित नै प्राथमिक विषय हुनेछ ।

३. पक्षराष्ट्रहरूले अन्य बालबालिकासरह समान आधारमा अपाङ्गता भएका बालबालिकाले उनीहरूलाई प्रभाव पार्ने सबै विषयहरूमा आफ्नो धारणा व्यक्ति गर्ने अधिकार तथा उमेर र परिपक्वताअनुसार उनीहरूको धारणालाई उचित सम्मान दिइने तथा त्यस्ता अधिकारको उपयोगका लागि अपाङ्गता तथा उमेर अनुसार उपयुक्त हुने सहयोगहरू प्रदान गर्ने कुरा सुनिश्चित गर्नेछन् ।

- नेपालको अन्तरिम संविधान, २०६३ को मौलिक हकअन्तर्गत धारा २२ को उपधारा ३ ले प्रत्येक बालबालिकालाई शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषणविरूद्धको हक प्रत्याभूत गरेको छ । यस्तो शोषणजन्य कार्य कानुनद्वारा दण्डनीय हुनेछ र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानुनले निर्धारण गरेबमोजिमको क्षतिपूर्ति दिइने व्यवस्था समेत छ । यसैगरी सोही धाराको उपधारा ४ मा असहाय, अनाथ, सुस्तमनस्थिति भएका, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा परेका बालबालिकालाई सुनिश्चित भविष्यका लागि राज्यबाट विशेष सुविधा पाउने हक हुनेछ भन्ने व्यवस्था छ । यस्तै अन्तरिम संविधानको धारा १८ को उपधारा २ मा महिला, श्रमिक, वृद्ध, अपाङ्गता भएका तथा अशक्त र असहाय नागरिकलाई कानुनमा व्यवस्था भएबमोजिम रोजगारीको हक हुनेछ भनी सामाजिक सुरक्षासम्बन्धी हकको व्यवस्था गरेको छ ।

- अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९, नेपालमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका लागि बनेको यो एक मात्र ऐन हो । २५ वटा मुख्य दफाहरूमा समेटिएको यस ऐनको प्रस्तावनामा अपाङ्गता भएका व्यक्तिहरूको हकहितको संरक्षण, अपाङ्गता रोकथाम तथा न्यूनीकरण गर्दै उनीहरूलाई समानताको हक दिलाई समाजमा सक्रिय र उत्पादनशील बनाउनुपर्ने आवश्यकतालाई औंल्याइएको छ । यो ऐनले अपाङ्गता भएका व्यक्तिहरूका लागि विशेष गरेर निःशुल्क शिक्षा, स्वास्थ्योपचार, तालिम, रोजगारीको व्यवस्था, सहायक सामग्रीको व्यवस्था गर्ने प्रावधानलगायत अपाङ्गता पहिचान, रोकथाम र न्यूनीकरणका लागि पनि विभिन्न व्यवस्था गरेको छ ।

- अपाङ्ग संरक्षण तथा कल्याण ऐन २०३९ को नियमावली, २०५१, यो नियमावली अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ को प्रभावकारी कार्यान्वयनका लागि बनाइएको हो । यसमा विशेष गरेर अपाङ्गपन निर्धारण समिति, अपाङ्गतासम्बन्धी लगत राख्ने, परिचयपत्र प्रदान गर्ने, समाजकल्याण अधिकृत तोक्ने, अपाङ्ग आवास गृहको स्थापना तथा सञ्चालन, शिक्षा तथा तालिमको व्यवस्था, स्वास्थ्योपचार, अपाङ्गता भएका व्यक्तिहरूलाई काममा प्राथमिकता दिनुपर्ने, अपाङ्ग सेवा कोष, कानुनी सुविधाजस्ता विषयहरूको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नियमहरू बनाइएको छ ।

**विशेष शिक्षा नीति, २०५३ :**

यस नीतिले विशेष विद्यालय, एकीकृत विद्यालय, अपाङ्गता आदिको परिभाषा तथा वर्गीकरणसमेत गरी जम्मा ३३ वटा विशेष शिक्षासम्बन्धी नीति तय गरेको छ । जसमध्ये अपाङ्गता भएका बालबालिकालाई दिइने शिक्षालाई सबैका लागि शिक्षा अभियानको प्रमुख अङ्ग बनाउने, विद्यालयहरूलाई भौतिकरूपमा अपाङ्गतामैत्री बनाउने, आवश्यकताअनुसार विशेष विद्यालयको व्यवस्था गर्ने, अपाङ्गता भएका बालबालिकालाई सबै तहमा निःशुल्क शिक्षा दिने, छात्रवृत्तिको व्यवस्था गर्ने जस्ता नीतिहरू महत्वपूर्ण छन् ।

नेपाल सरकारले २०६३ साल भाद्र २ गते 'अपाङ्गताको परिभाषा तथा अपाङ्गपनको निर्धारण' सम्बन्धी व्यवस्था गरी नेपाल राजपत्र (खण्ड ५६) मा सूचना प्रकाशित गरेअनुसार अपाङ्गता भएका व्यक्तिलाई शारीरिक अपाङ्गता, दृष्टिविहीन र न्यून दृष्टियुक्त, स्वरबोलाईसम्बन्धी अपाङ्गता, सुस्त श्रवण र बहिरा, सुस्त श्रवण र दृष्टिविहीन, मानसिक अपाङ्गता–बौद्धिक अपाङ्गता, बहुअपाङ्गता गरी ७ किसिमले वर्गीकरण गरिएको छ । यस्तै अपाङ्गताको गाम्भिर्यताका आधारमा अपाङ्गताको स्थितिलाई बर्गीकरण गरी १) पूर्ण अशक्त अपाङ्गता भएको व्यक्तिलाई 'क' वर्ग (रातो रङ्को), २) अति अशक्त अपाङ्गता भएको व्यक्तिलाई 'ख' वर्ग (नीलो रङ्को), ३) मध्यम अपाङ्गता भएको व्यक्तिलाई 'ग' वर्ग (पहँलो रङ्को), र ४) सामान्य अपाङ्गता भएका व्यक्तिलाई 'घ' वर्ग (सेतो रङको) परिचयपत्र वितरण गर्ने काम जारी छ ।

नेपाल सरकारले अपाङ्गता भएका व्यक्ति तथा बाल–बालिकाका अधिकारको संरक्षण एवम् सम्बर्द्धन गर्न १९ वटा क्षेत्रलाई समेटी अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्गतासम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना २०६३ (सन् २००६) तयार गरी कार्यान्वयनमा ल्याएको छ । अपाङ्गता परिचयपत्र वितरण निर्देशिका जारी गरी परिचयपत्र वितरण गरिरहेको छ ।

यससम्बन्धी कार्यका लागि अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्ग संरक्षण तथा कल्याण नियमावलीको नियम नं. ५ को व्यवस्थाअनुसार अपाङ्गता भएका व्यक्तिहरूका लागि परिचय–पत्र वितरण निर्देशिका २०६५ जारी गरेको छ । हाल यस किसिमको परिचय–पत्र सम्बन्धित जिल्लाको महिला तथा बालबालिका कार्यालयबाट उपलब्ध गराइने व्यवस्था गरिएको छ ।


- अपाङ्गतासम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना, २०६३

  यसले अपाङ्गता भएका व्यक्तिहरूको हकअधिकार संरक्षण र विकास तथा सशक्तीकरणका लागि विभिन्न कार्यहरू गर्न कूल १७ वटा प्राथमिकताका क्षेत्रहरू छुट्टयाई सोही प्राथमिकता क्षेत्रअन्तर्गत उद्देश्य, नीति, रणनीति र कार्ययोजनाहरू तय गरेको छ । यसअनुसार तय गरेका प्राथमिकताका क्षेत्रहरूमा : १) राष्ट्रिय समन्वय, २) कानुन निर्माण, ३) सूचना र अनुसन्धान, ४. जनचेतना र जनवकालत, ५) तालिम र रोजगारी, ६) पहुँच, ७) सञ्चार, ८) यातायत, ९) शिक्षा, १०) खेलकुंद, सांस्कृतिक तथा मनोरञ्जनात्मक क्रियाकलाप, ११) अपाङ्गपनको निरोध, १२) स्वास्थोपचार, १३) पुनर्स्थापना, सशक्तीकरण र गरीबी निवारण, १४) सहायक साधन र सहायता सेवाहरू, १५) स्वावलम्बी संस्थाहरू, १६) महिला र अपाङ्गता र १७) अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सहयोग छन् ।

*(स्रोतः अपाङ्गता स्रोतपुस्तिका २०६६, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय)*

अपाङ्गता भएका बालबालिकाको लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न सरकारले १० वर्षे राष्ट्रिय कार्ययोजना तयार गरी लागु गरिसकेको छ । यस कार्ययोजना (२०६१/६२–२०७१/७२) को अध्याय ४(४) मा बालअधिकार संरक्षण शीर्षकअन्तर्गत उद्देश्य नं. ९ मा अपाङ्गता भएका बालबालिका तथा संरक्षणको आवश्यकता भएका बालबालिकाको बालअधिकार सुनिश्चित गर्न निम्न कार्यक्रमहरू तय गरिएका छन्ः

- अपाङ्गता भएका बालबालिकालाई परिचयपत्र वितरण गर्ने ।
- शिक्षामा भौतिक पूर्वाधारको विकास गर्ने ।
- समुदायमा आधारित पुनर्स्थापनासम्बन्धी एकीकृत कार्यक्रम लागु गर्ने ।
- समुदायमा आधारित पुनर्स्थापना केन्द्रका कर्मचारीहरूलाई अपाङ्गता हेरचाहसम्बन्धी आधारभूत तालिम दिने ।
- प्रत्येक जिल्लामा कम्तीमा एक अपाङ्गता पुनर्स्थापना केन्द्र स्थापना गर्ने ।



- प्रत्येक जिल्लामा अपाङ्गता भएका बालबालिकाको समस्या पहिचान गर्ने र सहयोग पद्धतिको विकास गर्ने लेखाजोखा तथा सहयोग केन्द्र सञ्चालन गर्ने ।
- प्राथमिक स्वास्थ्य सुरक्षा व्यवस्थाअन्तर्गत स्थानीयस्तरमा पुनर्स्थापना सुविधाहरू प्रदान गर्ने ।
- परिवार र समुदायभित्र अपाङ्गताप्रतिको नकारात्मक धारणा परिवर्तन गर्न सहयोगसहितको चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
- दृष्टिविहीनहरूको ब्रेल कन्ट्र्याक्सन र बहिराहरूको लागि साङ्केतिक भाषाको ज्ञान बढाउने, अन्धा-बहिरा (संयुक्त) को लागि आवश्यक सञ्चारमाध्यम र सहयोग पद्धतिको उपयोग गर्ने ।
- पाठ्यक्रम एवम् पाठ्यपुस्तकलाई अपाङ्गताअनूकूल समायोजन गर्ने
- अपाङ्गता अनूकूल हुने गरी परीक्षा प्रणालीमा सुधार गर्ने ।
- गम्भीर अवस्थाको अपाङ्गता भएकालाई प्राथमिकता दिँदै निःशुल्क स्वास्थ्यसेवा प्रदान गर्ने ।
- सूचना सामग्रीहरूको वितरण गर्ने, आदि ।

## राष्ट्रिय नीति तथा कार्यक्रमहरू[४]

- अपाङ्गता भएका व्यक्तिहरूका लागि नेपाल सरकारबाट मासिकरूपमा अपाङ्गताको वर्गीकरणअनुसार जिल्लामा महिला तथा बालबालिका कार्यालयबाट पूर्णरूपमा अशक्त अपाङ्गता भएका व्यक्तिलाई मासिक १००० रुपियाँ र आंशिकरूपमा अशक्त र अपाङ्गता भएका व्यक्तिलाई मासिक ३ सय रुपियाँ भत्ता प्रदान गर्ने गरिएको छ ।

---
४ राष्ट्रिय मानवअधिकार आयोग (२०६९), अपाङ्गता भएका व्यक्तिहरुको अधिकार विषयगत पुस्तिका, पेज ७-८

- सरकारी विद्यालयमा सुस्तःश्रवण, दृष्टिविहीन र सुस्तःमनस्थिति भएका विद्यार्थीहरूका लागि विशेष शिक्षा र छात्रवृत्तिलगायत निःशुल्क शिक्षाको व्यवस्था रहेको छ ।
- निजामति सेवा ऐन, २०४९?? अनुसार सरकारी सेवामा अपाङ्गता भएका व्यक्तिहरूका लागि ५ प्रतिशत आरक्षणको व्यवस्था रहेको छ । दृष्टिविहीनहरूको लागि उद्योग मन्त्रालयले स्वरोजगारका कार्यक्रमहरू लागु गरेको छ । निजामती सेवामा रहेका कर्मचारी कुनै कारणले शारीरिक वा मानसिकरूपमा काम गर्न असमर्थ भएमा निजामति सेवा ऐनमा सात वर्ष थप सेवा अवधिसहित अवकाशको विशेष व्यवस्था गरेको छ । यसैगरी सरकारी कामको शीलशीलामा कारणवस दुर्घटना परी अङ्गभङ्ग भई वा मानसिक वा शारीरिकरूपमा अपाङ्गता भएमा अशक्तवृत्तिको व्यवस्था निजामती सेवा नियमावलीमा गरेको छ ।
- नेपाल टेलिकममा, रेडियो नेपालको स्थायी सेवामा, शिक्षक सेवामा, सामुदायिक विद्यालयमा शिक्षक तथा कर्मचारी नियुक्ति गर्दा अपाङ्गता भएका व्यक्तिहरूका लागि रोजगारीमा ५ प्रतिशत आरक्षणको व्यवस्था भएको छ ।
- सीपमूलक तालिमको व्यवस्था, रेडियो टेलिभिजनहरूमा अपाङ्गतासम्बन्धी कार्यक्रमलगायत अपाङ्गता भएका व्यक्तिहरूका लागि आवश्यक सामग्री आयातमा भन्सार छुट आदि व्यवस्था गरेको छ ।
- शैक्षिक सत्र २०६६/२०६७ देखि शिक्षा विभागले श्रेणी विभाजन गरी (अपाङ्गताको गम्भीरताको आधारमा) कक्षा १ देखि ८ सम्मका विद्यार्थीहरूका लागि छात्रवृत्ति रकम तोकेको छ ।
- नेपाल प्रहरी सेवामा कार्यरत रहँदारहदैं अवस्थामा अपाङ्गता हुने व्यक्तिलाई अशक्त वृत्ति, सन्तति वृत्ति, शैक्षिक भत्ता र आर्थिक सहायतासम्बन्धी व्यवस्था गरिएको छ ।

***

# १४. बालगृहमा रहेका बालबालिका



**१ घण्टा**
**२० मिनेट**

### १४.१ विषयको परिचय :

आर्थिक विपन्नता, आन्तरिक द्वन्द्व, अपाङ्गता, पारिवारिक बिखण्डनलगायतका कारणहरूले बालबालिकालाई आफ्ना आमाबुवा वा परिवारबाट छुटाई बालगृहमा रहन बाध्य बनाउँदछ । संस्थामा राखेर गरिने हेरचाह विश्वका धेरै देशहरूमा अझै प्रचलनमा छ । बालबालिकाको पालनपोषण र हेरचाहसुसार गर्ने उद्देश्य राखी खोलिएका आवासीय बालगृहले बालबालिकाको हुर्काइ र समग्र विकासका लागि उपयुक्त वातावरण पाउँदैनन् । कतिपय बालगृहहरूले बालबालिकाका शारीरिक, भावनात्मक र सामाजिक विकासको आधारभूत आवश्यकताहरू पूरा गर्न सकेका पनि हुँदैनन् । कुनै कुनै संस्थामा त बालबालिका त्यसका सञ्चालक वा कर्मचारीबाट नै यौनदूर्व्यवहारमा परेको तथा शारीरिक तथा मानसिक यातना दिइएको घटना बाहिर आएका छन् । यसर्थ, बालगृहमा रहेका बालबालिका जोखिममा रहेका समूह अन्तर्गत पर्दछन् । प्रस्तुत सत्रमा सहभागीहरूबीच बालगृहमा रहेका बालबालिकाको स्थितिबारे छलफल गरी उनीहरूलाई परिवार तथा समुदायमा पुनर्मिलन गर्ने आवश्यकताबारे जोड दिइएको छ ।

### १४.२ अपेक्षित उपलब्धि :

यस सत्रको अन्त्यमा सहभागीले,

- आवासीय बालगृह के हो र बालगृहमा रहेका बालबालिका को हुन् भन्नेबारेमा बताउन सक्नेछन् ।
- आवासीय बालगृहमा रहेका बालबालिकाका अधिकारहरू सुनिश्चित गर्न गरिनुपर्ने कार्य र अपनाइनुपर्ने साबधानीबारे बताउन सक्नेछन् ।
- वैकल्पिक हेरचाहको आवश्यकता रहेका बालबालिकाका लागि परिवार तथा समुदायतहमा पुनर्स्थापना गर्न अवलम्वन गरिनुपर्ने उपायहरूबारे छलफल गर्न सक्नेछन् ।

### १४.३ सत्र सञ्चालनका लागि आवश्यक सामग्री :

- चार भिन्नाभिन्नै रङ्ग वा प्रकारका मिठाईहरू, न्यूजप्रिन्ट पेपर वा ह्वाइटबोर्ड, पर्मानेन्ट र बोर्ड मार्कर, पेपर टेप आदि ।

### १४.४ सत्रको तयारी

- सत्र सञ्चालनका लागि आवश्यक बुँदाहरूलाई छलफल गर्न सहज गराउन मेटाकार्ड वा न्यूजप्रिन्ट पेपरमा लेख्नुहोस् ।
- विभिन्न चार रङ्ग वा प्रकारका मिठाइलाई कुनै एक बाकस वा झोलामा राखी मिसाउनुहोस् ।

### १४.५ सत्र सञ्चालन गर्ने प्रक्रिया:

- 'अब हामी बालगृहमा रहेका बालबालिकाबारे छलफल गर्नेछौं' भनी उपस्थित सबै सहभागीहरूलाई विषयवस्तुतर्फ ध्यानाकर्षण गर्नुहोस् ।

## क्रियाकलाप १: बालगृहमा रहेका बालबालिकासम्बन्धी छलफल (३० मिनेट)

- हाम्रो घरसमुदायबाट कुनै कुनै बालबालिका बालगृहमा रहेबसेको थाहा पाउनुभएको छ ? कस्ता खालका बालबालिकालाई बालगृह वा संस्थागत हेरचाहमा राखिनुपर्दछ ? भनी सहभागीबीच प्रश्न राख्नुहोस् ।
- सहभागीबाट आएका उत्तरलाई ह्वाइटबोर्ड वा न्यूजप्रिन्ट पेपरमा बुझिनेगरी लेख्नुहोस् र दोहोरिएका वा उस्तै अर्थ जनाउने उत्तरलाई समायोजन गर्नुहोस् ।
- सहभागीका उत्तर कहिलेकाही विषय अमिल्दो हुनसक्ने भएकाले यसलाई न्यूजप्रिन्ट पेपरको छेउ वा अर्को न्यूजप्रिन्ट पेपरमा टिप्नुहोस् । (यस्तो कार्यले सहभागीको विचारलाई छलफलमा स्थान दिएको वा महत्व दिएको छ भन्ने समेत जनाउँदछ ।)
- सबैजसो सहभागीको उत्तर आइसकेपछि टिपिएका बुँदाहरूलाई एकपटक दोहोऱ्याउनुहोस् र सहभागीको विचारका लागि धन्यवाद दिनुहोस् । यदि आवश्यक महसुस गरिन्छ भने 'के वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकालाई राख्ने उपयुक्त स्थान बालगृह नै हो त ? कि अन्य विकल्पहरू पनि छन् ? तपाईँहरूलाई के लाग्दछ ?' भन्नेजस्ता प्रश्न गर्दै सहभागीसँग छलफल चलाउनुहोस् ।
- त्यसपछि सहभागीहरूबाट आएका विचारलाई समेट्दै देहायका जानकारीहरू सहित प्रस्तुती गर्नुहोस् ।

### बालगृहमा रहेका बालबालिका

- अभिभावकको हेरचाह नपाएका परिवारविहीन र जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको हेरचाह, शिक्षा, स्वास्थ्यको अधिकार दिने एवम् संरक्षण र कल्याण गर्ने उद्देश्यले बालगृह खोलिएका हुन्छन् । हालैका वर्षहरूमा सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाका लागि भनेर पनि बालगृह सञ्चालनमा छन् ।
- 'आवासीय बालगृह' खासगरी "विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका" को लागि हो । "विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका"- भन्नाले १) बाबुआमा दुवै नभएका र कसैले पनि हेरचाह नगरेका, २) बाबुआमाबाट बिछोडिएका (वा त्यागिएका) वा घरबाट भागेका र बाबुआमा पत्ता नलागेका, ३) बाबु, आमा वा संरक्षकबाट उचित पालनपोषण नगरी हेला, दूर्व्यवहार वा शोषणमा परेका, ४) बाबु वा आमा भए पनि बालबालिकाको हेरचाह गर्न शारीरिक वा मानसिक अशक्तताका कारणले सक्षम नभएका, ५) घर वा बसोबासको स्थायी ठेगाना नभएका बालबालिका आदिलाई बुझाउँदछ ।
- कुनै कारणवश परिवारले आफ्ना छोराछोरीको पालनपोषणको दायित्व निर्वाह गर्न नसकेमा राज्यले परिवारलाई आवश्यक सहयोग गर्नुपर्दछ । यो राज्यको दायित्व हो । त्यो पनि हुन नसकेमा अन्तिम विकल्पको रूपमा राज्यले र कानुनद्वारा स्वीकृति दिए अनुरूप सामाजिक संस्थाले संस्थागत हेरचाहमा राखी बालबालिकाको हेरचाह र संरक्षण गर्न सक्दछन् ।
- आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापनलाई स्तरीय र मर्यादित बनाई त्यहाँ संरक्षित बालबालिकाको हकअधिकार सुनिश्चित गर्न आवासीय बालगृह सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०६९ लागु छ ।
- ७६ वटा मापदण्डहरू रहेको यस मापदण्डमा आवासीय बालगृहको सुविधा आवश्यक भएको सुनिश्चित गर्ने र बालबालिकाको भर्ना प्रक्रिया, भौतिक पूर्वाधार र परिवेश, बालगृहमा संरक्षित बालबालिकाको आधारभूत अधिकारको प्रत्याभूति, खण्ड ५ मा बालबालिकाको अधिकारको रक्षा एवम् बालसंरक्षणसम्बन्धी व्यवस्था, खण्ड ६ मा बालगृहको व्यवस्थापन, स्रोत तथा मानवसंशाधन, खण्ड ७ मा बालबालिकाको बिदाइ/पुनर्एकीकरण वा पुनर्मिलन योजना र खण्ड ८ मा बालगृह अनुगमन संयन्त्र, कार्यविधि र प्रक्रियाहरू समावेश छन् । अनुसूचीहरूमा बालसंरक्षण नीतिको रूपरेखा र बालगृह अनुगमन फारामको ढाँचा उल्लेख गरिएका छन् ।

## क्रियाकलाप २ : बालगृहको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्डबारे जानकारी (२० मिनेट)

- 'अब हामी बालगृहको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्डमा भएका व्यवस्थाबारे छलफल गर्नेछौं' भनी देहायको जानकारी सहित प्रस्तुती गर्नुहोस् ।

बालगृहको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्डमा भएका व्यवस्थाहरू

- आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापनलाई स्तरीय र मर्यादित बनाई त्यहाँ संरक्षित बालबालिकाको हकअधिकार सुनिश्चित गर्न आवासीय बालगृह सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०६९ लागु गरिएको हो । यस मापदण्डलाई नेपाल सरकार, मन्त्रीपरिषदबाट २०६९ साल बैशाख ४ गते स्वीकृति प्राप्त भएको हो ।
- ७६ वटा मापदण्डहरू रहेको यस मापदण्डमा आवासीय बालगृहको सुविधा आवश्यक भएको सुनिश्चित गर्ने र बालबालिकाको भर्ना प्रक्रिया, भौतिक पूर्वाधार र परिवेश, बालगृहमा संरक्षित बालबालिकाको आधारभूत अधिकारको प्रत्याभूति, बालबालिकाको अधिकारको रक्षा एवम् बालसंरक्षणसम्बन्धी व्यवस्था, बालगृहको व्यवस्थापन, स्रोत तथा मानवसंशाधन, खण्ड ७ मा बालबालिकाको बिदाइ/पुनर्एकीकरण वा पुनर्मिलन योजना र बालगृह अनुगमन संयन्त्र, कार्यविधि र प्रक्रियाहरू समावेश छन् । अनुसूचीहरूमा बालसंरक्षण नीतिको रूपरेखा र बालगृह अनुगमन फारामको ढाँचा उल्लेख छन् ।
- यस मापदण्डअनुसार बालगृहमा रहेका बालबालिकाको अधिकारहरूमध्ये केही निम्नानुसार छन्:
  - बालगृहका बालबालिकाको व्यक्तिगत अस्तित्व तथा मर्यादाको रक्षा गर्नुपर्ने ।
  - बालबालिकाको वैयक्तिक मर्यादामा आघात पर्नेगरी कुनै नियम वा उपाय वा विधि प्रयोग नगरिने र नअपनाइने सुनिश्चित गर्ने ।
  - बालिकाहरूको अस्मिता, मर्यादा र आत्मसम्मानको संरक्षण गर्नमा विशेष ध्यान दिने ।
  - अभिभावक वा नातेदारसँग सम्पर्क गर्ने सुविधा दिने र परिवारको सुखदु:खमा सहभागी हुने अवसर उपलब्ध गराउनुपर्ने ।
  - बालबालिकाको व्यक्तिगत मर्यादामा प्रतिकूल प्रभाव पार्ने कुनै श्रव्य, दृश्य वा पाठ्यसामग्री उत्पादन र प्रचारप्रसार हुन नपाउने सुनिश्चित गर्नुपर्ने ।
  - शिक्षा, स्वास्थ्य, खेलकुद, मनोरञ्जनलगायतका क्रियाकलापको तर्जुमालगायत बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने वा उनीहरूमाथि प्रभाव पर्ने कुनै नीति वा कार्यक्रम तर्जुमा गर्दा बालबालिकाको सहभागिता सुनिश्चित गर्नुपर्ने ।
  - बालबालिकाले मागेमा निजलाई बालगृहमा राखिनुको कारणको जानकारी दिनुपर्ने ।
  - बालबालिकालाई कुनै आस्था वा धर्म ग्रहण गर्न वाध्य बनाउने वा लोभ्याउने वा उक्साउने नगर्ने, नगराउने ।
  - यौनदूर्व्यवहार र बेचबिखन पीडित, कानुनसँग विवादमा परेका वा अन्य अमर्यादित मानिने कार्यस्थलबाट उद्धार गरिएका बालबालिकाको व्यक्तिगत पहिचान गोप्य राख्ने ।
  - बालबालिकामाथि (बालगृहभित्र र बाहिर) हुने यौनदूर्व्यवहार, शोषण, हिंसा, भेदभावजस्ता बालअधिकार हननका घटना तथा कार्यमा शून्य सहनशीलताको अभ्यास हुनुपर्ने, आदि ।

- बालगृहको व्यवस्थापनसम्बन्धी मापदण्डबारे थप अन्य जिज्ञासा भए सहभागीहरूलाई प्रश्न गर्न अनुरोध गर्नुहोस् र आवश्यकतानुसार अध्ययन सामग्रीको सहयोगमा जवाफ दिनुहोस् ।

**क्रियाकलाप ३ : वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको संरक्षणका लागि समुदायतहमा गर्न सकिने क्रियाकलापहरू (३०+२० मिनेट)**

- सहभागीहरूको सङ्ख्याअनुसार उनीहरूलाई तीन वा चार समूहमा विभाजन गर्नुहोस् ।
- वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको संरक्षणका लागि समुदायतहमा नै के-कस्ता क्रियाकलापहरू गर्न सकिन्छ ? सरकारको के-कस्तो भूमिका हुन्छ ? भन्ने दुई प्रश्नकाबारेमा छलफल गर्न लगाउनुहोस् । (उपयुक्ततानुसार दुई समूहलाई एक प्रश्न र अर्को दुई समूहलाई अर्को प्रश्नमाथि छलफल गर्न लगाउन पनि सकिन्छ ।)
- समूहबाट आएका विचारहरूलाई प्रस्तुत गर्न प्रत्येक समूहलाई अवसर दिनुहोस् । प्रस्तुतीमा अन्य समूहका सदस्यले कुनै बुँदामाथि प्रस्ट हुन चाहेमा प्रश्न गर्न अवसर दिनुहोस् तथा प्रस्तुत गर्ने नेता र समूह सदस्यहरूले स्पष्ट पार्न अनुरोध गर्नुहोस् । सहजकर्ताले यदि कुनै बुँदामाथि छलफल गर्न आवश्यक ठानेमा त्यसबारे पनि छलफल गर्नुहोस् ।

समुदायमा गरिने वैकल्पिक हेरचाह र राज्यको दायित्व

- बालबालिका हुर्कनको लागि सबैभन्दा उत्तम स्थान परिवार नै हो । परिवारले आफ्ना बालबालिकाको विकास र कल्याणको लागि चाहिने प्राकृतिक वातावरण प्रदान गर्दछ ।

परिवार तथा समुदायमा आधारित बैकल्पिक हेरचाहका स्वरूपहरू

अ) नजिकको नातेदारबाट गरिने हेरचाह,

आ) अभिभावकीय (फोस्टर) हेरचाह,

इ) परिवारमा आधारित वा पारिवारिक वातावरणमा राखेर अन्य व्यक्ति वा परिवारद्वारा गरिने हेरचाह,

ई) बालबालिकाका लागि बनाइएका सुपरिवेक्षित स्वतन्त्र बसोबासको व्यवस्था र

उ) आवासीय वा संस्थागत हेरचाह (बालगृह)

बालबालिका परिवारबाट विछोड हुनबाट जोगाउन राज्यको दायित्व

- वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकालाई अभिभावकीय हेरचाह (फोष्टर केयर) मा राख्ने, धर्मपुत्र/धर्मपुत्री लिने वा आवश्यकताअनुसार हेरचाहका उपयुक्त विकल्पमा राख्ने व्यवस्था गर्ने ।
- आमाबाबु/अभिभावकबाट बालबालिका बिछोडिनबाट जोगाउन राज्यले उपयुक्त र सांस्कृतिकरूपमा संवेदी उपायहरूको सुनिश्चित गर्ने ।

**क्रियाकलाप ४ : सत्रको मूल्याङ्कन र सारसंक्षेप (१० मिनेट)**

- अन्त्यमा हालसम्म गरिएका छलफललाई संक्षेपीकरण गरी सत्रको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनका लागि देहायका प्रश्नहरू उपयोगी हुन सक्दछन् ।

मूल्याङ्कनका लागि सहभागीहरूलाई सोध्न सकिने प्रश्नहरू

- यस सत्रमा हामीले के-के छलफल गर्‍यौं ?
- बालगृह भनेको के हो ? के-कस्ता बालबालिका बालगृहमा पुग्दछन् ?
- वैकल्पिक हेरचाहका अन्य विकल्पहरू के-कस्ता हुन सक्दछन् ?

- सत्रको छलफलमा सक्रियतापूर्वक भाग लिएकोमा सहभागीहरूलाई धन्यवाद दिदै सत्रको अन्त्य गर्नुहोस् ।

***

## १४. आवासीय बालगृहमा बसेका बालबालिका

### १४.१. आवासीय हेरचाह केन्द्र वा बालगृह के हो ?

बालबालिका हुर्कन सबैभन्दा उत्तम स्थान परिवार नै हो । परिवारले आफ्ना बालबालिकाको विकास र कल्याणको लागि चाहिने प्राकृतिक वातावरण प्रदान गर्दछ । सामान्य अवस्थामा परिवारले आफ्नो यो दायित्व पालना गर्दछ नै । तर कुनै कारणवश परिवारले आफ्ना छोराछोरीको पालनपोषणको दायित्व निर्वाह गर्न नसकेमा राज्यले परिवारलाई आवश्यक सहयोग गर्नुपर्दछ । यो राज्यको दायित्व हो । त्यो पनि हुन नसकेमा अन्तिम विकल्पको रूपमा राज्यले र कानुनद्वारा स्वीकृति दिए अनुरूप सामाजिक संस्थाले संस्थागत हेरचाहमा राखी बालबालिकाको हेरचाह र संरक्षण गर्न सक्दछन् । बालबालिकाको अधिकार सुनिश्चित गर्ने प्राथमिक दायित्व राज्यको भएकाले बालगृहहरूको नीतिनियमहरू, योजना तथा कार्यक्रमहरू एवम् आधारभूत मापदण्डहरू तयार गर्ने र अनुगमन गर्ने दायित्व पनि राज्यको नै हो ।

अभिभावकको हेरचाह नपाएका परिवारविहीन र जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको हेरचाह, शिक्षा, स्वास्थ्यको अधिकार दिने एवम् संरक्षण र कल्याण गर्ने उद्देश्यले बालगृह खोलिएका हुन्छन् । हालैका वर्षहरूमा सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाका लागि भनेर पनि बालगृह सञ्चालनमा छन् ।

"आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०६९" अनुसार "आवासीय बालगृह" भन्नाले विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाको हेरचाह र संरक्षणको लागि नेपाल सरकार वा स्थानीय निकायले वा कुनै संस्थाले प्रचलित कानुनअनुसार स्वीकृति लिई स्थापना गरी सञ्चालनमा रहेका आवासीय बालगृहलाई सम्झनुपर्छ । "आवासीय बालगृह" ले संस्थागत हेरचाह, आवासीय हेरचाह प्रदान गर्ने गृह, बालगृह, अनाथालयजस्ता जुनसुकै नाममा सञ्चालित गृहसमेतलाई बुझाउनेछ । (बुँदा १.४ (घ))

'आवासीय बालगृह' खासगरी "विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका" को लागि हो । बालअधिकार मस्यौदा ऐन, २०६८ का अनुसार "विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका" भन्नाले १) बाबुआमा दुवै नभएका र कसैले पनि हेरचाह नगरेका, २) बाबुआमाबाट बिछोडिएका (वा त्यागिएका) वा घरबाट भागेका र बाबुआमा पत्ता नलागेका, ३) बाबु, आमा वा संरक्षकबाट उचित पालनपोषण नगरी हेला, दूर्व्यवहार वा शोषणमा परेका, ४) बाबु वा आमा भए पनि बालबालिकाको हेरचाह गर्न शारीरिक वा मानसिक अशक्तताका कारणले सक्षम नभएका, ५) घर वा बसोबासको स्थायी ठेगान नभएका बालबालिका आदिलाई बुझाउँदछ ।

### १४.२. आवासीय बालगृहमा संरक्षित बालबालिको स्थिति :

नेपालमा बाबुआमा वा अभिभावकले छोराछोरीको शिक्षाका लागि खर्च गर्न नसकेर वा राम्रो शिक्षा हेरचाह पाउने ठानिएर पनि धेरै बालबालिका संस्थागत हेरचाह (बालगृह) मा पुऱ्याइएका पाइन्छन् ।[१] नेपालका दुर्गम गाउँहरूमा बसोबास गर्ने एवम् आर्थिक अवस्था कमजोर भएका परिवारलाई झुक्याएर वा प्रलोभनमा पारेर पनि तिनका बालबालिकालाई संस्थागत स्यहारमा राख्न शहरबजार ल्याइएका उदाहरणहरू पाइएका छन् । सन् २००८ मा गरिएको एक अध्ययनअनुसार अध्ययन[२] क्षेत्रमका बालगृहहरूमा रहेका १ हजार ७ सय ६

१ चन्द्रिका खतिवडा, विशेष हेरचाहको आवश्यकता भएका बालबालिकाको परिवार तथा समुदायमा आधारित वैकल्पिक स्याहार र राज्यको दायित्व, सशक्तीकरण, बर्ष ११ अङ्क २, पूर्णांक १८, २०६८ कार्तिक पेज २३

२ Terre des Homes and Unicef (2008), Adopting the Rights of the Child: A Study on Intercountry Adoption and its influence on Child Protection in Nepal

बालबालिकामध्ये जम्मा १५ प्रतिशत बालबालिका मात्र दुवै अभिभावक नभएका र २३ प्रतिशत बालबालिकाका एक अभिभावक नभएका (१२ प्रतिशत आमा नभएका र ११ प्रतिशत बुवा नभएका) पाइएको थियो । बाँकी ६२ प्रतिशत बालबालिकाका दुवै अभिभावक भएका थिए । अध्ययनको क्रममा बालगृहका कर्मचारीहरूले बताइएअनुसार ती बालगृहमा संरक्षित बालबालिकामध्ये ३३ प्रतिशत मात्र परित्यक्त बालबालिका थिए । सरकारको प्रत्यक्ष संलग्नतामा सञ्चालित वीरगञ्ज, विराटनगर, राजविराज र बुटवलमा गरी चार गृहहरूमार्फत १०८ जना बालबालिकालाई संरक्षण दिएको छ । केन्द्रीय बालकल्याण समितिका अनुसार नेपालमा ५९४ वटा बालगृहहरू सञ्चालनमा रहेका छन् । ४६ जिल्लामा सञ्चालित यी बालगृहहरूमध्ये सबैभन्दा बढी काठमाडौँमा (२२३ वटा) र त्यसपछि ललितपुर (१२० वटा) र कास्कीमा (६३) रहेका पाइन्छन् ।[३]

## १४.३. आवासीय बालगृहसम्बन्धी विद्यमान ऐनकानुनहरू :

बालअधिकारसम्बन्धी महासन्धि, १९८९ का सिद्धान्त तथा प्रावधानहरूले मूलरूपमा पारिवारिक सन्दर्भमा नै बालबालिकाको हेरचाह गरिनुपर्ने कुरामा जोड दिंदै संस्थागत हेरचाहलाई वैकल्पिक हेरचाहको अन्तिम विकल्प ठानेको छ ।

बालबालिकाको वैकल्पिक हेरचाहसम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशिका, २००९ को बुँदा नं. १४ मा भनिएको छ–

"आर्थिक तथा भौतिक गरीबी वा यस्तै प्रकारका गरीबीसँग प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्धित भएर बाबुआमा/अभिभावकको हेरचाहबाट बालबालिकालाई छुटाउनु, अन्य वैकल्पिक हेरचाहमा बालबालिका राख्नका लागि छुटाउनु वा उनीहरूलाई त्यहाँ पुनर्एकीकरण गर्नबाट बन्देज गरिनुहुँदैन । बरु परिवारलाई उपयुक्त किसिमबाट आवश्यक सहयोग प्रदान गरिनुपर्दछ"

### आवासीय बालगृह सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०६७

नेपाल सरकारका तर्फबाट महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयले आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापनलाई स्तरीय र मर्यादित बनाई त्यहाँ संरक्षित बालबालिकाको हकअधिकार सुनिश्चित गर्न आवासीय बालगृह सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०६९ को तर्जुमा गरेको हो । यो मापदण्डलाई नेपाल सरकार, मन्त्रीपरिषद्को २०६९ वैशाख ४ गतेको बैठकबाट स्वीकृत भई लागु गरिएको छ ।

यस मापदण्डअनुसार बालबालिकाको सर्वपक्षीय उन्नति, प्रगतिको लागि जिम्मेवार व्यवसायिकरूपमा दक्ष व्यक्तिहरू तथा अन्य जिम्मेवार व्यक्तिहरूले आवासीय बालगृहमा रहेका बालबालिकाको मानवअधिकारको सम्मान, संरक्षण तथा परिपूर्तिका लागि बालअधिकारसम्बन्धी महासन्धि, १९८९ तथा बालबालिकाको अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी प्रावधानहरूमा उल्लेख भए अनुरूप देहायका सिद्धान्तहरूलाई सम्मान गरिनेछ भनी स्पष्ट उल्लेख गरिएको छ :

क) **सम्मान (Dignity)** : प्रत्येक बालक वा बालिका आफैमा एक विशिष्ट व्यक्तित्व हो र ऊ मानवसमुदायको एक महत्वपूर्ण सदस्य हो । तसर्थ ऊसको व्यक्तिगत सम्मान तथा मर्यादा, उसका खासखास आवश्यकता तथा गोप्यताको उचित सम्मान र संरक्षण गरिनुपर्दछ ।

ख) **भेदभाव विहीनता (Non-Discrimination)** : प्रत्येक बालक वा बालिकासँग उसको वा अभिभावकको वर्ण, जात जातियता, रङ्ग, लिङ्ग, भाषा, धर्म, राजनीति वा अन्य विचार, राष्ट्रियता, जातिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, अपाङ्गता तथा जन्म वा अन्य अवस्थालगायतका कुनै पनि कुराका आधारमा विभेद गर्न पाइनेछैन । साथै सबै बालबालिकालाई माथि उल्लेखित अवस्थाहरूबाट पृथक रहेर समान व्यवहार पाउने अधिकार छ ।

ग) **बालबालिकाको सर्वोत्तम हित (Best Interest of the Child)**: सार्वजनिक अथवा निजामती कल्याणकारी, सामाजिक संस्थाहरू, प्रशासनिक वा न्यायिक निकायहरूले बालबालिकासँग सम्बन्धित काम गर्दा प्रत्येक बालबालिकाको सर्वोत्तम हितलाई पहिलो प्राथमिकता दिनुपर्दछ । बालबालिकाको उच्चतम हितको सिद्धान्त वा प्रावधानले कुनै पनि

३ केन्द्रीय बालकल्याण समितिको नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन २०७१, पेज ८४

बालक वा बालिकालाई सम्भावित सबै प्रकारका नकारात्मक अनुभवबाट संरक्षणको अधिकार तथा उच्चस्तरको विकासको लागि चाहिने अवसर प्रदान गरिनुपर्ने पक्षलाई समेट्दछ ।

- **संरक्षण** (Protection): प्रत्येक बालबालिकाको बाँच्न पाउने तथा जीवन रक्षाको अधिकार छ र उसलाई कुनै पनि प्रकारका हिंसा, आर्थिक, शारीरिक तथा यौनशोषण, भेदभाव, शारीरिक, मनोवैज्ञानिक, बौद्धिक तथा भावनात्मक दूर्व्यवहार तथा बेवास्ताबाट संरक्षित हुने अधिकारलाई छ । आवासीय बालगृहको हेरचाहमा रहेका बालबालिका संरक्षणको जोखिममा पर्न सक्ने हुनाले यसबाट जोगाउन विशेष उपायहरू अपनाउनुपर्दछ ।
- **सर्वाङ्गीण तथा सन्तुलित विकास** (Harmonious Development): प्रत्येक बालक वा बालिकालाई सकेसम्म उच्चस्तरको सर्वाङ्गीण तथा सन्तुलित विकासको अवसर एवम् आफ्नो शारीरिक, बौद्धिक, आध्यात्मिक, नैतिक तथा सामाजिक विकासका लागि पूर्ण अवसरसहितको उच्चस्तरीय जीवन यापन गर्न पाउने अधिकार छ । यसलाई आवासीय बालगृहले सम्मान गर्नुपर्दछ ।

घ) **विचार अभिव्यक्तिको अधिकार** (Right to Expression): प्रत्येक बालक वा बालिकालाई आफूसँग प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्ध राख्ने विषयमा आफ्नो दृष्टिकोण वा विचार बनाउने तथा त्यसलाई आफ्नो बढ्दो उमेर र परिपक्वताअनुरूप आफनै शब्दमा स्वतन्त्ररूपले प्रकट गर्न पाउने अधिकार छ । हरेक बालबालिकालाई उनीहरूको जीवनमा असर गर्ने सबै निर्णयमा आफ्ना दृष्टिकोणहरूसहित योगदान पुऱ्याउने अधिकार छ । बालबालिकाको अभि( व्यक्तिको अधिकार तथा निर्णयमा सहभागी हुन पाउने अधिकारलाई उसको बढ्दो क्षमता, उमेर तथा परिपक्वताको सापेक्षतामा उचित एवम् जिम्मेवारीपूर्वक सम्मान गरिनुपर्दछ ।

### मापदण्डको संरचना र विषयवस्तु :

यस मापदण्डलाई आठ खण्डमा बाँडिएको छ । र, दुईवटा अनुसूचीहरू समावेश गरिएका छन् । मापदण्डको खण्ड १ मा प्रयोजन तथा औचित्य, खण्ड २ मा आवासीय बालगृहको सुविधा आवश्यक भएको सुनिश्चित गर्ने र बालबालिकाको भर्नाप्रक्रिया, खण्ड ३ मा बालगृहको आवासीय सुविधा, पूर्वाधार र परिवेश, खण्ड ४ मा बालगृहमा संरक्षित बालबालिकाको आधारभूत अधिकारको प्रत्याभूति, खण्ड ५ मा बालबालिकाको अधिकारको रक्षा एवम् बालसंरक्षणसम्बन्धी व्यवस्था, खण्ड ६ मा बालगृहको व्यवस्थापन, स्रोत तथा मानवसंशाधन, खण्ड ७ मा बालबालिकाको बिदाइ/पुनर्एकीकरण वा पुनर्मिलन योजना र खण्ड ८ मा बालगृह अनुगमन संयन्त्र, कार्यविधि र प्रक्रियाहरू समावेश छन् । अनुसूचीहरूमा बालसंरक्षण नीतिको रूपरेखा र बालगृह अनुगमन फारामको ढाँचा उल्लेख छन् । यी सबै खण्डहरू (खण्ड २ देखि खण्ड ७ सम्म) मा गरी कूल ७६ वटा मापदण्डहरू तोकिएका छन् ।

बालबालिकाका लागि १० वर्षे राष्ट्रिय कार्ययोजना (२०६१/६२-२०७१/७२) को अध्याय ४(४) मा 'बालअधिकार संरक्षण' शीर्षकमा बालबालिकामाथि हुने भेदभावविरूद्धको कार्ययोजनाअन्तर्गत उद्देश्य नं. ३ मा 'प्रत्येक बालबालिकालाई सामाजिक भेदभावलगायत सबै किसिमका शोषण, हेला, हिंसा र दूर्व्यवहारबाट संरक्षण गर्नका लागि- क) अनाथगृह, सुधारगृह आदि वृद्धि गरी तिनको नियमित अनुगमन गर्ने, र ख) बालगृहको न्यूनतम मापदण्ड निर्धारण गर्ने र तिनको नियमित अनुगमन र मूल्याङ्कन गर्ने व्यवस्था छ । यस सन्दर्भमा मापदण्डमा देहायका पक्षहरूमा जोड दिइएको छ :

- बालगृहलाई वैकल्पिक हेरचाहको अन्तिम विकल्पको रूपमा हेर्ने र बालगृहमा सकेसम्म कम समयका लागि बालबालिका रहने सुनिश्चित गर्ने,
- गृहसञ्चालकले विद्यमान नीतिनियम, कानुनहरू र बालगृह सञ्चालन तथा व्यवस्थापनसम्बन्धी न्यूनतम मापदण्डको प्रभावकारीरूपमा कार्यान्वयन भए नभएको नियमित अनुगमन गर्ने र स्थलगत सुझाव दिने ।
- बालगृह सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०६९ को व्यवस्थाबारे गृह सञ्चालक तथा कार्यरत कर्मचारीहरूलाई अभिमुखीकरण वा तालिम गर्ने ।
- नेपालमा भएका सबै बालगृहहरूको श्रेणी विभाजन गर्ने र मापदण्डमा भएका व्यवस्थाको प्रभावकारी कार्यान्वयन नभएका गृहहरूलाई सुधार गर्न निर्देशन दिने र नभएमा खारेज गर्ने ।

- बालगृहमा रहेका बालबालिका सञ्चालकको लापरवाहीले जोखिममा रहेको वा हुनसक्ने सम्भावनाका सूचना पाइएमा त्यस्ता बालगृहबाट सरकारले तुरुन्त उद्धार गरी वैकल्पिक व्यवस्था गर्ने, आदि ।

### १४.४. बालबालिकाको वैकल्पिक हेरचाह

उपयुक्त सहयोग पाएमा आर्थिक समस्या झेलिरहेका धेरैजसो परिवारहरू आफ्ना बालबालिका आफैसँग राखेर हेरचाह गर्न सक्षम हुन्छन् । र, कुनै कारणवश त्यसो हुन नसकेमा बालबालिकाको संरक्षण र हेरचाहका लागि पारिवार तथा समुदायमा आधारित वैकल्पिक हेरचाहका उपायहरूको खोजी गरिनुपर्दछ ।

'बालबालिकाको वैकल्पिक हेरचाहसम्बन्धी निर्देशिका' २००९ को बुँदा नं २८ग मा परिवार तथा समुदायमा आधारित वैकल्पिक हेरचाहका स्वरूपहरू यस प्रकार छन्ः

अ) नजिकको नातेदारबाट गरिने हेरचाह (Kinship Care),

आ) अभिभावकीय हेरचाह (Foster Care),

इ) परिवारमा आधारित वा पारिवारिक वातावरणमा राखेर अन्य व्यक्ति वा परिवारद्वारा गरिने हेरचाह (Other forms of Family-Based/Family-Like Care),

ई) बालबालिकाका लागि बनाइएका सुपरिवेक्षित स्वतन्त्र बसोबास प्रबन्ध (Supervised Independent Living Arrangements for children) र

उ) आवासीय वा संस्थागत हेरचाह (Residential Care) समेत पर्दछन् ।

### बालबालिका परिवारबाट विछोड हुनबाट जोगाउन राज्यको दायित्व

- राज्यले वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकालाई अभिभावकीय हेरचाह (फोष्टर केयर) मा राख्ने, धर्मपुत्र/पुत्री लिने वा आवश्यकताअनुसार अन्य विकल्पमा राख्ने व्यवस्था गर्नुपर्दछ ।
- आमाबाबु/अभिभावकबाट बालबालिका बिछोडिनबाट जोगाउन राज्यले उपयुक्त र सांस्कृतिकरूपमा संवेदी उपायहरूको सुनिश्चित गर्नुपर्दछ ।

क) अपाङ्गता भएका, लागुपदार्थ र रक्सी सेवन गर्ने, आदिवासी वा सीमान्तकृत पृष्ठभूमि भएकालगायत परिवारमाथिको भेदभाव र सशस्त्र द्वन्द्व भएका ठाउँमा रहेको वा वैदेशिक रोजगारमा रहेकाजस्ता कारणहरूले परिवारको क्षमतालाई सीमित बनाउने कुरालाई दृष्टिगत गरी पारिवारिक हेरचाहको वातावरणलाई सहयोग गर्ने ।

ख) दूर्व्यवहार र शोषणबाट पीडित भएका, परित्यक्त, सडकमा आश्रित, अविवाहित आमाबाट जन्मिएका, संरक्षकविहीन भएका र बिछोडिएका, आन्तरिक रूपमा विस्थापित र शरणार्थी बालबालिका, आप्रवासी मजदुरका बालबालिका, शरण खोजिरहेका बालबालिका वा एचआइभी र अन्य गम्भीर खालका रोगबाट सङ्क्रमित वा प्रभावितलगायत जोखिमी अवस्थामा रहेका बालबालिकालाई उपयुक्त हेरचाह तथा संरक्षण प्रदान गर्ने ।

- यसो गर्नुको उद्देश्य वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको सङ्ख्या घटाउनु हो ।

***

# १५. कानुनी विवादमा परेका बालबालिका



**१ घण्टा**
**30 मिनेट**

## १५.१ सत्रको परिचय :

एक निश्चित उमेरसम्मका बालबालिकालाई आफ्नो कार्य र त्यसबाट आउने परिणामबारे पर्याप्त जानकारी हुँदैन । त्यस्तै बालबालिकाबाट भएका गल्ती वा बालबिज्याइँलाई एक वयस्कले गरेको अपराधसरह नै ठानी कानुनी कारबाही गर्दा त्यसले उसको बाल्यकालमा मात्र नभएर उसको भावी वयस्क जीवनमा समेत नकारात्मक असर पर्दछ । यही मान्यताअनुरूप कानुनी विवादमा परेका बालबालिकालाई छुट्टै न्यायप्रणालीको मातहतमा व्यवहार गरिनुपर्दछ भन्ने अवधारणा विकास भएको हो । प्रस्तुत सत्रको छलफलपश्चात सहभागीहरूले कानुनी विवादमा परेका बालबालिकाबारे जानकारी पाउनुको साथै यससम्बन्धी कानुनी प्रावधानहरूबारे जानकार भएका हुनेछन् ।

## १५.२ अपेक्षित उपलब्धि :

यस सत्रको अन्त्यमा सहभागीहरूले,

- कानुनी विवादमा परेका बालबालिकाको परिभाषा र परिचय दिन सक्नेछन् ।
- कानुनी विवादमा परेका बालबालिकालाई अपराधको आरोप लागेका अन्य वयस्कभन्दा किन भिन्न खालको व्यवहार गरिनुपर्दछ भन्नेबारे छुट्याउन सक्नेछन् ।
- कानुनी विवादमा परेका बालबालिकासम्बन्धी विद्यमान कानुनी व्यवस्थाबारे जानकारी पाई मुख्य-मुख्य प्रावधानहरूबारे बताउन सक्नेछन् ।
- बालबालिकाले बालबिज्याइँ गर्नाका कारणहरूबारे छलफल गरी बालबिज्याइँ हुन नदिन स्थानीयस्तरमा गर्न सकिने क्रियाकलापहरूको योजना बनाउन सक्नेछन् ।

## १५.३ सत्र सञ्चालनका लागि आवश्यक सामग्री :

न्यूजप्रिन्ट पेपर वा ह्वाइट बोर्ड, पर्मानेन्ट र बोर्ड मार्कर, पेपर टेप आदि ।

## १५.४ सत्रको तयारी :

- सत्र सञ्चालनका लागि आवश्यक बुँदाहरू (सत्र सञ्चालन प्रक्रियाको क्रममा बक्समा दिइएको छ) लाई छलफल गर्न सहज होस् भनी मेटाकार्ड वा न्यूजप्रिन्ट पेपरमा लेख्नुहोस् ।
- सत्र सञ्चालनको क्रममा आवश्यक पर्ने नेपालको अन्तरिम संविधान, २०६३, बालबालिकासम्बन्धी ऐन २०४८, बालन्याय (कार्यविधि) नियमावली, २०६३ लाई सुक्ष्म अध्ययन गर्नुहोस् ।

## १५.५ सत्र सञ्चालन गर्ने प्रक्रिया :

- सर्वप्रथम सहजकर्ताले 'अब हामी कानुनी विवादमा परेका बालबालिकाबारे छलफल गर्नेछौं' भनी सबै सहभागीहरूलाई विषयवस्तुतर्फ ध्यानाकर्षण गर्नुहोस् (नोटः विषय सान्दर्भिक कुनै हास्यव्यङ्ग्य वा गीत गाएर पनि छलफल वातावरण निर्माण गर्न सकिन्छ) ।

### क्रियाकलाप १: कानुनी विवादमा परेका बालबालिकाबारे जानकारी (३० मिनेट)

- 'कानुनी विवादमा परेका बालबालिका भन्नाले कुन समूहका बालबालिकालाई बुझ्नुहुन्छ ? बालबालिकाले किन बिज्याइँ (गल्ती) गर्छन् ?' जस्ता प्रश्नहरू गर्दै छलफल अगाडि बढाउनुहोस् ।
- सहभागीबाट आएका सबै उत्तरलाई ह्वाइटबोर्ड वा न्यूजप्रिन्ट पेपरमा बुझिनेगरी लेख्नुहोस् ।
- सबैजसो सहभागीको उत्तर आइसकेपछि टिपिएका बुँदाहरूलाई पुनः वाचन गर्नुहोस् र देहायका जानकारीका आधारमा सहभागीसँग छलफल गर्नुहोस् ।

**कानुनी विवादमा परेका बालबालिका**

- अपरिपक्व शारीरिक एवम् मानसिक अवस्थाका कारण बालबालिका कानुनले निषेध गरिएका विभिन्न अपराधजन्य कार्य (बालबिज्याइँ) गर्न पुग्दछन् । यसरी कानुनले दण्डनीय ठानेको कार्य गर्ने बालबालिकालाई कानुनसँग विवादमा परेका बालबालिका भनिन्छ ।
- एक निश्चित उमेरसम्मका बालबालिकालाई आफ्नो कार्य र त्यसबाट आउने परिणामकाबारेमा जानकारी हुँदैन । त्यस्तै बालबालिकाबाट भएका गल्ती वा बालबिज्याइँलाई एक वयस्कले गरेको अपराधसरह नै ठानी कानुनी कार्यवाही गरिँदा त्यसले उनीहरूको बाल्यकालमा मात्र नभएर उनको भावी वयस्क जीवनमा समेत नकारात्मक असर पर्दछ ।
- बालबिज्याइँ (Juvenile Delinquency) भन्नाले राज्यको बालबालिकासम्बन्धी कानुनले निषेध गरिएका क्रियाकलाप बालबालिकाले गरेको अवस्था भनेर बुझिन्छ ।
- बालबालिकाउपर सदाका लागि लाग्न सक्ने कलङ्क (Stigma)बाट मुक्त गर्न तथा बालबालिका आफै नै समस्यामा परेका र विशेष आवश्यकता भएका वर्ग हुन्, अपराधी होइनन् भन्ने सोचका साथ सुपरिवेक्षणको आवश्यकतामा रहेका बालबालिका पनि भन्ने गरिन्छ

### क्रियाकलाप २: कानुनी विवादका बालबालिकासम्बन्धी विद्यमान कानुनी व्यवस्था (२० मिनेट)

- 'अब कानुनी विवादका बालबालिकाका सम्बन्धमा नेपालको कानुनी व्यवस्थाबारे छलफल गर्नेछौं' भनी देहायका जानकारीसहित प्रस्तुती गर्नुहोस् । (आवश्यकता भएमा वा सहभागीको स्तरअनुसार अन्तर्राष्ट्रिय व्यवस्थासमेत छलफल गर्न सकिन्छ ।)

## कानुनी विवादमा परेका बालबालिकासम्बन्धी नेपालको कानुनी व्यवस्था

बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११. बालक र आपराधिक दायित्व :

- कानुनबमोजिम अपराध ठहरिने कुनै काम गर्ने व्यक्ति सो काम गर्दा दस वर्षमुनिको बालक रहेछ भने निजलाई कुनै प्रकारको सजाय हुन सक्दैन ।
- बालकको उमेर दस वर्ष वा सोभन्दा माथि र चौध वर्षभन्दा कम रहेछ भने निजलाई कानुनबमोजिम जरिवाना हुने कुनै अपराध गरेकोमा हप्काइ, सम्झाइ र कैद हुने अपराध गरेकोमा कसूर हेरी ६ महिनासम्म कैद हुन्छ ।
- चौध वर्ष वा सोभन्दा माथि र सोह्र वर्षभन्दा मुनिको बालकले कुनै अपराध गरे निजलाई कानुनबमोजिम उमेर पुगेका व्यक्तिलाई हुने सजायको आधा सजाय हुन्छ ।
- बालकलाई सिकाई कसैले कुनै अपराध गर्न लगाएको रहेछ भने सो सिकाउनेलाई निज आफैले अपराध गरेसरह कानुनबमोजिम पूरा सजाय हुन्छ ।
- प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि बालकलाई नेल, हतकडी लगाउन, एकान्त कारावासमा राख्न वा कुनै अपराध गरेवापत कैदको सजाय पाएमा उमेर पुगेका कैदीको साथमा राख्नु हुँदैन । (दफा १५)
- कुनै बालकविरुद्ध लगाइएको फौजदारी अभियोगमा निजको प्रतिरक्षा गर्ने कानुन व्यवसायी नभएमा अदालतले मुद्दाको कारबाही वा किनारा गर्नेछैन । (दफा १९)
- यस्तै, बालकलाई थुनामा नराखी (बालसुधार गृहमा राखी) मुद्दाको कारबाही गर्ने (दफा ४२), मुद्दाको सुनवाइ बन्द इजलासमा गर्ने (दफा ४९), मुद्दासम्बन्धी विवरण र तथ्याङ्क सार्वजनिक गर्न नहुने (दफा ५२), बालबालिकाको मुद्दा बालअदालतबाट हेर्नुपर्ने (जिल्ला न्यायाधीशका अतिरिक्त समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिक (दफा ५५) रहने व्यवस्था छ ।
- बालन्याय (कार्यविधि) नियमावली, २०६३
- 'बालकले गरेको कसूरको अनुसन्धान तथा तहकिकात गर्न प्रत्येक प्रहरी कार्यालयमा प्रचलित कानुनबमोजिमको योग्यता पुगेका प्रहरी कर्मचारी रहेको छुट्टै एकाई रहने' (नियम ३) ।
- कसूर लागेको बालकलाई पक्राउ गर्दा 'प्रहरी कर्मचारीले प्रहरीको पोशाक नलगाई सादा पोशाक लगाउनुपर्ने' व्यवस्था गरेको छ (नियम ४ (क)) ।
- बालकलाई सोधपुछ गर्दा बालअदालत वा जिल्ला अदालतको छुट्टै कोठामा क्यामेरा जडान गरी बालकलाई सोही कोठामा सोधपुछ गरी त्यसरी सोधिएको कुरा इजलासको पर्दामा देखिने व्यवस्था गरिने । नियम १२ (४ र ५)
- अनुसन्धान वा तहकिकातका लागि प्रहरी एकाइ वा कर्मचारीले 'सेवा प्रदान गर्ने व्यक्ति वा संस्थालाई सम्बन्धित बालकका सम्बन्धमा तोकिएको ढाँचामा सामाजिक अध्ययन प्रतिवेदन तयार गरिदिन अनुरोध गर्ने' व्यवस्था गरेको छ (नियम ४ (छ) ) ।
- बालकलाई जानकारी दिनुपर्ने (नियम ७), मुद्दाको सुनुवाइको प्रक्रिया (नियम १२), प्रमाण बुझ्ने, साक्षी बुझ्ने (नियम १३), उमेर निर्धारण (नियम १५), फैसला (नियम १६), निःशुल्क प्रतिलिपि दिनुपर्ने (नियम १९), र अदालती कार्यवाहीका सम्बन्धमा दोभाषे राख्न सकिने (नियम २४) छ ।
- कानुनी विवादमा परेका बालबालिकासम्बन्धमा विद्यमान कानुनी व्यवस्थाका सम्बन्धमा थप अन्य जिज्ञासा भए सहभागीलाई प्रश्न गर्न अनुरोध गर्नुहोस् र आवश्यकतानुसार अध्ययन सामग्रीको सहयोगमा जवाफ दिनुहोस् ।

**क्रियाकलाप ३ : बालबिज्याईं न्यूनीकरण गर्न समुदायतहमा गर्न सकिने उपायहरू (२०+२० मिनेट)**

- अब सहभागीलाई चारवटा समूहमा विभाजन गर्नुहोस् ।
- सबै समूहलाई देहायका प्रश्नहरूको आधारमा समूहमा छलफल गरी न्यूजप्रिन्ट पेपरमा लेख्न लगाउनुहोस् ।
    - हामी रहेको समुदायमा बालबिज्याईँका अवस्थाहरू के-कस्ता छन् ?
    - यस खालका बालबिज्याईँका घटनाहरूलाई न्यूनीकरण गर्न समुदायतहमा कस्ता कार्यहरू गर्न सकिन्छ ?

| समूह कार्यबाट आएका विचारलाई न्यूजप्रिन्ट पेपरमा निम्न ढाँचामा टिप्न सकिन्छ । (वा छुट्टाछुट्टै न्यूजप्रिन्ट पेपरमा पनि टिप्न सकिन्छ ।) | |
|---|---|
| बालबिज्याइँका कारणहरू | बालबिज्याइँ न्यूनीकरणका उपायहरू |
| | |

- समूहबाट आएका विचारहरूलाई प्रस्तुत गर्न प्रत्येक समूहलाई पालो दिनुहोस् । प्रत्येक समूहको प्रस्तुतीमा अन्य समूहका सदस्यले कुनै बुँदामाथि प्रस्ट हुन चाहेमा प्रश्न गर्न अवसर दिनुहोस् । र, सम्बन्धित समूहका सदस्यहरूले स्पष्ट पार्न अनुरोध गर्नुहोस् ।
- सहजकर्ताले यदि कुनै बुँदामाथि छलफल गर्न आवश्यक ठानेमा त्यसो गर्नुहोस् र आएका सबै विचारहरूलाई एकत्रित गर्नुहोस् ।

## क्रियाकलाप ४ : सत्रको मूल्याङ्कन र सारसंक्षेप (१० मिनेट)

- अन्त्यमा हालसम्म गरिएका छलफलका शीर्षकबारे संक्षेपीकरण गर्दै सत्रको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनका लागि देहायका प्रश्नहरू उपयोगी हुन सक्दछन् ।

**सहभागीलाई मूल्याङ्कनका लागि सोध्न सकिने प्रश्नहरू**

१. बालबिज्याईं के हो ? कानुनी विवादमा परेका बालबालिका को हुन् ?

२. कानुनी विवादमा परेका बालबालिकाले अपराधको आरोप लागेका वयस्कभन्दा किन छुट्टै अधिकार आवश्यक परेको हो ?

३. कानुनी विवादमा परेका बालबालिकाले के-कस्ता अधिकार पाउँदछन् ?

४. बालबिज्याईं न्यूनीकरणका लागि के-के गर्न सकिंदो रहेछ ?

***

# अध्ययन सामग्री

## १५. कानुनी विवादमा परेका बालबालिका र बालविज्याइँ

### १५.१. परिचय :

अपरिपक्व शारीरिक एवम् मानसिक अवस्थाका कारण बालबालिका कानुनले निषेध गरिएका विभिन्न अपराधजन्य कार्य (बालबिज्याइँ) गर्न पुग्दछन् । यसरी कानुनतः दण्डनीय ठहऱ्याइएका कार्यहरू वयस्क भई नसकेका बालबालिकाबाट हुन गएमा त्यो प्रचलित कानुनअनुसार न्यायिक क्षेत्राधिकारभित्र पर्दछ । यसरी कानुनले दण्डनीय ठानेको कार्य गर्ने बालबालिकालाई कानुनसँग विवादमा परेका भन्ने गरिन्छ ।

एक निश्चित उमेरसम्मका बालबालिकालाई आफ्नो कार्य र त्यसबाट आउने परिणामकाबारेमा जानकारी हुँदैन । त्यस्तै बालबालिकाबाट भएका गल्ती वा बालबिज्याइँलाई एक वयष्कले गरेको अपराधसरह नै ठानी कानुनी कार्यवाही गर्दिा त्यसले उक्त बालक वा बालिकाको बाल्यकालमा मात्र नभएर उसको भावी वयष्क जीवनमा समेत नकारात्मक असर पर्दछ । यसर्थ, कानुनसँग विवादमा परेका बालबालिकालाई छुट्टै न्यायप्रणालीको मातहतमा व्यवहार गरिनुपर्दछ भन्ने अवधारणाको विकास भएको हो ।

'कानुनसँग विवादमा परेका बालबालिका भन्नाले कानुनले गर्न नहुने भनी बर्जित गरेको काम गरेवापत कानुनी प्रक्रियामा रहेका वा आफूउपरको दोष प्रमाणित भई सुधारको प्रक्रियामा रहेका बालबालिकालाई बुझ्नुपर्दछ । यस शब्दावलीले (खासगरी) दुई समूहका बालबालिकालाई जनाउँदछ–

क) कानुनद्वारा निषेधित कार्यको आरोप लागेका बालबालिका र

ख) कानुनद्वारा निषेधित कार्य गरेको भनी प्रमाणित भएका बालबालिका ।'[५२]

बालबालिकाबाट हुने बालबिज्याइँको कारक तत्व, मनसाय, प्रभाव एवम् दण्डात्मक, उपचारात्मक अवस्थाहरू सामान्य फौजदारी न्यायको अवस्थाभन्दा अत्यन्त भिन्न प्रकृतिको हुन्छ।[५३] त्यसैले बालबालिकालाई दण्डात्मकरूपमा सजाय गर्नेभन्दा सुधार गर्ने र समाजमा पुनर्स्थापना गर्ने खालको न्यायप्रणालीले मात्र भविष्यमा असल नागरिकको स्थापना गर्न सकिन्छ भन्ने ध्येय बालन्यायप्रणालीले राखेको हुन्छ ।

### १५.२. कानुनी विवादमा परेका बालबालिका र बालबिज्याइँ :

बालबिज्याइँ (Juvenile Delinquency) भन्नाले राज्यको बालबालिकासम्बन्धी कानुनले निषेध गरिएका क्रियाकलाप बालबालिकाले गरेको अवस्था भनेर बुझिन्छ । यसैले बालबालिकाउपर सदाका लागि लाग्न सक्ने कलङ्क (Stigma)बाट मुक्त गर्न तथा बालबालिका आफै नै समस्यामा परेका र विशेष आवश्यकता भएका वर्ग हुन्, अपराधी होइनन् भन्ने सोचका साथ सुपरिवेक्षणको आवश्यकतामा रहेका बालबालिका पनि भन्ने गरिन्छ ।[५४] बालबालिकाले कानुनले नगर्नु भनेको कुरा गर्नु तथा समाजले गर्न नहुने भनी निषेध गरिएका कार्य गर्ने काम नै बालविज्याइँ हो । यस्ता व्यक्तिहरूले यी कार्य गर्दा त्यो बिज्याइँ हुन्छ भनेर विश्वका प्रायः सबै देशमा बालबालिकाको उमेरको हद र निषेधित कार्यहरू निर्धारण गरिएको पाइन्छ । उदाहरणका लागि नेपालमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ (३) ले आपराधिक दायित्वको प्रयोजनका लागि १६ वर्ष मुनिकालाई नाबालक मानेको छ ।

## १५.३. कानुनसँग विवादमा परेका बालबालिकाको स्थिति :

नेपालमा कानुनसँग विवादमा परेका बालबालिकाको स्थितिबारे व्यवस्थित सूचना, जानकारी पाउन कठिन छ । युनिसेफले प्रकाशित गरेको एक अध्ययन (Juvenile in Detention, 2005) अनुसार १२७ जना बालबालिका (११७ जना बालक र १० बालिका) लाई प्रहरी हिरासतमा राखिएको उल्लेख छ । सो अध्ययनमा २४ घण्टासम्म प्रहरी हिरासतमा राखिएका बालबालिकाको सङ्ख्या ११२ (त्यसमध्ये मुद्दा चलाएको सङ्ख्या ५३ जना) थियो र २४ घण्टाभन्दा बढी समयसम्म १७१ जना बालबालिका प्रहरी हिरासतमा राखिएको थियो (जसमध्ये १२० जनालाई मात्र मुद्दा चलाइएको थियो) । यसैगरी काठमाडौं स्कूल अफ लले गरेको अध्ययन (Juvenile Justice System in Nepal, 2003) का अनुसार बालबालिकालाई सबैभन्दा बढी सार्वजनिक अपराध (१,६८९ वटा) मा मुद्दा लगाइएको देखिन्छ । त्यसरी लगाइएको मुद्दा सबैभन्दा बढी काठमाडौं उपत्यकामा भएको पाइयो ।




नेपालमा हाल दुई वटा बालसुधार गृह सञ्चालनमा छ । २०५८ साल देखि भक्तपुर र २०६९ सालदेखि पोखरामा बालसुधार गृह सञ्चालनमा छ भने विराटनगरमा २०७० देखि सञ्चालनमा छ । नेपाल सरकार, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय र युसेप नेपालका बीच २०५७ फागुन १२ (सन् २००१ फेब्रुअरी २३) गते भएको सम्झौताअनुसार बालसुधार गृह सञ्चालनको जिम्मेवारी युसेप नेपाललाई दिइएको छ । यसैअनुरूप बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ४२ मा उल्लेख भएको 'बालसुधार गृहको स्थापना र सञ्चालन' का सम्बन्धमा कारागार व्यवस्थापन विभाग र युसेफ नेपालबीच २०५८ आश्विन १५ (सन् २००१ अक्टोबर १) गते यसको व्यवस्थापनसम्बन्धी सम्झौता भएको छ । यसै व्यवस्थाअनुसार २०५८ असार २१ (सन् २००१ जुलाई ५) गतेदेखि कारागारमा रहेका बाबुआमाका आश्रित बालबालिकाको भर्ना गरिएको थियो । वि.सं. २०५८ साउन ११ (सन् २००१ जुलाई ५) गतेदेखि बालसुधार गृहमा कानुनसँग विवादमा परेका बालक र २०६२ साल आश्विन ४ (सन् २००५ सेप्टेम्बर २०) गतेदेखि कानुनसँग विवादमा परेका बालिकाको भर्नाप्रक्रिया सुरुवात भएको थियो ।

बालसुधार गृहबाट प्राप्त जानकारीअनुसार आ.व २०६८/६९ सम्म त्यहाँ ८११ जना कानुनसँग विवादमा परेका बालबालिका भर्ना भएका थिए । यी बालबालिकामध्ये सोही अवधिभित्र कूल ७२५ जना बालबालिका बालसुधार गृहबाट बाहिर पठाइएका थिए । भक्तपुर बालसुधार गृहमा हाल ८६ जना बालबालिका रहेका थिए । यस आर्थिक वर्षमा १३६ जना नयाँ दर्ता भए भने ११८ जनाले कैद भुक्तान गरी छुटे र २७ जनालाई पोखराको बालसुधार गृहमा स्थानान्तरण गरियो । बालसुधार गृहमा हालसम्म आएका बालबालिकाको मुद्दालाई हेर्दा सबैभन्दा बढी चोरी २३.६७ प्रतिशत र सार्वजनिक अपराधमा २३.३ प्रतिशत, जबरजस्ती करणी १८ प्रतिशत र कर्तव्य ज्यानसम्बन्धी अपराधमा १२.५८ प्रतिशत रहेको छ ।[१] हाल बालसुधार गृहमा कानुनसँग विवादमा परेका बालबालिका मात्र रहेका छन् (अर्थात् कारागारमा रहेका बाबुआमाका आश्रित बालबालिका त्यहाँ बस्दैनन्) । बालसुधार गृहमा हाल बसोबास गरिरहेका बालबालिकामा- क) कानुनबमोजिम कसूर ठानिने कार्य गरेको ठहर भएका बालबालिका, ख) पुर्पक्षमा रहेका बालबालिका, र ग) पुर्पक्षको प्रतिक्षामा रहेका बालबालिका छन् ।

१ केन्द्रीय बालकल्याण समिति, नेपाली बालबालिकाको स्थिति प्रतिवेदन २०६९, पृ ४३

### १५.४. कानुनसँग विवादमा परेका बालबालिकाको सम्बन्धमा नेपालमा भएका प्रयासहरू :

बालन्यायको अवधारणाले बालबालिकाको व्यवहार तथा क्रियाकलाप र यसले परिवार, समाज तथा राष्ट्रमाथि पार्ने असरहरूकाबारेमा राज्यलाई जिम्मेवार तथा उत्तरदायी बन्न सहयोग पुऱ्याउँछ । व्यवहारिकरूपमा बालन्याय पद्धतिले सकेसम्म कम न्यायिक एवम् अदालती प्रक्रियाको प्रयोग गरी बालदुराचारी र बालबिज्याइँ नियन्त्रण गर्ने मान्यता राखेको हुन्छ ।[1] यिनै मान्यतालाई आत्मसात गर्दै नेपाल सरकारले वि.सं. २०५७ वैशाख १ गतेको सर्वोच्च अदालतको न्यायिक निर्णयअन्तर्गतको आदेश पालना गर्दै बालबिज्याइँको मुद्दाको सुनुवाइका लागि ७५ वटै जिल्ला अदालतहरूमा बालइजलास गठन गर्ने निर्णय गरेको थियो । यस व्यवस्थाअनुसार, इजलासमा न्यायधीशहरूका साथसाथै १ जना सामाजिक कार्यकर्ता र १ जना बालविशेषज्ञ वा बालमनोविज्ञसमेत समावेश हुने व्यवस्था छ । त्यस्तै, विभिन्न न्यायिक र बालकेन्द्रित निकाय तथा संघसंस्थाहरूले बालइजलासको क्षमता सुदृढीकरणका कार्यहरू गरिरहेका छन् । सोहीबमोजिम हाल ४० जिल्लामा बालइजलास सुदृढीकरण कार्यक्रम लागु भएको छ ।

### १५.५. कानुनी विवादमा परेका बालबालिका सम्बन्धि अन्तराष्ट्रिय /राष्ट्रिय कानुनी व्यवस्था :

**बालअधिकारसम्बन्धी महासन्धि, १९८९**: संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा ४० को प्रावधानअनुसार 'आरोपित अभियुक्त वा फौज्दारी कानुनको उल्लङ्घन गरेको भनी मानिएका बालबालिकालाई निजको मर्यादा र महत्वको भावनालाई सम्बर्द्धन गर्ने किसिमबाट, तिनीहरूको मनमा अरूहरूको मानवअधिकार र मौलिक स्वतन्त्रताप्रतिको आदर जागृत हुने एवम् पुनःस्थापना तथा समाजमा तिनको सिर्जनात्मक भूमिकाको सम्बर्द्धन हुने बाञ्छनीयतालाई ध्यानमा राखी व्यवहार गर्नुपर्नेछ' भनिएको छ ।

**अल्पवयस्क न्यायप्रशासनका लागि संयुक्त राष्ट्रसंघीय न्यूनतम मापदण्डको नियमावली ('बेइजिङ नियमावली')** : यस नियमावलीलाई संयुक्त राष्ट्रसंघको महासभाको २९ नोभेम्बर १९८५ को सङ्कल्प लेख ४०/३३ द्वारा जारी गरिएको हो । यसलाई ६ भागमा बाँडिएको छ र ३० वटा नियमहरू समावेश गरिएका छन् । भाग १ मा सामान्य सिद्धान्तहरू, भाग २ मा अनुसन्धान र अभियोजन, भाग ३ मा न्याय-निरूपण र निष्टारा, भाग ४ मा संस्थापनेत्तर उपचार, ५ मा संस्थापनागत उपचार, भाग ६ मा अनुसन्धान, योजना, नीतिनिर्माण र मूल्याङ्कन व्यवस्था गरिएको छ ।

**अल्पवयस्क बिज्याँइँ रोकथामका लागि संयुक्त राष्ट्रसंघीय मार्गदर्शन ('रियाद मार्गदर्सन')**

यो मार्गदसन संयुक्त राष्ट्रसंघको महासभाको १४ डिसेम्बर १९९० को सङ्कल्पलेख ४५/११२ द्वारा घोषित तथा जारी गरिएको हो । यसमा चारवटा क्षेत्रहरू छन् । ती हुन्- १. मूलभूत सिद्धान्त, २. मार्गदर्सनको क्षेत्र, ३. आमरोकथाम, र ४. सामाजिकीकरण प्रक्रिया । यी चारवटै क्षेत्रहरूमा गरी ६६ वटा बुँदामा मार्गदर्सनहरू व्यवस्थित गरिएका छन् । बालबिज्याइँमा परेका बालबालिकाको सामाजिकीकरण प्रक्रियामा परिवार, शिक्षा, समुदाय, आमसञ्चारका माध्यम, सामाजिक नीति, विधायक र अल्पवयस्क न्यायप्रशासन, अनुसन्धान, नीतिविकास र समन्वय रहेको छ ।

**गैरहिरासतीय उपायसम्बन्धी संयुक्त राष्ट्रसंघीय न्यूनतम मापदण्डको नियमावली ('टोकियो नियमावली')**

यो नियमावली संयुक्त राष्ट्रसंघीय महासभाको १४ डिसेम्बर १९९० को प्रस्ताव ४५/११० द्वारा जारी गरिएको हो । यस नियमावलीलाई ८ खण्डमा विभाजन गरिएको छ- १) सामान्य सिद्धान्त, २) पुर्पक्षपूर्वको चरण, ३) पूर्पक्ष तथा सजाय-निदानको चरण, ४) सजाय-निदानोत्तर चरण, ५) गैरहिरासतीय उपायको कार्यान्वयन, ६) कर्मचारी, ७) स्वयंसेवक र अन्य सामुदायिक स्रोतसाधन, र ८) अनुसन्धान योजनातर्जुमा, नीतिनिर्माण तथा मूल्याङ्कन । यी सबै क्षेत्रहरूमा गरी कूल २३ वटा नियमहरू रहेका छन् र आवश्यकताअनुरुप नियमका उपनियमहरू समावेश गरिएका छन् ।

### १५.६. कानुनसँग विवादमा परेका बालबालिकासाग सम्बन्धित राष्ट्रिय कानुनका प्रावधानहरू :

बालबालिकासम्बन्धी ऐन, २०४८ को देहायका दफाहरूमा कानुनसँग विवादमा परेका बालबालिकासम्बन्धी व्यवस्था रहेका छन् :

**दफा ११. बालक र आपराधिक दायित्व** :

- कानुनबमोजिम अपराध ठहरिने कुनै काम गर्ने व्यक्ति सो काम गर्दा दस वर्षमुनिको बालक रहेछ भने निजलाई कुनै प्रकारको सजाय हुन सक्दैन ।
- बालकको उमेर दस वर्ष वा सोभन्दा माथि र चौध वर्षभन्दा कम रहेछ भने निजलाई कानुनबमोजिम जरिवाना हुने कुनै अपराध गरेकोमा हप्काई, सम्झाई र कैद हुने अपराध गरेकोमा कसूर हेरी ६ महिनासम्म कैद हुन्छ ।
- चौध वर्ष वा सोभन्दा माथि र सोह्र वर्षभन्दा मुनिको बालकले कुनै अपराध गरे निजलाई कानुनबमोजिम उमेर पुगेका व्यक्तिलाई हुने सजायको आधा सजाय हुन्छ ।
- बालकलाई सिकाई कसैले कुनै अपराध गर्न लगाएको रहेछ भने सो सिकाउनेलाई निज आफैले अपराध गरेसरह कानुनबमोजिम पूरा सजाय हुन्छ ।

**दफा १२. अयोग्यता वा पटक कायम नहुने** :

- कुनै अपराध गरेको कारणबाट कानुनबमोजिम कुनै पद वा सुविधा प्राप्त गर्न कुनै व्यक्ति अयोग्य हुने रहेछ भने पनि बाल्यावस्थामा गरेको त्यस्तो अपराधबाट त्यस किसिमको अयोग्यता निजको हकमा सिर्जना भएको मानिनेछैन ।
- सजाय गर्ने प्रयोजनका निमित्त पटक कायम गर्दा बाल्यावस्थामा गरेको अपराधको गणना गरिनेछैन ।
- बालकले एउटै अपराध एकपटकभन्दा बढी गरेको भए पनि पटकका आधारमा निजलाई थप सजाय गरिनेछैन ।

दफा १५. कठोर सजाय दिन नहुने : प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि बालकलाई नेल, हतकडी लगाउन, एकान्त कारावासमा राख्न वा कुनै अपराध गरेवापत कैदको सजाय पाएमा उमेर पुगेका कैदीको साथमा राख्नु हुँदैन ।

दफा १९. कानुन व्यवसायी नभएमा बालकको मुद्दाको कारबाही किनारा नहुनेः कुनै बालकविरूद्ध लगाइएको फौजदारी अभियोगमा निजको प्रतिरक्षा गर्ने कानुन व्यवसायी नभएमा अदालतले मुद्दाको कारबाही वा किनारा गर्नेछैन । उपदफा (१) मा उल्लिखित अवस्थामा सम्बन्धित अदालतले नै नेपाल सरकारका तर्फबाट नियुक्त भएको वैतनिक कानुन व्यवसायी वा अन्य कुनै इच्छुक कानुन व्यवसायीको सेवा उपलब्ध गराइदिनुपर्छ ।

दफा २०. हकको प्रचलन : (१) यस परिच्छेदमा उल्लेख भएको हकको प्रचलनका लागि बालकका तर्फबाट जोसुकैले पनि बालक रहेबसेको इलाकाको जिल्ला अदालतमा निवेदन दिन सक्नेछ । यस्तै, बालकलाई थुनामा नराखी (बालसुधार गृहमा राखी) मुद्दाको कारबाही गर्ने (दफा ४२), मुद्दाको सुनुवाइ बन्द इजलासमा गर्ने (दफा ४९), मुद्दासम्बन्धी विवरण र तथ्याङ्क सार्वजनिक गर्न नहुने (दफा ५२), बालबालिकाको हकहितविरूद्धको कार्य गर्नेलाई दण्ड जरिवाना हुने (दफा ५३), बालबालिकाको मुद्दा बालअदालतबाट हेर्नुपर्ने (जिल्ला न्यायाधीशका अतिरिक्त समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिक (दफा ५५), तोकिएको कार्यविधि वा संक्षिप्त कार्यविधि लागु हुने (दफा ५५ को (६) समेत बालन्यायसँग सम्बन्धित प्रावधानहरू हुन् ।

## बालन्याय (कार्यविधि) नियमावली, २०६३

कानुनी विवादमा परेका बालबालिकालाई औपचारिक रूपमा बाल-अदालत वा बाल-इजलासमा हुने न्याय सम्पादनका प्रक्रियालाई व्यवस्थित गर्न बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले बालन्याय (कार्यविधि) नियमावली, २०६३ बनाएर लागु गरेको हो । बालबालिका आरोपित भएको मुद्दाको अनुसन्धान वा तहकिकात, सोधपुछ, मुद्दाको सुनुवाइ र फैसलालगायतका सबै प्रक्रियामा उनीहरूको सर्वोत्तम हितको रक्षा गर्ने, उनीहरूको उमेर, विकासको स्तर र अवस्थाअनुसार समयमा उचित जानकारी प्रदान गर्ने र समग्र न्यायनिरूपणको प्रक्रियामा उनीहरूलाई कमभन्दा कम क्षति पुगोस् भन्ने यस नियमावलीको मनसाय रहेको देखिन्छ ।

नियमावलीको नियम ३ ले 'बालकले गरेको कसूरको अनुसन्धान तथा तहकिकात गर्न प्रत्येक प्रहरी कार्यालयमा प्रचलित कानुनबमोजिमको योग्यता पुगेका प्रहरी कर्मचारी रहेको छुट्टै एकाई रहने' व्यवस्था गरेको छ । कसूर लागेको बालकलाई पक्राउ गर्दा 'प्रहरी कर्मचारीले प्रहरीको पोशाक नलगाई सादा पोशाक लगाउनुपर्ने' व्यवस्था गरेको छ (नियम ४ (क)) । त्यसैगरी नियम १२ (४ र ५) को व्यवस्थाअनुसार 'बालकलाई सोधपुछ गर्दा बालअदालत वा जिल्ला अदालतको छुट्टै कोठामा क्यामेरा जडान गरी बालकलाई सोही कोठामा सोधपुछ गरी त्यसरी सोधिएको कुरा इजलासको पर्दामा देखिने व्यवस्था गरिनेछ' र 'सोधपुछ गर्न बालमनोविज्ञ वा बालकसँग सहज रूपमा सञ्चार-संवाद गर्नसक्ने व्यक्ति बालअदालत वा बालइजलासले तोक्न सक्नेछ' । अनुसन्धान वा तहकिकातका लागि प्रहरी एकाइ वा कर्मचारीले 'सेवा प्रदान गर्ने व्यक्ति वा संस्थालाई सम्बन्धित बालकका सम्बन्धमा तोकिएको ढाँचामा सामाजिक अध्ययन प्रतिवेदन तयार गरिदिन अनुरोध गर्ने' व्यवस्था गरेको छ (नियम ४ (छ) ) । नियम ६ (१) ले 'प्रत्येक जिल्ला अदालतमा जिल्ला न्यायाधीशका अतिरिक्त समाजसेवी, बालविशेषज्ञ वा बालमनोवैज्ञानिकलाई समावेश गरी बालइजलास गठन गरिनेछ' भन्ने व्यवस्था गरेको छ । यस व्यवस्थाले अदालती न्यायको प्रक्रियामा बालबालिकालाई सामाजिक र मनोवैज्ञानिक रूपमा बुझ्न सक्ने दक्षता हासिल गरेका व्यक्तिहरूसमेतलाई न्यायाधीशसँगै राखेर बालबालिकाको मुद्दा हेरिनुपर्ने पक्षलाई मान्यता दिएको छ । नियमावलीका उल्लिखित व्यवस्थाहरूले बालन्याय निरूपणको समग्र प्रक्रियाका सम्बन्धमा मैत्रीपूर्ण वातावरण तयार गर्न जोड दिएको पाइन्छ । यसले मूलरूपमा मुद्दाको सुरुदेखि अन्त्यसम्मको प्रक्रियामा बालबालिकालाई सहज लाग्ने खालको वातावरण निर्माण गरी उनीहरूको सर्वोत्तम हितको रक्षा गर्नुपर्दछ भन्ने मान्यतालाई आत्मसात गरेको देखिन्छ ।

त्यस्तै यस नियमावलीमा मुद्दाका सम्बन्धमा बालकलाई जानकारी दिनुपर्ने (नियम ७), मुद्दाको सुनुवाइको प्रक्रिया (नियम १२), प्रमाण बुझ्ने, साक्षी बुझ्ने (नियम १३), उमेर निर्धारण (नियम १५), फैसला (नियम १६), निःशुल्क प्रतिलिपि दिनुपर्ने (नियम १९), र अदालती कारबाहीका सम्बन्धमा दोभाषे राख्न सकिने (नियम २४) जस्ता महत्वपूर्ण कार्यविधिहरू समावेश छन् ।

***

PLAN INTERNATIONAL

Save the Children

Terre des hommes
Helping children worldwide. tdh.ch

unicef

World Vision